बिल लभलेस

# नयाँ स्रोतबाट जीवन जिउनु

*ख्रीष्टमा परिवर्तित जीवन जिउने श्रृङ्खलाको पहिलो पुस्तक*



बिल लभलेस

# ख्रीष्ट नै जीवन सेवकाई

प्रकाशनधिकार बिल लभलेस २०१० मा निहित सर्वाधिकार सुरक्षित । यो किताब व्यापारिक फाइदा वा नाफाको लागि छाप्न वा फोटेकपी गर्न निषेध गरिएको छ । व्यक्तिगत वा सामूहिक अध्ययनको लागि यस पुस्तक प्रयोग गर्न सकिनेछ ।

यहाँ उद्धत धर्मशास्त्रका खण्डहरु पवित्र बाइबलको न्यू इन्टरनेशनल अनुवादबाट लिएको हो, जो अर्न्तराष्ट्रिय बाइबल सोसाइटी १९७३, १९७८, १९८४ मा निहित छ । जोनदरभनको अनुमतिद्धार प्रयोग गरिएको हो । सर्वाधिकार प्रकाशकमा सुरक्षित ।

धर्मशास्त्रका खण्डहरु पवित्र बाइबलको न्यू लिभिङ अनुवादबाट लिएको हो जुन ट्यान्डेल च्यारिटेबल ट्रष्ट १९९६ मा निहित छ । ट्यान्डेल हाउस फाउन्डेसनको अनुमतिद्धार प्रयोग गरिएको हो ।

धर्मशास्त्रका पदहरु न्यू अमेरीकन स्ट्रान्र्ड बाइबलबाट लिएको हो जुन लकम्यान फाउन्डेसन १९६०, १९६२, १९६३, १९६८, १९७१, १९७२, १९७३, १९७५, १९७७ र १९९५ मा प्रकाशनाधिकार निहित छ । अनुमति पाएर प्रयोग गरिएको हो ।

धर्मशास्त्रका खण्डहरु न्यू किङस् जेम्स अनुवादबाट लिएको हो जुन थोमस नेल्सन १९८२ मा निहित छ । अनुमतिद्धार प्रयोग गरिएको हो । सर्वाधिकार सुरक्षित ।

चिन्ह लगाएका धर्मशास्त्रका भनाईहरु आजको अंग्रेजी अनुवादको दोस्रो संस्करण गुड न्यूज ट्रान्सलेसनबाट लिएको हो, जुन अमेरीकन बाइबल सोसाइटीमा प्रकाशनधिकार निहित छ । अनुमति पाएर प्रयोग गरिएको हो ।

# नयाँ स्रोतबाटको जीवन जिउनु

## *विषय सूची*

**अध्ययनको नमूना....................................................४**

पाठ एक : आफूमा भर पर्ने खीष्टियान जीवन र परमेश्वरमा भर पर्ने खीष्टियान जीवन बीचको भिन्नता ......................................................................................................६

पाठ दुई : परमेश्वरले उहाँको जीवन तपाईमा जिउनको लागि तपाई र उहाँले निभाउनु पर्ने भूमिकाहरु के-के हुन ? ..........................................................................................४०

पाठ तीन : विश्वासद्धार हिड्न र खीष्टलाई तपाईको जीवनको रुपमा बुझ्नलाई चाहिने चाबी वा मुख्य सत्यताहरु ......................................................................................................६८

पाठ चार : परमेश्वरको विजयको, छुटकाराको र चँगाईको प्रतिज्ञाहरुको अनुभव गर्नु................. ९४

पाठ पाँच : विश्वासको लडाई ..........................................................................१२६

पाठ छ : तपाईको विश्वासको हिँडाई सम्बन्धको आपेक्षाहरु ................................................१५३

## अध्ययनको नमूना

नयाँ स्रोतबाटको जीवन जिउने यस पुस्तकलाई अध्ययन गर्न छनौट गर्नुभएको लागि म तपाईलाई धन्यवाद दिन चाहन्छु । तपाईले यसलाई शुरु गर्नुभन्दा अगाडि यस अध्ययनको नमूना दिंदा तपाईलाई सहयोग मिल्नेछ भनी म विश्वास गर्दछु । यस अध्ययनमा ६ वटा पाठहरु छन् र हरेक पाठमा पाँचवटा दैनिक रुपमा पढ्नुपर्ने पाठहरु छन्, जस्तै पहिलो दिन, दोस्रो दिन इत्यादि । यदि तपाईहरु साप्तहिक रुपमा भेटघाट गर्नुहुन्छ भने, पाँचवटा दैनिक रुपमा पढ्नुपर्ने पाठहरु पूरा गर्नलाई तपाईलाई सात दिन लाग्नेछ । हरेक पाठहरुमा प्रश्नहरु, धर्मशास्त्र मनन र परमेश्वरसँग बातचीत गर्ने भाग हुनेछ ।

## प्रश्नहरु

सामान्यतय प्रश्नहरु चाहिँ तपाईले भर्खरै पढ्नुभएको सत्यताप्रति तपाईको विश्वास कस्तो छ भनी तुलना गर्नको लागि तयार पारिएको हो । यी प्रश्नहरु त्यस्तो चाबीहरु हुन् जसले तपाईमा भएका कुनै पनि गलत विश्वासहरुलाई प्रकट गराईदिन्छ ।

## धर्मशास्त्र मनन

नयाँ युगको शब्दहरुको कारणले कति मानिसहरु ‘‘मनन’’ भन्ने शब्ददेखि तर्सन्छन् । तर यो यस्तो बाइबलीय शब्द हो, जुन शब्ददेखि हामी तर्सिनु वा गाह्रो मान्नुपर्दैन । मुख्य कुरा चाहिँ हामीले के माथि वा कस माथि मनन गर्दैछौं भन्ने कुरा हो । हाम्रो मननको केन्द्र चाहिँ परमेश्वर र उहाँको वचन माथि हुनेछ । यस अध्ययनको लागि मनन शब्दको मेरो परिभाषा चाहिँ तपाईले पढिरहनुभएको सत्य कुराको बारेमा सोच्नु हो ।

## परमेश्वरसँग भेट गर्नु

परमेश्वरसँग भेट्ने समय चाहिँ यस अध्ययनको मुख्य भाग हो । यो भाग तपाईले भर्खरै पढ्नुभएको कुराबाट तपाईले पवित्र आत्मासँग व्यक्तित.गत प्रकाश, समझ मागोस् र पाएका कुराहरुलाई प्रयोग गर्नको निम्ति सहायता मागोस् भनेर हो । जब तपाईले त्यस्ता सत्य कुराहरु भेटाउनुहुन्छ जुन सत्यताहरु तपाईको पहिलाको विश्वास भन्दा विपरित हुन्छ, त्यतिखेरा गाह्रो हुन्छ । (यदि हामीले

परमेश्वरबाट सत्यताको प्रकाशन खोज्दैनौं भने, हामीले पहिलाबाट राख्दै आएका त्यस्ता प्रकारका बुझाई वा आस्थामाथि विजय प्राप्त गर्न सक्दैनौ जुन बुझाई वा आस्थाहरु गलत हुनसक्छ ।) त्यसैकारण जसै तपाई यसलाई अध्ययन गर्नुहुन्छ, परमेश्वरसँग भेट्नको लागि समय निकाल्नुहोस् ।

## प्रकाश

मैले यस अध्ययन भरीमा "प्रकाश" भन्ने शब्दलाई प्रयोग गरिरहेको कारणले यस शब्दको अर्थ के हो भनी परिभाषा दिन चाहन्छु । सामान्य अर्थमा "प्रकाश" को अर्थ चाहिँ परमेश्वरले आफ्नो सत्य वचनलाई लिएर तपाईको परिस्थितिप्रति र व्यक्तिगत रुपमा तपाईकै निम्ति हो भनी ठहऱ्याउनु हो । प्रकाशले तपाईलाई परमेश्वरको सत्यताको बौद्धिक बुझाईबाट आत्मिक बुझाईमा लान्छ ।

## मुख्य सत्य

कृपया जसै तपाई यस अध्ययनमा अघि बढ्नुहुन्छ, यो सत्यलाई याद गर्नुहोस् ।

तपाई आफूले विश्वास राखेको कुरा भन्दा माथि जिउन सक्नुहुन्न ।

यदि तपाईको विश्वास गलत वा झूठ छ भने, तपाई त्यही अनुसार नै जिउनुहुन्छ ।

यो यसैकारणले महत्वपूर्ण वा मुख्य कुरा हो किनकी तपाईले जुन प्रकारले विश्वास गर्नुहुन्छ, त्यसले तपाईको सोचाइ, व्यवहार र छनौटलाई प्रभाव पार्दछ । त्यसैकारण यस अध्ययनमा परमेश्वरको एउटा उदेश्य चाहिँ तपाईको गलत विश्वासहरुलाई प्रकट गर्नु र तपाईको मनलाई नयाँ बनाउनु र यूहन्ना ८ : ३२ अनुसार तपाईलाई स्वातन्त्र तुल्याउनु हो ।

# *पाठ एक*

# आफूमा निर्भर ख्रीष्ट्रियान जीवन र परमेश्वरमा निर्भर ख्रीष्टियान जीवनमा के फरक छ ?

## पहिलो दिन

## परिचय

शुरु गर्नुभन्दा अगाडि तपाईले यो कुरा थाहा गरेको चाहन्छु कि जुन सत्यताहरु मैले बाँडिरहेको छु ती सत्यताहरु केवल मलाई लागेका ईश्वरीय सत्यताहरु मात्र नभएर यी सत्यताहरु चाहिँ निरन्रत मरो सोचाइहरु, मेरा भावनाहरु, मेरा विश्वासहरु, मेरा व्यवहारहरु र मेरा छनौटहरुलाई परिवर्तन गर्ने सत्यताहरु हुन । मैले सयौं इसाईहरुको बीचमा सेवकाई गर्दा परमेश्वरले यी सत्यताहरुद्धार स्वतन्त्र तुल्याएको देखेको छु । म विश्वास गर्छु कि यो यस्तो कुरा हो जुन तपाई आफ्नो जीवनको लागि चाहना गर्नुहुन्छ । खुशीको कुरा यो हो कि  परिवर्तन चाहिँ परमेश्वरले हरेक इसाईलाई दिनुभएको प्रतिज्ञा हो ।

पाठ एकको सर्वेक्षण

- आफूमा निर्भर ख्रीष्टियान जीवन र परमेश्वरमा निर्भर ख्रीष्टियान जीवन बीचको भिन्नताको बुझाई
- जीवनको अर्थको बारेमा परमेश्वरको सत्यलाई हेर्नु
- परमेश्वर हाम्रो स्रोत भन्नुको अर्थ के हो ?
- क्रुसको पाप पक्ष र जीवन पक्षको बारेमा सिक्नु
- परमेश्वरलाई हाम्रो स्रोत मानेर जिउँदा परमेश्वरले हाम्रो जीवन कसरी परिवर्तन गर्नुहुन्छ भनेर जान्नु ।

# आफूमा निर्भर खीष्टियान जीवन र परमेश्वरमा निर्भर खीष्टियान जीवन

यस पाठको शिर्षक नै एउटा प्रश्नको रुपमा उल्लेखित छ किनभने पहिला शुरुमा नै आफूमा निर्भर खीष्टियान जीवन र परमेश्वरमा निर्भर खीष्टियान जीवन बीचको भिन्नता थाहा पाउनु महत्वपूर्ण छ । किन ? किनभने एउटाले परमेश्वरले दिनुभएको विजयको, छुटकाराको र परिवर्तनको प्रतिज्ञालाई पूरा गर्छ भने, अर्काले झनै हार, बन्धन र परिवर्तन नहुने जीवनतिर डोऱ्याउँछ । आफूमा निर्भर खीष्टियान जीवन र परमेश्वरमा निर्भर खीष्टियान जीवन बीचको भिन्नतालाई स्पष्ट पार्न म मेरो गवाही बाँड्न चाहन्छु ।

## <u>मैले तीस वर्षमा आफूमा निर्भर खीष्टियान जीवन जिएँ :</u>

मेरो गवाही बताउनु भन्दा अगाडि आफूमा निर्भर खीष्टियान जीवनको परिभाषा दिन चाहन्छु ।

**आफूमा निर्भर खीष्टियान जीवन :**

**मलाई सिकाएको थियो कि मैले परमेश्वरको साहयताद्धार खीष्टियान जीवन जिउनुपर्छ र म परमेश्वरलाई र अरु मानिसलाई प्रसन्न पार्ने र ग्रहणयोग्य हुनपर्छ ।**

म १६ वर्षको उमेरमा खीष्टियान भएँ तर २२ वर्ष नपुगेसम्म मैले मेरो खीष्टियान जीवनलाई गम्भीर रुपमा लिएन । त्यतिखेरा मैले एउटा प्रश्न सोधे, “खीष्टियान जीवन जिउनको लागि मैले के-के गर्नुपर्छ ?” मैले यो प्रश्न यसैकारणले सोधेको थिए किनभने मेरो जीवनमा भएको सबै कुराहरु भनेको नै सिक्न र सिकेका कुराहरु पूरा गर्नुथियो । यसैकारण मलाई लाग्थ्यो कि खीष्टियान जीवन जिउनु भनेको नै “सिक्नु र गर्नु” हो । के मेरो प्रश्न तपाईलाई तर्किक जस्तो लाग्छ ?

अरु खीष्टियानहरुले मेरो प्रश्नको बारेमा दिएका केही उत्तरहरु यहाँ छन् :

१. “मलाई सिकाएको थियो कि मैले बाइबलबाट सिकेका कुराहरु यसले भने झै पूरा गर्ने प्रयास गर्नुपर्छ ।”

२. “मलाई सिकाएको थियो मैले पाप गर्न रोक्ने प्रयास गर्नुपछ ।”

३. “मलाई सिकाएको थियो कि मैले परमेश्वरका सबै व्यवस्थाहरु र नियमहरु पालना गर्ने प्रयास गर्नुपर्छ ।”

४. “परमेश्वरको सहायताद्धार मेरो जीवनलाई परिवर्तन गर्ने प्रयास गर्ने कुरा चाहि ममा नै निर्भर हुन्छ ।”

५. मैले धेरै धार्मिक हुने प्रयास गर्नु आवश्यक छ ।

६. मैले मेरो शारीरिक व्यवहारहरुलाई ईश्वरीय व्यवहारमा बदल्ने प्रयास गर्नुपर्छ ।

७. मैले धेरै प्रयास गरेदेखि मैले विजय र छुटकारा पाउन सक्छु भनी सिकाएको थियो ।

यदि मैले परमेश्वरको सहायताद्धार यी कुराहरु पूरा गर्न सके भने, म एक “सफल” र परमेश्वरलाई खुशी तुल्याउने र मानिसहरुलाई पनि खुशी तुल्याउने खीष्टियान बन्नेछु भनी विश्वास गरेको थिए । के तपाईले माथिका उदाहरणहरुमा “प्रयास” भन्ने शब्द ख्याल गर्नुभएको छ ?

**प्रश्न** : के तपाईलाई पनि खीष्टियान जीवन जिउनको लागि माथि भएका कुराहरु गर्नुपर्छ भनी सिकाएको छ ?

म एक भने जस्तो गर्न व्यक्ति भएको कारणले मैले ३० वर्षसम्म यी सबै कुराहरु पालना गर्ने मान्य प्रयास गरे । समस्या यो हो कि जति धेरै मैले प्रयास गरे त्यति झनै अवस्था खराब भयो । परमेश्वरले प्रतिज्ञा गर्नुभएको छुटकारा, विजय र परिवर्तनको अनुभव गर्नुको सट्टामा झनै मेरो खीष्टियान जीवनमा निराश र केही पनि परिवर्तन नभएको अनुभव गरे । मैले झनै असफल महशुस गरे, किनकी मैले कुनै पनि कामहरु पूरा गर्न सकेन जुन कुरा सबैजनाले पूरा गर्नुपर्छ भनेर भनेका थिए । झन मेरो जीवनमा यस्तो थप व्यक्तिगत समस्याहरु खडा जसबाट मैले छुटकारा पाउन चाहे।

## मेरा व्यक्तिगत समस्याहरु/संघर्ष

३० वर्षको समय अवधिमा म भित्र ठूलो आन्तरिक अपर्याप्तपनका समस्याहरु जस्तै डर, रीस र अयोग्यपनका कुराहरु थिए । यी समस्याहरु म भित्र यति बलियो भएर मेरो जीवनको “शासक” भएर मेरो इच्छा र छनौटहरुलाई आदेश दिएर बसिरहेको थियो । तर सत्यता यो हो कि म यी समस्याका बन्धनहरुबाट छुटकारा पाउन चाहन्थे । यो कुरा यूहन्ना ८ : ३२ मा प्रतिज्ञा गरिएको छ ।

“तिमीहरुले सत्य जान्नेछौ र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ ।”

मलाई यो सिकाएको थियो कि यदि मैले परमेश्वरको सहायताद्धार पर्याप्त प्रयास गरे भने मैले आफैले आफैलाई स्वतन्त्र तुल्याउन सक्नेछु । जति धेरै प्रयास गरे पनि मैले कहिले पनि डर, रीस र अपर्यापतपन र अयोग्यपनको भावना र विश्वासबाट छुटकारा पाउन सकेन । वास्तवमा झन खराब महशुस गर्न थाले । धेरै वर्षसम्म यी समस्याहरुबाट छुटकारा पाउने प्रयास गर्दा-गर्दा अन्त्यमा म यो निष्कर्षमा आईपुगे कि मैले जुन प्रयास गरिरहेको थिए यसले केही काम गरेन र (यसले कहिले काम गर्ने पनि छैन) ।

साँचो कुरा यो हो कि मेरो तीस वर्षको यात्रामा मैले खीष्टियान जीवन जिउने आशा मारिसकेको थिए, किनकी यसले मेरो जीवन परिवर्तन गरिरहेको थिएन, मैले आपेक्षा गरेको कुरा पूरा भइरहेको थिएन र छुटकारा र विजयको प्रतिज्ञाहरु पूरा भइरहेको थिएन । मैले यस्तो महशुस गरे कि परमेश्वरले मलाई गिर्न दिनुभयो र म आफैमा भर परेको रहेछु । मुक्ति पाउनुभन्दा अगाडि भन्दा झनै म दुखदायी भएको थिए । वास्तवमा म यति निराशित भएको थिए कि मैले आत्महत्या गर्नै विचार पनि गरे ।

यतिका वर्ष परमेश्वरले मैले जिओस् भनी चाहना गर्नुभएको प्रशस्तताको जीवन यही हो त ? के मैले गर्दै आएको कुरा गलत थियो त ? के खीष्टियान जीवनको सम्बन्धमा मैले केही महत्वपूर्ण सत्य कुराहरु गुमाइरहेको छु त ?

तपाईको सम्बन्धमा के छ त ? के तपाईलाई पनि मलाई सिकाएको कुराहरु सिकाउनुभएको छ र ती तपाईले गर्ने प्रयास गर्नुभएको छ ? यदि उसो हो भने तपाईको लागि मसँग केही प्रश्नहरु छन् :

- के तपाईलाई खीष्टियान यात्रामा निरन्तर विजय प्राप्त गर्नलाई गाह्रो भइरहेको छ ?
- के तपाईमा यस्ता पापका प्रकारहरु छन् जसबाट तपाईले छुटकारा पाउन सक्नु भएको छैन ?
- के तपाईमा यस्ता पापमय व्यवहार वा सोचाइहरु छन् जुन तपाई छोड्न चाहनुहुन्छ तर जति प्रयास गरे पनि परिवर्तन भएको छैन ?
- के तपाईले आफ्नो जीवनमा केही कुराहरु गुमाइरहेको वा तपाईले केही कुराहरु प्राप्त गर्नु बाँकी छ भनी विश्वास गर्नुहुन्छ ?

यदि एक वा एकभन्दा बढी प्रश्नहरुप्रति तपाईको जवाफ “हो वा छु” भन्ने छ भनेदेखि तपाई पनि म जस्तै हुनुहुन्छ र तपाई आफूमा निर्भर खीष्टियान जीनन जिउँदै आइरहनुभएको छ । सत्य कुरा यो हो कि “आफूमा निर्भर खीष्टियान जीवनले कहिल्यै पनि भरपूरी, सुरक्षित र परिवर्तन जीवन पैदा गर्न सक्दैन ।

यदि हामी निरन्तर रुपमा आफूमा निर्भर खीष्टियान जीवन जिइराख्छौं भने यसले केवल यी कुराहरु पैदा गर्नेछन् :

- धेरै निराश
- धेरै हार
- धेरै बन्धन
- धेरै भ्रम
- धेरै आन्तरिक अशान्ति
- उस्तै वा अझ खराब अवस्था (कुनै परिवर्तन नहुने)

जब तपाईले यो सूची हेर्नुहुन्छ, म आशा गर्छु कि तपाई पनि मसँग सहमत हुनुहुन्छ कि हामीले जिओस् भनी परमेश्वरले चाहना गर्नुभएको जीवन यस्तो वा यो होइन ।

**आफूमा निर्भर खीष्टियान जीवनले :**

**केवल अझ धेरै पराजय, धेरै बन्धन र अपरिवर्तन पैदा गर्दछ । के परमेश्वरले चाहनुभएको जीवन यही हो वा हामीले अर्को जीवन पनि अनुभव गर्न सक्छौं त ?**

<u>**प्रश्न**</u> : के तपाई  आफूमा निर्भर खीष्टियान जीवन  जिउँदै हुनुहुन्छ ? यदि उसो हो भने अहिले सम्ममा तपाईलाई आफ्नो खीष्टियान जीवन कस्तो लाग्छ ? निराशित ? हार ? भ्रम ? अझ धेरै चाहना ? केही कुराको अभाव भइरहेको ? त्याग्न वा आशा मार्न चाहिरहनुभएको छ ? <u>अझै कडा परिश्रम वा प्रयास गर्न आवश्यक छ कि ?</u>

त्यसैले जब हामी आफूमा निर्भर खीष्टियान जीवनको नतिजा हेर्छौं, यसले एउटा प्रश्न सिर्जना गर्छ, के अर्को पनि जीवन छ जुन हामीले जिओस् भर्ना परमेश्वर चाहनुहुन्छ ? खुशीको कुरा यो हो अर्को यस्तो जीवन पनि छ जुन हामीले अनुभव गरोस् भनी परमेश्वर चाहनुहुन्छ त्यसलाई परमेश्वरमा निर्भर जीवन भनिन्छ । हामी परमेश्वरमा निर्भर जीवनको अर्थ हेरौं :

## परमेश्वरमा निर्भर जीवन भनेको के हो ?

म विश्वास गर्छु कि यो प्रश्नको जवाफ चाहिँ येशू र पावलले दिएको जवाफद्धार शुरु गर्नु आवश्यक छ ।

## परमेश्वरमा निर्भर खीष्टियान जीवनको बारेमा येशू के भन्नुहुन्छ

येशूले भन्नुभयो :

"..............बाटो, सत्य र जीवन म नै हुँ..." यूहन्ना १४ : ६  ".......पुनरुत्थान र जीवन म नै हुँ..." यूहन्ना ११ : २५

येशूले यी दुईवटा खण्डहरुमा के भन्दै हुनुहनछ ? म विश्वास गर्छु कि यो स्पष्ट छ कि येशूले उहाँ आफै नै जीवन हुँ भनी भनिरहनु भएको छ ।  उहाँले उहाँ आफै जीवन हुँ भन्नुको अर्थ के हो त ? धेरै वर्ष मैले यी पदहरु पढे र यसको अर्थ चाहिँ उहाँ मेरो अनन्त जीवनको स्रोत हुनुहुन्छ भन्ने निष्कर्ष

निकाले । तैपनि के येशूले यो भन्दा बढ्ता कुरा भनिरहनु सम्भव छ ? पावलले भनेका कुरालाई हेर्दै अझै यो प्रश्नका् जवाफ पत्ता लगाउँ ।

**परमेश्वरमा निर्भर खीष्टियान जीवनको बारेमा पावल के भन्छ :**

पावलले खीष्टको सत्यतालाई लिएर कलस्सी ३ : ४ मा परमेश्वरमा निर्भर जीवनलाई व्यक्तिगत तहमा भनिएको छ :

**"..........खीष्ट जो तिमीहरुको जीवन हुनुहुन्छ....।"**

पावलले यो पदमा के भनिरहेको छ ? उसले यो कुरा भन्दै छ कि खीष्टको जीवन भनेको चाहिँ विश्वास गर्दा उहाँले दिनुहुने मुक्ति वा अनन्त जीवन भन्दा पनि बढ्ता हो । उसले यो कुरा भन्दैछ कि खीष्ट तपाईको आजको र यो क्षणको पनि जीवन हुनुहुन्छ । यसो भन्दा तपाई आफ्नो टाउको कन्याउँदै भन्नुहोला कि यो पावलले के भन्दैछ ? खीष्ट नै मेरो जीवन हुनुहुन्छ भन्नुको अर्थ के हो ? के पावलले खीष्टियान जीवनको बारेमा भनिरहेको हो त ? म विश्वास गर्छु कि यसको जवाफ फिलिप्पी १ : २१ म पाउँछौं । पावल यसो भन्छ :

**"मेरो लागि जिउनु चाहिँ खीष्ट हो..."**

पावलले यसो भन्दैछ कि उसको लागि जीवन भनेको चाहिँ खीष्ट ऊ भित्र जिउनु हो । येशू र पावलले हामीलाई उल्लेखनीय सत्यता प्रकट गराउँदैहुनुहुन्छ र त्यो यो हो कि :

**परमेश्वरमा निर्भर रहने खीष्टियान जीवन**
**चाहिँ एक व्यक्ति हो :यो खीष्ट स्वंयम् हुनुहुन्छ ।**

अहिले सम्ममा के खीष्ट नै जीवन हुनुहुन्छ भनी बुझ्नु भएको छ ? यो कुरालाई केही क्षण सोच्नुहोस् । यदि परमेश्वरमा निर्भर हुने खीष्टियान जीवन चाहिँ व्यक्ति हो भने यसको अर्थ खीष्टियान जीवन भनेको चाहिँ नियमहरुको सूची पूरा गर्ने, पाप नगर्ने प्रयास गर्ने वा परमेश्वरको लागि जिउने उत्तम प्रयास गर्ने होइन भन्ने सम्बन्धमा हो त ? म विश्वास गर्छु कि येशू र पावलले भनिरहनुभएको कुरा यो हो कि खीष्टियान जीवन भनेको हामीले पैदा गर्ने जीवन होइन । यो यस्तो जीवन हो जुन केवल खीष्टले मात्र पैदा गर्नसक्नुहुन्छ ।

सत्य कुरा यो हो कि खीष्टियान जीवन भनेको चाहिँ आफूमा निर्भर रहने जीवन होइन । यो जीवन चाहिँ परमेश्वरमा निर्भर रहने जीवन हो । समस्या यो हो कि तपाई र म आफैले जिउन सक्दैनौ । केवल खीष्टले मात्र गर्नसक्नुहुन्छ । "परमेश्वरमा निर्भर" जीवनको बारेमा मैले कसरी पत्ता लगाए भन्ने कुरा म तपाईलाई बताउत चाहन्छु ।

## मैले अन्तमा परमेश्वरमा निर्भर जीवनको अर्थ बुझें

तीस वर्षको अवधिमा मैले परमेश्वरले मलाई मेरो आफ्नो प्रयासद्धार जिउने कुराको प्रक्रियाको अन्तिमतिर ल्याइरहनु भएको कुरा मैले थाहा पाए । १९९८ अक्टोबर ४ आईतबारको दिन चर्चको पर्किङ स्थलमा बसिरहेको बेलामा मेरो मनमा एउटा प्रश्न उब्जियो । त्यो प्रश्न यो थियो कि "के तिम्रो आफ्नो शक्ति र क्षमताद्धार खीष्टियान जीवन जिउने प्रयास सक्यो ? यस कुरामा कुनै शंका छैन कि मेरो मनमा परमेश्वरको आत्माले नै यो प्रश्न गरिरहनुभएको थियो । मेरो जवाफ थियो "सक्यो । मैले गर्न सक्दिन ।" परमेश्वरको समय सिद्ध थियो किनभने त्यही दिनमा मण्डलीमा परमेश्वरले ईअन थोमस नामक पाहूना वक्तालाई परमेश्वरले परमेश्वरमा निर्भर जीवनको सत्यताको बारेमा बोल्न प्रयोग गर्नुभयो । जब वक्ता बोल्नलाई खडा भए, त्यो दिन उसको मुखबाट निस्केको पहिलो शब्द यो थियो :

**परमेश्वरले कहिल्यै पनि तपाई आफैले त्यो जीवन जिएको चाहनुभएन जुन जीवन खीष्टले मात्र तपाईमा र तपाईद्धार भएर जिउन सक्नुहुन्छ ।**

यी वचनहरुद्धार म छक्का परे किनभने तीस वर्षको अवधिमा खीष्टियान जीवन चाहिँ आफ्नो प्रयासद्धार जिउने जीवन होइन भन्ने कुरा बताउने व्यक्ति उहाँ नै पहिलो व्यक्तिः थियो । पवित्र आत्माले ईअन थोमसद्धार मसँग बोलिरहनु भएको महत्वपूर्ण सत्य यो थियो :

**महत्वपूर्ण सत्यता :**

**एक जना व्यक्ति मात्र हुनुहुन्छ जसले साँच्चै सिद्ध खीष्टियान जीवन जिउनुभयो र उहाँ खीष्ट आफै हुनुहुन्थ्यो ।**

पहिलो पटक यो सत्य कुरा सुन्दा यसले मलाई अचम्मित तुल्याए झैं यसले तपाईलाई पनि अचम्मित तुल्याएको हुनसक्छ । तापनि के यो सत्य होइन र ? येशू बाहेक अरु कसैले सिद्ध खीष्टियान जीवन जिएन । यसैकारण के कुराले हामीले पनि यस्तै गर्न सक्छौं भनी सोच्न लगाउँछौं । तलको सत्यताको बारेमा सोचौं :

**हाम्रो आफ्नो बल र क्षमताले चाहिँ केवल आफूमा निर्भर खीष्टियान जीवनको एउटा नमूना मात्रै जिउन सक्छौं । केवल खीष्टले मात्र परमेश्वरमा निर्भर जीवन जिउन सक्नुहुन्छ ।**

माथिको भनाईको कारणले फेरि अर्को यस्तो प्रश्न उब्जिन सक्छ कि "यदि खीष्टले मात्र त्यस्तो जीवन जिउन सक्नुहुन्छ भने, हामीले चाहिँ कसरी जिउने त ? हामी पछि यस पाठमा यो प्रश्नको जवाफ परमेश्वरको वचनबाट नै हेर्नेछौं ।

**प्रश्न** : के खीष्ट नै खीष्टियान जीवन हुनुहुन्छ भन्ने माथि उल्लेखित बाइबलीय सत्यता तपाईको विश्वाससँग मिल्छ ? यदि मिल्दैन भने, अब खीष्टले मात्र त्यो जीवन जिउन सक्नुहुन्छ भन्ने कुरा विश्वास गर्नुहुन्छ भने यसले तपाईको खीष्टियान जीवन जियाईलाई कसरी परिवर्तन गर्न सक्छ ?

**मनन :** माथिको पदहरुमा मनन गर्दै तपाईले आफूमा निर्भर खीष्टियान जीवन जिउँदै आउनुभएको छ कि खीष्टलाई आफूभित्र जिउन दिइकन परमेश्वरमा निर्भर जीवन जिउँदै आउनुभएको छ भनी परमेश्वरलाई प्रकट गरिदिनुहोस् भनी उहाँसँग भन्नुहोस् ।

### परमेश्वरसँग वातचीत

यदि यो सत्य कुरा तपाईको लागि नयाँ हो भने, कृपया केही समय लिएर परमेश्वरकहाँ जानुहोस् र तपाईलाई व्यक्तिगत रुपमा यी सत्य कुराहरु वास्तविक हो भनी थाहा गर्नमा सहायता गर्नुहोस् भनी परमेश्वरलाई भन्नुहोस् । खीष्ट नै जीवन हुनुहुन्छ भन्ने कुराको अर्थ गहिरो रुपमा तपाईलाई प्रकट गराइदिनुहोस् भनी परमेश्वरसँग भन्नुहोस् । यदि यो कुरा तपाईले पहिलाबाट विश्वास गर्दै आउनुभएको कुरासँग मिल्दैन भने, तपाईले भर्खरै पढ्नुभएको कुरा सत्य हो कि होइन भनी प्रभुसँग सोध्नुहोस् । हाम्रो अर्को भागमा हामी खीष्ट नै तपाईको जीवन भन्नुको अर्थ अझै हेर्नेछौं ।

## *दोस्रो दिन*

### खीष्ट नै तपाईको जीवन हुनुहुन्छ भन्नुको अर्थ के हो ?

तपाईले अर्को यो प्रश्न सोधिरहनु भएको हुनसक्छ, "खीष्ट नै मेरो जीवन हुनुहुन्छ भन्नुको अर्थ के हो ?" म विश्वास गर्छु कि परमेश्वरले यसको अर्थ १ कोरिन्थी १ : ३० मा भन्नुभएको छ :

**"खीष्ट येशूमा उहाँ नै तिमीहरुका जीवनको स्रोत हुनुहुन्छ.."** (आर एस भी)

परमेश्वरले यस प्रश्नको जवाफ यस पदको पहिलो भागमा दिनुभएको छ जहाँ उहाँ भन्नुहुन्छ कि खीष्ट येशूमा उहाँ नै तिमीहरुको जीवनको स्रोत हुनुहुन्छ । स्रोत भन्ने शब्दको एउटा परिभाषा चाहिँ यो हुन्छ "त्यो व्यक्ति जसले पैदा वा उत्पन्न गर्छ ।" तपाईको लागि यो नयाँ सत्य कुरा हुन सक्छ किनभने मलाई झै धेरै खीष्टियानहरुलाई परमेश्वरको सहायताद्धार हामी नै खीष्टियान जीवन जियाइको स्रोत हुनुपर्छ वा हौओ भनी गलत प्रकारले सिकाएको हुन्छ । तपाईले हेर्नुहोस् कि खीष्टियान जीवन जिउने साँचो स्रोत चाहिँ एउटा मात्र हुन सक्छ ।

**सत्यता यो हो कि एउटा मात्र स्रोत छ जहाँबाट हामी खीष्टियान जीवन जिउन सक्छौं, त्यो स्रोत चाहिँ तपाई होइन, परमेश्वर हुनुहुन्छ ।**

परमेश्वर नै खीष्टियान जीवन जियाईको स्रोत हुनुहुन्छ भन्ने कुरा दर्शाउने अरु पनि दुईवटा पदहरु हेरौं :

"हामी उहाँमा नै जिउँछौं, उहाँमा नै चहलपहल गर्छौं र उहाँ नै हाम्रो आस्तित्व छ ।" प्रेरित १७ : २८

"किनकि सबैकुराहरु उहाँबाट, उहाँद्धार र उहाँकै निम्ति हुन्.." रोमी ११ : ३६

खीष्टियान जीवन जिउने स्रोत परमेश्वर नै हुनुहुन्छ भन्ने कुरा दर्शाउने बाइबलका धेरै पदहरु मध्ये यी त केवल दुईवटा पदहरु मात्र हुन् । व्यवहारिक रुपमा परमेश्वर तपाईको स्रोत हुनुहुन्छ भन्नुको अर्थ के होला भनी तपाई अचम्मा मानिरहनु भएको होला । परमेश्वर तपाईको स्रोत हुनुहुन्छ भन्नुको अर्थ के हो भन्ने सम्बन्धमा चारवटा उदाहरणहरु हेरौं ।

- **तपाईको खाँचो पूरा गर्ने स्रोत परमेश्वर हुनुहुन्छ । फिलिप्पी ४ : १९**
- **पाप माथि विजय गर्ने तपाईको स्रोत परमेश्वर हुनुहुन्छ । १ यूहन्ना ३ : ६**

- **उहाँको सत्य कुरामा विश्वास गर्नलाई तपाईको मनलाई नयाँ पार्ने स्रोत परमेश्वर नै हुनुहुन्छ । रोमी १२ : २**
- **उहाँका सबै परिवर्तन गर्ने प्रतिज्ञाहरुलाई तपाईको वास्तविक जीवनमा पूरा गर्ने स्रोत परमेश्वर नै हुनुहुन्छ । फिलिप्पी १ : ६**

के माथि उल्लेख गरेका चारवटा कुराहरु पूरा गर्नलाई तपाई आफै स्रोत बन्ने प्रयास गर्नुभएको छ ? यदि उसो हो भने, त्यसले कुन प्रकारले काम गरिरहेको छ ? यदि हामी आफैमा इमान्दारी भएर भन्ने हो भने यसले काम गरिरहेको छैन । सत्य कुरा यो हो कि यदि हामी आफै नै खीष्टियान जीवन जियाईको स्रोत बन्ने प्रयास गर्छौं भने हामी पतन हुनको लागि नियुक्ति भएका छौं । यदि उहाँ हाम्रो जीवनको यात्राको स्रोत हुनुहुन्न (र हाम्रो जविनको सारा क्षेत्रहरुमा) भने, हामीले कहिल्यै पनि हाम्रो जीवनमा परमेश्वरको सत्यता र प्रतिज्ञाहरुलाई अनुभव गर्ने छैनौं ।

**परमेश्वर तपाईको खीष्टियान जीवन जियाईको स्रोत हुनुहुन्छ भन्नुको अर्थ चाहिँ परमेश्वरले मात्र उहाँका सत्यताहरु र प्रतिज्ञाहरु तपाईको जीवनमा वास्तविक रुपमा अनुभव गर्न सक्ने बनाउन सक्नुहुन्छ ।**

**प्रश्नहरु :** यति खेरा सम्म पनि के तपाई परमेश्वरको सहायताद्धार खीष्टियान जीवन जियाईको स्रोत तपाई आफै बन्नुपर्छ भन्ने कुरामा विश्वास गर्नुभएको छ ? यदि उसो भए उहाँ नै स्रोत हुनुहुन्छ भन्ने सत्य कुरा माथिको विश्वासले तपाईका् खीष्टियान जीवन जियाईलाई कसरी परिवर्तन गर्ल ?

**मनन गर्नुहोस्** : १ कोरिन्थी १ : ३०, प्रेरित १७ : २८ र रोमी ११ : ३६ ।

**परमेश्वरसँग वातचीत गर्न** : यी तीनवटा पदहरु लिएर उहाँ नै खीष्टियान जीवन जियाईको स्रोत हुनुहुन्छ भन्ने कुरा बुझ्नको लागि गहिरो समझ दिनुहोस् भनी पवित्र आत्मालाई भन्नुहोस् ।

## परमेश्वरले हामी आफैलाई स्रोत हुनको लागि सहायता गर्नुहुन्न भन्नुको अर्थ के हो ?



मैले धेरै खीष्टियानहरुले यसो भनेको सुनेको छु, ‘‘परमेश्वरले मलाई सहायता गर्नुहुने छ ।’’ उनीहरुले थाहा नै नपाईकन नै ‘‘परमेश्वरले मेरा समस्याहरु समाधान गर्न र मेरो जीवनलाई परिवर्तन गर्नको निम्ति मलाई स्रोत बन्नको लागि सहायता गर्नुहुनेछ भनी भनिरहेका हुन्छन् ।’’ यसलाई अर्को तरिकाले भन्नु हो भने, ‘‘परमेश्वरले मलाई आफैले आफैलाई सहायता गर्नको लागि सहायता गर्नुहुनेछ भन्नु हो ।’’ यो चाहिँ गलत शिक्षा हो किनकी परमेश्वरले कहिल्यै पनि जीवन जिउन वा परिवर्तन हुनाको लागि  मानिस आफैलाई स्रोत बनाउने चाहना गर्नुभएन । यो प्रश्नको बारेमा सोच्नुहोस्, ‘‘यदि परमेश्वर आफै स्रोत हुनुहुन्छ भने, उहाँले हामीलाई किन स्रोत बन्नको लागि सहायता गर्नुपर्‍यो र ? हेर्नुहोस् त यसमा परमेश्वर धाँधली गर्नुहुन्छ अर्थात् उहाँमात्र स्रोत बन्न चाहनुहुन्छ । यदि तपाईको खीष्टियान जीवन जिउनको निम्ति उहाँ नै स्रोत हुनुहुन्न भने, तपाईको जीवनको नतिजा चाहिँ धेरै हार, धेरै बन्धन र अपरिवर्तन हुनेछ । परमेश्वरको काम गर्ने तरिका एउटा मात्र छ र त्यो हो उहाँ नै तपाईको निम्ति स्रोत बन्नु हो ।

<u>**परमेश्वरसँग बातचीत**</u> : यदि अहिले सम्म पनि परमेश्वको सहायताद्धार मेरो जीवन जिउने कुरा म आफैमा निर्भर छ भनी विश्वास गर्नुहुन्छ भने, तपाईको खीष्टियान जीवन जिउनको लागि उहाँ मात्र स्रोत  हुनुहुन्छ भन्ने बारेमा गहिरो प्रकाश दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

<u>**खीष्टियान जीवन जिउने सम्बन्धमा गलत विश्वास वा आस्था :**</u>

**परमेश्वरको सहायताद्धार मानिस आफै स्रोत बनेर र आफ्ना बुद्धि र क्षमताहरुलाई प्रयोग गरेर मानिसले सफल खीष्टियान जीवन जिउन सक्छ भन्नु**

अब परमेश्वर नै हाम्रो स्रोत हुनुहुन्छ भन्ने बारेमा हामी राम्ररी नै बुझेका छौं । त्यसैले अब खीष्ट नै हाम्रो जीवन हुनुहुन्छ भन्नुको अर्थ के हो भन्ने बारेमा अझै हेरौं ।

## परमेश्वर हाम्रो स्रोत हुनुहुन्छ भनेर हामीले कसरी थाहा पाउने ?

परमेश्वर नै हाम्रो स्रोत हुनुहुन्छ भन्ने सत्यतालाई अझ बुझ्नको लागि परमेश्वरको मौलिक रचना र मानिसको निम्ति परमेश्वरले बनाउनुभएको योजनालाई हेर्नु महत्वपूर्ण छ । म विश्वास गर्छु कि यसले शुरुबाट नै परमेश्वर स्वयम् मानिसको जीवन जियाईको निम्ति स्रोत बन्ने आशय राख्नुभएका कुरा अझ प्रमाणित हुन्छ । हामी यस भागमा चारवटा कुराहरु हेर्नेछौं ।

- आदम र हव्वा पतित् हुनुभन्दा अगाडि उनीहरुको स्रोत को थिए ?
- पतित् हुँदा आदम र हव्वालाई के भयो ?
- जमिन्दा खेरी मानिसको आत्मिक अवस्था कस्तो थियो ?
- परमेश्वर मानिसको स्रोत बन्नको निम्ति उहाँले मानिसमा के काम पूरा गर्नुभयो ?

आदम र हव्वाको पतित् हुनुभन्दा अगाडिको र पछाडिको अवस्थालाई हेर्दै हामी शुरु गरौं

## पतित् हुनुभन्दा अगाडि आदम र हव्वाको स्रोत को थिए ?

“र परमप्रभु परमेश्वरले मानिसलाई भूमिको माटोबाट बनाउनुभयो र नाकमा जीवनको सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भए ।” उत्पत्ति २ : ७

“र मेरा परमेश्वरले खीष्ट येशूमा मेरा सबै खाँचोहरु पूरा गर्नुहुनेछ ।” फिलिप्पी ४ : १९

उत्पत्ति २ : ७ अनुसार मानव जातिको सृष्टिमा आदम र हव्वाको नाकमा जीवनको सास फुकिदिएर परमेश्वर मानिसको स्रोत बन्नुभयो । साथ-साथै परमेश्वरले उनीहरुको शारीरिक, आत्मिक र भावनात्मक खाँचोहरु पूरा गरीकन उहाँ तिनीहरुको स्रोत बन्नुभयो फिलिप्पी ४ : १९ । शुरुवातबाटै परमेश्वर मानिसको स्रोत बन्नुभएको कुरा स्पष्ट छ किनभने मानिस आफैले ती खाँचोहरु पूरा गर्न सक्दैन जो परमेश्वरले मात्र पूरा गर्नसक्नुहुन्छ ।

तलको चित्रले मानिसको पतन हुनुभन्दा अगाडिको परमेश्वरसँगको सम्बन्धलाई देखाउँछ ।

**आदम र हव्वा पतन हुनुभन्दा अगाडि उनीहरुको खाँचो पूरा गर्ने स्रोत परमेश्वर नै हुनुहुन्थ्यो**




।

**यदि परमेश्वर नै उनीहरुको सारा खाँचोहरु पूरा गर्ने स्रोत हुनुहुन्थ्यो भने हामी यो निष्कर्ष निकाल्न सक्छौं कि आदम र हव्वा उनीहरुको खाँचो पूरा गर्नको लागि पूर्ण रुपमा परमेश्वरमा**

“निर्भरता” त्यो महत्वपूर्ण शब्द हो जसले परमेश्वर आदम र हव्वा बीचको सम्बन्धलाई वर्णन गर्दछ । उनीहरु आफ्ना सारा खाँचचोहरु परिपूर्तिको लागि पूर्णरुपमा परमेश्वरमा नै निर्भर रहन्थ्यो । हामी यस भागलाई तलको सत्यताद्धार अन्तिम गर्न चाहन्छौं ।

**महत्वपूर्ण सत्यता :**

**जबसम्म आदम र हव्वा परमेश्वरमा निर्भर भएर जिए तब सम्म उहाँ तिनीहरुको खाँचोहरु पूरा गर्ने स्रोत हुनुभएको थियो ।**

**परमेश्वरले आदम र हव्वालाई उहँमा निर्भर रहनको निम्ति स्वतन्त्र इच्छा वा छनौट दिनुभयो ।**

परमप्रभु परमेश्वरले मानिसलाई आज्ञा दिनुभयो, “तिमीहरुले बगैचाका कुनै पनि रुखको फल खान सक्छौ तर असल र खराबको ज्ञान दिने रुखको फल चाहिँ तिमीहरुले नखानु, किनकि जुन दिन तिमीहरुले त्यसबाट खान्छौ, तिमीहरु निश्चय मर्नेछौं । उत्पत्ति २ : १६, १७



उत्पत्ति २ : १६, १७ अनुसार मानिसले स्वतन्त्र छनौट प्राप्त गर्नको निम्ति परमेश्वरले मानिसलाई उहाँमा निर्भर हुन र र नहुनको लागि स्वतन्त्र छनौट दिनुभयो । छनौट यो थियो कि बगैचाको एउटा फल बाहेक अरु कुनै पनि रुखको फल खानको लागि छनौट गर्न सक्थे । यो छनौट चहिँ मानिस निरन्तर रुपमा परमेश्वरमा निर्भर रहने इच्छाको जाँच थियो । यदि उनीहरुले परमेश्वरमा निर्भर रहन र असल ज्ञान दिने रुखको फल बाहेक अरु रुखका फलहरु मात्र खाएको भए, उनीहरु जिउने थिएँ । तैपनि यदि उनीहरुले असल र खराब ज्ञान दिने रुखको फल खाए देखि तिनीहरु मर्ने थिए । हामी उत्पत्ति ३ : ६ मा यसको नतिजा देख्छौं ।

“जब स्त्रीले त्यस रुखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो र बुद्धि पाउनलाई त्यस रुखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रुखको फल टिपेर खाईन् र आफ्नो पतिलाई पनि दिइन् जो तिनको साथमा थिए र उनले पनि खाए ।” उत्पत्ति ३ : ६

त्यो बेलामा आदम र हव्वाले स्वतन्त्र रहने पापमय निर्णय गरे जसले रोमी ५ : १२ को पहिलो हरफ अनुसार आत्मिक मृत्यु ल्यायो ।

“यसैकारण जसरी एउटा मानिसद्धार (आदम) पाप प्रवेश भयो, र पापद्धार मृत्यु......” (कोष्ठको थप)

आत्मिक मृत्युको अर्थ के हो ? आत्मिक मृत्युलाई परिभाषित गर्ने मुख्य शब्द चाहिँ “अलग” गराउनु हो । मौलिक ग्रीक सन्दर्भ अनुसार “अलग” को अर्थ चाहिँ “अलग गराउनु” वा “टुक्रा पार्नु” हो ।

**परमेश्वरबाट अलगिनु वा टुक्रिनुलाई आत्मिक मृत्यु भनिन्छ ।**

**यो अलगिने कार्य दुई किसिमको छ :**

- **परमेश्वरको जीवनबाट अलग हुनु**

“उनीहरुको समझ अन्धकार भएर, परमेश्वरको जीवन देखि अलग भएर...” एफिसी ४ : १८

आदम र हव्वाले परमेश्वरमा निर्भर नरहने छनौट गरेपछि र पाप गरेपछि उहाँले आफ्नो जीवनलाई उनीहरुबाट अलग गराउनु वा हटाउनु भयो । यद्यापि आदम र हव्वा शारीरिक रुपमा जीवित नै भए तापनि उनीहरु अब उप्रानत परमेश्वरको आत्मिक जीवनलाई अनुभव गर्न सकेनन् । परिणाम स्वरुप उनीहरु आत्मिक रुपमा मरे ।

- **परमेश्वर स्रोत हुनबाट अलग भए**

“तर तिमीहरुको अधर्मले तिमीहरुलाई आफ्ना परमेश्वरबाट अलग गराएको छ र तिमीहरुका पापले गर्दा उहाँले आफ्नो मुहार तिमीहरुबाट लुकाउनुभएको छ र उहाँले तिमीहरुका प्रार्थना सुन्नुहुन्न ।” यशैया ५९ : २

मैले माथि नै भने झैं आदम र हव्वा उनीहरुका खाँचोहरु पूरा गर्नका लागि स्रोतको रुपमा परमेश्वरमा पूर्ण रुपमा निर्भर रहेका थिए । तापनि पापको परिणाम स्वरुप परमेश्वरले आफैलाई त्यस उप्रान्त मानिसको स्रोत हुनबाट अलग गराउनुभयो । नतिजा यो थियो :

**मानिसलाई आफू नै स्रोत भईकन आफ्ना खाँचोहरु पूरा गर्न, आफ्ना समस्याहरु समाधान गर्न, र उसको जीवन सफल बनाउनको लागि आफैले प्रयास गर्नको निम्ति छोडिदिनुभयो ।**

खाँचो पूरा गर्ने स्रोतको रुपमा रहने छैन भनी आफूलाई मानिसबाट अलग गराउनुभयो । परिणाम यही नै हो ।

पतन भएपछि मानिसको अवस्था कसरी बद्लियो भन्ने बारेमा तलको रेखाचित्रलाई हेरौं ।

**पतन भएपछिको आदम र हव्वाको स्थिति**



## *तेस्रो दिन*

**समस्या यो हो कि हामीले पनि आदम र हव्वाको आत्मिक मृत्युलाई जन्मजात रुपमा धारण गरेका छौं ।**

तपाई अनि मैले पनि जन्मजात रुपमा आदम र हव्वाको आत्मिक मृत्यु र अलगपनलाई पनि धारण गरेका छौं भन्नुको अर्थ के हो ? रोमी ५ : १२ ले भन्छ :

"यसैकारण, जसरी एउटा मानिसद्धार (आदम) संसारमा पाप प्रवेश भयो र पापद्धार मृत्यु, र यसरी नै सबै मानिसमा मृत्यु फैलियो किनभने सबैले पाप गरेका छन् ।" रोमी ५ : १२ (कोष्ठको थप)

हामी रोमी ५ : १२ मा आदमको पापद्धार हामी सबै जना आत्मिक रुपमा मरेकै अवस्थामा जन्मेको देख्छौं । अर्को शब्दमा हामी जन्मिदा खेरी नै हामीमा आदमको आत्मिक मृत्यु आएको हुन्छ ।

**आदम र हव्वा झै हामी पनि जन्मिदा खेरी नै परमेश्वरको जीवन देखि अलग भएर र उहाँ हाम्रो स्रोत हुनबाट अलग भएर जन्मेका**

अर्को रेखा चित्रले हामीले पनि परमेश्वर आदमको जीवन र स्रोत हुनबाट अलग भएको कुरा धारण गरेका छौं र यसको परिणाम स्वरुप हामी आत्मिक रुपमा मरेका छौं भन्ने सत्यलाई प्रष्ट्याउँछ ।

**मानिसले उसको शारीरिक जन्ममा आदमको अवस्था वा स्थितिलाई प्राप्त गरेको हुन्छ**




तपाईले आदमको आत्मिक मृत्युपनलाई प्राप्त गर्नुभएको छ, जसले परमेश्वरको जीवनबाट र परमेश्वर हाम्रो स्रोत हुनबाट अलग गराउँदछ । यही अलग्याउने कार्यको कारणले गर्दा नै आफै मानिसले स्रोत बनेर जिउने प्रयास गरेका हुन् ।

**प्रश्न** : रहने प्रकारले बनाउनुभएको छ भने, के तपाई अनि म स्वतन्त्र रुपमा जिईकन आफ्ना खाँचोहरु पूरा गर्न, समस्याहरु समाधान गर्न र एउटा सफल खीष्टियान जीवन जिउन सक्छौं त ?

**मनन** : परमेश्वरले शुरुमा नै मानिसलाई परमेश्वरलाई स्रोतको रुपमा मानेर उहाँमा पूर्ण रुपमा भर परेर खीष्टियान जीवन जिउनको लागि बनाउनु भएको त्यो सत्य कुरालाई मनन गर्नुहोस् ।

**परमेश्वरसँग बातचीत** : परमेश्वर नै खीष्टियान जीवनको, वैवाहिक जीवनको, पेशाको र कुनै पनि परिस्थितिमा उहाँ नै स्रोत हुनुहुन्छ भन्नुको अर्थ के हो भन्ने बारेमा अझ गहिरो प्रकाशन दिनुहोस् भनी परमप्रभुसँग माग्नुहोस् ।

## पतनपछि बगैचामा गुमाएको कुरालाई पुर्नस्थापना गर्नलाई परमेश्वरले के गर्नुभयो ?

यदि उहाँले समाधान नजुटाए मानिस अनन्तसम्म उहाँबाट अलग हुनेछन् भन्ने कुरा परमेश्वरलाई थाहा थियो । त्यसैकारणले मानिसलााई मुक्ति र जीवन दिन (र आफूलाई मानिसको स्रोतको रुपमा पुर्नस्थापना गर्नको लागि परमेश्वरले दुईवटा कामहरु गर्नु पऱ्यो । म यसलाई प्रष्ट्याउनको लागि एउटा रेखाचित्र प्रयोग गर्न चाहन्छु । जसलाई क्रुसको दुई पक्ष वा किनारा भनेर भन्छु । क्रुसको एक पट्टिको भागले पापलाई जनाउँछ भने अर्को पट्टिको भागले जीवनलाई जनाउँदछ । पहिलो शुरुमा हाम्रो पापलाई सुल्झाउनको लागि परमेश्वरले के काम गर्नुभयो भनी हेर्नलाई क्रुसको पाप पट्टिको भागलाई हेरौं ।

## क्रुसको पाप पट्टिको भाग-हामीलाई अनन्त जीवन दिनको लागि खीष्ट हाम्रो पापको लागि मर्नुभयो ।

सुसमाचारको “शुभ खबर” यो हो कि येशू हाम्रो पाप बोक्नको लागि आउनुभयो किनकि हामीलाई एक उद्धारकर्ता आवश्यकता थियो । उहाँको मृत्युद्धार हाम्रो पापको सजाय चुक्त भयो र मुक्ति पाउनको निम्ति खीष्टमा भरोसा गरेर हामीले अनन्त जीवन प्राप्त गर्दछौं ।

“उहाँको दया यति अपार छ कि उहाँले आफ्नो पुत्रको रगतद्धार हाम्रो छुटकारालाई किन्नुभयो र हाम्रा पापहरु क्षमा भएका छन् । “ एफिसी १ : ७ (न्यू.ली.अ.)

“जसले पुत्रमा विश्वास गर्छ, उसँग जीवन छ......।” यूहन्ना ३ : ३६ क

| |
|---|
| खीष्ट हाम्रो पापको लागि मर्नुभएको कुराले क्रुसको पाप पट्टिको भागलाई प्रस्तुत गर्दछ । |

तलको रेखा चित्रले क्रुसको पाप पट्टिको भागलाई प्रष्ट्याउँदछ ।

### क्रुसको पाप पट्टिको भाग




**नोट** : यदि तपाई उद्धार पाउनको लागि खीष्टलाई ग्रहण गर्नुभएको कुरामा निश्चित हुनुहुन्न भने, तपाईले अहिले नै ग्रहण गर्न सक्नुहुन्छ । तपाईले साधारण रुपमा विश्वाससाथ तल दिइएको प्रार्थना गरेर पापको क्षमा र मुक्ति पाउन सक्नुहुन्छ । "प्रिय प्रभु, मैले जाने कि म एक पापी रहेछु र मलाई उद्धारकर्ता खाँचो छ । तपाई मेरो पापको निम्ति क्रुसमा मर्नुभएको कारणले म तपाईलाई विश्वाससाथ मेरो मुक्तिदाता भनी ग्रहण गर्छु । आमेन ।"

**क्रुसको जीवन पट्टिको भाग- परमेश्वरले आफैलाई मानिसको जीवनको स्रोत हुनाको लागि आफै मानिसभित्र आउनुभयो**

**मानिसले उद्धार पाओस् भनी खीष्ट मानिसको निम्ति मर्नुभए तापनि परमेश्वर मानिसको जीवन र स्रोत हुने कुराबाट अलगिने समस्या मानव जातिमा अझै रहि नै रह्यो ।**

परमेश्वरले मानिसलाई आफूबाट अलग नभइकन जिउने प्रकारले बनाउनु भएको हुनाले, उहाँले आफूलाई मानिसको स्रोतको रुपमा पुर्नस्थापना गर्नको लागि अझै तीनवटा कामहरु गर्नुभयो । यी तीनवटा कुराहरुले मैले भन्दै आएको क्रुसको जीवन पट्टिको भागलाई स्पष्ट पार्ने काम गर्दछ । हामी क्रुसको जीवन पट्टिको भागको अर्थ खोजी गरौं ।

## क्रुसको जीवन पट्टिको भाग




### १. परमेश्वरले फेरि आफैलाई पूर्णरुपमा मानिसमा राखिनुदिनुभयो ।

मुक्ति पाएको बेलामा, तपाईले येशूलाई केवल मुक्तिदाताको रुपमा मात्रै ग्रहण गरेको वा पाएको हुदैन तर तपाईले ईश्वरत्वको सारा परिपूर्णता (पिता, पुत्र र पवित्र आत्मा) पनि प्राप्त गर्नुभएको हुन्छ । हामी यो कुरा कलस्सी २ : ९, १० मा पाउँदछौं ।

"किनकी खीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ र तिमीहरुलाई खीष्टमा परिपूर्णता दिएको छ जो सबै शक्ति र अधिकारको शिर हुनुहुन्छ ।

यी पदहरुले हामीलाई यो भनिरहेको छ कि ईश्वरतव्को सारा परिपूर्णता खीष्टमा छ र त्यो खीष्ट अब तपाईभित्र हुनुहुन्छ अर्थात् पिता, पुत्र र पवित्र आत्मा तपाईभित्र हुनुहुन्छ । अब उप्रान्त तपाईभित्र तपाई देखि अलग हुनुभएको परमेश्वर हुनुहुन्न । अब तपाईभित्र ईश्वरत्वको परिपूर्णता हुनुहुन्छ ।

## परमेश्वरले आफैलाई पूर्णरुपमा तपाईमा हालिदिनु वा राखिदिनुभएको छ ।




यदि तपाईले ख्रीष्टलाई ग्रहण गर्नुभएको छ भने अब तपाईभित्र पिता, पुत्र, येशू र पवित्र आत्मा हुनुहुन्छ भन्ने कुरा बुझ्नु महत्वपूर्ण छ ।

**प्रश्न** : मानौ ततपाईले ईश्वरत्वको परिपूर्णता प्राप्त गर्नुभएको छ भन्ने कुरा बुझ्नु भएको छैन , तर यदि तपाईले यो सत्यता बुझ्नुभएमा यसले तपाईको जीवनमा कस्तो प्रभाव पार्ला ?

**मनन गर्नु** : कलस्सी २ : ९ र १० माथि मनन गर्नुहास् । यो प्रश्नको बारेमा सोच्नुहोस्, “यदि ममा पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ भने, ममा के अभाव छ र ?

**परमेश्वरसँग वातचीत** : अब परमेश्वर तपाईभित्र पूर्णरुपमा वास गर्नुभएको छ भन्ने कुराको अनन्तको महत्वको बारेमा उहाँसँग अझै प्रकाश माग्नुहोस् ।

**चौथौ दिन**

**२. अब तपाईभित्र पूर्णरुपमा परमेश्वरको जीवन र शक्ति छ ।**

तपाईले परमेश्वरको पूर्णता अर्थात् पिता, पुत्र र पवित्र आत्मालाई प्राप्त गर्नुको साथ-साथै उहाँको जीवन र शक्ति पनि प्राप्त गर्नुभएको छ ।

**क. ख्रीष्टको जीवन**

“परमेश्वरले हामलिाई अनन्त जीवन दिनुभएका़ छ  र यो जीवन उहाँको पुत्रमा छ । जससँग पुत्र हुनुहुन्छ त्यससँग जीवन छ  ....” १ यूहन्ना ५: १२ क (आफैलाई जोड दिन्छ)

उद्धार पाएको बेलामा परमेश्वरले हामीलाई जीवन दिनुहुन्छ जुन जीवन खीष्टमा छ । हामीले प्राप्त गरेका जीवनका केही उदाहरणहरु :

| | | | | |
|---|---|---|---|---|
| शर्तरहित प्रेम | विजय | योग्य | स्वीकार | विश्वास |
| स्वतन्त्रता | धैर्यता | बल | शान्ति | शक्ति |
| क्षमा | समझ | सुरक्षा | निडरपन | बुद्धि |
| छुट्याउने शक्ति | निस्वार्थपन | विश्राम | टिठालुपन | उत्साह |
| धार्मिकता | भालादमीपन | नियन्त्रण | विश्वासनीयता | आनन्द |
| आशा | | | | |

**खीष्ट नै तपाईको जीवन हुनुहुन्छ भन्नुको अर्थ खीष्ट नै तपाईको त्यो स्रोत हुनुहुन्छ जसले तपाईलाई उहाँको शान्ति, उहाँको स्वीकार्यता, उहाँको आनन्द इत्यति दिनुहुन्छ भन्नु हो ।**

तपाईले खीष्टको जीवन प्राप्त गर्नुभएको छ भन्नुको अर्थ चाहिँ अब जुनै सुकै बेला माथि उल्लेखित खीष्टको जीवनको चरित्रहरु तपाईको लागि उपलब्ध छ भन्नु हो । हामी चौथौ पाठमा खीष्टको जीवन, चरित्रहरु र मानिसको चरित्रको बीचको भिन्नतालाई सिक्नेछौं (उदाहरणको लागि खीष्टको प्रेम र मानिसको प्रेम) । तापनि अहिले यतिखेरा तपाईलाई माथि उल्लेखित सम्पूर्ण खीष्टको चरित्र तपाईको लागि उपलब्ध छ भन्ने कुरामा सचेत गराउन चाहन्छु ।

**प्रश्न** : यदि तपाईले आफ्नो जीवन माथि उल्लेखित खीष्टको शान्ति, धैर्यता र विजय इत्यदि अनुसार जिउनु भएको भए तपाईको जीवन कति फरक हुन्छ होला ?

**परमेश्वरसँग बातचीत** : माथि उल्लेखित खीष्टको जीवन चरित्रहरु मध्ये तपाईले एकदमै आफ्नो जीवनमा अनुभव गर्न चाहनुभएको एक वा दुईवटा चरित्रहरुलाई छान्नुहोस् र ती चरित्रहरुलाई आफ्नो वास्तविक जीवनमा अनुभव गर्नलाई सहायता गर्नुहोस् भनी परमेश्वरको खोजी गर्न शुरु गर्नुहोस् ।

**मनन गर्नु** : तलको भनाई माथि मनन गर्नुहोस् । यस भनाइको मुख्य शब्द चाहिँ “बाट” हो ।

**परमेश्वरले आफ्नो जीवनको पूर्णता तपाईभित्र हालिदिनुभएको छ ताकि तपाई उहाँको जीवनबाट जिउन सक्नुभएको होस् ।**

## ख. परमेश्वरको शक्ति

प्रेरित १ : ८ अनुसार उद्धार पाएको बेलामा तपाईले केवल खीष्टको जीवनलाई मात्र प्राप्त गरेको नभएर तपाईले परमेश्वरको सबै अलौकिक शक्ति पनि प्राप्त गर्नुभएको छ :

“पवित्र आत्मा तिमीहरु माथि आउनुभएपछि तिमीहरुले शक्ति प्राप्त गर्नेछौं...।”

केही क्षण यसको बारेमा मनन गर्नुहोस् । तपाईभित्र त्रिएक परमेश्वर र सबै परमेश्वरको शक्तिले वास गरेको छ । परमेश्वरले यो कुरा जान्नुभयो कि मानिसमा उहाँको शक्ति नभएसम्म मानिसमा कुनै परिवर्तन आउन सक्दैन । यसैकारणले हाम्रो जीवन परिवर्तन गर्नको लागि आफ्नो पूर्ण शक्ति हामीमा हालिदिनुभयो । हामी तेस्रो पाठमा हामीभित्र भएको परमेश्वरको शक्तिको उचाई वा महानता र उदेश्यको बारेमा अझै कुराकानी गर्नेछौं ।

तपाईलाई खीष्टको रुपमा बदल्नको लागि परमेश्वरले उहाँको शक्ति तपाईमा हालिदिनुभयो ।

तलको रेखाचित्रले तपाई परमेश्वरको जीवन र शक्तिलाई अटाउने वा थाप्ने भाँडो हुनुहुन्छ भन्ने देखाउँदछ ।

**परमेश्वरले उहाँको जीवन र शक्ति तपाईभित्र हालिदिनु भएको छ ।**




**प्रश्न :** परमेश्वरले उहाँको शक्ति तपाईभित्र हालिदिनु किन अनिवार्य थियो र ? किन तपाई आफ्नै इच्छा शक्तिद्धार आफ्नो जीवन, श्रीमान्, श्रीमती, परिवार र कामलाई परिवर्तन गर्ने प्रयास गरिरहनु भएको छ ? के त्यसरी गर्दा परिवर्तन भइरहेको छ त ?

**मनन :** १ यूहन्ना ५ : १२ र प्रेरित १ : ८ लाई मनन गर्दै यो प्रश्नको बारेमा सोच्नुहोस्, "परमेश्वरले मभित्र उहाँको जीवन र शक्ति हालिदिनु किन आवश्यक थियो र ?"

**परमेश्वरसँग वातचीत** : तपाईले उहाँको महान शक्तिको अनुभव गर्न सकौं भनी उहाँसँग प्रार्थना गर्नुहोस् ।

## ३. परमेश्वरले उहाँ आफैलाई तपाईसँग एक पार्नुभएको छ ।

परमेश्वर तपाईभित्र वास मात्रै गर्नुभएन तर अझै बढ्ता गर्नुभयो । परमेश्वरले उहाँ आफैलाई तपाईसँग एक बनाउनुभयो । हामी यो सत्यता तलका तीनवटा पदहरुमा देख्छौं :

"......(परमेश्वर) ले हमीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो ।" एफिसी २ : ५ (कोष्ठको थप)

"तर जो (विश्वासी) प्रभुसँग एक हुन्छ त्यो उहाँसँग आत्मामा (एउटै) हुन्छ ।" १ कोरिन्थी ६:१७ (कोष्ठको थप)

"त्यो दिन तिमीहरुले जान्नेछौं कि म पितामा छु र तिमीहरु (मसँग एक) ममा छौ र म (तिमीहरुसँग एक) तिमीहरुमा छु ।" यूहन्ना १४ : २०, (कोष्ठको थप)

परमेश्वरसँग एक हुनु वा “ईश्वरीय रुपमा जोडिनु” भन्नुको अर्थ चाहिँ अब उप्रान्त हामी कहिल्यै पनि परमेश्ववरदेखि अलग हुनेछैनौं भन्नु हो र अर्को शब्दमा भन्नुपर्दा एक हुनु भन्नुको अर्थ तपाईले आफ्नो मुक्ति कहिल्यै पनि गुमाउन सक्नुहुन्न र उद्धार पाएकै दिनमा तपाई अननन्त जीवनमा प्रवेश गर्नुभएको छ भन्नु हो । यसैकारणले उहाँले हिब्रु १३ : ५ को दोस्रो भागमा यसरी भन्नुभएको छ :

“...म तिमीहरुलाई कहिल्यै छेड्नेछैन र त्याग्ने छैन ।”

**मनन गर्नु** : एफिसी २ : ५, १ कोरिन्थी ६ : १७ र यूहन्ना १४ : २० माथि मनन गर्नुहोस् र यदि तपाईलाई आफ्नो मुक्ति गुमाउन सकिन्छ जस्तो लाग्छ भने तलको प्रश्नको बारेमा सोच्नुहोस् । “यदि परमेश्वर उहाँ आफै मसँग एक वा एकतािमा हुनुहुन्छ भने, मैले आफैलाई कसरी यो एकताबाट अलग गराउन सक्छ र ?”

**परमेश्वरसँग वातचीत** : यदि तपाईलाई मैले मेरो गुमाउँछ कि भन्ने डर छ वा मुक्तिको सुरक्षाको विषयमा शंका छ भने, तपाईले गरेको कुनै पनि कुराले तपाईलाई परमेश्वरबाट अलग गराउन सक्दैन वा मुक्ति गुमाउन सकिदैन भनी विश्वास दिलाई दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् । परमेश्वरले आफ्नो जीवन र शक्ति तपाईमा हालिदिनुको परिणाम के हो ?

**परिणाम :**

**मुक्ति पाएको बेलामा परमेश्वरले आफ्नो जीवन र शक्ति तपाईमा हालिदिनु र उहाँ हामीसँग एक हुनुको अर्थ चाहिँ अब उप्रान्त जीवन जियाईको स्रोत तपाई आफै बन्नुपर्दैन भन्नु हो । परमेश्वर स्वंयम तपाईको निम्ति स्रोत बन्नुहुनेछ, जुन स्रोतबाट तपाईले जीवन**

**फेरि एक पटक क्रुसको पाप पट्टिको भाग र जीवन पट्टिको भाग हेरौं**




**सुसमाचारको महान् खबर यो हो कि तपाईले उद्धार मात्र पाउनुभएको नभईकन तपाईभित्र त्यो परमेश्वर हुनुहुन्छ जो तपाईको जीवन र स्रोत हुनुहुन्छ ।**

**अब उप्रान्त तपाईको जीवनलाई सफल बनाउनको लागि आफ्नै**

**खीष्ट नै तपाईको जीवन हुनुहुन्छ भन्नुको अर्थ चाहिँ उहाँ आफ्नो जीवन तपाईमा जिउन चाहनु हो ।**

**तपाईभित्र खीष्ट वास गर्नुभएको कारणले , उहाँ तपाईमा त्यो जीवन जिउन चाहनुहुन्छ जुन जीवन केवल उहाँले मात्र जिउन**

पावलले यो कुरा गलाती २ : २० को पहिलो भागमा आफ्नै जीवनमा प्रमाणीत गरेको छ

**"म ख्रीष्टसँगै क्रूसमा टाँगिए र अब उप्रान्त जिउने म होइन, ख्रीष्ट <u>ममा</u> भएर जिउनुहुन्छ ...।"**

पावलले यो पदमा के भनिरहेको छ विचार गर्नुहोस् । पावलले अब उप्रान्त म आफै जिउँदिन भन्नुको अर्थ उसले ऊ आफै ख्रीष्टियान जीवनको स्रोत बन्न सक्दैन भन्नु हो । हामी यसलाई पावलको अचम्मको बुद्धि र क्षमताको परिचयको रुपमा लिन्छौं । उसले स्पष्टसँग यो स्वीकार गर्छ कि यी कुनै पनि कुराहरुले ऊ आफैलाई स्रोत बन्नको निम्ति योग्य ठहराउँदैन । यसैकारणले उसले यो स्वीकार गरेको छ कि ऊ आफैलाई स्रोत बन्नको निम्ति योग्य ठहराउँदैन । यसैकारणले, उसले यो स्वीकार गरेको छ कि ऊ आफैले ख्रीष्टियान जीवन जिउन सक्दैन, ऊ भन्छ, "ख्रीष्ट ममा जिउनुहुन्छ । पावलले ऊ भित्र ख्रीष्ट भएर ख्रीष्टियान जीवन जिउनु खाँचो छ भन्ने कुरा पूर्णरुपमा थाहा गरे ।

ख्रीष्टले तपाईभित्र आफ्नो जीवन जिउनुहुन्छ भन्ने कुरा तपाईको लागि नयाँ धारणा हुनसक्छ । मेरो लागि चाहिँ तीस वर्ष सम्म मेरो आफ्नै प्रकारले ख्रीष्टियान जीवन जिउने प्रयास गरेपछि (र असफल भएपछि) मेरो लागि यो विचार चाहिँ मूलभूत धारणा बन्न आयो । तापनि जसै परमप्रभुले मलाई ख्रीष्ट ममा जिउनुहुन्छ भन्ने बारे महान प्रकाश दिनुभयो तब म विश्वस्त भए कि मैले त्यो जीवन जिउन सक्दिन जुन ख्रीष्टले मात्र जिउन सक्नुहुन्छ ।

**परमेश्वरमा भर पर्ने ख्रीष्टियान जीवन जिउनलाई चाहिने मुख्य कुरा चाहिँ ख्रीष्टले आफ्नो जीवन तपाईमा भएर जिउनु हो ।**

म आशा गर्दछु कि तपाईले अहिले पनि यो महत्वपूर्ण सत्यताको बारेमा प्रभुसँग गहिरो प्रकाशन दिनुहोस् भनी माग्नुहुनेछ । यस अध्ययनको बाँकी भागमा ख्रीष्टले आफ्नो जीवन हामीमा भएर जिउनुको व्यवहारिक अर्थलाई पत्ता लगाउने छौं ।

**<u>प्रश्न</u>** : के तपाईले अहिलेसम्ममा ख्रीष्टियान जीवन भनेको चाहिँ ख्रीष्टले आफ्नो जीवन तपाईमा रहेर जिउनु हो भनेर महशुस गर्नुभएको छ ? यो सत्यताले तपाईको ख्रीष्टियान जियाइलाई कसरी परिवर्तन गर्ला ?

**<u>मनन गर्नु</u>** : तपाई आफैले ख्रीष्टियान जीवन जिउन सक्नुहुन्न, केवल ख्रीष्ट तपाईभित्र जिएर मात्रै तपाईको जीवनमा साँचो परिवर्तन आउनेछ भन्ने बारेमा मनन गर्नुहोस् ।

**<u>परमेश्वरसँग वातचीत</u>** : ख्रीष्टले आफ्नो जीवन तपाईभित्र वा तपाईमा रहेर जिउनुहुन्छ भन्नुको अर्थ के हो भन्ने बारेमा परमेश्वरसँग प्रकाश माग्नुहोस् ।

## *<u>पाँचौ दिन</u>*

## परमेश्वरले तपाईको जीस्वनमा के गर्नुहुन्छ जसै उहाँले आफ्नो जीवन तपाईमा जिउनुहुन्छ ?

तपाईले यसो भनिरहनु भएको हुनसक्छ, “परमेश्वरले आफ्नो जीवन ममा जिउँदा कस्तो देखिन्छ होला ? यसको जवाफको केही भाग चाहिँ उहाँले तपाईको जीवनमा गर्नुभएको प्रतिज्ञाहरुमा छ । ती केही प्रतिज्ञाहरुलाई हेरौं ।

**विजय** : परमेश्वरले तपाईलाई पाप माथि, शरीर माथि, संसारमाथि र शैतानको शक्ति माथि विजयको अनुभव दिनुहुन्छ ।

“परमेश्वरलाई धन्यवाद होस् जसले प्रभु येशू खीष्टद्धार हामीलाई विजय दिनुहुन्छ ।” १ कोरिन्थी १५ : ५७

**स्वतन्त्र :** परमेश्वरले तपाईलाई तपाईको झूठो विश्वास, पापमय जीवनशैली र तपाईको आन्तरिक संघर्षबाट स्वतन्त्र तुल्याउनुहुन्छ ।

“तसर्थ, खीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ, अब यस कुरामा निश्चित होओ कि हामी स्वतन्त्र रही रहौं, र फेरि पनि व्यवस्थाको दासत्वमा नबाँधिओ ।” गलाती ५ : १

**चंगाई** : परमेश्वरले तपाईको भुत र वर्तमानका चोटहरु निको पार्नुहुनेछ ।

**प्रबन्ध** : परमेश्वरले तपाईको सबै खाँचोहरुमा जुटाउनुहुनेछ ।

“मेरा परमेश्वरले खीष्ट येशूमा तिमीहरुका सारा खँचोहरु पूरा गर्नुहुनेछ ..।” फिलिप्पी ४ : १९

**घनिष्टता** : उहाँले तपाईलाई उहाँसँग व्यक्तिगत घनिष्ट सम्बन्धमा खिच्नु हुनेछ ।

“उहाँको कहिल्यै परिवर्तन नहुने योजना चाहिँ हामीलाई साथै येशू खीष्टद्धार आफ्नो परिवारमा ल्याउनु हो, र यसले उहाँलाई प्रसन्न तुल्याउँदछ ।” एफिसी १ : ५

**परमेश्वरले आफ्नो जीवन तपाईमा जिउनाले, उहाँका प्रतिज्ञाहरु तपाईले अनुभव गर्न पाउनुहुनेछ ।**

**प्रश्न** : के तपाईले प्रतिज्ञा गरिएको स्वतन्त्रता, विजय, चंगाई र तपाईले इच्छा गरे अनुसार परमेश्वरसँगको घनिष्टतालाई अनुभव गर्दै हुनुहुन्छ ? यदि छैन भने, के तपाई यी प्रतिज्ञाहरु अनुभव गर्न चाहनुहुन्छ ?

**मनन :** माथि उल्लेखित प्रतितज्ञाहरुमा मनन गर्नुहोस् ।

ती प्रतिज्ञाहरु मध्ये तपाईले एकदमै अनुभव गर्न चाहनुभएको प्रतिज्ञाको बारेमा सोच्नुहोस् ।

**परमेश्वरसँग वातचीत** : यदि तपाईले चाहे जस्तै गरी यी प्रतिज्ञाहरु अनुभव गरिरहनु भएको छैन भने, तपाईले यी प्रतिज्ञाहरु तपाईको वास्तविक जीवनमा अनुभव गर्न शुरु गराउनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

अर्को एउटा महत्वपूर्ण प्रतिज्ञा : तपाईको आत्मिक गन्तव्यको परिपूर्णता

तपाई र म एक विश्वासी भएको नाताले हाम्रो आत्मिक गन्तव्य छ । तल उल्लेखित यी पदहरु रोमी ८: २९, २ कोरिन्थी ३ : १८ र गलाती ४ : १९ ले हामी खीष्टियानहरुको आत्मिक गन्तव्यको बारेमा बताउँछ ।

"जस-जसलाई उहाँले पहिलाबाटै चिन्नुभएको छ, उहाँले तिनीहरुलाई आफ्नो पुत्रको रुप समान बनाउनलाई धेरै भाईहरु मध्ये उहाँ चाहिँ जेष्ठ होऊन् भनेर अघिबाटै नियुक्त गर्नुभयो ।" रोमी ८ : २९

"हामी सबै घुम्टो हराइएको मुहारले प्रभुको महिमाको प्रतिबिम्बित गर्दछौं अनि एउटा महिमा देखि अर्को महिमातिर उक्लदै उहाँको रुपमा बद्लिदै जान्छौं । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ ।" २ कोरिन्थी ३ : १८

"मेरा साना बालक हो, खीष्ट तिमीहरुमा नबनिनुभएसम्म म फेरि प्रसवपिडामा छु ।" गलाती ४ : १९

यी पदहरुमा आधारित हुँदै म तपाईको आत्मिक गन्तव्यको साधारण परिभाषा दिनचाहन्छु ।

**तपाईको आत्मिक गन्तव्य चाहिँ :**

**खीष्टको रुपमा बद्लिनु हो जसको अर्थ तपाईले खष्टिले झै सोच्नु, विश्वास गर्नु, छान्नु र व्यवहार गर्नु हो ।**

केही क्षण यसको बारेमा सोच्नुहोस् । यदि परमेश्वरले तपाईको जीवन बद्ली गर्नुभएको कारणले तपाईले खीष्टले झै सोच्नु, विश्वास गर्नु, छनौट गर्नु र व्यवहार गर्नुभयो भने तपाईको जीवनमा कस्तो फरकपन देखिन्छ होला ? अरुहरुसँग, तपाईको परिस्थितिसँग तपाईले गर्ने व्यवहारमा कस्तो बद्लाउ आउँछ होला ?

मेरो आफ्नो अनुभवमा, मैले सेवा दिएका धेरै मानिसहरुले खीष्टको रुपमा बद्लिदै जाने अनुभव गरिरहेका छैनन । म यो कुरा यसैकारण जान्दछु किनभने मेरो अघिल्लो तीस वर्ष मैले पनि कुनै साँचो परिवर्तन अनुभव गरेको थिएन । कारण के थियो भने, खीष्टियान जीवन जिउने सम्बन्धमा मेरो विश्वास

गलत थियो । मुख्य कुरा यो होकि खीष्टियान जीवन जिउनु भनेको के हो भन्ने बारेमा सही रुपमा नजानेसम्म, विश्वास नगरेसम्म र त्यस अनुसार नजिएसम्म ठुलो परिवर्तन आउन सक्दैन ।

तपाईमा परमेश्वरको जीवनको पूर्णता र उहाँको शक्ति भएको कारणले तपाईले अलौकिक परिवर्तन अनुभव गर्न सक्नुहुन्छ, जसको कारणले तपाईले खीष्टले जस्तै सोच्न, छान्न, विश्वास गर्न र व्यवहार गर्न सक्नुहुनेछ ।

**याद गर्नुहोस्** : खीष्टले आफ्नो जीवन तपाईमा नजिएसम्म तपाई आफैले यो परिवर्तनको अनुभव गर्न वा पैदा गर्न सक्नुहुन्न ।

**प्रश्न :** यदि तपाईले खीष्टले झै सोच्नु, महशुस गर्नु, विश्वास गर्नु, छनौट गर्नु र व्यवहार गर्नुहुन्छ भने तपाईको जीवन कुन प्रकारले परिवर्तन हुन्छहोला ?

---

---

---

**मनन गर्नु :** रोमी १२ : २ र २ कोरिन्थी ३ : १८ माथि मनन गर्दै यो कुराको बारेमा सोच्नुहोस्: जसै खीष्टले आफ्नो जीवन तपाईमा जिउनुहुन्छ, उहाँले तपाईको सोचाई, भावना, छनौट र व्यवहारलाई परिवर्तन गर्नुहुनेछ ।

**परमेश्वरसँग वातचीत** : तपाई जुन क्षेत्रमा परिवर्तनको अनुभव गर्न चाहनुहुन्छ, त्यही क्षेत्रमा परिवर्तन गर्न शुरु गर्नुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

## परमेश्वरले तपाईको जीवनमा उहाँको प्रतिज्ञाहरु पूरा गर्नुहुँदा तपाईले के गर्नुहुन्छ ?

खीष्टले आफ्नो जीवन तपाईमा जिउँदा खेरी नजिता स्वरुप तपाईले प्रशस्त जीवनको अनुभव गर्नुहुनेछ । उहाँले यूहन्ना १० : १० मा यो कुरा भन्नुभएको छ :

**"... म त तिमीहरुले जीवन पाउन् र त्यो पनि प्रशस्त मात्र पाउन् भन्ने हेतुले आए ।"**

येशूको अनुसार प्रशस्त जीवनको अर्थ के होला जस्तो लाग्छ ? म विश्वास गर्छु कि उहाँले बाह्य प्रशस्तको बारेमा भन्नुभएको होइन किनकी त्यो त सजिलैसँग उठाई लगिन सक्छ । के येशूले भन्न खोज्नभएको प्रशस्तता चाहिँ आन्तरिक प्रशस्तता हो त ? प्रशस्त जीवनको अर्थ राम्रोसँग बुझाउनको लागि म अघिल्लो खण्डमा उल्लेखित प्रतिज्ञाहरुलाई प्रयोग गर्न चाहन्छु । म यसलाई प्रश्नको रुपमा प्रयोग गर्न चाहन्छु ।

**यदि तपाई :**

- पाप माथि, शरीर माथि, संसार माथि र शैतान माथि विजयमा जिइरहनुभएको भए,
- तपाईलाई हारमा राख्ने पापपूर्ण कामहरुबाट छुटकारको अनुभव गर्दैहुनुहुन्छ भने,
- तपाईको विगत र वर्तमान चोटहरु निको भएको छ भने,
- तपाईको खाँचोहरु पूरा भएको छ भने,
- खीष्टले झै सोच्ने, महशुस गर्ने, छनौट र व्यवहार गर्ने व्यक्तिको रुपमा परिवर्तन हुनुभएको छ भने,

**के तपाई त्यसलाई प्रशस्त जीवनको रुपमा लिनुहुन्छ ?**

म विश्वास गर्दछु कि तपाईले पनि मैले झै यसलाई प्रशस्तताको जीवन भन्नुहुन्छ होला र तपाईले यो पनि विचार गर्नुहोस् :

**यदि खीष्ट नै तपाईको जीवन हुनुहुन्छ र उहाँको जीवन चाहिँ प्रशस्त छ भने, अब प्रशस्त जीवन भएको खीष्ट तपाई भित्र जिउनुभएको कारणले तपाईले छुटकारा, विजय, चंगाई, परिवर्तन र घनिष्टताको**

**प्रश्न** : यदि आज तपाईलाई कसैले के तपाईले प्रशस्तताको जीवन जिइरहनु भएको छ भनेर सोधेमा तपाईले के जवाफ दिनुहुन्छ ?

**हामी परमेश्वररको निम्ति होइन तर उहाँबाट जिउँछौं ।**

हामीले भर्खरै सिकेका छौ कि सबै कुरा परमेश्वरले आफ्नो जीवन हामीमा जिउनु हुन्छ भन्ने बारेमा छ । आफूमा भर पर्ने खीष्टियान जीवन जिउनेले खीष्टियान जीवन चाहिँ परमेश्वरको लागि जिउने जीवन हो भनी विश्वास गर्छन् । मैले भन्न खोजेको कुरा चाहिँ यो हो कि परमेश्वरको लागि मैले सुसमाचार प्रचार गर्नु, चेला बनाउनु इत्यदि आवश्यक छ भनी मलाई सिकाइएको थियो । के तपाईलाई पनि यसरी नै सिकाउनु भएको छ ? सत्य यो कि तपाई सत्य भन्दा विपरित हुनुहुन्छ । परमेश्वरले तपाई आफैले त्यो जीवन जिओस् भनी आपेक्षा गर्नुहुन्न जुन जीवन केवल खीष्टले मात्र जिउन सक्नुहुन्छ । अर्को शब्दमा भन्नुपर्दा, तपाईले परमेश्वरको लागि केही गरिदिनुपर्छ भन्ने होइन । सत्य यो हो कि फिलिप्पी १ : ६ अनुसार उहाँ प्रबन्धकर्ता र उत्पादक हुनुभएको कारणले परमेश्वरलाई हामीले केही कुरा दिनु खाँचो छैन वा हामीबाट उहाँले केही चाहनुहुन्न ।

"किनकी म यो कुरामा विश्वस्त छु कि उहाँले जसले तिमीहरुमा असल काम शुरु गर्नुभयो, उहाँले नै येशू खीष्टको दिन सम्ममा यसलाई पूरा गर्नुहुन्छ ।"

परमेश्वर हाम्रो प्रबन्धकर्ता र उत्पादक हुनुभएको कारणले हामी उहाँबाट नै जिउनुपर्छ तर उहाँको निम्ति होइन । हामी यसलाई यसरी संक्षेपमा भनौं :

**झूठ :**
हामी परमेश्वरको निम्ति जिउनुपर्छ किनकी हामीले उहाँको निम्ति केही गर्नुपर्छ ।

**सत्य :**
हामी उहाँबाट जिउनुपर्छ किनभने उहाँ नै हाम्रो स्रोत हुनुहुन्छ जहाँ देखि नै जीवन जिउनुपर्छ ।

**प्रश्न** : के तपाई परमेश्वरको निम्ति तपाईले केही गरिदिनुपर्छ भनी विश्वास गर्नुहुन्छ ? परमेश्वरलाई स्रोतको रुपमा लिएर उहाँबाट नै जिउनु पर्छ भन्नुको अर्थ के होला जस्तो लाग्छ ? यदि तपाईले परमेश्वरको निम्ति होइन तर परमेश्वरबाट जिउनुपर्छ भन्ने कुरालाई विश्वास गर्नुभयो भने यसले तपाईको खीष्टियान जीवन जियाईलाई कसरी परिवर्तन गर्छ होला ?

______________________________

______________________________

______________________________

______________________________

## परमेश्वर तपाईमा जिउनु हुँदा खेरीको अन्तिम परिणाम

परमेश्वर हामीमा वा हामीभित्र जिउनुहुँदा खेरीको अन्तिम परिणाम वा उपलब्धीलाई बुझ्नको लागि हामीले एफिसी १ : ५ मा भएको मानिसको निम्ति परमेश्वरले बनाउनुभएको योजनालाई बुझ्नुपर्दछ ।

“उहाँको कहिल्यै परिवर्तन नहुने योजना चाहिँ हामीलाई येशू खीष्टद्वार उहाँ आफै कहाँ ल्याएर उहाँको परिवारमा राख्नु हो । र यसले उहाँलाई अति प्रसन्न तुल्याउँछ ।”

परमेश्वरको अपरिवर्तनीय योजना चाहिँ तपाईलाई उहाँसँगको व्यक्तिगत र घनिष्ट सम्बन्धको अनुभव गरोस् भनेर उहाँकहाँ खिच्नु हो ।

हेर्नुहोस्, कि तपाईलाई परमेश्वरसँग सम्बन्ध राख्नलाई बनाउनुभएको हो । तपाईले विश्वास गरोस् वा नगरोस् कि परमेश्वरले तपाईसँग व्यक्तिगत र घनिष्ट सम्बन्ध राख्न चाहनुहुन्छ । यसैकारणले उहाँले आफैलाई हामीसँग छुट्याउन नसक्ने गरी एक पार्नुभएको छ । सत्य यो हो कि परमेश्वरलाई तपाईसँग सम्बन्ध गाँस्नु आवश्यक छैन । तापनि उहाँ तपाईसँग सम्बन्ध गाँस्न चाहनुहुन्छ । परमेश्वरले

उहाँको शर्तरहित प्रेमको कारणले तपाईसँग गहिरो सम्बन्ध गाँस्न चाहनुहुन्छ । हामी यो कुरा एफिसी १ : ४ मा देख्छौं :

"लामो समय अगाडि नै, संसारको उत्पत्ति गर्नु भन्दा अगाडि नै परमेश्वरले हामीलाई प्रेम गर्नुभयो र खीष्टमा छान्नुभयो...।"

यो पद अनुसार सत्य यो हो कि परमेश्वरले तपाईलाई अनन्तको लागि प्रेम गर्नुभयो यस बारेमा सोच्नुहोस् कि : परमेश्वरले तपाई जन्मियोस भनेर पर्खिरहनु भएको थियो ताकि उहाँले आफ्नो प्रेम तपाई माथि खन्याउन सकोस् । तपाईले यो वैज्ञानिक तथ्यको बारेमा सोचेको म चाहन्छु । गर्भधारण गर्ने बेलामा पचास करोड सम्भाव्य आनुवंशिकहरुको मेल हुन्छन्, त्यति धेरै मध्येबाट परमेश्वरले तपाईलाई जन्मनको लागि छनौट गर्नुभयो । परमेश्वरले उहाँका प्रतिज्ञाहरु पूरा गर्नको लागि तपाईमा उहाँको जीवन मात्र हालिदिनु भएन तर उहाँले तपाईमा उहाँको प्रेम खन्याउन र तपाईसँग सम्बन्ध गाँस्ने इच्छा भएको कारणले तपाईमा उहाँको जीवन हालिदिनु भयो ।

**मनन गर्नु** : एफिसी १ : ५ र १ : ४ माथि मनन गर्नुहोस् । परमेश्वरले तपाईलाई उहाँसँग सम्बन्ध गास्नको लागि तपाईलाई सिर्जना गर्नुभएको सत्यतालाई मनन गर्नुहोस् । परमेश्वरले उहाँको प्रेम तपाईमा खन्याउन सकौं भनी तपाईलाई जन्मिनको लागि छान्नुभएको र जन्मिनको लागि पर्खनुभएको तथ्य बारे सोच्नुहोस् ।

**परमेश्वरसँग वातचीत** : यदि तपाईको परमेश्वरसँगको सम्बन्धमा केही हदसम्म गाह्रो भइरहेको छ भने, तपाईमा उहाँको विशाल र अनन्तको प्रेम पक्क गराउनुहोस् ।

## मैले यी सत्यहरु पहिलो पटक सुनेदेखि ममा के भएको छ ?

मैले १९९८, अक्टोवर ४ मा खीष्ट नै जीवन हुनुहुन्छ भन्ने सत्यता सुने देखि खीष्टलाई आफ्नो जीवन म भित्र जिउनलाई अनुमति दिँदै नयाँ यात्रा शुरु गरे । त्यसको परिणाम स्वरुप परमेश्वरले मेरो सोच्ने तरिका, भावना र व्यवहारहरु बदल्ने काम शुरु गर्न थाल्नुभयो । खीष्ट ममा जिउनु हुन्छ भन्ने कुरामा भरोसा गरेर मैले ममा भएको अपर्याप्तपन, डर, रीस र अयोग्यपनको किल्लाबाट छुटकारा पाए । उहाँले मेरो जीवन परिवर्तन गर्नुभएको कारणले मैले मेरो राम्रो व्यापारलाई छोडेर तपाई जस्तै सफल खीष्टियान जीवनको चाहना गर्ने खीष्टियानहरुलाई यिनै सत्यहरु बाँड्नलाई सेवकाईमा लागे । तपाईको लागि मेरो प्रार्थना यही नै छ कि खीष्टले आफ्नो जीवन तपाईमा जिउने भन्ने बारेमा अझै प्रकाश पाउनलाई पवित्र आत्मासँग वातचीत गर्नुभएको होस् ।

## आफूमा निर्भर खीष्टियान जीवन र परमेश्वरमा निर्भर खीष्टियान जीवनको पूर्णअवलोकन

आफूमा निर्भर खीष्टियान जीवन र परमेश्वरमा निर्भर खीष्टियान जीवनको भिन्नता पूर्णअवलोकन गर्नको लागि अर्को पाना हेर्नुहोला । यस अध्ययनको बाँकी भागहरुमा पनि हामी यस पृष्ठका कुराहरुलाई प्रयोग गर्नेछौं ।

## पाठ एकको बुँदागत सरांश

- खीष्ट आफै नै खीष्टियान जीवन हुनुहुन्छ । यूहन्ना १४ : ६
- खीष्ट नै जीवन हुनुहुन्छ भन्नुको अर्थ चाहिँ परमेश्वर नै जीवन जिउने स्रोत हुनुहुन्छ । प्रेरित १७ : २८
- आदम र हव्वा पतन नभएसम्म उनीहरुको जीवन जियाईको स्रोत परमेश्वर हुनुहुन्थ्यो । १ कोरिन्थी १ : ३०
- आदम र हव्वाले परमेश्वरको आज्ञा भङ्ग गर्ने पापपूर्ण स्वतन्त्र निर्णय गरे र आत्मिक रुपमा मरे । रोमी ५ : १२ क
- आदम र हव्वा परमेश्वर उनीहरुको जीवन र स्रोत हुने कुरादेखि अलग भएका थिए, त्यही नै कुरा वशांनुगत रुपमा मानव जातिले धारणा गरेका छन् । रोमी ५ : १२ क
- परमेश्वरले हाम्रा पापलाई मात्रै क्षमा गर्नुभएन तर फेरि एक पटक मानिसको जीवन जियाईको स्रोत बन्नको लागि उहाँले आफ्नो जीवन मानिसमा हालिदिनुभयो । एफिसी १ :७, १ यूहन्ना ५ : १२
- हामीमा भएको परमेश्वरको जीवन र शक्तिले हाम्रो जीवनलाई परिवर्तन गराउँदछ । २ कोरिन्थी ३ : १८
- यस परिवर्तन गर्ने कार्य प्रक्रियामा परमेश्वरको भूमिका चाहिँ परिवर्तन सिर्जना गर्नु र प्रभाव पार्नु हो । फिलिप्पी १ : ६
- तपाईको परिवर्तनको अन्तिम परिणाम चाहिँ परमेश्वरसँग तपाईको व्यक्तिगत, घनिष्ट सम्बन्ध हुनु हो । एफिसी १ : ५ ।

## आपूमा निर्भर खीष्टियान जीवन र परमेश्वरमा निर्भर खीष्टियान जीवन बीचको फरक

| आफूमा निर्भर खीष्टियान जीवन (आफै स्रोत बनेर जिउने) | परमेश्वरमा निर्भर खीष्टियान जीवन (खीष्टलाई स्रोतको रुपमा मानेर जिउने) |
|---|---|
| **स्वतन्त्र जीवन** | **निर्भर जीवन** |
| परमेश्वरमा निर्भर नभईकन खीष्टियान जीवन जिउने प्रयास गर्दछ । | खीष्टियान जीवन जिउनको लागि प्रत्येक क्षण परमेश्वरलाई स्रोतको रुपमा मानेर उहाँमा भर परेर जिउँछ । यूहन्ना १५ : ५ |
| **प्रर्दशन गर्ने काम गर्ने खीष्टियान जीवन**<br>यो प्रकारको खीष्टियान जीवन चाहिँ नियमहरु पछ्याउने वा पूरा गर्ने जीवन हो । | **खीष्ट नै खीष्टियान जीवन हो ।**<br>खीष्ट स्वंयम नै खीष्टियान जीवन हो यूहन्ना १४ : ६, फिलिप्पी १ : २१ |
| **तपाई आफै नै खीष्टियान जीवन जिउने स्रोत हो ।**<br>खीष्टियान जीवन जिउने कुरा परमेश्वरको सहायताद्धार आफ्नै बल र क्षमता भरपर्छ । | **खीष्टियान जीवन जिउने स्रोत परमेश्वर हुनुहुन्छ ।**<br>तपाईले खीष्टियान जीवन परमेश्वरको जीवन र शक्तिलाई स्रोत मानेर जिउनुहुन्छ । यूहन्ना १४ : ६, प्रेरित १७ : २८ |
| **परमेश्वरको लागि जिउँछ**<br>आफ्नै शक्तिद्धार परमेश्वरलाई प्रसन्न तुल्याउन र परमेश्वरबाट केही प्राप्त गर्ने प्रयास गर्छ (प्रेम, स्वीकार इत्यदि) | **परमेश्वरबाट जिउँछ**<br>खीष्टले आफ्नो जीवन तपाईमा र तपाईद्धार जिओस् भनी खीष्टमा भरोसा गर्दछ । |
| परमेश्वरको सहायताद्धार स्व-परिवर्तन<br>परमेश्वरको सहायताद्धार र आफ्नै प्रयासद्धार विजय, छुटकारा, चंगाई र परिवर्तन पैदा गर्ने प्रयास गर्दछ । | परमेश्वरले गर्नुभएको परिवर्तन<br>विजय, छुटकारा, चंगाई र परिवर्तनको लागि परमेश्वरलाई स्रोत मानेर उहाँ भर गर्छ । |
| परमेश्वरको सहायताको साथ आफैमा विश्वास राख्छ<br>खीष्टियान जीवन जिउनको लागि परमेश्वरको साथ आफ्नो बुद्धि, क्षमता, स्व-अनुशासन र ईच्छा शत्तिःमा विश्वास राख्छ । | परमेश्वरमा विश्वास<br>खीष्टको रुपमा बद्लिनको लागि उहाँको जीवन र शक्ति आफूमा र आफूद्धार बग्ने छ भनी केवल परमेश्वरमा मात्रै विश्वास राख्दछ । |
| परिणाम :<br>अझ धेरै शारीरिकपन, पाप, निराशा, हार, चोट, भ्रम खीष्टियान जीवन देखि झनै टाढा वा कडा परिश्रमको बाबजुत पनि कुनै परिवर्तन नहुने, निरन्तर आफैमा भर पर्ने खीष्टियान जीवन, निरन्तर अशान्ति र द्वन्द्ध अझ धेरै शर्म र खराब स्थिति । | परिणाम :<br>छुटकारा, विजय, चंगाई - गलाती ५ : १, १ कोरिन्थीी १५ : ५७, भजनसंग्रह १४७ : ३ परमेश्वरमा पूर्ण निर्भरता यूहन्ना १५ : ५ उहाँसँग अझ गहिरो घनिष्टता - फिलिप्पी ३ : ८<br>खीष्टमा रुपमा बद्लिदै २ कोरिन्थी ३ : १८, रोमी ८ : २९,<br>प्रशस्तताको जीवन -यूहन्ना १० : १० |

# पाठ - दुई

## परमेश्वरले उहाँको जीवन तपाईमा जिउनको लागि उहाँले के गर्नुपर्ला र तपाईले के गर्नुपर्ला ?

*पहिलो दिन*

## पाठ दुईको सर्वेक्षण

- परमेश्वरले उहाँको जीवन हामीमा जिउनको लागि उहाँको भूमिका
- परमेश्वरले उहाँको जीवन तपाईमा जिउनको लागि तपाईको भूमिका
- कसरी येशूले आफ्नो पितासँग सम्बन्ध राखेर जिउनुभयो भन्ने बारे बुझाई
- निर्भर हुने कुरामा हामीलाई किन गाह्रो हुन्छ ।
- किन हामी परमेश्वरमा निर्भर नरहीकन जिउन सक्दैनौं
- विश्वास शब्दको चारवाट अर्थहरु
- विश्वासको दुईवटा उदेश्यहरु
- विश्वास गर्न हामीलाई किन गाह्रो हुन्छ

## परिचय

तपाईले पाठ एकमा खीष्ट नै जीवन हुनुहुन्छ र उहाँले आफ्नो जीवन तपाईमा जिउन चाहनुहुन्छ भन्ने सत्यताको बारेमा स्पष्ट रुपमा बुझ्नुभएको छ भनी म आशा गर्दछु । हामी यस पाठमा खीष्टले आफ्नो जीवन तपाईमा जिउनको लागि परमेश्वरले के गर्नुपर्छ र तपाईले के गर्नुपर्छ भन्ने बारेमा हेर्नेछौ ।

## परमेश्वरले आफ्नो जीवन तपाईमा जिउनको लागि उहाँले के गर्नुपर्छ ?

यो भाग चाहिँ यस अध्ययनको महत्वपूर्ण भाग हो किनभने धेरै खीष्टियानहरुले परमेश्वरले उहाँको जीवन तिनीहरुमा जिउनको लागि उनीहरुले के गर्नुपर्छ र परमेश्वरले के गर्नुपर्छ भन्ने बारेमा जानेका हुँदैनन् ।

परमेश्वर चाहिँ तपाईको जीवनमा उहाँका प्रतिज्ञाहरु पूरा गराउने, उत्पन्न गराउने र प्रभाव पार्ने हुनुहुन्छ ।

“म यस कुरामा निश्चित छु कि उहाँ जसले तिमीहरुमा असल काम शुरु गर्नुभयो....” फिलिप्पी १ : ६ क ।

पावलले यस पदको पहिलो भागमा के भनिरहेको छ ? उसले यसो भन्दैछ कि परमेश्वर जसले असल काम शुरु गर्नुभएको छ, उहाँले त्यो पूरा गर्न चाहनुहुन्छ । उहाँले यो काम उद्धार पाएकै दिनमा शुरुवात वा आरम्भ गर्नुभएको छ । पिताले यो काम आफ्नो पुत्रलाई मानव जातिको पापको निम्ति बलिदान हुनालाई पठाईकन पूरा गर्नुभयो । तैपनि, उहाँले मुक्ति मात्र नभएर अरु पनि धेरै गर्ने वा दिने प्रतिज्ञा गर्नुहुन्छ ।

"...उहाँ जसले तिमीहरुमा असल काम शुरुवात गर्नुभएको छ, त्यो उहाँले येशू ख्रीष्टको दिनसम्ममा पूरा गर्नुहुनेछ।" फिलिप्पी १ : ६ ख

हामीले फिलिप्पी १ : ६ पद दोस्रो भागमा यो देख्छौं कि परमेश्वरले काम शुरु मात्रै गर्नुभएको छैन तर उहाँले मुक्तिमा शुरु गर्नुभएको कामलाई पूरा पनि गर्नुहुनेछ। यो पदले हामीलाई त्यही कुरा देखाउँदछ।

**तपाईको जीवनलाई साँचो रुपमा बदल्नलाई काम शुरु गर्ने, पैदा गराउने र प्रभाव पार्ने परमेश्वर नै हुनुहुन्छ।**

हामीले हाम्रो जीवन परिवर्तनको लागि काम गर्न शुरु गर्ने, उत्पन्न गराउने र प्रभाव पार्ने हामी नै हौं भन्नु गलत हो। अर्को शब्दमा भन्नुपर्दा यदि हाम्रो जीवनमा कुनै परिवर्तन गर्नुछ वा ल्याउँनुछ भने, ( परमेश्वरको सहायताको साथमा) यो तपाई आफैमा भर पर्छ भन्नु चाहिँ गलत विश्वास हो। यस्तो प्रकारको गलत विश्वासको कारणले धेरै विश्वासीहरुले ख्रीष्टियान जीवन जिउनको लागि कि त कडा परिश्रम गर्ने प्रयास गरिरहेका हुन्छन् कि त त्यागी सकेका हुन्छन्।

तर सत्यता यो कि तपाईको जीवनमा उहाँको प्रतिज्ञाहरुलाई पूरा गराउन सक्ने, उत्पन्न गराउन सक्ने, प्रभाव पार्न सक्ने केवल परमेश्वर मात्र हुनुहुन्छ। अर्को तरिकाले भन्दा, तपाईको लागि प्रतिज्ञा गरिएका कुरा पूरा गर्ने वा उत्पन्न गराउने चाहिँ परमेश्वर हुनुहुन्छ।

तपाईको जीवनमा परमेश्वरले के कुराहरु उत्पन्न गर्न चाहनुहुन्छ त ? उहाँ चाहनुहुन्छ कि :

- तपाईले आफैले विजय प्राप्त गर्न नसकेका पापका किल्लाहरुबाट छुटकारा पाओस्। गलाती ५ : १
- तपाईको विगत र वर्तमानका चोटहरु निको पार्न चाहनुहुन्छ। भजनसंग्रह १४७ : ३
- तपाईको खाँचोहरु पूरा गर्न चाहनुहुन्छ। फिलिप्पी ४ : १९
- पाप संसार, शरीर र शैतानमाथि तपाईविजयी भएको चाहनुहुन्छ। १ कोरिन्थाी १५ : ५७
- तपाईको जीवन ख्रीष्टको रुपमा बद्लेको चाहनुहुन्छ। २ कोरिन्थी ३ : १८
- तपाईलाई उहाँसँगको घनिष्ट सम्बन्धमा खिच्न चाहनुहुन्छ। एफिसी १ : ५

यो रेखा चित्रले हाम्रो जीवन चाहिँ परमेश्वरलाई हामीभित्र स्रोत र प्रभावको रुपमा राखेर उहाँका नयाँ मन, विजय र छुटकाराका प्रतिज्ञाहरुलाई पूरा वा पैदा गराउँदै भित्रदेखि बाहिरा सम्म परिवर्तन हुने जीवन जिउनुपर्छ भन्ने कुरालाई देखाउँछ।

## भित्रबाट बाहिरा जिउनु




**प्रश्न** : माथि उल्लेखित कुन-कुन कुराहरु तपाई बढी मात्रामा अनुभव गर्न चाहनुहुन्छ ?

**परमेश्वरसँग वातचीत** : ती कुराहरु पूरा गर्न थाल्नुहोस् भनी परमेश्वरसँग भन्नुहोस् ।

अर्को एउटा कुरा म के पनि बाँड्न चाहन्छु भने, धेरै विश्वासीहरुले यस्तो प्रश्न सोधेको मैले सुनेको छु कि "के परमेश्वरले साँच्चै मेरो जीवन बदल्न चाहनुहुन्छ र ?" फेरि एक पटक फिलिप्पी १ : ६ लाई हेर्नुहोस् किनकी यो पदले स्पष्टसँग यो बताउँदछ कि तपाईले मुक्ति पाएको बेलामा परमेश्वरले तपाईमा काम शुरु गर्नुभएको छ र उहाँ निरन्तर रुपमा तपाईको जीवन परिवर्तन गर्न चाहनुहुन्छ ।

"मलाई यो दृढ विश्वास छ, जसले तिमीहरुमा एउटा असल काम शुरु गर्नुभयो, उहाँले नै येशू खीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ ।" फिलिप्पी १ : ६

मैले धेरै खीष्टियानहरुको जीवनमा यो कुरा भेटाएको छु, कि उनीहरुको जीवन परमेश्वरले परिवर्तन गर्न नचाहेको होइन तर उनीहरुले आफ्नो जीवन परिवर्तन गर्न परमेश्वरलाई अनुमति दिन नचाहेका हुन् ।

**प्रश्न** : के तपाईको जीवन परिवर्तन गर्ने कुरा तपाईमा नै भर पर्छ भनी विश्वास गर्नुभएको छ ? तपाईको जीवन परिवर्तन गर्ने कारक वा प्रभाव पार्ने व्यक्ति येशू नै हुनुहुन्छ भन्ने कुरामा विश्वास गरेमा यसले तपाईको खीष्टियान जीवन जियाईलाई कसरी परिवर्तन गर्ला ?

**मनन** : फिलिप्पी १ : ६ माथि मनन गर्नुहोस् । तपाईभित्र हुनुभएको परमेश्वरले तपाईलाई पूर्ण रुपमा परिवर्तन गर्ने निश्चय गर्नुभएको कुरालाई सोच्नुहोस् ।

**परमेश्वरसँग वातचीत** : परमेश्वरले तपाईलाई परिवर्तन गर्न सक्नुहुन्छ वा चाहनुहुन्छ भन्ने कुरामा विश्वास गर्न गाह्रो भइरहेको छ भने, उहाँ सक्षम र इच्छुक हुनुहुन्छ भन्ने कुरा विश्वास दिलाई दिनुहोस् भनी उहाँसँग भन्नुहोस् ।

> परमेश्वरले नै तपाईको जीवनमा काम नगर्नुभएसम्म साथ-साथै उहाँले नै परिवर्तन नल्याएसम्म तपाईको जीवनमा कहिल्यै ठूलो परिवर्तन आउन सक्दैन ।

**दाखको बोट - हाँगाको सम्बन्धले तपाईको भूमिका वा तपाईले गर्नुपर्ने कामलाई प्रकट गराउँदछ**



यद्यपि तपाईको जीवनमा परिवर्तन निम्त्याउने र प्रभाव पार्ने परमेश्वर हुनुभए तापनि उहाँले आफ्नो जीवन तपाईमा जिउनको लागि तपाईले ठूलो भूमिका निर्वाह गर्नुपर्छ । तपाईले गर्नुपर्ने भूमिकालाई राम्रोसँग बुझ्नको लागि यूहन्न १५ : ५ लाई हेरौं ।

"दाखको बोट म हुँ, तिमीहरु चाहिँ हाँगाहरु हौं, यदि कोही ममा रह्यो भने र म त्यसमा रहें भने, उसले धेरै फल फलाउँछ..."
यूहन्ना १५ : ५ क

येशूले भन्दै हुनुहुन्छ कि जसरी एउटा प्राकृतिक रुखको हाँगा जीवित हुनाको लागि ती हाँगाहरु पूर्ण रुपमा बोटमा भरपर्नु पर्छ अर्थात् बोटमा रहनुपर्छ, त्यसरी नै तपाई एक आत्मिक हाँगा पनि जीवनको निम्ति पूर्ण रुपमा आत्मिक दाखको बोट अर्थात् परमेश्वरमा पूर्ण रुपमा भर पर्नुपर्छ, अर्थात् बोटमा भन्ने शब्दको अर्थ "भर पर्नु हो ।"

।

यति खेरा यो महत्वपूर्ण सत्य बुझ्नु महत्वपूर्ण छ ।

> **महत्वपूर्ण सत्य :**
>
> **परमेश्वरले मानिसलाई उहाँमा भर पर्नुपर्ने प्रकारले बनाउनुभयो । आदिमा नै तपाईलाई उहाँमा भर पर्ने तरिकाले रचना गर्नुभएको थियो ।**

मुख्य शब्द चाहिँ "रचना" हो । याद होस् कि हामीले हाम्रो पहिलो पाठमा नै परमेश्वरले शुरु देखि नै आदम र हव्वाका खाँचोहरु पूरा हुनाको लागि उनीहरु परमेश्वरमा पूर्ण रुपमा भर पर्नु पर्ने प्रकारले रचना गर्नुभएको थियो भनेर सिकेका थियौं । परमेश्वरको योजना परिवर्तन भएको छैन । तपाईलाई पनि पूर्ण रुपमा परमेश्वरमा भर पर्नु पर्ने प्रकारले बनाउनुभयो । यदि परमेश्वर हाम्रो स्रोत हुनुहुन्छ भने के हाम्रो काम चाहिँ उहाँलाई हाम्रो स्रोतको रुपमा मानिलिनु होइन र ? त्यसैकारणले येशूले दाखको बोट र हाँगाको सिद्ध उदाहरण दिनुभयो ।

यसैकारणले खीष्टलाई उहाँको जीवन तपाईमा जिउन दिनको लागि परमेश्वरले तपाईको लागि बनाउनुभएको तरिका चाहिँ यो, हो कि :

परमेश्वरलाई तपाईको स्रोतको रुपमा लिएर पूर्ण रुपमा उहाँमा भर पर्ने जीवन जिउनु हो ।

**थप नोट :** यूहन्ना १५ : ५ मा भएको "फलाउनु" भन्ने शब्दको अर्थ "उत्पादन वा पैदा" गर्नु भन्ने होइन । फलाउनु भन्ने शब्दको अर्थ "लैजानु" हो । मुख्य कुरा चाहिँ यो हो कि हाँगा आफैले फल उत्पादन गर्दैन । फल उत्पादन गर्ने स्रोत चाहिँ बोट हो र हाँगा चाहिँ फल प्रकट गराउने कारक वा तत्व हो ।

**मुख्य बुँदा :**

**जसै तपाई परमेश्वरलाई तपाईको स्रोत मानेर उहाँमा पूर्ण रुपमा भर पर्ने विचार वा प्रवृतिका साथ हिँड्नु हुन्छ, उहाँले छुटकारा, विजय इत्यदि प्रतिज्ञाहरु तपाईमा उत्पादन गर्नुहुन्छ । उहाँले तपाईलाई खीष्टको रुपमा परिवर्तन गराएर तपाईको आत्मिक गन्तव्यलाई पूरा गर्नुहुनेछ ।**

**प्रश्न** : के अहिलेसम्ममा तपाईले नै फल उत्पादन गर्नुपर्छ भनी विश्वास गर्नुभएको छ ?

यदि तपाईले तपाईको भाग वा काम चाहिँ "भर पर्नु" र परमेश्वरको भाग वा काम चाहिँ तपाईमा फल "उत्पादन" गर्नु हो भनी विश्वास गर्नुभयो भने यसले तपाईको खीष्टियान हिँडाई प्रतिको विचारलाई कसरी परिवर्तन गर्ला ? उहाँमा भर पर्ने कुरा चाहिँ हाम्रो सँस्कृतिले हामीलाई सिकाउने वा भन्ने कुरा भन्दा कतिको फरक छ :

**मनन गर्नु** : मलाई थाहा छ कि यूहन्ना १५ : ५ सबैको लागि परिचित पद हो र खीष्टियानहरुले यहाँ येशूको भनाईको अनन्त गहिराइलाई महशुस नगरीकन यसलाई पार गरेर अगाडि बढ्छन् । यसैकारण यस पदमा समय लगाएर बिस्तारै सावधानीसाथ मनन गर्नुहोस् ।

परमेश्वरसँग वातचीत : बोट र हाँगाको सम्बन्ध तपाईको परमेश्वरमा निर्भर रहने कुरासँग सम्बन्धित भएको कारणले यसले पार्ने अनन्त प्रभावको बारेमा आत्मिक गहिराईमा बुझ्नको लागि परमेश्वरसँग सहायता माग्नुहोस् ।

# *दोस्रो दिन*

## निर्भरताको बारेमा राम्रोसँग बुझ्नको लागि, हामी येशूको जीवन जियाई हेरौं ।

निर्भरता भन्ने कुरा कस्तो होला भन्ने बारेमा तपाई अचम्म मान्दै होला । निर्भरताको बारेमा पूर्ण रुपमा बुझ्नको लागि येशूले पृथ्वीमा कसरी जीवन जिउनुभयो भन्ने बारेमा हेरौं । हामीले सर्वप्रथम येशू परमेश्वर भएर पनि मानिस बनेर र ईश्वरत्वको सबै वैभवलाई त्यागेर आउनुभएको कुरा बुझ्नुपर्दछ । हामी यो कुरा फिलिप्पी २ : ६ र ७ मा देख्छौं ।

"उहाँ (येशू) परमेश्वरसँग बराबरी भएर पनि, त्यो ओहोदाको फाइदाहरुको कुनै वास्ता नराखी त्यसलाई पक्रिराख्नु भएन । समय आएपछि ईश्वरको रुपमा रहने कुरालाई छोडेर कमराको रुप धारणा गरेर मानिस बन्नुभयो ।" एन.टी.एल (कोष्ठको थप)

यसको अर्थ येशू पृथ्वीमा रहँदा उहाँ ईश्वर हुनुहुन्थ्यो भन्ने होइन । यसको अर्थ चाहिँ पृथ्वीमा मानिसको रुपमा जिउनको लागि उहाँले पितासँग बराबरी हुने त्यो अधिकारलाई पन्छाई राख्नुभयो ।

त्यसो भए येशूको पितासँग कस्तो सम्बन्ध थियो त ?

येशूको पितासँगको सम्बन्धलाई वर्णन गर्ने तीनवटा पदहरु हेरौं ।

“यसैकारण येशूले जवाफ दिएर भन्नुभयो, “साँचो-साँचो म तिमीहरुलाई म भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नुभएको देख्छ, त्यही मात्र गर्छ किनकी पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ ।” यूहन्ना ५ : १९

“म आफैले केही गर्न सक्दिन । जस्तो म सुन्छु, त्यस्तै म न्याय गर्छु र मेरो न्याय ठीक ठर्हछ, किनकी म आफ्नै ईच्छा खोज्दिन, तर मलाई पठाउनुहुनेको इच्छा खोज्छु ।” यूहन्ना ५ : ३०

यसकारण येशूले भन्नुभयो “जब तिमीहरुले मानिसको पुत्रलाई उचाल्नेछौ, तब तिमीहरुले म उही हुँ भनी थाहा पाउनेछौ, म आफ्नो अधिकारले केही गर्दिन, तर पिताले सिकाउनु भए अनुसार नै म यी कुराहरु बोल्दछु ।” यूहन्ना ८ : २८

तीनवटै पदमा भएको मिल्दो जुल्दो कुरा यो हो कि, पिताबाट अलग भएर उहाँ आफैले केही पनि गर्न सक्दैन भनेर येशूले भन्नुभयो । अर्को शब्दमा भन्नुपर्दा, येशू पृथ्वीमा रहँदा प्रत्येक क्षण पितालाई स्रोतको रुपमा भर परेर जिउनुहुन्थ्यो । येशूले पितालाई स्रोतको रुपमा मानेर जिउनुहुन्थ्यो भन्नुको अर्थ के हो ?

यसको अर्थ चाहिँ येशूले आफ्नै जीवन र शक्तिद्धार काम गरिरहनु भएको थिएन र उहाँको पिताको जीवन र शक्तिद्धार काम गरिरहनु भएको थियो ।

के यसको मतलब येशूले संसारमा जति पनि कामहरु गर्नुभयो त्यसको स्रोत येशू होइन पिता हुनुहुन्छ भन्नु हो त ? हामी यसको जवाफ यूहन्ना १४ : १० मा पाउँछौं, उहाँले भन्नुभयो :

“म पितामा र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौं ? जुन वाणी म तिमीहरुलाई भन्दछु, त्यो मेरो आफ्नै वाणी होइन तर ममा वास गर्नुहुने मेरा पिताले आफ्नो काम मद्धार गर्नुहुन्छ



के यसको मतलब येशूले संसारमा जति पनि कामहरु गर्नुभयो त्यसको स्रोत येशू होइन पिता हुनुहुन्छ भन्नु हो त ? हामी यसको जवाफ यूहन्ना १४ : १० मा पाउँछौं, उहाँले भन्नुभयो :

“म पितामा र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ ? जुन वाणी म तिमीहरुलाई भन्दछु, त्यो मेरो आफ्नै वाणी होइन तर ममा वास गर्नुहुने मेरा पिताले आफ्नो काम मद्धार गर्नुहुन्छ ।”

।” यो पदले हामीलाई के भनिरहेको छ भने, पिताको जीवन र शक्ति येशूद्धार भएर लङ्गडाहरुलाई हिड्ने बनाउनुभएको, अन्धाहरुको आँखा खोलिदिनुभएको र मरेको लाजरसलाई जीवित पार्नुभएको थियो ।

अर्को शब्दमा भन्नुपर्दा येशूले पितामा निर्भर जीवन जिउनुभयो, जसको नतिजा स्वरुप पिताले खीष्टद्धार आश्चर्यकर्म उत्पन्न गर्नुभयो । येशू र पिताको सम्बन्ध चाहिँ दाखको बोट र हाँगाको सिद्ध उदाहरण हो ।

यदि येशूको पिता माथिको निर्भरताद्धार पिताको जीवन र शक्ति येशूद्धार बगेर आश्चर्यकर्महरु भए भनेदेखि यदि तपाई पनि उहाँमा निर्भर भएर हिँड्नुहुन्छ भने त्यही जीवन र शक्तिले तपाईको जीवनमा के गर्ला ? यसले तलको प्रश्न निम्त्याउँछ :

यदि येशू, मानिसको रुपमा पितालाई आफ्नो स्रोत मानेर पूर्ण भर परेर जिउनुभयो र त्यसको परिणाम स्वरुप पिताले उहाँको जीवन येशूमा र येशूद्धार जिउनुभयो भने, अब तपाईले आफ्नो जीवन कुन प्रकारले जिउनुपर्छ ?

**मुख्य बुँदा** : येशू हाम्रो पापको निम्ति मर्न मात्र आउनुभएन । उहाँ हामीलाई कसरी जिउनुपर्छ भनी देखाउनलाई पनि आउनुभयो ।

**प्रश्न** : हामीले पाठ एकमा छलफल गरेका परमेश्वरले दिनुभएको विजयको, छुटकाराको, चंगाईको र परिवर्तनको प्रतिज्ञाहरुलाई हेर्दै यदि तपाई उहाँमा भर परेर जिउनुभयो भने, तपाईको जीवनमा कुन प्रतिज्ञाहरु परमेश्वरले उत्पन्न गर्नुहुन्छ होला ?

**मनन गर्नु** : यूहन्नाको पदहरुलाई मनन गर्नुहोस् र यो प्रश्नको बारेमा सोच्नुहोस् "यदि येशू जो हाम्रो नमूना हुनुहुन्छ, उहाँले पिताको जीवन र शक्तिमा पूर्णरुपमा भर परेर जिउनुभयो भने, परमेश्वरले हामीलाई चाहिँ कसरी जिओस् भनी आपेक्षा गर्नुहुन्छ ।"

**परमेश्वरसँग वातचीत :** तपाईले अहिलेसम्म येशू र पिताको सम्बन्ध र यसलाई परमेश्वरसँगको तपाईको सम्बन्धमा कसरी लागु गर्ने भन्ने बारेमा नबुझ्नुभएको हुनसक्छ । यसैकारण येशूको पितासँगको सम्बन्ध, तपाईको दैनिक जीवनमा कसरी लागु हुन्छ भनी परमेश्वरसँग प्रकाश माग्नुहोस् ।

## परमेश्वरमा भर पर्न हामीलाई किन गाह्रो हुन्छ ?

मैले खीष्टलाई आफ्नो जीवन ममा जिउन अनुमति दिने नयाँ यात्रा शुरु गर्दा उहाँमा पूर्ण रुपमा भर पर्न मलाई गाह्रो भयो । धेरै खीष्टियानहरुको बीचमा सेवकाई गर्दा मैले थाहा पाए कि हामी सबैलाई परमेश्वरमा भर परेर जिउन गाह्रो हुँदोरहेछ । किन? परमेश्वरमा भर पर्न गाह्रो हुनुको धेरै कारणहरु मध्ये तीनवटा कारणहरु बताउन चाहन्छु, जो प्राय सबैको जीवनमा हुन्छन् ।

## १. संसारले भन्छ कि तपाई स्वतन्त्र हुनुपर्छ ।

उहाँमा निर्भर हुन गाह्रो हुनुको एउटा कारण चाहिँ हामी यस्तो संसारमा जिउँछौं, जसले भन्छ "स्वतन्त्र होओ, आफैमा पर्याप्त होओ र आफैमा भर पर ।" स्वतन्त्र होओ भन्ने सन्देशले हाम्रा दिमाग धुलाई दिएको र जलमय बनाईदिएको छ, जसको कारणले परमेश्वरमा भर पर्न हामीलाई गाह्रो हुन्छ ।

## २. संसारले भर पर्नु चाहिँ कमजोर हुनु हो भन्ने सन्देश पनि दिन्छ ।



संसारले “स्वतन्त्र” नारा मात्र लगाउँदैनन् तर यसो पनि भनिरहेको छ कि निर्भर हुनु भनेको चाहिँ आफूलाई कमजोर देखाउनु हो । त्यसैले कोही पनि ( विशेष गरी पुरुषहरु) कमजोर देखिन चाहदैनन् त्यसैले उनीहरु आफैमा भर परी “बलियो” हुन वा देखिन चाहन्छन् । (एफ.वाई. आई : निर्भरता=कमजोर चाहिँ गलत वा झुठो विश्वास हो ।)

## ३. मानिसमा एउटा यस्तो भाग छ जसले परमेश्वरमा भर पर्ने कुरालाई विरोध गर्छ : त्यो हो शरीर ।

हामीले उद्धार नपाउँदा सम्म हामी परमेश्वरमा निर्भर नभईकन जिइरहेका थियौं । यसैकारण जब हामीले खीष्टियान जीवन चाहिँ निर्भरताको जीवन हो भनी सिक्छौं तब हामी भित्र केही यस्तो कुरा छ जसलाई हामी “शरीर” भन्छौं (रोमी ७ : १८ लाई हेर्नुहोस्) यसले परमेश्वरमा निर्भर रहेर जिउनको लागि विरोध गर्छ । साधारण अर्थमा शरीर भनेको हामी भित्र भएको यस्तो प्रवृति वा विचार हो जसले भन्छ, “जीवन जिउनको लागि मलाई परमेश्वरको खाँचो छैन, किनकी म आफै जिउन सक्छु ।”

> परमेश्वरमा निर्भर नभईकन जीवन जिउनुको मुख्य कारण चाहिँ शरीर अनुसार जिउनाले हो ।

हामी चौथौ पाठमा शरीरको बारेमा अझै धेरै कुराकानाी गर्नेछौं तर यो कुरा थाहा गर्नु महत्वपूर्ण छ कि हामीमा यस्तो एउटा भाग छ जसले परमेश्वरमा भर पर्न दिदैंन ।

**सत्य यो हो कि मानिसलाई परमेश्वरमा निर्भर नभईकन जिउने प्रकारले बनाएको होइन ।**

हामी फेरि यूहन्ना १५ : ५ मा जाओ र यस पदको अन्तिमतिर येशूले भन्नुभएको कुरालाई हेरौं :

**"…..मबाट अलग रहेर तिमीहरुले केही पनि गर्न सक्दैन ।"**

तपाईलाई म यो प्रश्न सोध्छु । "जब हाँगा बोटबाट अलग हुन्छ तब के हुन्छ ? यो सुक्न थाल्छ किनकी अब उप्रान्त त्यो बोटमा छैन र बोटबाट जीवन प्राप्त गरिरहेको हुँदैन । यदि तपाई आत्मिक हाँगा भएको नाताले ख्रीष्ट जो आत्मिक बोट हनुहुन्छ, उहाँमा भर नपरी जिउनुहुन्छ भने तपाईले के आपेक्षा गर्नसक्नुहुन्छ ? येशूले "मबाट अलग रहेर तिमीहरुले केही पनि गर्न सक्दैन" भनेर के भन्न खोज्नुभएको हो । यूहन्नाको १५ : ५ को यो भागले धेरै ख्रीष्टियानहरुको जीवनमा समस्या सिर्जना गर्छ । किन ? किनकी परमेश्वरबाट अलग रहेर पनि मानिसहरुले धेरै कामहरु गर्न सक्छन् । हामीले पहिलो पाठमा छलफल गरे झैं मानिसले काम गर्न, खेल खेल्न, आर्थिक कुराको विवरणहरु राख्न सक्छन् ।

यो अवस्थामा, येशूको भनाईको अर्थ के हो ?

**येशूको भनाईको अर्थ चाहिँ उहाँबाट अलग रहेर तपाईले परमेश्वरले तपाईलाई प्रतिज्ञा गर्नुभएको "जीवन" उत्पादन गर्न सक्दैन भन्नु हो ।**

**परमेश्वरमा निर्भर नरहँदा यी कुराहरु हुँदैन :**

- पापमाथि शक्ति हुँदैन ।
- तपाईलाई दास बनाएर राख्ने पापमय ढाँचाहरु बाट स्वतन्त्र हुँदैन ।
- तपाईको शरीर माथि विजय हुँदैन ।
- तपाईको विगत र वर्तमान चोटहरुमा चंगाई प्राप्त गर्नुहुन्न ।
- तपाईको जीवन परिवर्तन हुँदैन ।
- परमेश्वरसँग घनिष्ट सम्बन्ध हुँदैन ।

यदि तपाई परमेश्वरमा निर्भर भएर जिउन चाहनुहुन्छ भने तपाईले यी सूचीहरु बिस्तारै दोहोऱ्याएर पढ्न सक्नुहुन्छ र यसको परिणामहरु तपाईको हृदयमा पस्न दिन सक्नुहुन्छ ।

मनन गर्नुहोस् : यूहन्ना १५ : ५ ख लाई मनन गर्नुहोस् र विचार गर्नुहोस् कि यस पदलाई कसरी तपाईले आफ्नो जीवनमा सामना गरिरहनुभएको सम्बन्धको समस्या, पापको समस्या माथि विजय प्राप्त गर्न र जीवन परिवर्तनको लागि लागु गर्न सक्नुहुन्छ ।

परमेश्वरसँग वातचीत : तपाई कुनै पनि क्षेत्रमा (पेशा, विवाह, परिवार इत्यदि) परमेश्वरमा निर्भर नभईकन जिइरहनु भएको छ भने ती कुराहरु देखाई दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

उहाँको जीवन र शक्तिबाट अलग रहेर उहाँबाटको स्वतन्त्र, विजय, चंगाई र परिवर्तन अनुभव गर्न सक्दैन भन्ने कुरा विश्वास दिलाउनुहोस् भनी उहाँसँग भन्नुहोस् ।

**मुख्य बुँदाहरु**

**हामी आफ्नै बल, शक्ति, क्षमता र इच्छाद्धार जिउँदा खेरीको समस्या यो हो कि हामीले केवल परमेश्वरद्धार मात्र उत्पादन गर्न सक्ने ख्रीष्टियान जीवन उत्पादन वा पैदा गर्न सक्दैनौं ।**

## *तेस्रो दिन*

**परमेश्वरमा निर्भरता= परमेश्वरमा विश्वास**

"**विश्वास** विना परमेश्वरलाई भरोसा गर्न सक्दैन ।" हिब्रु ११ : ६

म परमेश्वर माथिको निर्भरतालाई परमेश्वरमा विश्वास राख्दै चल्नु वा हिँड्नु समान ठान्छु । यदि तपाई खीष्टियान हुनुभएको केही समय हुनुभएको छ भने तपाईलाई थाहा छ कि हाम्रो खीष्टियान हिँडाई विश्वासमा आधारित छ ।

तापनि, विश्वासको बारेमा कति मानिसहरुको गलत बुझाई र कतिको गलत विश्वास रहेको पनि मैले पत्ता लगाएको छ ।

मैले यसो भन्नुको कारण के हो भने, किनभने उनीहरुले जुन प्रकारले विश्वास गरेका छन्, त्यसले स्वतन्त्रता, विजय, चंगाई वा परिवर्तन ल्याएको छैन । यसैकारण जसै तपाई यस पाठलाई अध्ययन गर्दै जानुहुन्छ, तपाईले आफ्नो विश्वासको बारेमा नजिकबाट केलाउनुहोस् तपाईको विश्वासमा केही गलत पो छ भने प्रभुलाई देखाउनुहोस् भनी भन्नुहोस् । तपाईले आफैलाई सोध्नु पर्ने पहिलो प्रश्न यहाँ छ :

## के मेरो विश्वासको हिँडाईले मेरो जीवनलाई



मैले किन निर्भरता= विश्वास भनेर भनेको हुँ त ? म तपाईलाई एउटा उदाहरण दिन चाहन्छु । जब तपाईको दाँतमा समस्या हुन्छ, तपाईलाई दाँतको डाक्टरको खाँचो पर्छ । तपाईको दाँतको समस्या समाधान गर्नको लागि तपाई उक्त दाँतको डाक्टर माथि पूर्ण रुपमा भर पर्नुहुन्छ । अर्को शब्दमा भन्नुपर्दा तपाई आफैले गर्न नसक्ने काम डाक्टरले गर्न सक्छ भनी तपाईले डाक्टरको क्षमता माथि विश्वास गर्नुहुन्छ । परमेश्वरको सम्बन्धमा पनि त्यस्तै हो । साधारण अर्थमा विश्वास भनेको परमेश्वरले तपाईको जीवनमा प्रतिज्ञा गर्नुभएको कुराहरु (जुन तपाईले गर्न सक्नुहुन्न) पूरा हुनको लागि परमेश्वरमा भर पर्नु हो ।

खीष्टलाई ऊ भित्र जिउँन दिनको लागि पावलले निर्वाह गर्नु पर्ने भूमिकाको बारेमा गलाती २ : २० मा हेरौं ।

“म खीष्टसँगै क्रुसमा टाँगिसके, अब उप्रान्त जिउने म होइन, खीष्ट ममा जिउनुहुन्छ, जुन जीवन अब म शरीरमा जिउँछु त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जिउँछु जसले मलाई प्रेम गर्नुभयो र आफूलाई मेरो निम्ति अर्पण गर्नुभयो ।” गलाती २ : २०

पावल भन्छ कि विश्वासद्धार खीष्टलाई ऊ भित्र जिउन अनुमति दिनु चाहिँ उसको काम हो । पावल यसो भनिरहेको छ कि खीष्टले मात्र गर्न सक्ने काम गर्नको लागि ऊ खीष्टमा पूर्ण रुपमा भर पर्नु पर्छ । धेरै खीष्टियानहरुले मलाई यस्तो प्रश्न सोधे, "मैले खीष्टियान जीवन कसरी जिउने ?" यो चाहिँ गलत प्रश्न हो । सत्य यो हो कि खीष्ट नै त्यो व्यक्ति हुनुहुन्छ जो तपाईमा आफ्नो जीवन जिउनुहुन्छ, प्रश्न यस्तो हुनुपर्ने हो :

**खीष्टलाई उहाँको जीवन ममा जिउनलाई मैले कसरी अनुमति दिने**

जवाफ यो हो कि खीष्टमा भर परेर वा खीष्टमा विश्वास राखेर हो । हामी यस पाठको अन्तिमतिर किन धेरै खीष्टियानहरुको गलत विश्वासको कारण उनीहरुको जीवन परिवर्तन भएको छैन भन्ने बारेमा हेर्नेछौं ।

**विश्वासको हिँडाईद्धार खीष्टले आफ्नो जीवन तपाईभित्र जिईकन तपाईलाई प्रतिज्ञा गरिएको प्रशस्तताको जीवन उत्पन्न वा पैदा गराउनुहुन्छ । खीष्टियानहरुको लागि विश्वास भनेको "कसरी"**

**विश्वासद्धार हिँड्नाले पवित्र आत्मालाई तपाईमा यी कुराहरु उत्पन्न गराउन अनुमति दिन्छ :**

- तपाईलाई पराजित गराउने पापमय ढाँचाबाट स्वतन्त्र गराउन ।
- शरीरमाथि, पापको शक्तिमाथि, शैतान र भुतआत्मामाथि विजय दिन ।
- तपाईको भुत वा वर्तमान चोटहरुमा चंगाई दिन ।
- खीष्टको रुपमा बदल्न ।
- परमेश्वरसँग घनिष्ट बनाउन ।

## विश्वासलाई परिभाषित गर्ने चारवटा तरिकाहरु

विश्वासको बारेमा गहिरो रुपमा बुझ्नको लागि, म तपाईलाई चारवटा व्यवहारिक परिभाषा दिन चाहन्छु जसले मलाई यतिका वर्षसम्म सहायता गरे । यी कुराहरुले तपाईको जीवनमा पनि म त्यही नै काम गर्नेछ भनी म आशा गर्दछु ।

### १. विश्वास एक निश्चयता र विश्वस्ता वा भरोस हो ।

"अब विश्वास आशा राखिएको कुराको निश्चयता र नदेखेको कुराको दृढ भरोसा हो ।" हिब्रु ११ : १

हिब्रु ११ : १ मा प्रयोग गरिएको "निश्चयता" शब्दको अर्को अर्थहरु चाहिँ मनको दृढता, संकल्प, निर्धक्कता र स्थिर भरोसा हो । "विश्वस्त" ले पक्का वा निश्चित भन्ने जनाउँदछ । यी सबै शब्दहरुलाई छोडेर हामी अर्को एउटा विश्वासको परिभाषालाई हेरौं :

**विश्वास**

**परमेश्वरले उहाँ जो हुँ भन्नुहुन्छ, त्यस्तै हुनुहुन्छ र उहाँले प्रतिज्ञा गर्नुभएका कुराहरु उहाँले पूरा गर्नुहुन्छ भनी निश्चित, विश्वस्त र**

**प्रयोग** : यस परिभाषालाई हामीले हाम्रो जीवनमा यसरी प्रयोग गर्न सक्छौं, "मैले मेरो मुक्तिलाई गुमाउने छैन भन्ने कुरामा म विश्वास्त छु किनकी परमेश्वरले उहाँ जो हुँ भन्नुहुन्छ त्यही नै हुनुहुन्छ र यूहन्ना ६ : ३७-४० अनुसार मैले मेरो मीक्त गुमाउन सक्ने छैन भनी प्रतिज्ञा गर्नुभएको छ ।

**प्रश्न** : परमेश्वरले उहाँ जो हुँ भन्नुहुन्छ, त्यही नै हुनुहुन्छ र उहाँले तपाईको जीवनमा गर्न चाहनुभएको कुराहरु उहाँले पूरा गर्न सक्नुहुन्छ भन्ने कुरामा परमेश्वरमा तपाई कतिको विश्वस्त र निर्धक्क हुनुहुन्छ ?

**मनन गर्नु** : हिब्रु ११ : १ लाई मनन गर्नुहोस् र तपाईको ती क्षेत्रहरुको बारेमा सोच्नुहोस् जुन क्षेत्रहरुमा परमेश्वरले काम गरिरहनु भएका छ भनी तपाई पूर्णरुपमा विश्वस्त हुनुहुन्न र निश्चित हुनुहुन्न ।

**परमेश्वरसँग वातचीत** : ती क्षेत्रहरुमा , परमेश्वर उहाँ जो हुँ भन्नुहुन्छ त्यही हुनुहुन्छ र उहाँले प्रतिज्ञा गर्नुभएका कुराहरु उहाँले पूरा गर्नुहुन्छ भनी निर्धक्कता, विश्वस्त दिलाई दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

२. विश्वास भनेको पत्यार गर्नु र आपेक्षा राख्नु हो ।

**विश्वास**

**(मत्ती हेनरीको टिप्पणीमा परिभाषित गरे भन्नै)**

**"ख्रीष्टमा हामीलाई प्रतिज्ञा गर्नुभएका सबै कुराहरु परमेश्वरले पूरा गर्नुहुनेछ भनी दृढ रुपमा पत्याउनु र आपेक्षा गर्नु हो ।"**

यो पत्यार र आपेक्षा भन्ने शब्दहरु भएको कारणले मलाई यो परिभाषा मन पर्छ । सबै भन्दा पहिला नै हामी किन परमेश्वर कहाँ जान्छौं वा आउँछौं ? हामी परमेश्वरको चरणमा यसैकारण जान्छौं वा आउँछौं किनकी हामी केही हदसम्म भएपनि परमेश्वरले उहाँ जो हुँ भन्नुहुन्छ, उहाँ त्यही नै हुनुहुन्छ र उहाँले जे गर्छु भनेर प्रतिज्ञा गर्नुभएको छ, त्यो पूरा गर्नुहुनेछ भनी विश्वास गर्छौं । अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरले उहाँका प्रतिज्ञाहरु हामीमा पूरा गर्नुहुनेछ भनी केही मात्रमा भएपनि विश्वस्त भएका हुन्छौं ।

तापनि, हाम्रो अविश्वासको कारणले परमेश्वरले हाम्रो बाँकी जीवन भरी नै हामीलाई विश्वास दिलाई राख्नु खाँचो छ । हाम्रो जीवन बदलाउको लागि "ईश्वरीय विश्वस्त" पनि एक आवश्यक भाग हो । पावलले रोमी ४ : २१ मा परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुराहरु पूरा गर्नु सक्नुहुन्छ भनी परमेश्वरको क्षमता र शक्तिमा अब्राहाम विश्वस्त भएको थियो भन्ने बारेमा बताउँछ ।

"प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले पूरा गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो ।"

**प्रयोग** : यो परिभाषालाई यसरी लागु गर्न सकिन्छ, "जसै म परमेश्वरमा भर परेर हिँड्छु, म विश्वस्त छु कि उहाँले मलाई प्रेम गर्नुहुन्छ र उहाँले मेरो जीवन परिवर्तन गर्नुहुन्छ ।"

**प्रश्न** : परमेश्वरले तपाईको जविन परिवर्तन गर्न चाहनुहुन्छ भन्ने कुरामा र उहाँको क्षमतामाथि तपाई कतिको विश्वस्तको हुनुहुन्छ ?

**मनन गर्नु** : रोमी २ : २१ र फिलिप्पी १ : २० माथि मनन गर्नुहोस् । यो प्रश्नको बारेमा सोच्नुहोस् । "तपाईको जीवनको कुन क्षेत्रमा परमेश्वरको प्रेम, चरित्र र उहाँका प्रतिज्ञाहरुको सम्बन्धमा अझ तपाईलाई निश्चयताको खाँचो छ ?

**परमेश्वरसँग वातचीत** : ती क्षेत्रहरु जहाँ निर तपाईलाई निश्चयताको खाँचो छ, त्यसमा निश्चयता दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

## ३. विश्वास भनेको "मैले सक्दिन" तर "परमेश्वरले सक्नुहुन्छ" भनी विश्वास गर्नु हो ।

**मैले सक्दिन** : "....म बाट अलग रहेर तिमीहरुले केही पनि गर्न सक्दैनौ ।" यूहन्ना १५ :५ ख

परमेश्वरले सक्नुहुन्छ : "उहाँ जसले तिमीहरुमा असल काम शुरु गर्नुभएको छ, उहाँले खीष्टको दिनसम्ममा त्यो पूरा गर्नुहुनेछ ।" फिलिप्पी १ : ६

पहिला शुरुमा हामीले “मैले गर्न सक्दिन” भनी मानिलिनु पर्छ किनकी सत्य यो हो कि परमेश्वरले मात्र हाम्रो जीवनमा उहाँको परिवर्तनको प्रतिज्ञाहरुलाई पूरा वा उत्पन्न गर्न सक्नुहुन्छ । परमेश्वरले गर्न सक्नुहुन्छ भन्ने सत्यलाई देखाउने अर्को पद चाहिँ भजनसंग्रह ३७ : ५

“आफ्ना मार्गहरु परमप्रभुलाई सुम्प, उहाँमा भरोसा राख, र उहाँले त्यो पूरा गर्नुहुनेछ ।” (आफूलाई जोड)

**विश्वास**

**विश्वास भनेको चाहिँ तपाई आफैले त्यो काम गर्न सक्नुहुन्न, जुन काम केवल परमेश्वरले मात्र गर्नसक्नुहुन्छ भनी महशुस गर्नु र परमेश्वरले मात्र गर्नसक्नुहुन्छ भनी विश्वास गर्नु हो ।**

परमेश्वरले आफ्नो वचनमा हामीलाई दोहोऱ्याई- दोहोऱ्याई उहाँले सक्नुहुन्छ र उहाँले शुरु गर्नुभएको काम पूरा पनि गर्नुहुन्छ भनेर भन्नुभएको छ ।

**प्रयोग :** हामीले यस परिभाषालाई यसरी लागु गर्न सकिन्छ “मैले आफैले आफैलाई डरबाट मुक्त पार्न सक्दिन तर जसै म विश्वासद्धार हिँड्छु, परमेश्वरले मुक्त पार्न सक्नुहुन्छ र पार्नुहुनेछ ।”

**प्रश्न** : कुनै तीनवटा कामहरु के-के हुन् जुन तपाई आफैले गर्न सक्नुहुन्न भनी तपाईलाई थाहा छ तर परमेश्वरले गर्छु भनी प्रतिज्ञा गर्नुभएको छ ?

**मनन गर्नु** : यूहन्ना १५ : ५ ख र फिलिप्पी १ : ६ लाई मनन गर्नुहोस् र विचार गर्नुहोस् कि तपाईले ख्रीष्टियान जीवन जिउने सम्बन्धमा कुन चाहिँ त्यस्तो काम गर्ने प्रयास गरिरहनु भएको छ, जुन तपाईले सक्नुहुन्न ।

**परमेश्वरसँग वातचीत** : तपाई आफैले गर्न नसक्ने कामहरु परमेश्वरले गर्नुहुन्छ भनी विश्वास गर्न थाल्नुहोस् ।

## ४. विश्वास भनेको परमेश्वरसँग सहकार्य गर्नु हो

“म आफैले केही गर्न सक्दिन । जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु र मेरो न्याय ठीक ठर्हछ । किनकी म आफ्नो इच्छा खोज्दिन तर मलाई पठाउनु हुनेको इच्छा खोज्छु ।” यूहन्ना ५ : ३०

विश्वासको अर्थ चाहिँ तपाईले परमेश्वरसँग सहकार्य गर्ने निर्णय गर्नु हो । यसको अर्थ अब उप्रान्त तपाईले परमेश्वरको कामको विरोध नगर्नु वा परमेश्वरले मात्र गर्न सक्ने काम तपाई आफैले गर्ने

प्रयास नगर्नु हो । सहकार्य चाहिँ विश्वासको प्रवृति हो । जसले यसरी भन्दछ, “प्रभु तपाईले आफ्नो जीवन ममा जिउनुभईकन तपाईको इच्छा अनुसार मेरो जीवन परिवर्तन गर्नुहुन्छ भनी म भरोसा गर्दछ ।”

**विश्वास**

**तपाईको जीवनलाई उहाँको इच्छा अनुसार परिवर्तन गर्न दिनको लागि परमेश्वरसँग सहकार्य गर्न ईच्छुक हुनु हो ।**

**प्रयोग :** मानौ तपाईमा आफैलाई अयोग्य ठान्ने समस्या छ । यो अवस्थामा हामीले परमेश्वरसँग यस प्रकारले सहकार्य गर्न सक्छौं, “प्रभु, मलाई मेरो अयोग्यपनबाट छुटकारा दिनको लागि तपाईले गर्नुहुने कामलाई विरोध नगर्न र तपाईसँग सहकार्य गर्ने ईच्छा दिनुहोस् ।”

**प्रश्न** : तपाईको जीवनको कुन क्षेत्रमा सम्भवत तपाईले परमेश्वरसँग सहकार्य नगरेको र परमेश्वरको कामलाई विरोध गरिरहेको हुनसक्छ ?

________________________________________

________________________________________

________________________________________

**मनन गर्नु** : यूहन्ना ५ : ३० माथि मनन गर्नुहोस् र आफैलाई यो प्रश्न सोध्नुहोस् “परमेश्वरले मलाई छुटकाराको, विजयको र खाँचोमा जुटाउने प्रतिज्ञा गर्नुभएको भए तापनि मैले मेरो जीवनको यी क्षेत्रहरुमा किन परमेश्वरको कामलाई विरोध गरिरहेको छ ?”

**परमेश्वरसँग वातचीत** : परमेश्वरको कामलाई विरोध गर्ने

अर्थात् आफ्नो जिद्धिपनलाई त्याग्ने ईच्छा दिनुहोस् भनी प्रार्थना गर्नुहोस् ।

यो रेखा चित्रले विश्वासको चारवटा परिभाषालाई संक्षेपीकरण गर्दछ ।




**प्रश्नहरु** : विश्वासको परिभाषाहरु मध्ये तपाईलाई कुन चाहिँ परिभाषा व्यवहारिक लाग्छ ? किन ?

________________________________________

________________________________________

________________________________________

________________________________________

मनन गर्नु : विश्वासका चारवटा परिभाषाहरुमाथि मनन गर्नुहोस् र यसको सम्बन्धमा गहिरो प्रकाश र विश्वासद्धार हिँड्ने इच्छा दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

## चौथो दिन

**विश्वासको सम्बन्धमा तीनवटा महत्वपूर्ण सत्यताहरु**

विश्वासको सम्बन्धमा यस अध्ययन अन्तिम गर्नु भन्दा अगाडि विश्वासको सम्बन्धमा थप तीनवटा महत्वपूर्ण सत्यताहरुलाई हेरौं ।

## १.के विश्वास उत्पन्न गर्ने काम तपाईको हो वा तपाईमा भर पर्छ त ?

यो चाहिँ महत्वपूर्ण प्रश्न हो किनभने धेरै खीष्टियानहरुले खीष्टियान जीवन जिउनको लागि आवश्यक पर्ने विश्वास पैदा वा उत्पन्न गर्ने कुरा उनीहरुमा नै भर पर्छ भनी विश्वास गर्छन् । यूहन्ना १९: ३० मा येशूले क्रुसमा हुँदा खेरी बोल्नुभएका अन्तिम शब्दहरुलाई हेरेर यो प्रश्नको जवाफलाई हेरौं ।

### "अब सिद्धियो"



हामी खीष्टियानहरुको लागि येशूले क्रुसमा बोल्नुभएको शब्दहरु अनन्तको महत्व छ । अब सिद्धियो भन्नुको एउटा अर्थ चाहिँ खीष्टले एकै पटकमा सदाको लागि हाम्रो पापको लागि मूल्य चुकाई सक्नुभयो भन्नु हो । अर्को अर्थ पनि छ जो चाहिँ हाम्रो खीष्टियान हिँडाईसँग सम्बन्धित छ । तपाईलाई म एउटा प्रश्न सोध्न चाहन्छु, "सिद्धि सकेको अथवा पूरा भएको काममा तपाईले के थप्नु हुन्छ ?

अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरले उहाँले पूरा गरिसक्नुभएको काममा हामीले केही पनि थप्नको लागि मात्र गर्नुभएको छेन । तपाईले परमेश्वरको निम्ति केही गरिदिनु खाँचो छैन । तपाईले गर्नुपर्ने काम चाहिँ कलस्सी २ : ६ ले भने जस्तै गरी केवल ग्रहण गर्नु मात्रै हो ।

"यसैकारण जसरी खीष्टलाई तिमीहरुले ग्रहण गऱ्यो, त्यसरी नै उहाँमा हिँड्डुल गर ।"

विश्वासको सम्बन्धमा यो कसरी लागु हुन्छ ? हामी पाठ १ मा अध्ययन गरेको कलस्सी २ : ९, १० लाई हेरौं ।

"किनकी खीष्टमा ईश्वरत्वको सारा पूर्णता शरीरमा वास गर्दछ र तिमीहरुलाई खीष्टमा परिपूर्ण रुपमा दिइएको छ, जो समस्त शासन र अधिकारको शिर हुनुहुन्छ ।"

यो चाहिँ कलस्सी २ : ९, १० मा आधारित महत्वपूर्ण सत्यता हो :

**यदि तपाईहरुलाई खीष्टमा पूर्णरुपमा दिएको छ भने, यसको अर्थ चाहिँ तपाईसँग खीष्टको पूरै विश्वास पनि हुनु हो ।**

यो पदलाई फिलिप्पी ४ : १९ पदसँग जोडी बनाओ ।

“मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्ति अनुसार तिमीहरुको हरेक खाँचो खीष्ट येशूमा पूरा गरिदिनुहुनेछ । (आफूलाई जोड)

परमेश्वर तपाईलाई विश्वास प्रदान गर्ने स्रोत हुनुभएको कारणले विश्वास उत्पन्न वा पैदा गराउने तपाई होइन । खीष्ट तपाईमा र तपाई खीष्टमा हुनुभएको कारणले तपाईलाई आवश्यक पर्ने विश्वास तपाईमा छ । कलस्सी २ : ६ अनुसार तपाईको काम चाहिँ केवल विश्वासलाई ग्रह्ण गर्नु हो, जो अघिबाटै तपाईकै हो ।

**शुभ खबर !**

**तपाईले विश्वास उत्पन्न गरोस् भनी परमेश्वरले आपेक्षा गर्नुहुन्न, उहाँले प्रबन्ध गर्नुभएको विश्वासलाई तपाईले ग्रहण गरोस् भन्ने उहाँले आपेक्षा गर्नुहुन्छ ।**

**प्रश्न** : के खीष्टियान जीवन जिउनको लागि आवश्यक पर्ने विश्वास उत्पन्न गर्ने काम तपाईको हो भनी विश्वास गर्नुहुन्छ ? तपाईलाई आवश्यक विश्वास तपाई आफैले उत्पादन वा पैदा गर्ने प्रयास गर्नुभन्दा साधारण रुपमा खीष्टमा अघिबाटै उपलब्ध विश्वास, जो अघिबाटै तपाईकै हो, त्यसलाई ग्रहण गर्नु कति सजिलो हुन्थ्यो होला ?

## २. येशूले “अल्पविश्वास” भनेर भन्नुको अर्थ के हो ?



उहाँले जवाफ दिनुभयो, “हे अल्पविश्वासी हो, तिमीहरु किन डराउँछौ ? तब उठेर उहाँले बतास र समुद्रलाई हकार्नुभयो र आँधी बिल्कुल शान्त भयो । मत्ती ८ : २६

चेलाहरुले विश्वासलाई पूर्ण रुपमा अभ्यास नगरेको कारणले येशूले यस पदमा “अल्पविश्वासी” भनेर भन्नुभएको थियो । किन ? यति खेरसम्म चेलाहरुले खीष्टको विश्वासको पूर्णता प्राप्त गरेको थिएन

किनभने पेन्तिकोसको दिन नआउञ्जेलसम्म तिनीहरुले त्रिएक परमेश्वर मध्येको पवित्र आत्मालाई प्राप्त गरेका थिएनन् ।

अर्कोतिर, तपाईले खीष्टको जीवनको पूर्णता प्राप्त गर्नुभएको छ र जसको फलस्वरुप तपाईमा उहाँको सारा विश्वास पनि आएको छ । प्रश्न यो हो कि “तपाईले आफूभित्र भएको विश्वासलाई अधिकतम रुपमा चलाउनुहुन्छ वा तपाई पनि चेलाहरु झैं “अल्पविश्वासी” बन्ने त ?

**प्रश्न चाहिँ तपाईसँग कति विश्वास छ भन्ने होइन तर प्रश्न चाहिँ यो हो कि “तपाईले खीष्टमा प्राप्त गर्नुभएको विश्वासको**

**?”**

__प्रश्न__ : तपाईलाई आवश्यक पर्ने सारा विश्वास खीष्टमा तपाईले प्राप्त गरिसक्नु भएको छ भन्ने थाहा पाए पछि यसले तपाईको विश्वासको बारेको अवधारणालाई वा हेराईलाई कसरी परिवर्तन गर्ला ?

___

___

___

__परमेश्वरसँग वातचीत__ : तपाईलाई चाहिने सारा विश्वास तपाईले प्राप्त गरि सक्नुभएको छ र अब तपाईको काम चाहिँ तपाईले अघिबाटै प्राप्त गर्नुभएको विश्वासलाई अभ्यास मात्रै गर्नु हो भन्ने बारेमा गहिरो रुपमा बुझ्नको लागि प्रभुसँग प्रार्थना गर्नुहोस् ।

## ३. परमेश्वरले तपाईको जीवनमा आफ्नो काम गर्नको लागि तपाईकै विश्वास चाहिन्छ भन्ने होइन ।

हाम्रो परमेश्वर स्वर्गमा विराजमान हुनुहुन्छ, उहाँले जे चाहनुहुन्छ, त्यही गर्नुहुन्छ ।” भजनसंग्रह ११५ : ३

तपाईले आफ्नो विश्वासलाई अभ्यास गरे मात्र परमेश्वरले तपाईको जीवनमा काम गर्ने होइन । परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ र उहाँले तपाई विश्वासद्धार हिँडे पनि वा नहिँडे पनि उहाँले तपाईको जीवनमा गर्न चाहनुभएको काम गर्नु नै हुन्छ । हामी विश्वास साथ नहिँड्दा यसले परमेश्वरलाई हाम्रो जीवनमा काम गर्न देखि रोक्दैन । (म यसलाई अनुग्रह भन्छु ।” तैपनि मैले मेरो अघिल्लो तीस वर्षको खीष्टियान जीवनमा भन्दा पछि विश्वाससाथ हिँडदा परमेश्वरले मेरो जीवनलाई तीव्र रुपमा परिवर्तन ा :

**जसै तपाई विश्वासद्धार जिउनुहुन्छ, तपाईको जीवनमा परमेश्वरको परिवर्तन कार्य प्रक्रिया तीव्र हुनेछ ।**

**विश्वास राख्नलाई पनि सधैं केही वस्तु वा चीज हुनुपर्छ ।**



यस्ता धेरै चीजहरु हुनसक्छन् जसमा हामीले विश्वास राख्न सक्छौ । तपाईले आफ्नो कार चलाउँदा, तपाईले कारको ब्रेकमा विश्वास राख्नुहुन्छ वा तपाईले आफूले दिनहुँ निर्माण गरिरहनु भएको भवन माथि विश्वास राख्नु हुन्छ वा तपाईले आफू बस्ने कुर्सीमा विश्वास राख्नुहुन्छ । मुख्य कुरा चाहिँ विश्वास होइन ।

मुख्य कुरा चाहिँ तपाईले विश्वास राख्ने वस्तु वा चीज हो । तपाई एक खीष्टियान भएको नाताले तपाईले विश्वास राख्ने चीज वा वस्तु येशू हुनुपर्दछ । हामी यो कुरा तलका पदहरुमा पाउँछौं :

"हामी यो काम हाम्रा आँखाहरु येशूतिर लगाएर गर्छौं, जसमा हाम्रो विश्वास शुरु देखि अन्तसम्म निर्भर हुन्छ ।" हिब्रु १२ : २ (एन.एल.टी)

"उहाँको नाउँमाथि विश्वास राखेर, जुन नाउँ चाहिँ येशू हो..।" प्रेरित ३ : १६

**समस्या यो हो कि विश्वासको अर्को कुरा पनि छ ।**

म जान्दछु कि यदि तपाई खीष्टियान जीवन जिउँदै हुनुहुन्छ भने, तपाईलाई थाहा छ कि हाम्रो विश्वास येशू खीष्टमाथि हुनुपर्छ । धेरै वर्ष देखि (१०, २०, ३०+वर्ष) खीष्टियान भएका ती मानिसहरुको बीचमा सेवा गर्दा विश्वास राख्ने अरु वस्तुहरु पनि रहेछ भन्ने कुरा मैले व्यक्तिगत रुपमा अनुभव गरेको छु र देखेको छु । त्यो वस्तु चाहिँ उनीहरुको आफ्नै घमण्ड, क्षमता र इच्छाशक्ति हो । यो भनाईलाई विचार गर्नुहोस् :

> **यदि तपाई परमेश्वरको सहायताको साथ खीष्टियान जीवन जिउने कुरा ममा नै निर्भर हुन्छ भनी विश्वास गर्नुहुन्छ भने, तपाईको विश्वासको केन्द्र वा वस्तु चाहिँ तपाईको घमण्ड, क्षमता र इच्छाशक्ति हुन सक्छ न ?**

तपाईलाई म एउटा उदाहरण दिन चाहन्छु, यदि तपाई परमेश्वरको सहायताको साथ खीष्टियान जीवन जिउने काम म आफै माथि भर पर्छ भनी विश्वास गर्नुहुन्छ, भने, तपाईले विजयको, छुटकाराको र

परिवर्तनको प्रतिज्ञाहरुलाई लिएर आफ्नै क्षमता र इच्छाशक्तिद्धार ती प्रतिज्ञाहरुलाई तपाईको वास्तविक जीवनमा पूरा हुनको लागि तपाईले प्रयास गर्नुहुन्छ ।



त्यसो गर्दा वास्तवमा तपाईले आफैमा विश्वास राखिरहेको हुन्छ र उहाँका प्रतिज्ञाहरु वास्तविक बनाउनको लागि तपाईले परमेश्वरलाई तपाई आफै स्रोत बन्नको लागि सहायता गर्नुहोस् भनी भनिरहेको हुन्छ ।

तापनि, के हामीले जानेको कुरा नै सत्य हो ? हामीले पहिलो पाठबाट यो कुरा जानेका छौं कि १ कोरिन्थी १ : ३० अनुसार हाम्रो जीवन जियाईको स्रोत परमेश्वर हुनुहुन्छ र उहाँले हामी आफैलाई स्रोत बन्नको लागि सहायता गर्नुहुनेछैन । यति खेरा, म तपाईलाई व्यक्तिगत रुपमा यो प्रश्न सोध्न चाहन्छु :

**यदि तपाईले आफ्नै शक्ति र इच्छा शक्तिद्धार खीष्टियान जीवन जिउने प्रयास गरिरहनुभएको छ, भने के तपाईले साँचो परिवर्तन अनुभव गर्दै हुनुहुन्छ त ?**

आज धेरै खीष्टियानहरुलाई पनि मलाई झै परमेश्वरको सत्यतालाई हाम्रो जीवनमा “लागु” गर्नैपर्छ भनी सिकाइएका छन् । सुन्दाखेरी यो बडो आत्मिक सुनिन्छ तर त्यसको अर्थ चाहिँ मैले परमेश्वरको सत्य वचनलाई मेरो आफ्नो क्षमता, स्व-अनुशासन, इच्छाशक्तिलाई प्रयोग गरेर मेरो जीवनमा पूरा गराउने प्रयास गर्नु हो । यसो गर्दा खेरीको समस्या यो हो कि म असफल हुन्छु किनकी म आफै त्यसो गर्न असक्षम छु ।

सत्य यो हो कि हामीले परमेश्वरलाई उहाँको वचन हाम्रो जीवनमा पूरा हुना दिनको लागि हामी पूर्ण रुपमा परमेश्वरमा भर पर्नुपर्छ ।

तलको प्रश्नहरुले तपाईको विश्वासको यात्रा कसरी अगाडि बढिरहेको छ भनी निश्चित गराउन सहायता गर्नेछ ।

**के तपाईको विश्वासको हिँडाईले यी कुराहरु उत्पादन गरिरहेको छ ?**

- तपाईलाई पराजय गराउने पापमय ढाँचा र शैतानमाथि निरन्तर विजय उत्पन्न गराइरहेको छ ?
- पापमय व्यवहारबाट निरन्तर छुटकारा दिइरहेको छ ?
- तपाईको भुत र वर्तमान चोटहरुमा निरन्तर चंगाई पाईरहनु भएको छ ?
- खीष्टको रुपमा निरन्तर परिवर्तन भइरहनु भएको छ ?

यदि माथि उल्लेखित प्रश्नहरु प्रति तपाईको जवाफ “छु” भन्ने छैन भने, तपाईले परमेश्वरको शक्तिमाथि विशवास राख्नुको सट्टा, तपाईकै आफ्नै शक्तिमाथि विश्वास राखिरहनु भएको हुनसक्छ । मैले यो तपाईलाई शर्ममा पार्न वा दोष लगाउनको लागि यी प्रश्नहरु सोधेको होइन । मैले यी प्रश्नहरु सोध्नुको कारण चाहिँ यो हो कि जब हामी खीष्टमा विश्वास राखेर हिँड्छौं, उहाँले नै यी कुराहरु उत्पन्न गर्नुहुन्छ र हामीले निरन्तर विजय, छुटकारा, चंगाई र परिवर्तनको अनुभव गर्नेछौं । तलको चित्रलाई हेरौं, जहाँनिर हामीले परमेश्वरमा विश्वास राख्दा र आफैमा विश्वास राख्दा खेरीको नतिजा देख्छौं ।




**तपाईले कुन छनौट गर्नुहुन्छ ?**

आफैमा भर पर्दा वा विश्वास राख्दा खेरीको परिणाम चाहिँ यो हो कि तपाईले खीष्टको जीवन वा उहाँको शक्ति अनुभव गर्नुहुनेछैन र तपाईको जीवनमा कहिल्यै साँचो परिवर्तन आउनेछैन । तर तपाईले परमेश्वरलाई स्रोत मानेर उहाँमा विश्वास राखेर जिउँदा खेरी तपाईले खीष्टको जीवन र शक्ति अनुभव गर्नुहुनेछ जसको कारणले तपाईको जीवनमा आमुल परिवर्तन आउँनेछ ।

**<u>परमेश्वरसँग वातचीत</u>** : तपाईले आफ्नै क्षमता वा इच्छा शक्तिमा विश्वास राखिरहनु भएको छ कि परमेश्वरको शक्तिमा विश्वास राखिरहनुभएको छ भन्ने बारेमा पवित्र आत्मालाई प्रकट गरिदिनुहोस् भनी प्रार्थना गर्नुहोस् ।

## *पाँचौं दिन*

### <u>किन हामीलाई परमेश्वरमा विश्वास राख्नलाई गाह्रो हुन्छ</u> ?

तिनीहरुले उहाँलाई सोधे, "परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्दछ ?" येशूले जवाफ दिएर भन्नुभयो, "परमेश्वरो काम यही हो : जसलाई उहाँले पठाउनुभयो, उसमाथि विश्वास गर ।" यूहन्ना ६ : २८-२९

अगाडि बढ्नु भन्दा अगाडि, मलाई लाग्छ कि ख्रीष्टियानहरुलाई परमेश्वरमा विश्वास गर्न किन गाह्रो हुन्छ भन्ने बारेमा मैले पत्ता लगाएका् तीन वटा कारणहरु हेर्नु आवश्यक छ ।

### १. हामीले ख्रीष्टियान जीवनमा "सिक्ने र गर्ने" भन्ने अवधारणा ल्याएको छौं ।



म विश्वास गर्छु यही नै पहिलो कारण हो जसको कारण हामीलाई विश्वास सम्बन्धमा गाह्रो हुन्छ । किनभने हामीलाई हाम्रो आफ्नै क्षमतामा विश्वास गरेर हिँड्नु सजिलो हुन्छ किनकी हामी यहीँ प्रकारले नै जिउँछौं । तपाईको आफ्नो जीवनको बारेमा सोच्नुहोस् । अहिलेसम्म तपाई कसरी जिउँदै आउनुभएको छ ? हामी मध्ये धेरैले चाहिँ पहिला जीवनको बारेमा सिक्छौं र त्यसपछि सिकेका कुराहरुलाई पूरा गर्ने प्रक्रियामा जान्छौं ।

उदाहरणको लागि, तपाईले कसरी काम गर्ने भनी सिक्नुहुन्छ र त्यसपछि तपाईले गर्नुहुन्छ । तपाईले कसरी गल्फ् खेल खेल्ने, कसरी माछा मार्ने र कसरी शिकार गर्ने भनेर सिक्नुहुन्छ, र त्यसपछि तपाई गएर गर्नुहुन्छ । तपाईले बालबालिकालाई कसरी हुर्काउने भन्ने बारेमा सिक्नुहुन्छ र सिकेका कुराहरुलाई बालबालिका हुर्काउनलाई प्रयोग गर्नुहुन्छ । मुख्य कुरा यो हो कि तपाईले "सिक्न र गर्न" को लागि आफ्नै बुद्धि र क्षमतालाई प्रयोग गरिरहनुभएको छ । यही प्रकारले

हामी सबैले जीवन जिउँदै आएका छौं । प्रश्न यो हो कि “के यो सिक्नु र गर्नु” अवधारणाले ख्रीष्टियान जीवनमा काम गरिरहेको छ त ?” यस प्रश्नको बारेमा सोच्नुहोस् ।

के तपाई ख्रीष्टियान जीवन जिउने बारेमा परमेश्वरको सत्य कुराहरु सिक्नुपर्छ र आफ्नै क्षमतामा ( परमेश्वरको सहायताको साथ) बाहिरा जाने र परमेश्वरले भन्नुभए झै गर्नुपर्छ भनी विश्वास गर्नुहुन्छ ?

**सत्यता :** “सिक्नु र गर्नु” अवधारणाले परमेश्वरमा निर्भर ख्रीष्टियान जीवन जिउनको लागि काम गर्दैन । किन ? किनभने केवल पवित्र आत्माले मात्र गर्न सक्ने काम र उहाँले हाम्रो जीवनमा गर्नेछु भनी प्रतिज्ञा गर्नुभएको काम हामीले गर्न सक्दैन । के तपाइलाई फिलिप्पी १ : ६ याद छ ? हामीले पाठ एकमा सिके झै, केवल परमेश्वरको शक्ति र उहाँ आफैले मात्र आत्मिक परिवर्तन सिर्जना गर्न सक्नुहुन्छ । मैले तपाईलाई मेरो गवाही बताएँ कि मैले “सिक्ने र गर्ने” अवधारणा अनुसार ख्रीष्टियान जीवन जिउने प्रयास गरे । म नराम्रो प्रकारले असफल भए । त्यो प्रकारले जिउँदा खेरीको समस्या यो थियो कि त्यसले कहिल्यै पनि परमेश्वरले प्रतिज्ञा गर्नु भएको जीवन परिवर्तन ल्याएन वा पैदा गरेन । परमेश्वरमा भर परेर जिउँदा खेरी मात्र साँचो परिवर्तन आयो ।

## २. हामी पनि हाम्रो आत्मिक परिवर्तनको कारक र परिवर्तन ल्याउने कामको हिस्सेदार बन्न चाहन्छौं ।

विश्वासको सम्बन्धमा अर्को समस्या चाहिँ यो हो कि हामीले हाम्रो आफ्नो बुद्धि, क्षमता र प्रतिभाहरु चाहिँ आत्मिक परिवर्तन ल्याउने कारक वा कारणको रुपमा लिनु हो । यो यसैकारण समस्या बन्न आएको छ किनभने हामीले हम्रो क्षमता, बुद्धि र प्रतिभाहरु हाम्रो पेशामा, हाम्रो वैवाहिक जीवनमा र परिवार चलाउने कुराहरुमा प्रयोग गर्छौं । हामी आफैले आफ्नो जीवन परिवर्तन गर्ने प्रयास गर्नु वा परिवर्तन गर्ने कार्यमा आफ्नो क्षमताद्धार परमेश्वरलाई सहायता गर्ने प्रयास गर्नु स्वभाविक हो तर हामीले त्यो कुरा उत्पन्न गर्न सक्दैनौं जुन केवल परमेश्वरले मात्र उत्पन्न गर्न सक्नुहुन्छ ।

**सत्य** : हाम्रो विश्वासको हिँडाईमा वा यात्रामा हामी आफैले गर्न नसक्ने काम गर्न परमेश्वरलाई उहाँको शक्ति, बुद्धि र क्षमता हामीमा ल्याउनको लागि हामी परमेश्वरमा भर पर्नुपर्छ । के तपाईलाई यूहन्ना १५ : ५ ख याद छ ? यसले हामीले आफ्ना क्षमताहरुलाई पर राखेर परमेश्वरको शक्तिमा भर पर्न खोज्दा खेरी हुने गाह्रोपनलाई प्रस्तुत गर्दछ । केवल परमेश्वर मात्र स्रोत हुनुहुन्छ र उहाँले मात्र तपाईको सोचाई, अनुभव, छनौट र व्यवहारमा उल्लेखनीय परिवर्तन ल्याउनु हुन्छ भनी तपाई केही मात्रमा भए पनि विश्वस्त हुनुभएको छ भनी म आशा गर्दछु ।

**नोट** : यसको अर्थ चाहिँ हामीले हाम्रो बुद्धि र क्षमताहरु प्रयोग गर्नुहुँदैन भन्ने होइन । तापनि आत्मिक परिवर्तनको सम्बन्धमा यसले कुनै फाइदा गर्दैन ।

## ३. “सिक्ने र गर्ने” वैधानिक स्वभावको ईसाइत्व

यदि तपाईले पनि मैले झै नियममा चल्ने मण्डलीको वातावरणमा लामो समय बिताउनुभएको छ भने, सम्भवत तपाई “सिक्ने र गर्ने” खीष्टियान जीवन जिउँदै आउनुभएको छ। वैधानिकरणको अर्थ के हो ? वैधानिकरण भनेको आफ्नो क्षमतालाई प्रयोग गरेर खीष्टियान जीवन जिउने प्रयास गर्नु वा आत्मिक परिवर्तन ल्याउनको लागि केही निश्चित नियम वा विधानलाई पालन गर्नु वा पछ्याउनु हो ।

वैधानिकताले निश्चित स्तर अनुसार जिएर वा नियमहरु पालन गरेर असल भई कुन परमेश्वरलाई प्रसन्न पारेर आफै स्रोत बन्नुपर्छ भन्ने गलत विश्वासलाई बढौती दिन्छ । मलाई लाग्छ कि वैधानिकताले आफ्नै शक्तिद्धार परमेश्वरलाई प्रसन्न पार्न खोज्ने र आफैलाई स्वतन्त्र तुल्याउने प्रयास गर्ने जीवन पैदा गराउँदछ। के तपाईले यसलाई छुट्याउन सक्नुहुन्छ ?

सत्य : कुनै पनि नियमहरु वा स्तरअनुसार जिउने प्रयासद्धार साँचो परिवर्तन आउन सक्दैन । कडा मिहिनेत गरेर वा परमेश्वरको लागि धेरै काम गर्ने प्रयास गरेर पनि तपाईले चाहनुभएको परिवर्तन आउन सक्दैन । यसले कि खीष्टियान जीवन जिउन छोड्ने कुरा वा अझ धेरै प्रयास गर्ने कुरा निम्त्याउँछ । जब तपाईले परमेश्वरले दिनुभएको परिवर्तनको प्रतिज्ञाहरु तपाईमा पूरा हुनको निम्ति तपाईले केवल परमेश्वरको शक्ति क्षमतामाथि विश्वास राख्नुहुन्छ, तब मात्रै साँचो परिवर्तन आउनेछ ।

**के यसको अर्थ म निस्क्रिया जीवन जिउने वा मैले केही पनि गर्नुपर्दैन त ?**

“तिमीहरुको विश्वास मानिसको बुद्धिमा होइन तर परमेश्वरको शक्तिमा आधारित होस् ।” १ कोरिन्थी २:५



मैले प्राय : जसो विश्वासद्धार हिँड्नु भन्ने बारेमा मानिसहरुले यसो भनेको सुन्छु, “के विश्वासद्धार जिउनुको अर्थ चाहिँ मैले केही पनि गर्नुपर्दैन भन्नु हो ?” अथवा यसरी टिप्पणी गरेको सुन्छु, “यो विश्वासको हिँडाई चाहिँ अति निस्क्रिया देखिन्छ” वा “मेरो जिम्मेवारी चाहिँ के हो ? उनीहरु भन्छन् कि विश्वासको हिँडाई निस्क्रिया हो ।

**मुख्य सत्य :**

**यो हो कि खीष्टियान जीवन अति नै सक्रिया हुन्छ तर भइरहेका ( आत्मिक परिवर्तनको) सबै क्रियाकलापको स्रोत चाहिँ परमेश्वर ———— .**

माथिको सत्यलाई बुझ्नको लागि येशूको जीवन र सेवकाईलाई हेरौं । के तपाई येशू निस्क्रिया हुनुहुन्थ्यो भन्नुहुन्छ ? म विश्वास गर्छु कि हामी कसैले पनि येशू निस्क्रिया हुनुहुन्थ्यो भनेर भन्नेछैन । तापनि, येशूको जीवन जियाईबाट हामीले के सिक्यो त ? उहाँ पूर्ण रुपमा पितामाथि भर पर्नुभएको थियो । उहाँ यसरी पितामाथि निर्भर भएर जिउँदा परमेश्वर आफ्नो जीवन र शक्ति येशू मार्फत् पठाउनुभयो । यसैकारणले तपाईको पनि जिम्मेवारी छ ।

> **तपाईको जिम्मेवारी चाहिँ उहाँको जीवन तपाईमा जिउनको लागि हरेक क्षण खीष्टमा निर्भर हुनु हो ।**

लाई

**<u>मनन गर्नु</u>** : तपाईको जीवनमा हुने वा घट्ने क्रियाकलापहरुको (आत्मिक परिवर्तन) स्रोत परमेश्वर नै हुनुहुन्छ भनी उहाँमा पूर्ण रुपमा भर पर्ने विचारमाथि मनन गर्नुहोस् ।

**<u>परमेश्वरसँग वातचीत</u>** : निस्क्रिया, जिम्मेवारी र सक्रियताको बारेमा परमेश्वरसँग गहिरो प्रकाश माग्नुहोस् ।

## पाठ दुईको बुँदाहरु संक्षिप्तमा

तपाईले यस पाठमा परमेश्वरको परिवर्तन गर्ने प्रक्रियामा तपाईको भूमिका के हो भन्ने बारेमा राम्रोसँग बुझ्नुभएको छ भनी म आशा गर्दछु । यस पाठबाट म आशा गर्दछु कि तपाईले यस पाठका यी मुख्य बुँदाहरु याद गर्नुभएको छ :

- खीष्टियान जीवन जिउनको लागि तपाईको भूमिका चाहिँ परमेश्वरलाई आफ्नो स्रोत मानेर उहाँमा निर्भर हुनु हो ।
- निर्भरता चाहिँ विश्वास शब्दको पर्यावाची शब्द हो ।
- विश्वास पैदा गर्ने काम तपाईमा निर्भर हुँदैन । तपाईको काम चाहिँ खीष्टमा तपाईले अघिबाटै प्राप्त गरेको विश्वासलाई ग्रहण गर्नु मात्र हो ।
- हामीले कि त हामी आफैलाई  ठानेर आफैमा माथि विश्वास राखिरहेका हुन्छौं कि त परमेश्वरलाई स्रोत मानेर उहाँमा विश्वास राखिरहेका हुन्छौं ।
- हामीमा भएको “सिक्ने र गर्ने” भन्ने अवधारणाको कारण हामीलाई विश्वासको साँचो अर्थ अनुसार जिउन गाह्रो भइरहेको हुन्छ र तपाईले कुनै पनि वैधानिकरणलाई अंगाल्नुभएको कारणले तपाईमा भएको प्रतिभा र क्षमताहरुलाई सदुपयोग गर्न नपाउनुभएको हुनसक्छ ।
- खीष्टियान जीवन निस्क्रिया जीवन होइन । तपाईको जीवनको कुनै पनि क्षेत्रमा हुने परिवर्तन कार्यको स्रोत परमेश्वर नै हुनुहुन्छ ।

- ख्रीष्टमा विश्वाससाथ जिउनले हाम्रो सोचाईमा, विश्वासमा, बानी व्यहोरा र हाम्रा छनौटहरुमा परिवर्तन आउँछ ।

**"आफैमा निर्भर ख्रीष्टियान जीवन र परमेश्वरमा निर्भर ख्रीष्टियान जीवन" बीचको भिन्नतालाई फेरि पेज २८ मा हेर्नुहोला ।**

# *पाठ तीन*

# विश्वासको हिँडाई र खीष्ट नै तपाईको जीवन हुनुहुन्छ भन्ने बारेमा महत्वपूर्ण सत्यहरु

## पहिलो दिन

### पाठ तीनको सर्वेक्षण

- जब तपाईले विश्वासको कदम चल्नुहुन्छ, तब तपाईमा के हुन्छ ?
- परमेश्वरको शक्तिबाट जिउँदा खेरीका नतिजाहरु
- परमेश्वरको अलौकिक कामको अर्थ
- विश्वास, महशुस र अनुभवहरुको बारेमा बुझाई
- खीष्ट नै हाम्रो जीवन हुनुहुन्छ भन्ने कुरा हाम्रो दैनिक जीवनमा कसरी लागुहुन्छ भन्ने बारे बुझाई

### परिचय

म आशा गर्दछु कि अघिल्लो सेसनमा तपाईले विश्वास र निर्भरताको बारेमा राम्रोसँग बुझ्नु भएको छ । अब हामीले परमेश्वरको परिवर्तन प्रक्रियामा हाम्रो भूमिका के हो भन्ने कुरा पनि जानेका छौं । जब हामीले विश्वासको पाइला चाल्छौ, तब के हुन्छ भन्ने बारेमा हेरौं । यस पाठको अन्तमा, हाम्रो दैनिक जीवनमा खीष्टलाई नै हाम्रो स्रोत बनाएर जिउँदा कस्तो देखिन्छ भन्ने कुरा देखिनको लागि हामीले सिकेका कुराहरु लागु गर्ने थाल्नेछौं ।

### विश्वासको यात्रा, विश्वासको कदमबाट शुरुवात हुन्छ ।

“मानिसले आफ्नो हृदयमा चाँजो मिलाउँछ तर परमप्रभुले नै त्यसका कदमहरुको निर्धारण गर्नुहुन्छ ।” हितोपदेश १६ : ९

कल्पना गर्नुहोस् कि तपाई आफ्नो घरबाट इन्डोनेशिया जानुभयो । तपाई त्यस्तो ठाउँमा जानुभयो जहाँको सँस्कृति तपाईको पहिला बसेको ठाउँको भन्दा एकदम फरक छ । अब तपाईले कसरी यो नयाँ सँस्कृतिमा जिउने भन्ने बारे सिक्नु पर्छ । त्यस्तै प्रकारले परमेश्वरले तपाईलाई आफ्नै शक्तिद्वार “आफै” जिउने सँस्कृतिबाट परमेश्वरको असीमित शक्तिद्धार जिउने नयाँ “आत्मिक” सँस्कृतिमा सार्दै हुनुहुन्छ । यो स्थान्तरण हुने कार्य पनि अति गाह्रो छ । तापनि,परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ कि जसै हामीले विश्वासको कदम चाल्छौं, उहाँले हामीमा साँचो परिवर्तन ल्याउनुहुनेछ र उहाँले प्रतिज्ञा गर्नुभएको प्रशस्तताको जीवन दिनुहुनेछ । त्यसैकारण विश्वासको कदमको परिभाषा दिंदै शुरु गरौं :

**विश्वासको कदमचाहिँ समयको त्यो क्षण हो, जहाँ तपाई विश्वासद्धार परमेश्वर र उहाँको जीवन र शक्तिसँग जोडिनु हुन्छ ।**



यदि तपाई लामो समय देखि खीष्टियान हुनुहुन्छ, भने, तपाईलाई थाहा छ कि खीष्टियान हिँडाई चाहिँ विश्वासको हिँडाई हो । तापनि विश्वासको हिँडाईको बारे म दुई वटा मुख्य कुरा जोड दिन चाहन्छु । एउटा चाहिँ जब हामीले विश्वासको कदम चाल्छौं, तब के हुन्छ भन्ने बारेमा हामी हेर्नेछौं । दोस्रो चाहिँ हाम्रो विश्वासको केन्द्र बिन्दु  अथवा हामीले के कुरामा विश्वास राखेका छौं भन्ने कुराको बारेमा हेर्नेछौं ।

### तपाईले विश्वासको कदम चालेको क्षणमा के हुन्छ ?

पाठ एकबाटको सत्य कुरा याद गर्नुहोस् कि कलस्सी २ : ९, १० अनुसार तपाई भित्र परमेश्वरको सारा जीवन र शक्ति छ ।

“किनकी खीष्टमा ईश्वरत्वको सारा पूर्णता शरीरमा वास गर्दछ र तिमीहरुलाई खीष्टमा ईश्वरत्वको सारा पूर्णता दिएको छ, जो सारा शासक र अधिकारको शिर हुनुहुन्छ ।”

तपाईमा परमेश्वरको सारा जीवन र शक्ति भएको कारणले, जब तपाईले विश्वासको कदम चाल्नुहुन्छ, तब के हुन्छ ?

**जब तपाईले विश्वसको कदम चाल्नुहुन्छ, तब तपाईको सोचाई, विश्वास र बानी ब्यहोरा परिवर्तन गर्नको लागि परमेश्वरको जीवन र शक्ति तपाईमा छोडिन्छ वा फुकाईन्छ ।**

हामी यस पाठको अन्तमा अझ परमेश्वरको जीवन तपाईमा छोडिन्छ वा फुकाइन्छ भन्ने बारेमा कुरा गर्नेछौं । साथै, परमेश्वरको शक्तिको बारेमा र जब उहाँको शक्ति हामीमा छोडिन्छ, तब के हुन्छ भन्ने बारेमा नजिकबाट हेर्नेछौं । हामी पावलले परमेश्वरको शक्तिमा कसरी विश्वास राख्यो भन्ने बारेमा हेरौं :

"तिमीहरुको विश्‍वास मानिसको बुद्धिमा होइन तर परमेश्‍वरको शक्तिमा होस ।" १ कोरिन्थी २ : ५

"यस हेतुले हामी तिमीहरु सबैको निम्ति निरन्तर प्रार्थना पनि गर्छौं कि हाम्रा परमेश्‍वरले तिमीहरुलाई आफ्नो बोलावटको योग्य बनाउन र हरेक उदेश्य र विश्‍वासको कामलाई उहाँको शक्तिद्धार पूर्ण गरिदिऊन् ।" २ थेसालोनिकी १ : ११

जब तपाईले विश्‍वसको कदम चल्नुहुन्छ, त्यतिखेरा परमेश्‍वरले तपाईलाई उहाँको जीवन र शक्तिको केही अंश मात्र दिनुहुन्न । उहाँले तपाईको जीवनको सबै क्षेत्रहरुलाई परिवर्तन गर्नको लागि पूर्ण शक्ति तपाईमा छोड्नुहुन्छ ।

**परमेश्‍वरको शक्ति कस्तो किसिमको शक्ति हो ?**

"सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्‍वरको हो भनी प्रष्ट पार्न यो धन हामीसित माटोको भाँडाहरुमा छ ।" २ कोरिन्थी ४ : ७

तपाई अनि मसँग भएको धन चाहिँ "परमेश्‍व्रको सर्वश्रेष्ठ शक्ति" हो । यो कस्तो प्रकारको शक्ति हो ? एफिसी १ : १९, २० लाई हेरौं ।



म प्रार्थना गर्दछु कि हामी विश्‍वास गर्नेहरुका निम्ति उहाँको शक्तिको असीम महानता के हो सो तिमीहरु जान्न सक । त्यो शक्ति उहाँको महानता सामर्थ्यको काम नै हो, जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरुबाट जीवित पार्नुभयो अनि स्वर्गीय स्थानहरुमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो ।

**सोच्नुहोस् !**

**जुन शक्तिले येशूलाई मृत्युबाट जीवित पार्नुभयो, त्यही शक्ति ———ऽ—— — .**

**त्यसको साथ-साथै तपाईमा भएको शक्ति त्यही शक्ति हो :**

- स्वर्ग र पृथ्वी सृजना गर्ने शक्ति

- लाल समुद्रलाई दुई भाग पार्ने शक्ति
- सारा ब्रहामाण्डलाई सम्हाल्ने शक्ति

हामी पूर्ण रुपमा परमेश्वरको शक्तिबाट जिउनुपर्छ किनभने यसविना हामीले कहिल्यै पनि परमेश्वरले प्रतिज्ञा गर्नुभएको परिवर्तनको अनुभव गर्न सक्दैन । शायद तपाईले आफ्नै शक्ति र इच्छा शक्तिद्धार पापमय जीवन ढाँचा माथि विजय प्राप्त गर्ने र पाप नगर्ने प्रयास गर्नुभएको होला । यदि उसो भए यसले कुन प्रकारले काम गरिरहेका छ त ? सत्य यो हो कि साँचो उल्लेखनीय परिवर्तन अनुभव गर्नको लागि हामीभित्र भएको परमेश्वरको शक्तिद्धार जिउनुपर्छ ।

**तपाईभित्र भएको परमेश्वरको शक्तिद्धार जिउनले तपाईको सोच्ने, विश्वास गर्ने, छनौट गर्ने र व्यवहार गर्ने तरिकामा**

**प्रश्न** : के अहिलेसम्म तपाईभित्र वास गर्नुभएको परमेश्वरको शक्तिको महानतालाई महशुस गर्नुभएको छ ?

**मनन गर्नु** : २ कोरिन्थी ४ : ७ र एफिसी १ : १९, २० लाई मनन गर्नुहोस् र तपाईमा वास गर्ने परमेश्वरको शक्तिको महानतालाई विचार गर्नुहोस् ।

**परमेश्वरसँग कुराकानी** : तपाईसँग भएको ईश्वरीय शक्तिलाई गहिरो प्रकारले बुझ्नलाई र परमेश्वरले यसलाई प्रयोग गरेर कसरी तपाईलाई स्वतन्त्र तुल्याउन चाहनुहुन्छ भन्ने बारेमा बुझ्नलाई सहायता गर्नुहोस् भनी प्रार्थना गर्नुहोस् ।

**जब परमेश्वरको शक्ति तपाईमा छोडिन्छ वा आउँछ, त्यसले के गर्न सक्छ ?**

हामी भित्र परमेश्वरको शक्तिले के गर्न सक्छ ? पावलले एफिसी ३ : २० मा यसलाई स्पष्ट पारेको छ ।

"उहाँलाई, जसले हामीभित्र काम गर्ने (परमेश्वरको) शक्ति अनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ.." एफिसी ३ : २० (कोष्ठको थप)

केही क्षण यस पदको बारेमा सोच्नुहोस् । पावलले सहासका साथ परमेश्वरले आफ्नो शक्तिद्धार "हामीले मागे वा सोचे भन्दा बढी दिनुहुन्छ" भनेर भनेको छ । पावलले यो कुरा यसैकारणले भनिरहेको छ किनकी उसले उहाँको शक्तिले उसमा अचम्म प्रकारले काम गरेको कारणले उसले आफ्नो जीवनमा यस्तो प्रकारले परिवर्तनको अनुभव गरे जुन उसले जीवनमा कहिल्यै सम्भव देखेको

थिएन । यदि परमेश्वरको शक्तिले उसको जीवनमा यस्तो काम गर्न सक्यो भने, तपाईको जीवनमा चाहिँ उहाँको शक्तिले कति काम गर्न सक्ला जस्तो लाग्छ ?

**तपाईमा भएको परमेश्वरको शक्तिले :**

- उहाँको सत्यतामा विश्वास गर्नलाई तपाईको मनलाई पूर्ण नयाँ पार्दछ । रोमी १२ : २
- तपाईलाई पापको किल्लाहरुबाट छुटकारा दिन्छ । यूहन्ना ८ : ३२
- तपाईको चोटहरुलाई निको पार्दछ । भजनसंग्रह १४७ : ३
- शरीर, पाप, शैतान र संसारमाथि विजय प्रदान गर्दछ । १ कोरिन्थी १५ : ५७
- तपाईको सोच्ने, महशुस गर्ने, छनौट गर्ने र व्यवहार गर्ने तरिकालाई परिवर्तन गर्दछ । २ कोरिन्थी ३ : १८
- तपाईलाई उहाँसँगको घनिष्ट सम्बन्धमा डोऱ्याउँछ । एफिसी १ : ५

**प्रश्न** : यो भन्दा अघि कहिले परमेश्वरको शक्तिले तपाईको सोच्ने, विश्वास गर्ने, छनौट गर्ने र व्यवहार गर्ने तरिकालाई परिवर्तन गर्नुभएको तपाईले अनुभव गर्नुभएको छ ? यी चारवटा क्षेत्रमा तपाईले महशुस गर्नुभएको तीनवटा परिवर्तनलाई लेख्नुहोस ।

**मनन गर्नु** : एफिसी ३ : २० माथि मनन गर्नुहोस् र सोच्नुहोस् कि परमेश्वरले तपाईको जीवनमा कस्तो परिवर्तन गर्नु पर्ला जसको कारण तपाईले पनि पावलले झै "उहाँले हामीले मगेको वा सोचेको भन्दा ज्यादा प्रशस्त गरी दिनसक्नुहुन्छ" भनी भन्न सक्छौं ?

**परमेश्वरसँग वातचीत** : तपाईले आफ्नो जीवनमा अनुभव गर्न चाहनुभएको परिवर्तनको कामहरु गर्नुहोस् भनी उहाँसँग माग्नुहोस् ।

**धेरै वर्षको सेवकाईको यात्रामा मैले यो कुरा पत्ता लगाएको छु कि धेरै ख्रीष्टियानहरुले परमेश्वरको शक्तिको महानतालाई साँचो रुपमा बुझेकै छैनन् किनकी उनीहरुले परमेश्वरको शक्तिलाई अनुभव गर्नलाई पर्याप्त विश्वासको कदम चालेकै छैनन् ।**

परमेश्वरलाई भन, "तपाईको कार्यहरु कति, कस्ता भयानक छन्, तपाईको शक्तिको महत्व यति महान छ कि तपाईका शत्रुहरु तपाईको सामुने खुम्चिन्छन् ।"भजनसंग्रह ६६ : ३

## *दोस्रो दिन*

### यदि तपाईले विश्वासद्धार हिँड्ने कुरालाई छनौट गर्नुभएन भने तपाईभित्र भएको परमेश्वरको शक्तिले तपाईलाई कुनै भलाई गर्दैन ।

मैले हालसालै एउटा ल्यापटोप कम्प्युटर किने । दुई वर्ष अगाडि किनेको कम्प्युटरसँग तुलना गर्दा यसको ऱ्याम र शक्ति धेरै थियो । यी सबै कम्प्युटरद्धार इन्टरनेट मार्फत् मैले मलाई चाहिने सबै जानकारीहरु प्राप्त गर्न सक्छु । तापनि यदि मैले यो कम्प्युटर खोलेन भने यो भित्रभएको यसको शक्ति र पहुँचद्धार र मलाई केही सहायता गर्दैन । जब सम्म मैले खोल्दिन तब सम्म यो एउटा महंगो सामान मात्र हुनेछ ।

परमेश्वरको शक्तिको सम्बन्धमा पनि त्यस्तै हो । यति खेरा तपाईमा परमेश्वरको सारा शक्ति छ । तापनि, जब सम्म तपाईले त्यो शक्तिको धारा खोल्नुहुन्न तबसम्म परमेश्वरको शक्तिले काम गर्दैन ।

| |
|---|
| परमेश्वरको शक्तिलाई प्रवाह गर्ने माध्याम चाहिँ विश्वासको कदम हो । |



यसलाई व्याख्या गर्नको लागि म तपाईलाई एउटा दृश्य चित्र प्रयोग गर्न चाहन्छु । कल्पना गर्नुहोस् कि एउटा प्लाष्टिक बोतल भरी पानी छ र बिर्को पनि लगाएको छ । बोतल भित्र भएको पानीले ईश्वरत्वको सारा पूर्णता र परमेश्वरको सम्पूर्ण शक्तिलाई जनाउँदछ । कल्पना गर्नुहोस् कि पुरै बोतल तपाईमा प्रवेश भएको छ कि (किनकी मुक्ति पाएको बेलामा तपाईले परमेश्वरको जीवन र शक्ति सारा परिपूर्णतामा प्राप्त गर्नुभएको छ ।)

तापनि जब सम्म तपाईले त्यो बोतलको बिर्को खोल्नुहुन्न, तब सम्म तपाईले कहिल्यै पनि त्यहाँबाट पिउन सक्नुहुन्न वा परमेश्वरको शक्ति प्राप्त गर्न सक्नुहुन्न । जसै तपाईले विश्वासको कदम चाल्नुहुन्छ, परमेश्वरले त्यो बिर्को खोल्नुहुन्छ र तपाईको विचार, विश्वास र बानी ब्यहोरा बदल्नलाई उहाँको शक्ति तपाईमा खन्याउनु हुन्छ ।

दुःख लाग्दो कुरा चाहिँ यो हो कि धेरै ख्रीष्टियानहरु मैले तीस वर्ष जिएको जस्तो जीवन जिइरहेका छन् । उनीहरुले आफूभित्र आफ्नो  जीवनलाई बदल्ने शक्तिलाई बोकेर हिँडिरहेका छन् तर नता उनीहरुले परमेश्वरको शक्तिको महानतालाई बुझेका छन् नता यो शक्तिलाई कसरी परिचालन गर्ने भन्ने कुरा नै जानेका छन् । जसको नतिजा स्वरुप उनीहरुको जीवन जस्ताको त्यस्तै अपरिवर्तनीय अवस्थामा रहेको हुन्छ । उनीहरु विजयको बीचमा हारको जीवन जिइरहेका हुन्छन् । उनीहरुमा स्वतन्त्र तुल्याउन सक्ने शक्ति, चंगाई पार्न सक्ने, परिवर्तन गर्न सक्ने शक्तिले काम गरिरहेको हुँदैन । उनीहरु परमेश्वरको शक्तिद्धार जिउनुको सट्टा आफ्नै बुद्धि, क्षमता र इच्छा शक्तिद्धार जिइकन ख्रीष्टियानहरु झैं जिइरहेका हुन्छन् ।

**विश्वासद्धार परमेश्वरको शक्तिमा प्रवेश नगरेसम्म वा नखोलेसम्म तपाईको जीवनमा कुनै महत्वपूर्ण परिवर्तन आउनेछैन ।**

## परमेश्वरको शक्तिले तपाईमा अलौकिक काम गर्नेछ ।

हाम्रो जीवनमा परमेश्वरले गर्नुहुने कामको सम्बन्धमा बुझ्नुपर्ने महत्वपूर्ण शब्द चाहिँ “अलौकिक” हो । यो “अलौकिक” भन्ने शब्द यसैकारणले बुझ्नु महत्वपूर्ण छ किनकी तपाईको जीवनमा परमेश्वरले गर्नु हुने सबै काम चाहिँ “अलौकिक” काम हो । त्यसैकारणले अगाडि बढ्नु भनदा पहिला म “अलौकिक” कामको परिभाषा दिन चाहन्छु ।

**“अलौकिक काम” चाहिँ :**

**यस्तो काम हो जुन काम चाहिँ हाम्रो विश्वासको हिँडाईको फलस्वरुप परमेश्वरले हामीमा र हामीद्धार गर्नुहुन्छ र जुन कामको बारेमा कुनै प्राकृतिक मानव व्याख्या वा वर्णन नै छैन ।**

यो “अलौकि” कामको बारेमा यहोशू ६ : ३-५ मा भएको यरिहोको पर्खाल भत्केको कथाबाट हेरौं ।



"सबै सशस्त्र लडाकुहरु त्यस शहरलाई घेरेर एक चोटी घुमेर जाओ । छ दिनसम्म तिमीहरुले यसो गर्नु । ४. सात जना पुजाहारीहरु सातवटा भेडाका सीङका तुरही सन्दुकको अगि-अगि लिएर हिँडुन् र पुजाहारीले तुरही फुकुन् । ५. अनि जब तिनीहरुले भेडाका सीङका  तुरही धेरै बेरसम्म फुक्लान् तब तिमीहरुले तुरहीको आवाज सुन्ने बितिकै सबै जना ठूलो सोरले कराउन । अनि शहरको पर्खाल फेदसम्मै ढल्नेछ र हरेक मानिस आफ्नै अगि सिधै बढेर जाऊन् ।"

तपाईले यस कथालाई फेरि पढेर त्यस कथामा आफैलाई पनि समावेश गरेको चाहन्छु । यदि परमेश्वरले तपाईलाई यरिहो सात दिनसम्म परिक्रम गर्न, सातौं दिनमा तुरही फुक्न र कराउन भन्नुभएको भए के पर्खाल ढल्थयो ? (एफ.वाई.आई-परमेश्वरले यहूदीहरुलाई त्यो शहरको पर्खाल भत्काउने र भत्केका कुराहरुलाई फाल्ने क्रेन वा मेशिन ल्याउ भन्नुभएन ।) के कारणले त्यो शहरको पर्खाल ढल्यो, त्यो हामीलाई थाहा छ । हामीले बुझ्नु पर्ने मुख्य कुरा चाहिँ यो हो कि उनीहरुको काम चाहिँ घुम्नु, तुरही फुक्नु र कराउनु थियो । उनीहरुले यी सबै विश्वासद्धार नै गरे । तापनि ती कुनै पनि कार्यको कारणले पर्खाल ढलेको वा खसेको होइन । परमेश्वरको सिद्ध समयमा उहाँले उहाँको शक्तिद्धार पर्खाललाई अलौकिक रुपमा पल्टाई दिनुभयो ।

सोच्नुहोस् कि परमेश्वरले तपाईमा पनि यस्तै अलौकिक काम गर्न चाहनुहोला र ? के परमेश्वरले तपाईको झूठो विश्वासको पर्खाल पल्टाई दिने प्रतिज्ञा गर्नुभएको छैन ? त्यसैकारण तपाईको काम वा भूमिका चाहिँ विश्वासद्धार हिँड्नु र त्यस्तै काम हुनको निम्ति उहाँको अलौकिक शक्तिमाथि भरोसा गर्नु हो । जसै उहाँले त्यो काम गर्नुहुन्छ । तब यहूदीहरु पर्खाल ढलेको बेलामा झै तपाई पनि छक्क पर्नुहुनेछ ।

**प्रश्न** : तपाईको जीवनमा परमेश्वरले कस्तो अलौकिक काम गरेको तपाई चाहनुहुन्छ ? के तपाईको जीवनमा तपाईले चाहनुभएको अलौकिक कामहरु आन्तरिक संघर्ष माथि विजय, पापमय जीवन ढाँचामाथि छुटकारा र शारीरिक व्यवहारहरुमा परिवर्तन इत्यादि हुन् त ?

**मनन गर्नु** : यहोशू ६ : ३-५ माथि मनन गर्नुहोस् र यो प्रश्नको बारेमा विचार गर्नुहोस्, "यदि परमेश्वरले भौतिक यरिहोको पर्खाललाई भत्काउन सक्नुहुन्छ भने, जसै तपाई विश्वासद्धार हिँड्नु हुन्छ, के उहाँले तपाईको झूठो विश्वासको पर्खाल, पापमय ढाँचाको पर्खाल र किल्लाहरुलाई पल्टाउन सक्नुहुन्न र ?

**परमेश्वरसँग वातचीत** : विश्वासको कदमहरु चाल्दै ती पर्खालहरु भत्काउन शुरु गर्नुहोस् भनी प्रभुसँग भन्नुहोस् ।

## परमेश्वरले हाम्रो जीवनमा गर्नुहुने अलौकिक कामको बारेमा हामीले के कुरा बुभ्नु खाँचो छ

धेरै खीष्टियानहरुले परमेश्वरको शक्ति चाहिँ अलौकिक हो भनेर बुझेका छन् भन्दा ठीकै होला । तापनि जब तपाईको जीवनमा परमेश्वरले अलौकिक काम गर्न चाहनुहुन्छ भनेर भन्छ, तब त्यो धारणालाई बुभ्नलाई गाह्रो भएको जस्तो देखिन्छ । तसर्थ अलौकिको अर्थ के हो ? यस प्रश्नको जवाफ दिनको लागि दुईवटा मुख्य सत्यहरु हेरौं ।

### १. तपाईले धेरै क्षेत्रमा वा धेरै समय परमेश्वरको अलौकिक शक्तिले तपाईमा काम गरेको महशुस वा अनुभव नगर्न सक्छ ।

यदि तपाइृ केही क्षण मसँग सहभागी हुनुभएदेखि, मैले भन्न खोजेको कुरा के हो भनी म तपाईलाई बताउन सक्छु । अहिले मसँग विश्वासको कदम चाल्नुहोस् । साधारण प्रकारले यसरी भनौं, प्रभु तपाईले आफ्नो शक्ति ममा बगाउनुहोस् भनी म तपाईमा भरोसा गर्दैछु । तपाईले विश्वास साथ यसरी भन्नुभएको छ भने, के तपाईले केही महशुस गर्दै हुनुहुन्छ ? के तपाईले परमेश्वरले आफ्नो शक्ति तपाईमा खन्याईरहनु भएको अनुभव गर्दै हुनुहुन्छ ? धेरै पटक तपाई विश्वाससाथ हिँड्दा तपाईले परमेश्वरको शक्ति यो प्रकारले अनुभव गर्नुहुने छैन । किन त ? यसको जवाफको लागि २ कोरिन्थी ५ : ७ लाई हेरौं :

“किनकी हामी **विश्वासद्धार हिँड्छौं, देखिने कुराको आधारमा होइन ।”**



पावलले यस पदमा हामी महशुस वा अनुभवको आधारमा होइन तर विश्वासद्धार हिँड्छौं भनेर भनेको छ । धेरै पटक तपाईले परमेश्वरको जीवन र शक्तिको पनि महशुस वा अनुभव गरिरहेको हुँदैन । यो किन  निराशजनक हुनसक्छ ? हामी मानिस भएको नाताले हामीले एक वा अझ बढ्ता पाँचवटा ज्ञानेन्द्रियद्धार हरेक क्षण महशुस र अनुभव गर्छौं । महशुस र अनुभव चाहिँ हाम्रो जीवनको अभिन्न अंग भएको कारणले हामी विश्वासद्धार हिँड्दा परमेश्वरको काम पनि महशुस वा अनुभव गर्नुपर्छ भनी हामी सजिलै निष्कर्ष निकाल्छौं ।

**सत्य यो हो कि धेरै पटक तपाई विश्वासद्धार हिँड्दा परमेश्वरको जीवन र शक्ति तपाईमा खन्याइएको महशुस वा अनुभव गर्नुहुने ै**

## एउटा व्यक्तिगत उदाहरण

जब मैले मेरो विश्वासको यात्रा शुरु गरे, मैले परमेश्वरबाट चाहेको कुराहरु मध्ये एउटा चाहिँ मेरो पिताको कारणले ममा भएको चोटहरुमा परमेश्वरबाट चंगाई पाउन चाहेको थिए । चंगाईको लागि मेरो विश्वासको कदम यस्तो देखिन्थ्यो , "प्रभु, मेरो पिताको शाब्दिक, भावनात्मक र शारीरिक गलत व्यवहारको कारण ममा उब्जेको चोटहरु निको पार्नुहोस् भनी प्रार्थना गरे ।" त्यही घडीमा मलाई निको पार्नलाई परमेश्वरको सारा शक्ति ममा छोडियो वा खन्याइयो ।

तापनि मैले परमेश्वरको चंगाईको शक्तिको महशुस वा अनुभव गरिरहेको थिएन । यद्यपि मैले परमेश्वरको शक्तिको महशुस नगरिरहेको भए तापनि, परमेश्वरको सत्यले हामीलाई के भन्छ त ? मैले महशुस गरोस् वा नगरोस् परमेश्वरको शक्ति ममा खन्याइरहेको थियो । सत्य यो हो कि मैले परमेश्वरको चंगाईको शक्तिको अनुभव नगरिरहेको भए तापनि यसले त्यतिखेरा परमेश्वरले मलाई चंगाई पारिरहनु भएको सत्यतालाई परिवर्तन गर्दैन । त्यसैकारणले विश्वास साथ हिँड्नको लागि चाहिने मुख्य सत्य कुरा यहाँ छ :

**विश्वासको हिँडाईको मुख्य सत्यता यो हो कि :**

**जसै तपाई विश्वासद्धार हिँड्नुहुन्छ, त्यतिखेरा तपाईले परमेश्वरको जीवन र शक्तिले तपाईमा काम गरिरहेको महशुस वा अनुभव गरोस् वा नगरोस् परमेश्वरले तपाईमा काम गरिरहनु भएको छ भनी विश्वास गर्नुहोस् ।**

**प्रश्नहरु** : के तपाईले विगतमा विश्वासद्धार हिँड्ने प्रयास गर्नुभएको छ तर तपाईले आफ्नो जीवनमा परमेश्वरको कामलाई महशुस वा अनुभव नगरेको कारण निराश भएर विश्वासद्धार हिँड्न छोड्नुभएको छ ? परमेश्वरले तपाईको जीवनमा काम गरिरहनु हुँदा तपाईले महशुस वा अनुभव नगर्न पनि सक्छ भन्ने सत्य कुराले तपाईलाई विश्वासको हिँडाईको बारेमा राम्रोसँग बुझ्न सहायता गर्छ ?

**मनन गर्नु** : हामी विश्वासद्धार हिँड्दा हामीले महशुस वा अनुभव नगरे तापनि परमेश्वरले काम गरिरहनुभएको हुन्छ भन्ने सत्य कुरा माथि मनन गर्नुहोस् ।

**परमेश्वरसँग वातचीत** : विश्वासको कदम चाल्द परमेश्वरले तपाईको जीवनमा काम गरिरहनुभएको कुरा तपाईले महशुस वा अनुभव नगर्न पनि सक्छ भन्ने सत्यताको बारेमा परमेश्वरसँग गहिरो प्रकाश माग्नुहोस् । तपाईले परिवर्तन चाहनुभएको क्षेत्रमा तपाईले विश्वासको कदम चाल्नुहोस् । यद्यपि तपाईले परिवर्तन भइरहेको कुरा महशुस नगर्नु भए तापनि परमेश्वरले काम गरिरहनु छ भन्ने कुरा पक्का गराउनुहोस् भनी प्रभुसँग भन्नुहोस् ।

**यो सत्यलाई नजानेको र विश्वास नगरेको कारण धेरैले विश्वासको हिँडाईलाई छोडेको वा त्यागेका छन् ।**

## *तेस्रो दिन*

## २. परमेश्वरको शक्तिले तपाईमा कुन प्रकारले काम गरिरहेको छ भन्ने कुरा तपाईलाई थाहा हुँदैन ।



"आफ्नो मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख, अनि उहाँले यो गर्नुहुनेछ ।" भजनसंग्रह ३७ : ५

हामीलाई परिवर्तन गर्नको लागि परमेश्वरको शक्तिले हामीमा कसरी काम गरिरहनु भएको छ भन्ने कुरा हामीले जान्दैनौं र थाहा पाउनेछैनौं । सैनिकमा एउटा वाक्य छ, जुन मैले पनि प्रायः चलाउँछु । यो यस्तो छ "तिमीले आधारभूत कुरा मात्र जान्नु खाँचो छ ।" परमेश्वरको सम्बन्धमा पनि यस्तै हो । परमेश्वरले उहाँले कसरी हामीलाई परिवर्तन गर्दै हुनुहुन्छ भन्ने कुरा नबताउनु भएको कारण हामीले पनि यो जान्नु खाँचो छैन । यस कुराले हामीलाई निराश पार्न सक्छ किनकी हामी सधैं कुनै पनि कुरा वा सबै कुराले कसरी काम गर्छ भन्ने कुरा जान्न चाहन्छौं, तापनि धेरै जसो कुराहरुमा परमेश्वरले कुन प्रकारले काम गरिरहनु भएको छ भन्ने कुरा हामीलाई बताउनुहुन्न । उहाँले तपाई विश्वासद्धार हिँडे, तपाईमा काम गर्ने प्रतिज्ञा मात्र गर्नुभएको छ ।

**अलौकिकको अर्को अर्थ परमेश्वरले तपाईको जीवनमा गरिरहनु भएको परिवर्तन प्रक्रियाको बारेमा तपाईलाई नबताउनु पनि हो ।**

यस सत्यको विषयमा तपाईलाई बताई रहँदा ममा भएको सबै भन्दा गाह्रो कुरा यो हो कि तपाईको जीवनमा परमेश्वरले गरिरहनु भएको परिवर्तन प्रक्रियाको बारेमा मैले तपाईलाई व्याख्या गर्न नसक्नु हो ।

उहाँले आफ्नो काम कसरी गर्नुहुन्छ भन्ने बारेमा उहाँले तपाई र मलाई बताउनुभएको छैन (बताउनु हुने छैन) । उहाँले केवल साधारण रुपमा उहाँमा विश्वासको कदम चालेको र विश्वासद्धार उहाँले तपाईमा आफ्नो अलौकिक काम गरिहनुभएको छ भनी विश्वास गरेको चाहनुहुन्छ । यसैकारण

विश्वासद्धार हिँड्दा यस्तो प्रकारले काम गर्नुहुन्छ भन्ने बारेमा कुनै सुचीहरु वा सुत्रहरु छैन किनकी परमेश्वरले अद्धितीय प्रकारले तपाईमा र अरुहरुको जीवनमा काम गर्नुहुन्छ ।

**किनभने परमेश्वरको काम अलौकिक काम र व्यक्तिगत रुपमा तयार पारिएको हुन्छ, हामीले ख्रीष्टियान जीवनको कुनै सुत्र वा सुची**

**यो प्रश्नको बारेमा सोच्नुहोस् : के हाम्रो विश्वास निर्माण गर्नको लागि नै परमेश्वरले हामीमा कुन प्रकारले काम गरिरहनुभएको छ भन्ने कुरा नबताउनु भएको हो कि ?**

**प्रश्न** : परमेश्वरले हामीमा कुन प्रकारले काम गरिरहनुभएको छ भनी किन जान्नु खाँचो छ ? यदि हामीले निरन्तर रुपमा कसरी परमेश्वरले काम गरिरहनु भएको छ भनी थाहा पाउन चाह्यो भने यसले के कस्ता नकारात्मक परिणाम ल्याउन सक्छ ?

---

खीष्टियान जीवन जिउनको लागि तपाईले मानिसहरुको लागि किन कुनै सुत्र वा नियमहरु बताउन सक्नुहुन भन्ने बारेमा राम्रोसँग बुझ्नु भएको छ ?

**मनन गर्नुहोस् :** भजनसंग्रह ३७ : ५ माथि मनन गर्नुहोस् र परमेश्वरले तपाईको जीवनमा कुन प्रकारले काम गरिरहनुभएको छ भनी थाहा पाउनु आवश्यक छ भन्ने भावना तपाईबाट हटाउनुहोस् भनी परमेश्वरसँग भन्नुहोस् ।

**परमेश्वरसँग वातचीत** : जसै तपाईले परिवर्तन चाहनुभएको क्षेत्रमा विश्वासको कदम चाल्नु हुन्छ । त्यति खेरा परमेश्वरले कुन प्रकारले काम गरिरहनु भएको छ भनी थाहा नपाउँदा पनि शान्त साथ रहने इच्छा दिनुहोस् भनी प्रभुलाई भन्नुहोस् ।

**यसको अर्थ तपाईले परिवर्तनको अनुभव गर्नुहुने छैन भन्ने होइन**

**यद्यपि तपाईले परमेश्वरको काम प्रक्रियालाई महशुस नगर्नु भए तापनि अन्तमा तपाईले आफ्नो सोचाईमा परिवर्तन, तपाईको विश्वासमा परिवर्तन, तपाईको बानी ब्यहोरामा परिवर्तन र**



तपाईले उहाँले ल्याउनु भएको परिवर्तनलाई अनुभव गरेको चाहनुहुन्छ र तपाईले अनुभव गर्नुहुनेछ । तापनि वास्तविक परिवर्तनले स्थान लिनुभन्दा अगाडि तपाईले उहाँको कामलाई महशुस वा अनुभव गर्नु हुनेछैन ।

उदाहरणको लागि, तपाईले असफल होला भन्ने डरबाट छुटकारा पाउनको लगि विश्वाससाथ परमेश्वरको खोजी गर्दै हुनुहुन्छ । जसै तपाई विश्वासद्धार हिँड्नुहुन्छ, परमेश्वरको शक्तिले तपाईमा काम गरिरहेको हुनेछ तर तपाईले परिवर्तन प्रक्रियालाई अनुभव नगर्न सक्छ । तापनि परमेश्वरको ठीक वा सिद्ध समयमा तपाईले आफूमा असफलताको डर नरहेको कुरा पाउनुहुनेछ । मुख्य कुरा यो हो कि तपाईले चाहनुभएको परिवर्तनलाई अनुभव गर्नको लागि तपाईले विश्वासको लामो यात्रा गर्नुपर्छ ।

यसैकारण, तपाईको विश्वासको हिँडाईको मुख्य प्रश्न यो हो :

**के तपाई आफ्नो जीवनमा परिवर्तनको अनुभव नगर्नुभए सम्म निरन्तर विश्वास साथ हिँडिरहनु हुन्छ ?**

हामीले विश्वासको यात्रा शुरु गरेको कति समयपछि हामीले परिवर्तनको अनुभव गर्न पाउँछौं भनेर हामीले थाहा नपाएको (परमेश्वरले नभन्नुभएको) कारणले हामीले आफ्नो जीवनमा केही परिवर्तनको अनुभव नगरेसम्म निरन्तर विश्वाससाथ हिँड्नुपर्छ । यस पाठको पछिल्लो भागमा हामीले हाम्रो विश्वासको हिँडाईमा के कुराको आपेक्षा गर्नुपर्छ भन्ने बारेमा कुराकानी गर्नेछौं ।

**परिवर्तनले ख्रीष्टमा निर्धक्कता उत्पन्न गराउँदछ ।**

**"मलाई (ख्रीष्टमा) दृढ विश्वास छ, उहाँ** जसले तिमीहरुमा एउटा असल काम शुरु गर्नुभयो, यहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ ।" फिलिप्पी १ : ६ (कोष्ठको थप)

पावलले कुन प्रकारले दृढता वा निर्धक्कताको बारेमा कुरा गरिरहेको हो त ? उसले आफैमा दृढ हुने बारेमा भनिरहेको होइन बरु परमेश्वरले उत्पन्न ख्रीष्टमा हुने दृढता वा निर्धक्कताको बारेमा भनिरहेको हो । किन ? पावलले परमेश्वरबाट अलौकिक कामको अनुभव गरेको कारणले उसले आफ्नो

क्षमतामा निर्भर स्व-निर्धक्ताको विषयमा भनिरहेको होइन । बरु पावलले परमेश्वरको क्षमतामा निर्भर खीष्टमा हुने दृढताको बारेमा भनिरहेको हो ।

**जब तपाईले आफ्नो जीवनमा अलौकिक परिवर्तनहरु अनुभव गर्न थाल्नुहुन्छ तब खीष्टको निर्धक्कता तपाईमा आउँछ ।**

म इमान्दारसाथ तपाईलाई भन्न चाहन्छु कि धेरै इसाईहरु परमेश्वरमा निर्धक्क छैनन् किनकी धेरैले विश्वासको साथ हिँडेर अलौकिक अनुभवहरु  गरेका छैन । यसैकारण, मेरा उत्साह यो हो कि तपाई निरन्तर विश्वासद्धार जिउनुहोस् र तपाईले खीष्टमा निर्धक्कता अनुभव गर्नुहुनेछ र एक दिन तपाईले पनि पावलसँगै यो भन्न सक्नुहुनेछ :

“उहाँलाई जसले हामीभित्र काम गर्ने (परमेश्वरको) शक्ति अनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ ।” एफिसी ३ : २० (कोष्ठको थप)

तापनि, याद गर्नुहोस् कि खीष्टमा निर्धक्क वा दृढ हुने कुरा चाहिँ प्रक्रिया हो । पावलले २ तिमोथी १ : १२ मा त्यो प्रक्रियालाई बताउनको लागि “निश्चय” भन्ने शब्द प्रयोग गरेको छ ।

“यसकारण मैले यी कुराहरु भोगेको पनि छु, तर पनि म शर्माउँदिन, किनभने मैले कसमाथि विश्वास राखेको छु, सो म जान्दछु र मलाई निश्चय छ जुन कुरा त्यस दिन सम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ ।”

जसै हामी विश्वासद्धार हिँड्छौं र हाम्रो जीवनमा परमेश्वरको परिवर्तनको कामहरु अनुभव गर्छौं तब त्यो कुरा हाम्रो लागि पनि साँचो ठहर्नेछ ।

हाम्रो जीवनमा परमेश्वरले गर्न चाहनुभएको काम र उहाँको क्षमताको सम्बन्धमा हामी पनि पावल झै निश्चित हुनेछौं ।

**यसैकारण, जसै हामी हाम्रो जीवनमा परिवर्तनको अनुभव गर्नको लागि निरन्तर विश्वासद्धार हिँड्छौं, परमेश्वरमा हाम्रो दृढता बढ्नेछ**

**प्रश्न** : यदि तपाईले परमेश्वरको वचनले प्रतिज्ञा गरिएको परिवर्तनहरु अनुभव गर्नुभयो भने, त्यसले परमेश्वरले तपाईलाई परिवर्तन गर्न चाहनुहुन्छ र सक्नुहुन्छ भनी उहाँमा भएको निर्धक्कपनलाई अझ के गराउँदछ ?

**मनन गर्नु** : २ तिमोथी १ : १२ माथि मनन गर्नुहोस् र परमेश्वरमा तपाईको दृढता कति रहेछ देखाउनुहोस् भनी पवित्र आत्मालाई भन्नुहोस् ।

**परमेश्वरसँग वातचीत** : परमेश्वरले तपाईको  जीवन परिवर्तन गर्न चाहनुहुन्छ र सक्नुहुन्छ भन्ने कुरामा अझ गहिरो रुपमा निश्चित गराउनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

**उदाहरण** : "प्रभु, परमेश्वरमा मेरो निर्धक्कपन त्यति बलियो वा पूर्ण रुपमा छैन । मेरो जीवन परिवर्तनको लागि तपाईको परिवर्तन गर्ने क्षमता माथि निर्धक्क वा दृढ हुन मलाई सहायता गर्नुहोस् ।"

## *चौथो दिन*

### खीष्टलाई नै तपाईको जीवनको रुपमा लिएर जिउनु :

हामी विश्वासद्धार जिउँदा परमेश्वरको शक्ति हामीमा छोडिन्छ वा आउँछ भन्ने सत्य कुरालाई हामीले हेऱ्यो । त्यसको साथ-साथै जब हामी विश्वासको कदम चाल्छौं, खीष्टको जीवन हामीमा आउँछ । यसैकारण हामी यस अध्यायमा खीष्ट नै हाम्रो जीवन हुनुहुन्छ र उहाँ हाम्रो जीवनमा आउनुहुन्छ भन्ने कुराको गहिरो अर्थ र यसलाई कसरी व्यवहारिक रुपमा लागु गर्ने भन्ने बारेमा हेर्नेछौं ।

खीष्ट नै जीवन हुनुहुन्छ भन्ने पाठ एकको यी दुईवटा पदहरु याद गर्नुहोस्

"...**खीष्ट**, जो **तिमीहरुको जीवन** हुनुहुन्छ" कलस्सी ३ : ४

"बाटो, सत्य र **जीवन म नै हुँ...**" यूहन्ना १४ : ६

### खीष्ट नै तपाईको जीवन हुनुहुन्छ भन्नुको अर्थ के हो ?

**खीष्ट नै तपाईको जीवन हुनुहुन्छ**

**भन्नुको अर्थ चाहिँ तपाईमा अलौकिक, खीष्टको जीवनको चरित्र वा विशेषताहरु उपलब्ध छन्, जुन खीष्टले मात्र प्रबन्ध गर्न सक्नुहुन्छ ।**

तपाईलाई खीष्टको जीवनको चरित्रहरुको उदाहरण दिनको लागि तलका पदहरु हेरौं :

“तर आत्माको फल चाहिँ (खीष्टको) प्रेम, आनन्द, शान्ति, धैर्यता, दया, भलाई , विश्वासनीयता, नम्रता र संयम हुन् ...।” गलाती ५ : २२, २३ (कोष्ठको थप)

“यसकारण परमेश्वरका चुनिएकाहरु, पवित्र र प्रिय भएर तिमीहरुले (खीष्टको) करुणा, दया, दीनता, नम्रता र धैर्य धारणा गर । १३ . एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर । जसरी प्रभुले तिमीहरुलाई  क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरुले पनि क्षमा गर्नुपर्छ । यी सबै भन्दा बढी (खीष्टको) प्रेम धारणा गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ ।” कलस्सी ३ : १२-१४ (कोष्ठको थप)

“अन्तमा, प्रभुमा र उहाँको शक्तिको सामर्थ्यमा बलवान् होऔं” एफिसी ६ : १० ।  गलाती ५ : २२,२३ मा आत्माको फल र कलस्सी ३ : १२-१४ अनुसार हामीले के धारणा गर्नुपर्ने कुराहरु (जस्तै, करुणा, दया, नम्रता इत्यादि) र एफिसी ६ : १० मा भने जस्तै खीष्टमा “बलियो” हुने कुराहरु खीष्टको जीवनका चरित्रहरुको उदाहरणहरु हुन् ।

खीष्ट नै जीवन हुनुहुन्छ भन्ने सम्बन्धमा पाठ एकबाट फेरि केही खीष्टको जीवनको चरित्रहरु वा विशेषताहरु हेरौं :

**खीष्ट नै तपाईको जीवन हुनुहुन्छ भन्नुको अर्थ चाहिँ खीष्ट तपाईको :**

| | | | | |
|---|---|---|---|---|
| शर्तरहित प्रेम | विजय | योग्य | स्वीकार | विश्वास |
| स्वतन्त्रता | धैर्यता | बल | शान्ति | शक्ति |
| क्षमा | समभ्क | सुरक्षा | डररहित | बुद्धि |
| आशा | पर्याप्तपन | नम्रता | विश्वस्त | सहास |
| छुट्याउने शक्ति | निस्वार्थपन | विश्राम | दया | उत्साह |
| धार्मिकता | भालादमीपन | नियन्त्रण | विश्वासनीयता | आनन्द |

हुनुहुन्छ भन्नु हो ।

**<u>केही क्षण यसको बारेमा सोच्नुहोस्</u>** : हर क्षण खीष्टद्धार यी माथिका कुराहरु तपाईको लागि उपलब्ध छ । त्यसैकारण फेरि समय लिएर यस सुचीलाई पढ्नुहोस् ।

**खीष्टको यी चरित्रहरु मध्ये कुन चाहिँ तपाई आफ्नो जीवनमा बढी अनुभव गर्न चाहनुहुन्छ ?**

**खीष्टको जीवन चरित्रहरु र मानिसको चरित्रहरुमा के के भिन्नता छ ?**

खीष्टको जीवन चरित्रहरुको अर्थ अझ राम्रोसँग बुझ्को लागि मानवीय चरित्रहरु पनि हुन्छन् भन्ने कुरा बुझ्नुपर्दछ । हामीलाई थाहा छ कि मानवीय क्षेत्रमा पनि हामीले शान्तिको, धैर्यताको र सुरक्षा इत्यादिको महशुस गर्न सक्छौं । त्यसैकारणले मानवीय चरित्र र खीष्टको जीवन चरित्रहरु बीचको भिन्नता छुट्याओ ।

**मानवीय चरित्रहरु : त्यस्ता भावनाहरु र महशुसहरु जुन मानवबाट उब्जेका हुन्छन् र त्यो परिस्थितिहरुले वा सम्बन्धहरुले त्यसलाई बदल्न सक्छ ।**




उदाहरणको लागि, तपाईको दैनिक जीवन एकदम राम्रोसँग बितिरहेको छ । तपाईले मानवीय शान्ति, आनन्द र सुरक्षाको अनुभूति गर्दै हुनुहुन्छ । तापनि एक दिन तपाई बाहिराबाट घर आउँदा खेरी त केही मान्छे तपाईको घरभित्र पसेर तपाईको पानीको पाइप फुटाई दिएको कारणले तपाईको घर भित्र पानीको ताल बनेको र तपाईको दुई वर्षको छोरोले पनि एकदमै रिस पोखाइरहेको तपाईले भेटाउनुभयो ।

तुरुन्तै तपाईको मानवीय शान्तिको, आनन्दको र सुरक्षाको महशुस के वा कस्तो हुन्छ ? तुरुन्तै बाफ बनेर उडिजान्छ । खीष्टको जीवन चरित्रहरुद्वार जिउँदा खेरी यही अवस्था कस्तो देखिन्छ ? त्यसको जवाफ दिनुभन्दा अगाडि पहिला खीष्टको जीवन चरित्रहरुलाई परिभाषित गरौं ।

**खीष्टको जीवन चरित्रहरु - खीष्टको अलौकिक जीवन चरित्रहरु खीष्टबाट आउँछ र यो कुनै परिस्थितिहरु र सम्बन्धहरुद्वार बदल्न सक्दैन ।**

“यी कष्टहरको बीचमा पनि **म आनन्दले भरिपूर्ण छु** ..” कलस्सी १ : २४

पावल विश्वासको हिँडाईको कारण ऊ यस्तो स्थानमा आइपुग्यो कि ठूलो कष्टको बीचमा पनि उसले ठूलो आनन्द अनुभव गर्न सके । यो चाहिँ मानवीय आनन्द थिएन किनकी यस्तो कष्टको बेलामा मानवीय आनन्दको अनुभव गर्न सकिदैन । पावलले खीष्टको जीवनको आनन्द अनुभव गर्दै थिए जुन आनन्दलाई त्यो कष्टले पनि केही पनि गर्न सकेन ।

माथिकै उदाहरणलाई प्रयोग गर्दै, मानौं कि तपाईले पनि त्यस्तै डाँकाहरु, बाढी र बच्चा रोइरहेको अवस्था सामना गर्नुपऱ्यो र जसको कारणले तपाईमा रीसको भावना, निराश वा अधैर्यपन सिर्जना हुनथाल्यो । त्यही घडीमा विश्वासद्धार तपाईले खीष्टको जीवन चरित्रको शान्ति, आनन्द र धैर्यता लिन सक्नुहुन्छ । (याद गर्नुहोस् कि तपाईमा खीष्टको परिपूर्णता भएको कारणले तपाईको लागि सारा खीष्टको जीवन चरित्रहरु उपलब्ध छ ) । व्यवहारिक रुपमा त्यो कस्तो देखिन्छ ?



“प्रभु मैले मेरो मानवीय आनन्द गुमाउँदै छु र मैले रीसको, निराशको र अधैर्यपनको महशुस गर्दैछु । म तपाईसँग माग गर्दछु कि तपाईले आफ्नो शक्तिद्धार ती भावनाहरको साट्टोमा खीष्टको जीवनको शान्ति, आनन्द र धैर्यताको भावनाले भरि दिनुहोस् ।”

त्यही क्षणमा आत्माले तपाईको रीस, निराश र अधैर्यतापनलाई दबाउनु हुन्छ र खीष्टले उहाँको शान्ति र धैर्यता तपाईमा खन्याउनुहुन्छ । तपाईले तुरुन्तै थाहा नगर्नुहोला तर तपाईले निरन्तर रुपमा उहाँको शान्ति र धैर्यतालाई प्राप्त गर्नुहुनेछ र तपाईको रीसको, निराशको अधैर्यपनको भावनाहरु दबिनेछन् ।

| |
|---|
| मानवीय चरित्र र खीष्टको जीवन चरित्रहरु बीचको मुख्य भिन्नता चाहिँ यो हो कि खीष्टको जीवन चरित्र चाहिँ कुनै पनि सम्बन्धहरुले वा कुनै पनि खराब परिस्थितिले यसलाई लुट्न सक्दैन । |

**प्रश्नहरु** : यदि तपाई खीष्टको जीवन चरित्रको शान्ति, विश्राम, आनन्द, धैर्यता क्षमापन इत्यादिद्धार जिइरहनु भएको छ भने यसले तपाईले आज सामना गरिरहनुभएको संघर्ष र द्धन्द्धलाई कसरी प्रभाव पार्ला ?

**मनन गर्नु** : यदि तपाईले खीष्टको जीवन चरित्रहरु अनुभव गरिरहनु भएको छ भने तपाईको जीवन कति फरक होला भन्ने बारे मनन गर्नुहोस् ।

**परमेश्वरसँग वातचीत** : विश्वासको कदमहरु चाल्दै परमेश्वरलाई तपाईको जीवन परिवर्तन गरिदिनुहोस्, प्रार्थना गर्नुहोस् ताकि तपाईले खीष्टको शान्ति, आनन्द र क्षमापन इत्यादि अनुभव गर्न सक्नुभएको होस् ।

**उदाहरण** : "प्रभु, म तपाईको शान्तिमा हिँड्‌न चाहन्छु । म तपाईमा मेरो जीवन परिवर्तनको लागि भरोस गर्दछु ताकि मैले तपाईको शान्ति अनुभव गर्न सकु ।"

हामीले दैनिक रुपमा सामना गरिरहेको संघर्षको बीचमा खीष्टलाई हाम्रो जविनको रुपमा लिंदा कस्तो देखिन्छ हेरौं :

## आन्तरिक र बाह्‌य संघर्षको बीचमा खीष्टलाई तपाईको जीवनको रुपमा लिंदा

खीष्टलाई हाम्रो जीवनको रुपमा लिनु भन्ने बारेमा कुरा गर्नुभन्दा अगाडि म हामीले सामना गर्ने संघर्षहरुको बारेमा महत्वपूर्ण विचारहरु बाँड्‌न चाहन्छु । पहिलो चाहिँ यो हो :

परमेश्वरले तपाईको प्रतिकुल परिस्थितिहरु वा गाह्रो संघर्षहरुलाई सधै तपाईले खीष्टलाई आफ्नो जीवनको रुपमा लिनुपर्छ भनी याद दिलाउनको लागि प्रयोग गर्नुहुनेछ ।

जब-जब म कुनै पनि संघर्ष गरिरहेका व्यक्ति वा समूहलाई चेला बनाउने काम गर्छु । त्यति खेरा उनीहरु केवल त्यो संघर्षबाट र संघर्षको कारणले पैदा भएको पिडाबाट मात्र छुटकारा पाउने कुरामा केन्द्रित हुन्छन्‌ । तापनि, यो कुरा पनि बुझ्नु महत्वपूर्ण छ कि परमेश्वरले ती संघर्षहरु उहाँमा भर पर्नको निम्ति प्रयोग गरिरहेको हुन्छ ताकि त्यो अवस्थामा उनीहरुले खीष्टलाई उनीहरुको जीवनको रुपमा लिनेछन्‌ । ती अवस्थाहरुमा खीष्टलाई हाम्रो जीवनको रुपमा लिनु खाँचो छ भन्ने कुरा थाहा नगरे सम्म हामीले आफ्नै शक्तिले ती समस्याहरु र संघर्षहरु समाधान गर्ने प्रयास गर्छौ । मैले प्राय यस संघर्षको बारेमा बताएको छु :

**परमेश्वरले तपाईलाई, तपाईले समाधान गर्न नसक्ने समस्याहरुमा यसै कारण सहभागी हुन दिनुहुन्छ किनकी उहाँले तपाईलाई ती समस्याहरु समाधान गर्नको लागि उहाँकहाँ आएको चाहनुहुन्छ, जुन समस्या उहाँले मात्र**

**प्रश्न : आज तपाईले के कस्ता आन्तरिक संघर्षहरु, सम्बन्धको समस्या वा प्रतिकुल परिस्थितिको अनुभव गर्दै हुनुहुन्छ, जुन तपाईले समाधान गर्न सक्दैन जस्तो देखिन्छ ?**

# *पाँचौं दिन*

## **खीष्टलाई “म हुँ” को रुपमा लिनु ।**

हरेक संघर्षहरुले एउटा खाँचोको सिर्जना गराउँदछ । उदाहरणको लागि, तपाईको संघर्षहरुले शान्तिको, धैर्यताको, बुद्धि इत्यादिको खाँचोको सिर्जना गराउन सक्छ । परमप्रभुले पावलद्धार फिलिप्पी ४ : १९ मा यसरी भन्नुहुन्छ :

“मेरो परमेश्वरले तिमीहरुको सबै खाँचोहरु खष्टि येशूमा पूरा गर्नुहुनेछ ।”

पावलले भन्दैछ कि येशू हाम्रो समस्या समाधान गर्ने व्यक्ति हुनुहुन्छ । येशूले ती खाँचोहरु उहाँको जीवनद्धार पूरा गर्नुहुन्छ । अझै येशूले यूहन्ना १४ : ६ मा भन्नुभएको छ : “बाटो सत्य र जीवन म नै हुँ .....।”

खीष्टले हाम्रो खाँचो पूरा गर्ने सम्बन्धमा खीष्ट भन्दै हुनुहुन्छ कि “म नै हुँ” तिमीहरुको हरेक खाँचोहरु पूरा गर्ने । मैले भनेको कुरा बुझ्नको लागि यस पाठको अन्तिम पृष्ठको “म हुँ” भन्ने सुचीलाई हेर्नुहोस् । त्यो सुचीबाट तपाईले देख्नु हुनेछ कि हाम्रो जुन सुकै खाँचोको लागि खीष्ट नै “म हुँ” भन्ने हुनुहुन्छ । त्यसको लागि म तपाईलाई केही व्यवहारिक उदाहरणहरु दिन चाहन्छु र खीष्टलाई “म हुँ” को रुपमा हाम्रो जीवनमा कसरी लागु गर्ने भन्ने बारेमा बताउन चाहन्छु ।

**उदाहरण १** : मानौं तपाईले आफ्नो श्रीमान् वा श्रीमतीबाट अस्वीकारपनको अनुभव गर्दैहुनुहुन्छ । अब तपाईलाई खीष्टको स्वीकारको खाँचो छ । येशू भन्नुहुन्छ “म नै तिम्रो स्वीकार हुँ ।” तपाईले खीष्टको स्वीकारलाई यस प्रकारले लिन सकिन्छ “प्रभु मैले मेरो श्रीमान् वा श्रीमतीबाट अस्वीकारपनको अनुभव गर्दैछु । तपाई नै मेरो स्वीकार हुनको निम्ति म तपाईमा भरोसा गर्दैछु ।”

**उदाहरण २** : मानौं तपाईको कम्पनीमा कर्मचारीको कटौतीको कारणले तपाईको नोकरी गुम्ने खतरा छ । अब तपाईलाई चिन्ता लागेको छ । अब तपाईको खाँचो भनेको खीष्टको शान्ति हो । येशू भन्नुहुन्छ “ म तिम्रो शान्ति हुँ ।” यसैकारण अब तपाईले खीष्टको शान्तिलाई यस प्रकारले लिन सक्नुहुन्छ कि, “प्रभु, मलाई मेरो नोकरी गुमाउल भनी चिन्ता छ । तपाई नै मेरो शान्ति हुनाको लागि म तपाईमा भरोसा गर्दछु ।”

**मनन गर्नु** : खीष्ट नै “म हुँ” भन्ने सत्य माथि मनन गर्नुहोस् ।

**अभ्यास** : तपाईले सामना गरिरहनु भएको आन्तरिक र बाह्य संघर्षहरुमा तपाईलाई के कुराको खाँचो छ ? “म हुँ” भन्ने सुचीमा जानुहोस् र तपाईको संघर्षको लागि लागु हुने “म हुँ” लाई पत्ता लगाउनुहोस् ।

**परमेश्वरसँग वातचीत** : खीष्ट नै तपाईको समस्याको समाधान बन्नुहोस् भनी पुकार गर्नुहोस् । तपाईको समस्या वा संघर्षको जटिलता अनुसार तपाईले निरन्तर उहाँको खोजी गर्नुपर्ने हुन्छ ।

## खीष्ट नै हाम्रो जीवन हुनुहुन्छ भन्ने बारेमा अन्तिम विचार




मैले खीष्टियानहरुले खीष्टसँग धैर्यता, शान्ति, इत्यादि कुरा दिनुहोस् भनी मागेको सुनेको छु । यो चाहिँ एउटा औषधी पसलेसँग साना औषधीहरु मागे जस्तै हो । हामीमा खीष्टको सारा शान्ति, आनन्द र विश्राम जस्ता कुराहरु छन् भने (कलस्सी २ : ९) के अघिबाटै हामीमा भएका कुराहरु माग्नु खाँचो छ र ? अर्को अर्थमा येशू चाहिँ हामीलाई चाहिने औषधी दिनुहुने ईश्वरीय औषधी पसले जस्तो हुनुहुन्न । बरु, उहाँ भन्नुहुन्छ, तिमीलाई चाहिने, "म नै हुँ" जस्तै, म तिम्रो शान्ति, आनन्द र विश्राम हुँ । जसै तपाईले माथिको उदाहरणमा देख्नुभएको छ कि तपाईले खीष्टसँग उहाँको शान्ति, आनन्द र बुद्धि दिनुहोस् भनेर, मागिरहनु पर्दैन । तपाईले साधारण रुपमा उहाँ नै तपाईको शान्ति, आनन्द र बुद्धि भईदिनुहोस् भनी भरोसा गर्नुपर्छ ।

**सत्य यो हो कि खीष्ट नै जीवन हुनुहुन्छ । उहाँले तपाईमा केही कुरा हालिदिई रहनुभएको छैन । बरु उहाँ आफै तपाईको जीवन भएर निरन्तर आफैलाई दिइरहनु भएको छ ।**

## तपाईले सामना गरिरहनुभएको परिस्थितिमा तपाईको खाँचो पूरा हुनाको लागि खीष्टमा विश्वासको कदम चाल्नु

हामीले हाम्रो काम गर्ने ठाउँमा वैवाहिक जीवनमा र विभिन्न परिस्थितिहरुमा कसरी खीष्टलाई "म हुँ" को रुपमा लिने भन्ने बारेमा केही उदाहरणहरु हेरौं :

### तपाईको काम गर्ने ठाउँमा

**उदाहरण १** : मानौं तपाईको जागिर बडो निराशजनक छ, जसै एकदिन तपाई काममा जानुहुन्छ, त्यो निराशको स्वामित्व तपाईले लिइरहनु भएको पाउनुहुन्छ, जुन निराशले तपाईको खीष्टमा भएको शान्ति

र विश्रामलाई लुटिरहेको छ । खीष्टलाई तपाईको जीवनको रुपमा लिनको लागि तपाईले विश्वासको कदम यसरी चाल्न सक्नुहुन्छ :

**विश्वासको कदम** : "प्रभु मेले यसको स्वामित्व लिइरहेको छु र मेरो कामको निराशको कारणले म थकित भएको छु । तपाई मेरो शान्ति र विश्राम हुनाको लागि म तपाईमा भरोसा गर्दछु ।"

**मुख्य सत्य** : त्यो निराशको बोझबाट मुक्त हुनाको लागि र खीष्टको शान्तिको अनुभव गर्न धेरै विश्वासको कदमहरु चाल्नुपर्ने हुन सक्छ तर अन्तमा तपाईले शान्तिको अनुभव गर्नुहुनेछ ।

**उदाहरण २** : मानौं, भर्खरै तपाईले आफ्नो जागिर गुमाउनुभयो र तपाईमा डर, चिन्ता र रीसको भावना सृजना हुना थालेको छ । त्यतिखेरा तपाईलाई खीष्ट तपाईको साहस, विश्राम र विश्वस्तता हुनु खाँचो छ ।

**विश्वासको कदम** : "प्रभु मैले भर्खरै मेरो जागिर गुमाएको छु । मलाई चिन्ता फिक्री भइरहेको छ । यो अवस्था वा परिस्थितिमा तपाई मेरो शान्ति र विश्राम हुनको निम्ति तपाईमा भरोसा गर्दछु ।"

**अभ्यास** : "म हुँ" भन्ने पृष्ठ हेर्नुहोस् । के तपाईको समस्यामा खीष्टको "म हुँ" भन्ने कुन कुरा लागु हुन्छ ? तपाई मेरो समस्याको समाधान गर्न "म हुँ" हुनुहोस् भनी खीष्टसँग प्रार्थना गर्नुहोस् ।

## तपाईको विवाहमा

**उदाहरण १** : म अनुमान गर्दछु तपाईले आफ्नो पत्ती वा पत्नीलाई खीष्टको प्रेमले प्रेम गर्न चाहनुहुन्छ । (यदि चाहनुहुन्न भने, कुरा गरौं) तपाईलाई थाहा छ कि तपाई आफैले आफ्नो श्रीमान् वा श्रीमतीलाई चाहिने शर्त रहित प्रेम उत्पन्न गर्न सक्नुहुन्न । त्यसैकारण तपाईले आफ्नो श्रीमतीलाई प्रेम गर्नको लागि विश्वासको कदम यसरी चाल्न सक्नुहुन्छ ।

**विश्वासको कदम** : "प्रभु, मैले मेरो जोडीको लागि चाहिने शर्तरहित प्रेम पैदा गर्न सक्दिन । तपाईले मद्धार खीष्टको शर्तरहित प्रेमले मेरो श्रीमान् वा श्रीमतीलाई प्रेम गर्न तपाईसँग विश्वाससाथ माग गर्दछु ।"

**याद गर्नुहोस्** : जसै तपाईले यो प्रार्थना गर्नुहुन्छ, तपाईले खीष्टको प्रेम तपाईबाट बगेर गएको थाहा नपाउला तर खीष्टको प्रेम तपाईबाट बगिरहेको छ भन्ने कुरा विश्वासद्धार थाहा पाउनुहोस् । जसै तपाईले विश्वासको कदम चाल्नुहुन्छ, परमेश्वरले अलौकिक रुपमा तपाईको श्रीमान् वा श्रीमतीलाई तपाईद्धार साँच्चै प्रेम गरिरहेको हुनेछ ।

**चुनौति** : यो विश्वासको कदम आउँदो तीस दिन चाल्नुहोस् र तपाईले आफ्नी श्रीमती प्रति हेर्ने दृष्टिकोण र तपाईको श्रीमतीले तपाईलाई हर्ने दृष्टिकोणमा आएको परिवर्तनलाई ख्याल गर्नुहोस् । तपाईले आफ्नो वैवाहिक सम्बन्धमा अलौकिक परिवर्तन देख्नु हुनेछ ।

**उदाहरण २** : मानौं, तपाईको श्रीमान् वा श्रीमतीले यस्तो कामहरु गर्छ, जुन कुराले तपाईलाई अधैर्य बनाउँछ । त्यो घडीमा तपाईले विश्वासको कदम चाल्दै खीष्टको धैर्यतालाई लिन सक्नुहुन्छ ।

**विश्वासको कदम** : "प्रभु, मेरो जोडीले मेरो धैर्यताको जाँच गरिरहेको छ । मेरो जोडीप्रति तपाई मेरो धैर्य बन्नुहोस् भनी माग गर्दछु ।

**नोट** : के तपाईले यो ख्याल गर्नुभएको छ, "मैले तपाईलाई  धैर्य धारण गर्नको लागि सहायता माग्नुहोस् भनिरहेको छैन ।" येशूले तपाईलाई धैर्य गर्न सहायता गर्न चाहनुहुन्न । उहाँ नै तपाईको धैर्य हुनुहुन्छ ।

## तपाईको परिस्थितिमा लागु

**उदाहरण १ :** मानौ, तपाईलाई आर्थिक रुपमा समस्या भइरहेको छ । अब के गर्ने होला भनेर तपाई चिन्तित हुनुहुन्छ । चिन्तित हुनुभन्दा बरु विश्वास साथ परमेश्वरसँग कुरा गर्नुहोस् ।

**विश्वासको कदम :** "प्रभु, मेरो बिल कसरी तिर्ने होला भनी म साँच्चै चिन्तित छु । म तपाईको सर्वभौमिकतामा भरोसा गर्छु र तपाई मेरो शान्ति, विश्राम हुनुहोस् र बाटो खोलिदिनुहोस् ।"

**उदाहरण २ :** मानौ, डाक्टरले तपाईलाई गम्भीर रोग लागेको छ भनी बताएको छ । अब तपाईमा डर छाएको छ तर तपाईले विश्वासको कदम चाल्ने निर्णय गर्नुहोस् ।

**विश्वासको कदम** : "प्रभु, अब मलाई के हुने भनी म अति त्रसित छु । तपाई मेरो सहास र बल हुनुहोस् र मबाट डर हटाईदिनुहोस् भनी तपाईमा भरोसा गर्दछु ।

**अभ्यास** : तपाईले सामना गरिरहनु भएको कुनै पनि प्रतिकुल  परिस्थिति वा नकारात्मक परिस्थिति ( आर्थिक, स्वास्थ्य इत्यादि) लाई हेर्नुहोस् र ती परिस्थितिहरुको कारणले तपाईमा के कस्ता समस्या वा खाँचोहरु सिर्जना गरिएको छ, त्यो निर्धारण गर्नुहोस् । फेरि "म हुँ" भन्ने पृष्ठमा जानुहोस् र ती क्षेत्रहरुमा विश्वासको कदम चाल्न थाल्नुहोस् ।

## खीष्टलाई तपाईको जीवनको रुपमा लिंदा याद गर्नुपर्ने मुख्य बुँदाहरु :

१. जब तपाईले खीष्टलाई तपाईको खाँचो पूरा गर्ने व्यक्तिको रुपमा भरोसा गर्नुहुन्छ, तब तपाईले त्यो घडीमा खीष्टको जीवनको पूर्णता प्राप्त गर्नुहुन्छ (उहाँको सबै शान्ति, बल, शर्तरहित प्रेम इत्यादि) ।

२. याद गर्नुहोस् कि खीष्टले आफ्नो जीवन तपाईमा खन्याउने कार्य चाहिँ एक अलौकिक प्रक्रिया हो ।

३. यो चाहिँ अलौकिक कार्य भएको कारणले तपाईले खीष्टलाई जुन कुराको वा व्यक्तिको रुपमा भरोसा गर्दै हुनुहुन्छ, तपाईले त्यसलाई तुरुन्तै महशुस वा अनुभव नगर्न सक्छ ।

४. तपाईले महशुस वा अनुभव नगरे तापनि त्यसले ख्रीष्टले अफ्नो पूर्ण शान्ति, धैर्यता इत्यादि खन्याईरहनु भएको सत्य कुरालाई बदल्दैन ।

५. हामीले मागेको बेलामा ख्रीष्टको जीवनलाई हामीले महशुस वा अनुभव गरोस् वा नगरोस्, विश्वासद्धार उहाँले उहाँको शान्ति, धैर्यता खन्याईरहनु भएको कुरा थाहा गर्दछौं ।

## पाठ तीनको सरांश

१. विश्वासको कदमले तपाईमा परमेश्वरको शक्तिलाई फुकाइन्छ वा छोडिन्छ ।

२. हामीमा भएको शक्ति त्यही शक्ति हो जुन शक्तिले खष्टिलाई मृत्युबाट जीवित पार्नुभयो ।

३. हामीमा यो शक्ति छोडिएको कारणले हामीले मनको नयाँपन, विजय, छुटकारा र परिवर्तनको अनुभव गर्न थाल्नेछौं ।

४. परमेश्वरको शक्ति अलौकिक शक्ति भएको कारणले उहाँले गर्नुहुने परिवर्तनलाई मानिसले व्याख्य गर्न सक्दैन ।

५. अलौकिकको अर्थ चाहिँ हामीले हामीमा परमेश्वरको शक्तिलाई महशुस वा अनुभव नै गर्नुपर्छ भन्ने होइन नता उहाँले कसरी गर्नुहुन्छ भन्ने कुरा जान्नै पर्ने हो ।

६. तापनि हामीले परमेश्वरको शक्तिले हामीमा काम गरेको महशुस वा अनुभव नगरे तापनि, अन्तमा हामीले परमेश्वरले प्रतिज्ञा गर्नुभएको परिवर्तनलाई अनुभव गर्नेछौं ।

७. जसै हामीले ती परिवर्तनहरु अनुभव गर्छौं, परमेश्वरले परमेश्वर प्रतिको निर्धक्कता उत्पन्न गर्नुहुनेछ ।

८. हामीले हाम्रो वैवाहिक जीवनमा, काम गर्ने ठाउँमा, परिवार र कुनै पनि खराब परिस्थितिमा सामना गर्नुपर्ने संघर्षहरुमा हर क्षण ख्रीष्टको जीवन चरित्रहरु लिन वा प्राप्त गर्न सक्छौं ।

## "म तिम्रो जीवन हुँ"

जसै तपाईको जीवनमा समस्याहरु खडा हुन्छ, ख्रीष्ट नै तपाईको समस्या समाधान गर्ने "म हुँ" हुनुहुन्छ । तपाईको व्यक्तिगत खाँचोहरुलाई त्यहाँ राख्नुहोस् र आफ्नो समस्याको समाधान गर्नुहोस् ।

तपाईको खाँचो................? येशू भन्नुहुन्छ "म तिमीहरुको ............।"

म तिम्रो प्रेम हुँ - गलाती ५ : २२

म तिम्रो पूर्णता हुँ - कलस्सी २ : १०

म तिम्रो आनन्द हुँ - यूहन्ना १५ : ११

म तिम्रो सन्तुष्टि हुँ - १ कोरिन्थी १ : ३०

म तिम्रो योग्यता हुँ - २ कोरिन्थी ३ : ५

म तिम्रो उदेश्य हुँ - एफिसी १ : १०

म तिम्रो बुद्धि हुँ - १ कोरिन्थी १ : ३०

म तिम्रो परिचय हुँ - २ कोरिन्थी ५ : १७

म तिम्रो मार्ग हुँ - यूहन्ना १४ : ६

म तिम्रो सुरक्षा हुँ - हितोपदेश १ : ३३

म तिम्रो सत्य हुँ - यूहन्ना

म तिम्रो भलाई हुँ - गलाती ५ : २२

म तिम्रो विश्राम हुँ - मत्ती ११ : २८

म तिम्रो निर्धक्कता हुँ - २ कोरिन्थी ३ : ४

म तिम्रो मन हुँ - १ कोरिन्थी २ : १६

म तिम्रो करुणा हुँ - भजनसंग्रह २५ : ६

म तिम्रो इच्छा हुँ - भजनसंग्रह ७३ : २५

म तिम्रो क्षमा हुँ - दानिएल ९:९

म तिम्रो सफलता हुँ - रोमी ८ : ३७

म तिम्रो सहनशीलता हुँ - हिब्रु १० : ३६

म तिम्रो शान्ति हुँ - एफिसी २ : १४

म तिम्रो लगनशिलता हुँ - हिब्रु १२ : २

म तिम्रो भरोस हुँ - रोमी १५ : ५

म तिम्रो बल हुँ - रोमी ६ : १०

म तिम्रो सर्वभौमिकता हुँ - १ तिमोथी ६ : १५

म तिम्रो घनिष्टता हुँ - भजनसंग्रह १३९ : ३

म तिम्रो दया हुँ - गलाती ५ : २२

म तिम्रो नम्रता हुँ - मत्ती ११ : २९

म तिम्रो स्वीकार हुँ - रोमी १५ : ७

म तिम्रो विश्वासनीयता हुँ - गलाती ५ : २२

म तिम्रो खाँचो पूरा गर्ने वास्ता हुँ - गलाती ४ : १९

म तिम्रो उद्धारक हुँ - भजनसंग्रह १८ : २

म तिम्रो स्वतन्त्र हुँ - यूहन्ना ८ : ३२

म तिम्रो विजय हुँ - १ कोरिन्थी १५ : ५७

म तिम्रो भलाई हुँ - गलाती ५ : २३

म तिम्रो साहास हुँ - यूहन्ना १६ : ३३

म तिम्रो विजेता हुँ - रोमी ८ : ३७

म तिम्रो पवित्रता हुँ - कलस्सी ३ : १२

म तिम्रो संयम हुँ - २ तिमोथी १ : ७

म तिम्रो मुक्ति हुँ - भजनसंग्रह २७ : १

म तिम्रो भरोसा हुँ - यर्मिया १७ : ७

म तिम्रो अगुवाई गर्ने व्यक्ति हुँ - भजनसंग्रह ४८ : १४
म तिम्रो गोठालो हुँ - भजनसंग्रह २३ : १
म तिम्रो सान्त्वनाकर्ता हुँ - यूहन्ना १४ : १६
म तिम्रो अब्बा हुँ - गलाती ४ : ५-६
म तिम्रा आशा हुँ - कलस्सी १ : २७

म तिम्रो जीवन हुँ - यूहन्ना १४ : ६

# *पाठ चार*

# परमेश्वरको विजयको, छुटकाराको र चंगाईको प्रतिज्ञाहरुको अगुवाई गर्नु

## पहिलो दिन

## पाठ चारको सर्वेक्षण

- **"विश्वास गरिरहनु" विरुद्ध परिवर्तनको अनुभव बारेमा बुझाई ।**
- **हाम्रो मनलाई ख्रीष्टको सत्यतामा पूर्ण नयाँ पार्ने परमेश्वरको प्रक्रिया ।**
- **पराजित गराउने पापमय ढाँचा र किल्लाहरुबाट छुटकाराको र विजयको अनुभव गर्नु ।**
- **हाम्रो विगत र वर्तमान चोटहरुलाई निको पार्ने परमेश्वरको प्रक्रिया ।**

## परिचय

यहाँसम्म आइपुग्दा, तपाईले आफ्नो जीवनको जुन क्षेत्रहरुमा परिवर्तनको अनुभव गर्न चाहनुहुन्छ, ती कुराहरुको लागि तपाईले विश्वासको कदम चाल्नु शुरु गरि सक्नुभएको छ भनी म आपेक्षा गर्दछु । यदि तपाईले थाल्नुभएको छ भने, म आशा गर्दछु कि तपाईले केही हदसम्म तपाईको विचारहरुमा भावनाहरुमा र छनौटहरुमा परिवर्तनको अनुभव गर्नुभएको छ । यस पाठमा, कसरी हाम्रो विश्वासको हिँडाईले हाम्रो जीवनमा तलका परिवर्तनहरु ल्याउन सक्छ भन्ने बारेमा हेर्नेछौं ।

- झुठो वा गलत विश्वासबाट हाम्रो मनलाई परमेश्वरको सत्यतामा विश्वास गर्न पूर्ण नयाँ पार्नु । रोमी १२ : २
- हामीलाई पराजित गर्ने पापमय ढाँचा र शारीरिक व्यवहारबाट छुटकारा र विजयको अनुभव गर्नु १ कोरिन्थी १५ : ५७
- विगतका चोटहरुबाट चंगाईको अनुभव गर्नु । भजनसंग्रह १४७ : ३

यस विषयमा कुरा गर्नु भन्दा अगाडि, म तपाईलाई विश्वासको हिँडाईको सम्बन्धमा महत्वपूर्ण सत्य बताउन चाहन्छु ।

## "विश्वास गरिरहनु" विरुद्ध अनुभव

म विश्वास गर्छु कि यो चाहिँ यस अध्ययनको अति महत्वपूर्ण भाग हो । यसैकारणले जुन कुरा तपाई पढ्न गइरहनुभएको छ, त्यसको बारेमा समय लगाएर सोच्नुहोस् र मनन गर्नुहोस् ।

धेरै पटक तपाई विश्वाससाथ हिँडिरहँदा तपाईले परिवर्तन चाहेको क्षेत्रमा परमेश्वरको जीवन र शक्तिले काम गरिरहनु भएको कुरा तपाईले महशुस वा अनुभव गर्नुहुन्न । तापनि विश्वासको केही हिँडाई पश्चात् तपाईले आफ्नो सोचाइमा, विश्वासमा, छनौटहरुमा र व्यवहारहरुमा परिवर्तनको अनुभव गर्न थाल्नुहुनेछ :

हामीले परिवर्तनको अनुभव नगरेसम्मको हाम्रो विश्वासको हिँडाईलाई म "विश्वास गरिरहनु" भनेर भन्छु ।" "विश्वास गरिरहनु" को अर्थ के हो ?

**"विश्वास गरिरहनु"**

**को अर्थ चाहिँ तपाईले वास्तविक परिवर्तनको अनुभव नगर्नु भए सम्म तपाईले परमेश्वरले काम गरिरहनु भएको छ भन्ने कुरा महशुस वा अनुभव नगरे तापनि परमेश्वरले काम गरिरहनु भएको छ भनी निरन्तर रुपमा विश्वास गर्नु हो ।"**

विश्वासको हिँडाईको मुख्य कुरा चाहिँ तपाईले आफ्नो विचारहरुमा, छनौटहरुमा, विश्वासहरुमा वा व्यवहारहरुमा परिवर्तनको अनुभव नगरे सम्म निरन्तर रुपमा "विश्वास गरिरहनु" हो ।

मानौ, तपाईले कोही व्यक्तिलाई प्रेम गर्न सक्नुभएको छैन वा प्रेम गर्न गाह्रो भइरहेको छ । जसै तपाईले अघिल्लो पाठमा थाहा पाउनुभएको छ कि तपाईमा सबै खीष्टको प्रेम छ । त्यसैकारणले खीष्टको प्रेमलाई लिनको लागि विश्वासको कदम चाल्न थाल्नुहोस् र विश्वासको कदमलाई यस प्रकारले चाल्न सकिन्छ, "प्रभु म त्यो व्यक्तिलाई प्रेम गर्न सक्दिन । त्यो व्यक्तिलाई प्रेम गर्नको लागि म तपाईको प्रेमलाई लिइरहेको छु ।

यसो गर्दा शुरुमा नै तपाईले खीष्टको प्रेम महशुस वा अनुभव नगर्नु होला । तापनि यदि तपाई विश्वासद्धार जिइरहनु भएको छ भने, जे हामीले जानेका छौं, के त्यही नै साँचो हो त ? त्यो व्यक्तिलाई प्रेम गर्नको लागि खीष्टले उहाँको प्रेम तपाईमा निरन्तर खन्याइरहनु भएको हुन्छ । यद्यपि त्यति नै खेरा तपाईले खीष्टको प्रेम अनुभव नगर्नु भए तापनि म त्यसलाई "विश्वासको" प्रेम भन्छु । यदि तपाईले निरन्तर "विश्वास गरिरहनु" हुन्छ भने अन्तमा तपाईले त्यो व्यक्तिलाई खीष्टको प्रेमले प्रेम गर्न शुरु गरेको अनुभव गर्नुहुनेछ । याद गर्नुहोस् कि विश्वास देखि अनुभव सम्म पुऱ्याउने काम चाहिँ आत्माको

अलौकिक काम हो र यसको लागि समय लाग्न सक्छ । तल चाहिँ “विश्वासदेखि अनुभव” जाँदा कस्तो देखिन्छ भन्ने कुराको चित्रण छ ।




**विश्वास देखि अनुभव सम्म जाने प्रक्रिया**

## व्यक्तिगत गवाही /कथा

परमेश्वरले कसरी मलाई “विश्वासको” प्रेम बाट “अनुभव” प्रेममा डोर्‍याउनुभयो भन्ने बारेमा बताउन चाहन्छु । मेरो एक जना नातेदार थियो जसलाई मैले प्रेम गर्न सकेको थिएन । त्यो व्यक्तिको बारेमा यस्ता कुराहरु थिए जसले मलाई रीस उठाउथ्यो । (के तपाईलाई कोही यस्तो व्यक्ति थाहा छ ?) यस सत्यताको बारेमा केही समय शिक्षा दिएपछि, प्रभुले मलाई यो व्यक्तिको याद गराईदिनुभयो र मेरो मनमा यो विचार हालिदिनुभयो ।

“तिमीले प्रेम नगर्ने तिम्रो त्यो नातेदारको बारेमा के छ त ? के तिमीले अरुहरुलाई दिइरहेको शिक्षा यस व्यक्तिसँग लागु गर्न सक्छौं ?” मेरो पहिलो प्रतिक्रिया चाहिँ “त्यसो होइन वा हुँदैन” भन्ने थियो । मेरो समस्या चाहिँ यो थियो कि म मेरो त्यो नातेदारलाई प्रेम गर्न चाहँदैन थिए । त्यस पछि प्रभुले फेरि मेरो मनमा अर्को विचार हालिदिनुभयो “मलाई थाहा छ कि तिमीले यस

व्यक्तिलाई प्रेम गर्न चाहँदैनौ तर के तिमीले मलाई तिमीद्धार भएर यस व्यक्तिलाई प्रेम गर्न दिन्छौं ?" मैले भने। "हुन्छ, तपाईले मद्धार यो व्यक्तिलाई प्रेम गर्ने कुरामा राजी म छु ।"

यसैकारण, प्रभुले मद्धार भएर यस व्यक्तिलाई प्रेम गर्नको लागि विश्वासको कदम चाल्दै निरन्तर "विश्वास गरिरहन" थाले । यो "विश्वास गरिरहने" प्रक्रिया १८ महिना सम्म चलिरह्यो । ती दिनमा मैले त्यो व्यक्तिको प्रति कुनै प्रेमको महशुस गरिरहेको थिएन तर म विश्वास साथ अघि निरन्तर बढिरहे । चाखलाग्दो कुरा चाहिँ यो हो कि ती १८ माहिनाको अवधिमा मैले त्यो व्यक्ति मसँग नजिक भएको देखे । उनीहरु मप्रति बढी जवाफदेही र मप्रति बढी प्रेमिलो भए । म छक्क परे किनभने त्यो व्यक्तिप्रति मैले ममा कुनै प्रेमको महशुस गरिरहेको थिएन ।

तापनि, १८ महिना पछि एक दिन म यो नातेदारको घरमा गए, मैले म भित्र यो व्यक्तिको लागि परमेश्वरको शर्तरहित प्रेमको महशुस गरे । बाँचुञ्जेल सम्म म त्यो दिनलाई बिर्सिदिन किनकी यो चाहिँ मेरो जीवनमा परमेश्वरले गर्नु भएको अति अलौकिक काम थियो । म परमेश्वरको परिवर्तन गर्ने शक्ति देखेर छक्क र अचम्म माने ।

के तपाईले, परमेश्वरले मेरो जीवनमा (उनीहरुको लागि) गर्नुभएको परिवर्तनलाई कल्पना गर्न सक्नुहुन्छ जसले ममा परमेश्वरको निर्धक्कता ल्यायो ?

**प्रश्न :** के तपाईको जीवनमा कोही व्यक्ति छन् जसलाई तपाईले प्रेम गर्न सक्नु भएको छैन ? परमेश्वरलाई तपाईद्धार भएर त्यो व्यक्तिलाई प्रेम गर्न दिनको लागि के तपाई राजी हुनुहुन्छ ? यदि राजी हुनुहुन्छ भने, विश्वासको कदम चाल्न शुरु गर्नुहोस् र यदि तपाईले निरन्तर "विश्वास" गरिरहनु भयो भने तपाईले पनि (मैले झै) यस व्यक्तिको लागि खीष्टको प्रेम अनुभव गर्नुहुनेछ । यदि तपाई परमेश्वरलाई तपाईद्धार भएर त्यस व्यक्तिलाई प्रेम गर्न दिन राजी हुनुहुन्न भने, प्रभुलाई तपाईको इच्छा परिवर्तन गरिदिनुहोस् भनेर भन्नुहोस् ताकि परमेश्वरलाई तपाईद्धार भएर त्यो व्यक्तिलाई प्रेम गर्न दिनको लागि राजी हुन सकोस् ।

## लामो समय सम्म "विश्वास गरिरहन" को निम्ति गाह्रो हुनुको दुईवटा कारणहरु

### १. हामी तुरुन्तै सन्तुष्टि पाउन चाहने सँस्कृतिमा जिएका छौं ।



“विश्वास गरिरहन” को लागि गाह्रो हुनुको एउटा कारण चाहिँ हामी तुरुन्तै सन्तुष्टि पाउन चाहने सँस्कृतिमा जिउँछौं जसले भन्छ “मलाई अहिल्यै चाह्यो वा म अहिल्यै चाहन्छु । म यसलाई बिजुलीद्धार तुरुन्तै खाना पकाउने वा बनाउने चुल्हो (माइक्रोवेभ) सँस्कृति भन्छु । हामीले त्यो अवधारणलाई हाम्रो विश्वासको हिँडाईमा पनि ल्याउँछौं र हामी तुरुन्तै परिवर्तनको अनुभव गर्न चाहन्छौ । तर सत्यता यो हो कि धेरै पटक हाम्रो विश्वासको हिँडाई चाहिँ एउटा यात्रा हुनेछ तर छिटो दगुरेर पूरा गर्ने छोटो दुरीको दौड होइन । तपाईलाई परिवर्तनको अनुभव गर्नको लागि केही समय लाग्न सक्छ ।

म इमान्दार साथ भन्न चाहन्छु कि यो नै पहिलो कारण हो जसको कारणले अधिकांश खीष्टियानहरुले कहिल्यै अलौकिक परिवर्तनको अनुभव गर्न सकेका छैन । उनीहरु परिवर्तन तुरुन्तै अनुभव गर्न चाहन्छन् तर परिवर्तनको अनुभव गर्नको लागि चाल्नुपर्ने विश्वासको कदम पर्याप्त मात्रमा चाल्न चाहँदैनन् ।

विश्वासको हिँडाईको सम्बन्धमा सब भन्दा मुख्य प्रश्न यो हो कि :

**के तपाई परिवर्तनको अनुभव गर्नको लागि निरन्तर “विश्वास**

## २. <u>शैतानले तपाईको विश्वासको हिँडाईलाई छोड्नको लागि परिक्षा ल्याउँछ ।</u>

हामीलाई “विश्वास गरिरहन” गाह्रो हुनुको दोस्रो कारण चाहिँ तपाईले परिवर्तन र छुटकाराको अनुभव गरेको शैतान चाहदैन । त्यसैकारण जसै तपाई निरन्तर विश्वासमा अगि बढ्नुहुन्छ, शैतानले तपाईमा निराश र शंका सिर्जना गरेर तपाईको विश्वासको हिँडाईलाई छोड्नको लागि परिक्षा ल्याउँछ । किनभने जब तपाई निराशित हुन्छ वा तपाईमा परमेश्वरप्रति शंका उब्जिन्छ, तब तपाईले सजिलै प्रकारले विश्वासको हिँडाईलाई छोड्छ वा त्याग्छ । हामी पाँचौं पाठमा हाम्रो विश्वासको हिँडाईमा शैतानले ल्याउने बाधाहरुको बारेमा हेर्नेछौं ।

**<u>यस विषयमा अन्तिम विचार :</u>**

| |
|---|
| **“विश्वास गरिरहने” समय अवधिमा परिवर्तनको अनुभव नगर्नु भए सम्म ख्रीष्टको धैर्यता र सहनशीलतालाई लिन याद गर्नुहोस्** |

मलाई थाहा छ कि मेरो विश्वासको हिँडाईमा पनि धेरै पटक म अधैर्य भएको थिए वा मैले तुरुन्तै परिवर्तनका कुराहरु नदेखेको कारणले विश्वासको हिँडाईलाई छोड्न चाहन्थे । जब मेरो जीवनमा ती कुराहरु आउँथ्यो, मैले ख्रीष्टको धैर्यता र सहनशीलताको खोजी गर्थे । मैले यसरी गर्थे :

**<u>उदाहराण</u>** : प्रभु, केही समय देखि म विश्वाससाथ हिँड्दै छु तर मैले कुनै परिवर्तनको अनुभव गरिरहेको छैन । म अधैर्य भएको छु । तपाई मेरो धैर्यता र सहनशीलता हुनुहोस् भनी म तपाईमा भरोसा गर्दछु । मेरा ईच्छाहरु बद्ली गर्नुहोस् ताकि म निरन्तर विश्वासको कदमहरु चाल्न सकौं ।

हामीले परिवर्तनको अनुभव गर्नु भन्दा अगाडि कति लामो समय सम्म “विश्वास गरिरहनु” पर्छ भन्ने कुरा बताउन सके हुन्थ्यो तर म सक्दिन (यदि परमेश्वरले तपाईलाई बताउनु भएमा, मलाई पनि भन्नुहोस् ।) एउटा कुरा मैले के सिकेको छु भने हामीले परिवर्तनको प्रतिज्ञा गरिरहेको बेलामा परमेश्वरले हाम्रो विश्वासलाई बढाई रहनुभएको हुन्छ । त्यसैकारण जसै तपाई यस अध्ययनमा अगाडि बढ्नुहुन्छ, यो विश्वास देखि अनुभवको सिद्धान्तलाई प्रयोगा गर्नुहोस् । हाम्रा गलत विश्वास, पराजित गराउने पापमय ढाँचाहरु र चोटहरुमा यी सत्यहरु कसरी लागु गर्ने भन्ने कुरामा जानु भन्दा अगाडि पहिला मैले हरसमय मेरो व्यक्ति जीवनमा प्रयोग गर्ने “विश्वास” को मुख्य शब्दलाई हेरौं ।

## *दोस्रो दिन :*

## परिवर्तन प्रक्रियामा विश्वासको मुख्य शब्द : भरोसा



"तिनीहरुले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नु भएन, दु : ख भोग्नु हुँदा उहाँले धम्की दिनुभएन, तर उचित न्याय गर्नुहुने माथि उहाँले आफैलाई सुम्पिनुभयो" १ पत्रुस २ : २३ । यदि तपाई खीष्टियान हुनुहुन्छ भने, तपाईलाई भरोसा, माग्नु जस्ता विश्वासका शब्दहरु थाहा छ । तापनि अर्को पनि यस्तो विश्वासको शब्द छ, जुन शब्दलाई म विश्वासको अति प्रभावकारी शब्दको रुपमा लिन्छु, त्यो शब्द हो "सुम्पिनु" । सुम्पिनुको अर्थ के हो ?

**सुम्पिनु**

**तपाईले पक्रिरहनु वा समातिराख्नु भएको कुनै व्यक्ति वा वस्तुलाई सुरक्षाको निम्ति परमेश्वरलाई दिनु हो ।**

धेरै खीष्टियानहरुको समस्या यो छ कि उनीहरुले अरुसँगको सम्बन्धको समस्या र अरु परिस्थितिका समस्याहरुलाई आफैले सम्हाल्ने प्रयास गरिरहेका हुन्छन्, जबकि परमेश्वरले उनीहरु आफैले त्यसो गरोस् भनी चाहना गर्नुभएको छैन । जसको परिणाम स्वरुप निरन्तर पीडा, कष्ट र झन्झट भइरहेको हुन्छ । परमेश्वरले कहिल्यै त्यो समस्याको समाधान गर्ने जिम्मा तपाई आफैले लिओस् भन्ने चाहनुहुन्न । तपाईप्रति उहाँको इच्छा चाहिँ तपाईले हरेक संघर्षहरु हरेक द्वन्द्धहरु र हरेक प्रतिकूल परिस्थितिहरु उहाँलाई सुम्पिदिओस् भन्नु हो । किन ? किनभने ती समस्यालाई साँचो रुपमा समाधान गर्न सक्ने त उहाँ मात्रै हुनुहुन्छ ।

मैले सधै मेरो यो उदाहरणलाई प्रयोग गर्ने गर्छु कि मलाई मन पर्ने एउटा मेक्सिकन रेस्टुरेन्ट थियो जहाँ मलाई जान मन लाग्थ्यो । उनीहरुले खाना ल्याउने बेला तातो होला भनेर खानाको थाल मूनि सानो प्याड वा नरम कागज प्रयोग गरेर ल्याउँथे र मलाई पनि कि थाल तातो छ है भनेर भन्थे ।

तापनि एक दिन मैले बिर्सेर थाल समातिहाले । धेरै बेर त समातेन तसर्थ धेरै त पोलेन । कल्पना गर्नुहोस् कि यो तातो थालले तपाईले अनुभव गरिरहनु भएको आन्तरिक र बाह्य द्वन्द्वलाई प्रतिनिधित्व गर्दछ । यदि तपाईले त्यो थाललाई समाति रहे के हुन्छ ? तपाईले निरन्तर त्यो पोलेको पीडा महशुस गर्नुहुनेछ भन्न खोजेको कुरा चाहिँ यो हो कि हामीले त्यो तातो थालसँग झै हरेक संघर्ष वा द्वन्द्वप्रति व्यवहार गर्नुपर्दछ । तपाई आफैले त्यो समातिरहेको परमेश्वर चाहनुहुन्न । त्यो समस्या समाधान गर्नको लागि तपाईले त्यसलाई उहाँमा सुम्पेको परमेश्वर चाहनुहुन्छ ।

**सत्य यो हो कि कुनै पनि आन्तरिक वा बाह्य समस्याहरुलाई तपाई आफैले समाधान गरोस् भन्ने प्रकारले परमेश्वरले तपाईलाई बनाउनु भएको होइन । परमेश्वरले ती सबै कुराहरु उहाँमा सुम्पि दिओस्**

यस पाठको बाँकी भागहरुको सम्बन्धमा पनि परमेश्वरले तपाईको गलत विश्वास तपाईलाई पराजित गराउने पापमय ढाँचाहरु र चोटहरु परिवर्तन गर्नको लागि उहाँमा सुम्पेको चाहनुहुन्छ । जसै हामी परमेश्वरको परिवर्तनको प्रतिज्ञाहरुको सम्बन्धमा विश्वासको कदमहरुलाई हेर्छौं, ती प्रतिज्ञाहरुमा लागु गर्नको लागि म यो "सुम्पिनु" भन्ने शब्द प्रयोग गर्नेछु ।

## परमेश्वरको परिवर्तनका प्रतिज्ञाहरु अनुभव गर्नको लागि कसरी विश्वासको कदम चाल्नु पर्ला ?

यस पाठको बाँकी भागमा र अर्को पाठमा हामी परमेश्वरको शक्तिलाई अनुभव गर्नको लागि कस्तो विश्वासको कदम चाल्नु पर्ला भन्ने बारेमा हेर्नेछौं ।

- गलत कुराहरुमा विश्वास गर्नु भन्दा परमेश्वरको सत्यतामा विश्वास गर्नको लागि मनलाई पूर्ण नयाँ बनाउने । रोमी १२ : २
- तपाईलाई पराजित गराउने पापमय ढाँचाहरु र शारीरिक बानी व्यहोराबाट छुटकारा र विजय दिनको लागि । १ कोरिन्थी १५ : ५७, यूहन्ना ८ : ३२
- तपाईको चोटहरु निको पार्नको लागि । भजनसंग्रह १४७ : ३

## विश्वासको हिँडाई र परमेश्वरको प्रतिज्ञाहरुको बारेमा बुझ्नु पर्ने मुख्य सत्यहरु

हामीले परमेश्वरको प्रतिज्ञाहरुमा हाम्रो विश्वासको कदमहरु लागु गर्नु भन्दा अगाडि हामीले विश्वासको हिँडाई र प्रतिज्ञाहरुको बारेमा केही महत्वपूर्ण सत्यहरु बुझ्नु जरुरी छ । हाम्रो बाँकी अध्ययनहरुमा पनि म यसलाई कति पटक दोहोऱ्याउने छु ।

१. विश्वासको हिँडाई चाहिँ एउटा प्रक्रिया हो भन्ने कुरा बुझ्नु पर्छ । यो एउटा यात्रा हो जब कि छिटो-छिटो दगुरेर पूरा गर्ने छोटो दुरीको दौड होइन ।

२. त्यसैकारणले तपाईले आफ्नो सोचाईमा, भावनामा, छनौटमा वा व्यवहारमा परिवर्तनको अनुभव गर्नको लागि  विश्वासको धेरै कदमहरु चल्नुपर्ने हुनसक्छ ।

३. याद गर्नुहोस् कि तपाईले विश्वासको कदमहरु चल्दा परमेश्वरको शक्ति बगिरहेको महशुस वा अनुभव गर्नैपर्छ भन्ने होइन ।

४.तपाईले आफ्नो जीवनमा परमेश्वरबाटको परिवर्तनको पर्खाई गरिरहेको बेलामा परमेश्वरले तपाईलाई  विश्वासको बारेमा सिकाइरहनु भएको हुन्छ ।

५. यदि तपाईले विश्वासको कदम चल्नुहुन्न भने तपाईले कहिल्यै पनि परमेश्वरको परिवर्तनका प्रतिज्ञाहरुको अनुभव गर्नु हुनेछैन ।

## विश्वासको हिँडाई र तपाईको मनलाई पूर्ण नयाँ बनाउनु



"यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तित होओ...।" रोमी १२ : २

हामीले हाम्रो खीष्टियान जीवनमा गलत विश्वाससँग संघर्ष गर्छौं । हामी सबैमा परमेश्वरप्रति, अरुहरुप्रति, विवाह र खीष्टियान जीवनप्रति गलत विश्वासहरु छन् (यस पाठको अन्त्यमा केही झुठा विश्वासहरुलाई हेर्नुहोस्) । यी गलत वा झुठा विश्वासले पापमय व्यवहार, शंका, अविश्वास साथै आफ्नो विश्वासको कदमलाई त्याग्ने कुरा समेत निम्त्याउँछ ।

**झुठो विश्वास चाहिँ कुनै पनि त्यस्तो विश्वास हो जुन परमेश्वरको वचनको सत्यतासँग मिल्दैन र यसको विपरित हुन्छ ।**

याद गर्नुहोस् कि पहिला पनि मैले भनेको थिए कि “तपाई आफ्नो विश्वास भन्दा माथि जिउन सक्नुहुन्न ।” यदि तपाईको विश्वास गलत छ भने तपाई त्यही अनुसार नै जिउनुहुन्छ । यदि हामीले परमेश्वरलाई हाम्रो मन उहाँको सत्यद्धार नयाँ पार्न दिएनौ भने, हामी गलत वा झुठो विश्वासको बन्धनमा नै रहनेछौं । यस बन्धनले हामीलाई गलत सोचाइ, गलत छनौटको  शारीरिक व्यवहारको बन्धनभित्र निरन्तर रुपमा थुनिराख्ने छ । यसैकारणले परमेश्वरले तपाईको मनलाई नयाँ पार्न खोज्नुको उदेश्य चाहिँ गलत विश्वासको ठाउँमा सत्यले भरिदिएर तपाईलाई स्वतन्त्र तुल्याउनु हो । जसै उहाँले यो काम गर्नुहुन्छ, यसले तपाईको सोचाइ, छनौट र शारीरिक व्यवहारहरुलाई परिवर्तन गर्नेछ ।

त्यसैकारण रोमी १२ : २ अनुसार हाम्रो विश्वासको हिँडाई र परिवर्तनको लागि हाम्रो मनलाई पूर्ण नयाँ बनाउनु अति महत्वपूर्ण छ । अगि बढ्नु भन्दा अगाडि अझै एउटा सत्य जान्नु जरुरी छ ।

**मुख्य सत्य :**

**तपाई आफैले आफ्नाृ मनलाई परमेश्वरको सत्यतामा नयाँ बनाउन सक्नुहुन्न केवल परमेश्वरले मात्र त्यो पूर्ण नयाँ बनाउने र परिवर्तन गर्ने काम गर्नसक्नु हुन्छ ।**

यो कुरा बुझ्नु जरुरी छ किनकी धेरै खीष्टियानहरुले आफैले आफ्नो मनलाई नयाँ पार्न सक्छ भनी विश्वास गर्छन् । सत्य चाहिँ यो हो कि केवल परमेश्वरले माात्र त्यो काम गर्न सक्नुहुन्छ । येशूले यूहन्ना १५ : ५ मा अर्को कुरा पनि भन्नु भएको छ कि “मबाट अलग भएर तिमीहरुले केही गर्न सक्दैन ।” यसैकारणले हामी केही झुठा विश्वासहरु र कसरी विश्वासको कदम चाल्दै परमेश्वरको शक्तिद्धार मनलाई नयाँ पार्ने भन्ने बारेमा हेर्नेछौं ।

**उदाहरण १** : मानौं, अहिलेसम्म तपाईले परमेश्वरको सहायताको साथ खीष्टियान जीवन जिउने कुरा ममा नै निर्भर छ भनी झुठो विश्वास गरिरहनु भएको छ । अब गलाती २ : २० अनुसार तपाई भित्र हुनुभएको खीष्टले मात्र खीष्टियान जीवन जिउन सक्नुहुन्छ भन्ने सत्य कुरा थाहा पाउनु भएको छ र अब तपाईले परमेश्वरमा तपाईको मनलाई पूर्ण नयाँ पार्नको लागि विश्वास गर्न सक्नुहुन्छ ।

**विश्वासको कदम** : “प्रभु मैले तपाईको सहायताद्धार म आफैले खीष्टियान जीवन जिउन सक्छु भनेर झुठो विश्वास गर्दै आएको छु । सत्य यो हो कि म आफैले सक्दिन । यसैकारण मैले मेरो झुठो विश्वासलाई तपाईमा सुम्पदैछु र केवल तपाई ममा र मद्धार भएर मात्रै खीष्टियान जीवन जिउन सकिन्छ भन्ने सत्यद्धार मेरा मनलाई नयाँ तुल्याउनुहोस् भनी बिन्ति गर्दछु ।”

**उदाहरण २** : मानौ, जब तपाईले पाप गर्नुहुन्छ वा तपाई असफल हुन्छ, त्यतिखेरा परमेश्वरले तपाईलाई दोष लगाउनुहुन्छ वा न्याय गर्नुहुन्छ भन्ने गलत विश्वास तपाईमा छ । सत्य चाहिँ रोमी ८ : १ मा पाउँछौं कि तपाईको विगतका वर्तमानका र भविष्यका पापहरुको क्षमा दिइसकेको कारणले अब उप्रान्त परमेश्वरले तपाईलाई दोष लगाउनुहुन्न । येशूको क्रुसको मृत्युद्धार ती सबैको मूल्य चुकाईसकेको छ र क्षमा दिइसकेको छ र अब उप्रान्त ती पापहरु सम्झनुहुन्न ।

**विश्वासको कदम** : "प्रभु अझै सम्म मैले पाप गर्दा वा म असफल हुँदा तपाईले मलाई दोष लगाउनुहुन्छ भन्ने गलत विश्वास गरिरहेको छु । म ती त्यो पाप स्वीकार गर्छु र त्यसदेखि पश्चात्ताप गर्छु र म त्यो गलत विश्वस तपाईमा सुम्पन्छु । मैले पाप गर्दा तपाईले मलाई दोष लगाउनुहुन्न भन्ने सत्य माथि विश्वास गर्न मेरो मनलाई नयाँ पार्नुहोस् भनी म तपाईमा भरोसा गर्दैछु ।"

**महत्वपूर्ण नोट** : जब तपाईले पाप गर्नुहुन्छ, तपाईले ती त्यो पापलाई स्वीकार गर्नु र त्यस देखि पश्चात्ताप गर्नु आवश्यक छ । स्वीकार गर्नु भनेको चाहिँ साधारण रुपमा मैले पाप गरेको छु भनी परमेश्वरको वचनसँग सहमत हुनु हो र पश्चात्तापको अर्थचाहिँ तपाईले गर्नुभएको त्यो कार्यको लागि परमेश्वरसँग क्षमा माग्नु र त्यो पापबाट फर्केर परमेश्वरकहाँ आउनु हो ।

**उदाहरण ३** : मानौ, तपाईको श्रीमतीले तपाईलाई शर्तरहित प्रकारले स्वीकार गर्ने काम तिनमा नै भर पर्छ भनी गलत विश्वास गर्नुभएको छ । हामी आफैले त्यो काम गर्न सक्दैनौं किनकी जब केही शर्तहरु पूरा गर्छौं तब हामी एकले अर्कालाई स्वीकार गर्ने गर्छौं । सत्य यो हो कि शर्तरहित प्रकारले स्वीकार गर्न सक्ने शक्ति केवल खीष्टबाट मात्रै आउँदछ ।

**विश्वासको कदम** : "प्रभु मैले मेरी श्रीमती मलाई शर्तरहित प्रकारले स्वीकार गर्ने काम तिनी आफैमा नै भर पर्छ भनी गलत विश्वास गर्दै आएको छ । अब म त्यो झुठलाई तपाईमा सुम्पदै छु र शर्तरहित प्रकारले स्वीकार गर्ने शक्ति केवल तपाईबाट मात्र आउँछ भन्ने सत्य कुरामा मेरो मनलाई नयाँ पार्नुहोस् भनी म तपाईसँग बिन्ति गर्दछु ।

**अभ्यास** : यस पाठको अन्त्यमा भएको झुठो वा गलत विश्वासहरु भन्ने शिर्षकको पृष्ठलाई हेर्नुहोस् । तपाईले केही झुठो विश्वासहरुलाई छान्नुहोस् जसबाट तपाईले आफ्नो मन नयाँ पार्न चाहनुहुन्छ वा परमेश्वरसँग तपाईमा भएका झुठा विश्वासहरु देखाउनुहोस् भनी भन्नुहोस् जसबाट परमेश्वरले तपाई छुटकारा दिन चाहनुहुन्छ । त्यसपछि उहाँबाट तपाईको मनलाई नयाँ पार्नको निम्ति विश्वासको कदम चाल्न थाल्नुहोस् । तपाईले तलको उदाहरणलाई प्रयोग गर्न सक्नुहुन्छ ।

**उदाहरण** : "प्रभु मैले ……. झुठो कुरामा विश्वास गर्दै आएको छु । म त्यो झुठलाई तपाईमा सुम्पन्छु र मेरो मनलाई नयाँ पार्नुहोस् र यो झुठ कुराको ठाउँमा तपाईको सत्यले भरिदिनुहोस् भनी बिन्ति गर्दछु ।

**जसै तपाईले तपाईको मनलाई परमेश्वरको सत्यद्धार नयाँ पार्नुहोस् भनी पुकार गर्छौं, उहाँले तपाईको विचारहरुमा, विश्वासहरुमा र छनौटहरुमा गरिरहनु भएको परिवर्तनहरुलाई प्रकाट गरिदिनुहोस् भनी पुकार गर्नुहोस् ।**

**विश्वासको हिँडाई र तपाईको मनलाई नयाँ पार्ने सम्बन्धमा मुख्य सत्यहरु :**

१. याद गर्नुहोस् कि तपाईको मनलाई नयाँ पार्ने काम चाहिँ एउटा प्रक्रिया हो । यो चाहिँ एकै रातमा हुँदैन ।

२. तपाईको कति झुठो विश्वासहरु अरु झुठो विश्वासहरु भन्दा बलियो हुन्छन् किनभने हामीले धेरै लामो समयदेखि यस कुरामा विश्वास गर्दै आएका हुन्छौं ।

३. त्यसैकारण तपाईले परिवर्तनको अनुभव गर्नु भन्दा अगाडि केही लामो समय विश्वासको कदम चाल्नुपर्ने हुन सक्छ ।

४. तपाईमा भएको कति झुठो वा गलत विश्वासहरु देखि तपाई सचेत नहुन सक्छ वा तपाईलाई थाहा नहुन सक्छ । तसर्थ ती गलत विश्वासहरुलाई देखाई दिनुहोस् भनी परमेश्वरसँग पुकार गर्नुहोस् ।

५. जसै तपाईले आफ्नो मनलाई नयाँ पार्नको लागि उहाँको खोजी गर्नुहुन्छ, परमप्रभुबाट केही परिवर्तनको विचार, छनौट वा व्यवहारको खोजी गर्नुहोस् ।

# तेस्रो दिन

## तपाईको शारीरिक व्यवहारहरु र किल्लाहरुबाट विजय र छुटकाराको अनुभव गर्नको लागि विश्वासको हिँडाई

"किनकी परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ र संसारलाई जित्ने विजय चाहिँ हाम्रो विश्वास हो ।" १ यूहन्ना ५ : ४



हामी सबैमा त्यस्ता पापमय ढाँचाहरु र शारीरिक व्यवहारहरु हुन्छन् जसमाथि हामी विजय प्राप्त गर्न चाहन्छौं वा छुटकारा पाउन चाहन्छौं । तापनि त्यो विजय र छुटकारा चाहिँ हामी आफ्नै क्षमताद्धार प्राप्त गर्न चाहन्छौं । के यो कुरा चाखलाग्दो छैन र कि माथि यूहन्नाले त्यो विजय चाहिँ हाम्रो बल क्षमता र इच्छा शक्तिद्धार प्राप्त गर्न सकिन्छ भनेर भनेको छैन । विजय चाहिँ विश्वासद्धार आउँछ । खीष्ट नै हाम्रो विजय र छुटकारा हुनुहुन्छ र उहाँमा विश्वाससाथ भरोसा गर्नले उहाँले हाम्रो पापमय ढाँचाहरु र शारीरिक व्यवहार माथि विजय ल्याउनुहुन्छ । परमेश्वरबाटको विजय र छुटकारा प्राप्तिको प्रक्रिया हेर्नु भन्दा अगाडि म शरीरको ,शारीरिक व्यवहार र किल्लाहरुको अर्थ हेर्न चाहन्छु ।

### शरीर भनेको के हो ?

पावलले रोमी ७ मा शरीरलाई यस प्रकार वर्णन गरिएको छ ।

"किनकि हामी जान्दछौं कि व्यवस्था आत्मिक हो तर म चाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु ।"

शरीरलाई हामी कसरी परिभाषित गर्छौं ?

**"शरीर" शब्दको बाईबलीय अर्थ चाहिँ मानिसले परमेश्वरलाई स्रोतको रुपमा नमानी परमेश्वरबाट अलग भएर वा स्वतन्त्र रुपमा आफैलाई स्रोतको रुपमा लिएर जीवन जिउने इच्छा गर्नु हो ।**

मुक्ति पाउनुभन्दा अगाडि हामीले आफैलाई (हाम्रो शरीरमा) स्रोतको रुपमा मानेर हाम्रा समस्याहरु समाधान गर्ने, जीवन चलाउने र सफलता प्राप्त गर्न प्रयास गर्थ्यो र त्यो बाहेक अरु कुनै उपाय नै थिएन भन्ने कुरा सिक्यो । हामी आफ्नै तर्फबाट -शिक्षा, प्रतिभा, क्षमता, स्वअध्ययन र स्वक्षमताद्वार) परमेश्वरलाई आफ्नो स्रोतको रुपमा नलिइकन जीवन जिइरहेका हुन्छौं । यसले आफैलाई जीवनको स्रोतको रुपमा लिएर जिउने इच्छा प्रबल गराउँदछ ।

जब हामीले उद्धार पायौ, उद्धारको समयमा परमेश्वरले हामीमा दुईवटा उदेश्यहरु राख्नुभयो । सर्वप्रथम उहाँले हामीलाई पापबाट उद्धार गर्न चाहनुभयो । दोस्रो चाहिँ "स्व-जीवन" बाट जसलाई बाइबलले "शरीर" भन्छ, त्यसबाट मुक्ति दिनको लागि हामीमा उहाँको जीवन र शक्ति हालिदिनु हो ।

(नोट : यो कुरा उल्लेख गर्नु उचित होला कि परमेश्वरले हामी सबैलाई प्रतिभा, क्षमता इत्यादि दिनुभएको छ । तापनि परमेश्वरले हामी उहाँबाट अलग भएर ती प्रतिभा र क्षमताद्वार जिओस् भन्ने चाहना गर्नु भएन ।)

**हामी आफ्नै शरीरद्वार जिउने कुराले सधै परमेश्वरमा निर्भर नभईकन जिउने इच्छा सृजना गर्दछ । परमेश्वरले हामीलाई उहाँमा निर्भर भएर जिउने प्रकारले बनाउनुभएको कारणले यदि हामी शरीरद्वार जिउँछौं भने हामीले कहिल्यै पनि परमेश्वरले**

तपाईलाई म दुईवटा प्रश्नहरु सोधु ? के तपाई परमेश्वरबाट अलग भएर उहाँले दिनुभएका प्रतिभा, क्षमता , बल र इच्छा शक्तिद्वार प्रयोग गरी आन्तरिक र बाह्य समस्याहरु र जीवनका अरु क्षेत्रका समस्याहरु समाधान गर्न खोजीरहेको त छैन ? के तपाई आफ्नै स्व-प्रयासद्वार ख्रीष्टियान जीवन जिउने प्रयास गर्दै हुनुहुन्छ ? म सँग अर्को प्रश्न पनि छ :

**"यसले तपाईको लागि कतिको राम्ररी काम गरिरहेको छ ?"**

तपाई कतिलाई चाहिँ राम्ररी काम गरिरहेको जस्तो लाग्न सक्छ तर सत्य यो हो कि :

**जब सम्म तपाई उहाँमा भर पर्नु हुन्न तब सम्म त्यो प्रकारको जीवनलाई परमेश्वरले साँच्चै सफल हुन दिनुहुन्न ।**

**<u>शरीरको चरित्रहरु</u>**

शरीरको बारेमा राम्ररी बुझ्नको लागि हामी शरीरका केही चरित्रहरुको अन्नवेषण गरौं ।



शरीर त्यस्तो स्वतन्त्र विचार हो जसले भन्छ :

- मैले नियन्त्रण गर्न सक्छु ।
- मेरो समस्याहरु म पूरा गर्न सक्छु ।
- मेरो सबै समस्याहरुलाई म समाधान गर्न सक्छु वा सम्हाल्न सक्छ ।
- वैवाहिक, परिवारिक, आर्थिक, काम व्यवहार इत्यादिको हरेक परिस्थितिहरुलाई म आफैले मिलाउन सक्छु ।
- म सफल हुन सक्छु ।
- म आफै मेरो परमेश्वर वा मालिक हुन सक्छ ।

**शरीरमा जिउने इच्छा प्रबल भएको हुनाले शारीरिक इच्छाले जहिले पनि हामीलाई परमेश्वरमा निर्भर नभई "म आफै जिउन सक्छु"**

**शारीरिक जीवन जियाईले शारीरिक बानी व्यहोरा पैदा गर्दछ ।**

जसै तपाई शरीरबाट जिउनुहुन्छ, यसले शारीरिक व्यवहारहरु पैदा गराउँदछ ।

**जसै तपाई शरीरबाट जिउनुहुन्छ, यसले शारीरिक व्यवहारहरु पैदा गराउँदछ ।**

"पाप स्वभावका कामहरु प्रत्यक्ष छन्, जो यिनै हुन् : व्यभिचार, अपवित्रता, लम्पटपन, मुर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झै झगडा, ईष्या, क्रोध, स्वार्थीपन, फुट, गुटबन्दी, डाह, पियक्कडपन, मोजमज्जा र यस्तै कुराहरु....." गलाती ५ : १९-२१ क ।

शरीरमा जिउँदा अर्को पनि निचपनको कुरा छ । यसले केवल "शरीरको कामहरु" माग उत्पन्न गर्दछ । जुन चाहिँ गलाती ५: १९-२१ म उल्लेखित गरे झै शारीरिक विचारहरु वा शारीरिक व्यवहारहरु हुन् । साधारण रुपमा म शारीरिक व्यवहारलाई यस प्रकार परिभाषित गर्छु :

**शारीरिक व्यवहार :**

**परमेश्वरमा निर्भर नभईकन जिएको परिणाम स्वरुप देखिने कुनै पनि व्यवहारहरु शारीरिक व्यवहार हो ।**



शारीरिक व्यवहारहरु र विचारहरु चाहिँ झुठा विश्वासबाट उब्जेका हुन् । ती कुराहरु दुई प्रकारले आउँछ : सकारात्मक शरीर र नकारात्मक शरीर । तल सकारात्मक र नकारात्मक शरीरका केही उदाहरणहरु छन् ।

**नकारात्मक शरीरको उदाहरण :** रीस, अपर्याप्तपन, अक्षमाशील, ईर्ष्या, नियन्त्रित, डर, चिन्ता ।

**सकारात्मक शरीरको उदाहरण** : आफैमा निर्धक्कता, आफैमा भरोसा, आफैमा पर्याप्त, सफलता, आफैमा बलियो ।

**नोट** : सकारात्मक शरीर चाहिँ चिन्नलाई गाह्रो हुन्छ किनभने यो चाहिँ हेर्दा खेरी एकदम सही देखिन्छ, तर यो पनि शरीर नै हो । सकारात्मक शरीरलाई परिभाषित गर्ने मुख्य शब्द चाहिँ "स्व वा आफूमा" ।

**अभ्यास** : यस पाठको अन्तिम पृष्ठमा भएको शारीरिक व्यवहारको सुचीमा जानुहोस् तपाईलाई धेरै लागु हुने पाँचवटा व्यवहारहरु लेख्नुहोस् ।

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

# *चौथो दिन*

## शारीरिक व्यवहार वा इच्छा अनुसार जिउँदा खेरीको परिणामहरु के - के हुन् ?

यदि हामीले शारीरिक व्यवहार अनुसार जिउने कुरालाई रोज्छौं भने, रोमी ८ : ६ ले बताउँछौ कि यसले **"मृत्यु"मा** पुऱ्याउँछ ।

"...शरीरमा मन लगाउनु चाहिँ मृत्यु हो तर आत्मामा मन लगाउनु चाहिँ जीवन  र शान्ति हो ।"

शब्द कोषमा "मृत्यु" शब्दलाई "पापको परिणाम स्वरुप हुने हाम्रो प्राणको दु : ख" भनेर परिभाषित गरेको छ । यदि तपाई निरन्तर रुपमा शरीरको व्यवहारहरु र विचारहरुमा जिउनुहुन्छ भने, अवश्य पनि तपाईको प्राणमा "दु : ख" हुनेछ ।

**प्राणको "दु : खको" केही उदाहरणहरु के-के हुन् ?**

| | | | | |
|---|---|---|---|---|
| दोष | निराश | चिन्ता | शर्मा | अक्षमाशील |
| बेखुशीपन | रीस | दोषी | घमण्ड | तीतोपन |
| स्व-दया | अपर्याप्तपन | डर | फिक्री | तनाव |
| अयोग्यपन | निन्दा | इन्कार | असुरक्षा | असन्तुष्टि |

**प्रश्न** : तपाईले यो सुचीलाई हेर्नुहुँदा के तपाईले यहाँ उल्लेखित कुनै पनि प्राणको दुःखको चरित्रहरुलाई अनुभव गरिरहनु भएको छ ?

केही समय शारीरिक कुरामा मन लगाउने र त्यहाँ जिउने कुरालाई म "उडन्ता सुँगुर खोर" मा जानु भनेर भन्छु । उडन्ता पुत्र जसले स्वतन्त्र भएर जिउने निर्णय गरेर सुंगुरको खोरमा पुगेको कुरालाई याद गर्नुहोस् । जब हामी शरीर अनुसार चल्छौं, तब हामीमा पनि यस्तै हुन्छ । हामी पनि उडन्ता पुत्र झै हाम्रो शरीरको हिलो र गोबारमा लडीबडी गर्न पुग्छौं । पत्रुसले २ पत्रुस २ : २२ मा यो सत्यतालाई उल्लेख गरेको छ :



यी सत्य उखान अनुसार  नै तिनीहरुलाई यसो भएको छ "कुकुर आफ्नै बान्तामा फर्कि आउँछ र नुहाई दिएको सुंगुर हिलैमा लडीबडी खेल्छ।"

कुकुर आफ्नै बान्तामा फर्किने र सुंगुर हिलैमा लडीबडी गर्ने कुरा चाहिँ शारीरिक व्यवहार अनुसार जिउँदा कस्तो देखिन्छ भन्ने कुराको तस्बीर हो । यदि यसो हो भने, हामी किन निरन्तर रुपमा शरीरकै कुरामा लागि रहने त ?

**परमेश्वरले तपाईलाई तपाईको शारीरिक बानी व्यहोराबाट स्वतन्त्र तुल्याउन चाहनुहुन्छ । तपाईलाई उडन्ता सुंगुरको खोरमा बाहिरा निकाल्ने एउटै मात्र बाटो चाहिँ विश्वास साथ उहाँको**

अब हामी किल्लाको अर्थलाई हेरौं ।

## किल्ला - दोहोरिएको र प्रबलित शारीरिक सोचाई, विश्वास र बानी व्यहोराको ढाँचा हो ।

हामी सबैमा शारीरिक बानी व्यहोराहरु छन् र ती शारीरिक बानी व्यहोराहरुले हाम्रो जीवनलाई कतिले बलियो प्रकारले त कतिले सामान्य प्रकारले बाँधिरहेको वा पक्रिरहेको हुन्छ, त्यसलाई म "किल्लाहरु" भनेर भन्छु। साधारण रुपमा म किल्लालाई यस प्रकारले परिभाषित गर्छु ।

**किल्लाहरु :**

**किल्ला भनेको चाहिँ ती शारीरिक बानी व्यहोराहरु जसले तपाईलाई यति बलियो प्रकारले बाँधिरहेको हुन्छ, जसको कारणले तपाईले अब मैले यी कुराहरुबाट छुटकारा पाउन सक्दिन भनी विश्वास गर्नुहुन्छ ।**

ती किल्लाहरुको केही प्रष्ट उदाहरणहरु जस्तै अश्लील तस्बीरहरु हेर्नु, धेरै खाने र लागु औषध प्रयोग गर्नु इत्यादि । साथ-साथै पहिलाबाटको डर, चिन्ता, घमण्ड, आफैमा भरोसा र रीस इत्यादि पनि किल्लाको उदाहरणहरु हुन् । त्यसैकारण ती किल्लाहरुबाट छुटकारा पाउने सम्बन्धमा परमेश्वरको सत्यतालाई हेरौं ।

## परमेश्वरको छुटकाराको प्रतिज्ञा

शारीरिक व्यवहार र किल्लाहरुबाट छुटकारा दिने प्रतिज्ञाको बारेमा हामी यूहन्ना ८ : ३२ मा पाउँछौं :

**“तिमीहरुले सत्य के हो सो जान्नेछौं र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछौं ।”**



यहाँ उल्लेख गरिएको “जान्नेछौं” भन्ने शब्दको अर्थ चाहिँ केवल विवेकद्धार जान्नु वा थाहा गर्नु भन्ने मात्र होइन । “जान्नु” को अर्थ चाहिँ पवित्र आत्माले तपाईलाई व्यक्तिगत रुपमा बाइबलीय सत्यलाई प्रकाशन पार्नु हो । तपाईले यस विषयमा पनि सोच्नुहोस् । येशूले यूहनना १४ : ६ मा भन्नुभयो “सत्य म हुँ” । यसैकारण, जसै पवित्र आत्माले हामीलाई उहाँको वचनको प्रकाश दिनुहुन्छ, र हामी विश्वासको कदम चल्छौं, खीष्ट नै सत्य हुनुहुन्छ, उहाँले हामीलाई स्वतन्त्र तुल्याउनु हुनेछ ।

**जसै हामी स्वतन्त्र हुनाको निम्ति खीष्टको स्वतन्त्र र शक्तिलाई लिनको लागि विश्वासको कदमहरु चाल्छौं तब अन्तमा हामीले चाहना गरेको स्वतन्त्रतालाई अनुभव गर्नेछौं ।**

खुशीको खबर चाहिँ यो हो कि परमेश्वरको शक्ति भन्दा ठूलो किल्ला नै छैन । जसबाट उहाँले तपाईलाई छुटकारा दिन सक्नुहुन्न । म यो कुराको गवाही दिन सक्छु किनभने परमेश्वरले मलाई अश्लील सामाग्री हेर्ने, पूरानो डर, चिन्ता र अरुको आलोचना गर्ने र न्याय गर्ने विचारको किल्लाबाट छुटकारा दिनुभएको छ । उहाँले तपाईको लागि पनि त्यस्तै गर्नुहुनेछ । शारीरिक व्यवहार र किल्लाबाट छुटकाराको अनुभव गर्नको लागि चाल्नुपर्ने विश्वासका केही कदमहरुको उदाहरणलाई हेरौं ।

**<u>शारीरिक व्यवहार र किल्लाबाट छुटकारा पाउने सम्बन्धमा विश्वासको कदमहरु</u>**

**<u>उदाहरण १</u>** : मानौ, तपाईमा रीस छ जो एउटा शारीरिक व्यवहार हो । परमेश्वरले तपाईलाई त्यो रीसबाट स्वतन्त्र पार्ने प्रतिज्ञा गर्नुभएको छ । अब तपाईले परमेश्वरको त्यो स्वतन्त्र पार्ने शक्तिलाई ल्याउन वा प्राप्त गर्नको लागि तपाईले यस प्रकारले विश्वासको कदम चाल्न सक्नुहुन्छ ।

**<u>विश्वासको कदम</u>** : “प्रभु ममा रीसको समस्या छ । म यो शारीरिक व्यवहार रीसलाई तपाईमा सुम्पन्छु र यसबाट छुटकारा पाउनको लागि तपाईमा भरोसा गर्दैछु । मबाट रीसको भावना वा विचारलाई हटाईदिनुहोस् ।”

**मुख्य बुँदा** : तपाईको रीसको समस्याबाट छुटकारा पाउन कति समय लाग्छ भन्ने कुरा तपाइको रीस तह वा गहिराईको मात्रा कति छ भन्ने कुराले निर्धारण गर्दछ । तपाईको रीसको मात्रा जति गहिराई छ त्यति नै धेरै त्यसबाट छुटकारा पाउन समय लाग्छ ।

हामी किल्लाको र त्यसबाट छुटकारा पाउन चाल्नु  पर्ने विश्वासको कदमलाई हेरौं ।

**उदाहरण २** : मानौ तपाईमा अश्लील सामाग्री हेर्ने वा प्रयोग गर्ने किल्ला छ । त्यो समस्याबाट छुटकारा पाउनको लागि कस्तो विश्वासको कदम चाल्नुपर्ला ?

**विश्वासको कदम** : "प्रभु, म आफैले यो अश्लील सामाग्रीको किल्लाबाट छुटकारा दिन शक्तिविहिन वा असमर्थ छु । तपाईले आफ्नो शक्तिद्धार मलाई यसबाट छुटकारा दिनुहोस् भनी बिन्ति गर्दछु ।"

**नोट** : मानौ, तपाईले धेरै विश्वासको कदम चाल्नु भएको छ तर तपाईले कति पनि छुटकाराको अनुभव गर्नु भएको छैन । (याद गर्नुहोस् कि हामीले क्षण-क्षणमा परमेश्वरको शक्तिको अनुभव नगरे तापनि हाम्रो विश्वासद्धार परमेश्वरले आफ्नो शक्तिद्धार काम गरिरहेको हुन्छ ।) यो अवस्थामा हामीले चाल्नुपर्ने विश्वासको कदम यस्तो हुन सक्छ :

**विश्वासको कदम** : "प्रभु, मैले धेरै विश्वासका कदमहरु चालिसकेको छु तर मैले अश्लील सामाग्रीलाई प्रयोग गर्ने समस्याबाट मैले छुटकारा पाएको छैन । तपाई मेरो बल र लगनशीलता हुनुहोस् भनी बिन्ति गर्छु ताकि मैले निरन्तर विश्वासको कदमहरु चालिराख्न सकुँ ।"

यो अवधिमा अर्को यस प्रकारको विश्वासको कदम पनि चल्न सक्छौं :

**विश्वासको कदम** : "प्रभु, मैले तपाईको शक्तिले काम गरिरहेको महशुस नगरे तापनि तपाईले मलाई अश्लीलपनको समस्याबाट छुटकारा दिनको लागि काम गरिरहनु भएको छ भनी मलाई विश्वस्त पार्नुहोस् ।"

जसै तपाईले निरन्तर रुपमा विश्वासको कदम चालिरहनु हुन्छ, तपाईले आफैलाई ती अश्लील सामाग्रीहरु प्रयोग नगरिरहेको भेटाउनुहुनेछ । तपाईले फेरि ती कामहरु गर्न थाल्यौ भने, त्यो बेलामा तपाईले पहिला पनि अरु समस्याहरुमा वा असफलताहरुमा विजय प्राप्त गर्नु भए झै फेरि विजय प्राप्त गर्नेछ भन्ने कुरालाई याद गर्नुहोस् । असफल हुँदा आफैलाई ताड्न नदिनुहोस् । यस प्रक्रियामा यस्तो हुन सक्छ वा आपेक्षा गरिन्छ । यस विषयमा हामी अर्को पाठमा फेरि बढी कुराकानी गर्नेछौ । असफल वा गिर्नु भयो भने त्यो बेलामा यस्तो प्रकारको विश्वासको कदम चाल्नुपर्छ :

**विश्वासको कदम** : "प्रभु मलाई छुटकारा दिन थाल्नुभएको लागि तपाईलाई धन्यवाद छ । तापनि म चुके र फेरि अश्लील सामाग्रीमा सहभागी भए । म यो तपाईसँग स्वीकार गर्छु र पश्चात्ताप गर्छु ।

यो छुटकाराको हिँडाई चाहिँ एउटा यात्रा हो । पूर्ण रुपमा छुटकारा पाउनको लागि समय लाग्छ भन्ने कुरा निरन्तर रुपमा मलाई याद दिलाई दिनुहोस ।”

## विश्वासको हिँडाई र खीष्टको स्वतन्त्रलाई अनुभव गर्ने सम्बन्धमा मुख्य सत्यहरु

१. तपाईलाई पराजित गराउने पापमया ढाँचाहरु वा शारीरिक व्यवहारहरुले तपाईलाई कतिको बलियो प्रकारले पक्रिरहेको र बाँधिरहेको छ भन्ने कुराले तपाईले ती समस्याहरुबाट छुटकारा पाउनको लागि कति समय लाग्छ भन्ने कुरा निर्धारण गर्दछ ।

२. जसै तपाई विश्वास साथ अगाडि बढ्नुहुन्छ, धेरै पटक तपाईलाई पराजित गराउने पापमय ढाँचाहरु र शारीरिक व्यवहारबाट तपाईले आफैलाई पराजित भएको कुरा पाउनुहुनेछ । तपाईले तुरुन्तै छुटकाराको आपेक्षा गर्न सक्नुहुन्न । तपाईले पाप गर्दाको क्षणमा, तपाईले पश्चात्ताप गर्नुहोस् र निरन्तर विश्वास साथ हिँड्नुहोस् ।

३. सत्य यो हो कि तपाई स्वतन्त्रको अनुभव गर्ने प्रक्रियामा अगाडि बढ्ने क्रममा तपाई धेरै पटक असफल बन्नुहुनेछ । तापनि जसै तपाई विश्वाससाथ अगाडि बढ्नुहुन्छ, तपाईले खीष्टको स्वतन्त्रलाई बढ्दो रुपमा अनुभव गर्दै जानुहुनेछ ।

४. आत्मिक रुपमा सचेत हुनु र परमेश्वरले तपाईलाई कसरी स्वतन्त्र पार्दै हुनुहुन्छ भन्ने कुरा देखाउनुहोस् भनी परमेश्वरसँग बिन्ति गर्नुहोस् ।

## मेरो पूरानो चिन्ताबाट छुटकारा पाएको व्यक्तिगत गवाही

४० वर्ष भन्दा बढी मलाई चिन्ताको समस्याले सताइरहेको वा खाईरहेको थियो । तसर्थ छुटकाराको अनुभव गर्नको लागि धेरै विश्वासको कदमहरु चाल्नु पर्‍यो । उहाँ नै मेरो शान्ति हुनुहुन्छ भन्ने परमेश्वरको सत्यलाई विश्वास गर्दै म अघि बढे । त्यसपछि बिस्तारै मेरो चिन्ता दबिदै वा पाखा लाउँदै गयो । यस प्रक्रियामा धेरै पटक म चिन्ताले ब्याकुल पनि भएको थिए । त्यो समयमा मैले स्वीकार गर्दै र पश्चात्ताप गर्दै विश्वासको कदम चाल्दै नै गए ।

जसै परमेश्वरले उहाँ नै मेरो शान्ति, सर्वशक्तिमान र सबै कुरा नियन्त्रण गर्ने हुनुहुन्छ भन्ने कुरा मलाई विश्वास दिलाई रहनुभयो । मैले अब उप्रान्त म चिन्तामा बस्नुपर्दैन भन्ने कुरामा मैले विश्वास गरे । यसको अर्थ चाहिँ कुनै पनि परिस्थितिमा मलाई चिन्ताको महशुस हुँदैन भन्ने होइन । यसको अर्थ चाहिँ अब उप्रान्त म चिन्तित अवस्थामा नै वा चिन्तित विचारमा रहदैन भन्ने हो । यो चाहिँ एक यात्रा थियो तर जुन स्वतन्त्रको अनुभव मैले अहिले गर्दैछु, यो स्वतन्त्रको अनुभवलाई विचार गर्दा त्यो विश्वासको कदम निरन्तर रुपमा जुन मैले चाले त्यो केही पनि होइन ।

**अभ्यास** : तपाईले छुटकारा पाउन चाहनुभएको कम्तिमा ३ वटा तपाईको शारीरिक व्यवहारहरु बलियो किल्लाहरु लेख्नुहोस् ।

परमेश्वरसँग वातचीत : विश्वासको कदमहरु चाल्न थाल्नुहोस् र परमेश्वरलाई स्वतन्त्र पार्न शुरु गर्नुहोस् भनी बिन्ति गर्नुहोस् । तपाईले विश्वासको यात्रा त्याग्न चाहेको बेलामा वा परमेश्वरले काम गरिरहनु भएको छ भनी विश्वास नलागेको बेलामा उहाँ नै तपाईको बल, धैर्यता र लगनशीलता हुनुहोस् भनी प्रार्थना गर्नुहोस् । उहाँले तपाईलाई स्वतन्त्र पार्न गरिरहनुभएको साना परिवर्तनहरु प्रति सचेत हुनमा सहायता गर्नुहोस् भनी उहाँसँग बिन्ति गर्नुहोस् ।

## चोटहरुमा चंगाईको अनुभव गर्नको लागि विश्वासको हिँडाई

"उहाँले टुक्रिएको हृदय भएकाहरुलाई निको पार्नुहुन्छ र तिनीहरुका चोटहरुमा पट्टी बाँधिदिनुहुन्छ ।" भजनसंग्रह १४७ : ३



**"तर म तँलाई फेरि स्वस्थ्य बनाउनेछु, र तेरा चोटहरु म निको पार्नेछु..." यर्मिया २ : १९**

धेरै खीष्टियानहरु आज केही न केही मात्रमा चोटहरुद्धार पीडित भइरहेका छन् ।

ती चोटहरु विभिन्न रुपमा हुन सक्छन् :

- दुरुपयोग - शारीरिक, भावनात्मक, यौन वा बोली वचनको रुपमा आउन सक्छ ।
- अघात - सम्बन्ध विच्छेद, मृत्यु वा परित्याग
- दुर्घटना - दीर्घकालीन रुपमा स्वास्थ्यमा समस्या हुने कुरा वा चल्न नमिल्ने समस्या ।

चोटको विषयमा बुझ्नु पर्ने मुख्य कुरा चाहिँ यो हो कि कुनै पनि घटना वा घटनाद्धार उब्जेको चोट चाहिँ वास्तविक समस्या होइन बरु चोट पुऱ्याउने घटनाको परिणामको सम्बन्धमा भएको झुठो विश्वास चाहिँ वास्तविक समस्या हो ।

म तपाईलाई एउटा उदाहरण दिन चाहन्छु । मैले एक जना महिलालाई चेला बनाउने काम गर्दै थिए जसमाथि आफ्नै पिताबाट यौन दुरुपयोग भएको थियो । त्यस पश्चात् तिनले आफू फोहोरी र अयोग्य छु भन्ने कुरामा विश्वास गरिन् । तिनले एक जना खीष्टियानसँग विवाह गरिन् । तिनले आफ्नो श्रीमान् ईश्वरीय श्रीमान भएको र तिनी प्रति अति राम्रो व्यवहार गरेको बताइन् । तापनि तिनको आफू फोहोरी

र अयोग्य छु भन्ने झुठो विश्वासको कारणले तिनले कहिल्यै पनि यौन सम्बन्धमा घनिष्टताको अनुभव गर्न सकिएन । यसले अन्तमा विवाह असफल बनायो किनकी त्यो दुरुपयोग सम्बन्धमा भएको झुठो विश्वासबाट तिनले चंगाई पाएको थिएन ।

**परमेश्वरले तपाईको मनलाई उहाँको सत्यद्धार पूर्ण नयाँ बनाएर तपाईको चोटहरुलाई निको पार्ने र तपाईको चोटको पछाडि रहेको झुठो विश्वासबाट स्वतन्त्र तुल्याउने प्रतिज्ञा गर्नुहुन्छ ।**

यसैकारण अब हामी परमेश्वरको चंगाईको प्रक्रियालाई हेरौं । तपाईलाई याद छ कि त्यो चोट पुऱ्याउने घटना नै समस्या होइन तर त्यो चोट पुऱ्याउने घटनाको परिणामको बारेमा भएको तपाईको झुठो विश्वास चाहिँ समस्या हो ।

## *पाँचौ दिन*

### तपाईको चोटहरुबाट निको हुने सम्बन्धमा विश्वासका कदमहरु

**उदाहरण १ :** मानौ तपाईले आफ्नो आमाबाट तपाई सानो हुँदा खेरी वा बढ्दै गर्दा खेरी चोटको अनुभव गर्नुभएको थियो र यसले तपाईमा बाबा आमाले तपाईलाई इन्कार गर्नुहुन्छ वा स्वीकार गर्नु हुन्न भन्ने विश्वास छोडेको छ । त्यो प्रकारको छोटलाई निको पार्ने परमेश्वरको शक्तिलाई प्राप्त गर्नको लागि तपाईले चाल्नुपर्ने विश्वासको कदमहरु तल दिएको छ ।

**विश्वासको कदम :** "प्रभु, म सानो हँदा बाबा आमाले मलाई गर्नुभएको गालीको कारणले ममा गहिरो चोट पुगेको छ । त्यसको परिणाम स्वरुप अब मलाई मेरो बाबा आमाले इन्कार गर्नुहुन्छ वा स्वीकार गर्नुहुन्न भन्ने विश्वास छ । म मेरो चोटहरु तपाईमा सुम्पन्छु र तपाईले शर्तरहित रुपमा मलाई स्वीकार गर्नुहुन्छ र अब मैले म अस्वीकार्य छ भनी विश्वास गर्नु पर्दैन भनेर विश्वससाथ मेरो मनलाई तपाईको सत्यद्धार पूर्ण नयाँ पार्नुहोस् भनी बिन्ति गर्छु ।"

**उदाहरण २ :** शायद तपाईको श्रीमान र श्रीमती बीच भएको झै झगडा र गालीको कारण विवाह विच्छेद भएको र तपाईमा चोट पुगेको हुन सक्छ ।

**विश्वासको कदम :** "प्रभु मेरो विवाह र विवाह विच्छेदको कारणले मैले आफैलाई अयोग्यपनको महशुस गर्दछु । तपाई नै मेरो चंगाई हुनको निम्ति र तपाईमा मात्र योग्यपन प्राप्त गर्न सक्छु भनी भरोसा गर्दछु ।"

**यादगर्नुहोस्** : यदि तपाईमा त्यो चोट सृजना भएको धेरै वर्ष भइसकेको छ भने, परमेश्वरको चंगाईलाई महशुस वा अनुभव गर्न समय लाग्छ । यदि हालसालै तपाईमा त्यो प्रकारको चोट सृजना भइरहेको छ भने, त्यो अवस्थामा विश्वास कदम चाल्दै परमेश्वरलाई तपाईको सुरक्षा र बल भइदिनुहोस् भनी पुकार गर्नुपर्छ ।

**परमेश्वरसँग वातचीत** : के विगतमा तपाईले कुनै पनि प्रकारले चोटको अनुभव गर्नुभएको छ ? यदि छ भने, त्यो चोटको पछाडि भएको गलत विश्वासहरु सम्बन्धमा तपाईको मनलाई उहाँको सत्यद्धार पूर्ण नयाँ पार्नको निम्ति परमेश्वरमा विश्वासको कदम चाल्नुहोस् ।

**महत्वपूर्णनोट** : तपाईको चोटको सम्बन्धमा भएको तपाईको गलत विश्वासलाई तपाईले थाहा नपाउन सक्छ तर परमेश्वरले जान्नुहुन्छ । यसैकारण साधारण रुपमा तपाईको मनलाई स्वतन्त्र पार्नुहोस् र तपाईलाई स्वतन्त्र पार्नुहोस् भनी उहाँसँग पुकार गर्नुहोस् ।

## चोट र अक्षमाशील

जब तपाईलाई कसैले  चोट पुऱ्याउँछ त्यो बेलामा तपाईमा चोट र अक्षमाशील दुवै सँगसँगै आउँछ । त्यो चोट गहिरो भएको कारणले तपाईले त्यो व्यक्तिलाई क्षमा दिन सक्दैन भन्ने झुठ तपाईमा उब्जिन्छ जसले तपाईप्रति नराम्रो व्यवहार गरेको छ । तापनि यो एउटा झुठ मात्रा हो किनकी तपाईलाई चोट पुऱ्याउने मानिसलाई क्षमा दिनको लागि खीष्टको क्षमापन तपाईमा उपलब्ध छ । हामीले त्यो व्यक्तिलाई क्षमा दिन नचाहनु चाहिँ एक समस्या हो । बाइबल अनुसार हामीले क्षमा दिनुपर्छ तर हाम्रो इच्छाले चाहिँ क्षमा दिनबाट रोकी रहेको वा विरोध गरिरहेको हुन्छ । मलाई यो कुरा थाहा छ किनकी मैले मेरो बाबालाई ४८ वर्ष सम्म क्षमा दिन चाहेको थिएन । तापनि परमेश्वरले अलौकिक प्रकारले मेरो अक्षमाशीलतालाई क्षमाशीलतामा परिवर्तन गरी आफ्नो क्षमता देखाउनुभयो । परमेश्वरले मलाई कसरी निको पार्नुभयो सो म बताउन चाहन्छु ।

## मेरो बाबा प्रतिको अक्षमाशील भएको मेरो व्यक्तिगत उदाहरण

मेरो बाबाको बोलीवचन, शारीरिक र भावनात्मक दुरुपयोगको कारणले ममा गहिरो चोट पुगेको थियो र जसको कारण ममा तितोपन, रीस र उहाँलाई क्षमा दिने इच्छा थिएन । मैले उहाँलाई क्षमा दिन नचाहेको कुरा प्रभुले स्पष्ट रुपमा जान्नु भएको थियो । तापनि उहाँ मसँग मेरो विचार मार्फत् यसरी बोल्नुभयो, “मलाई थाहा छ कि तिमी आफ्नो बाबालाई क्षमा दिन चाहदैनौं । के मलाई तिमीद्धार भएर तिम्रो बाबालाई प्रेम गर्न अनुमती दिन्छौं ? त्यति खेरा म आफै चाहिँ मेरो बाबालाई क्षमा दिन इच्छुक थिएन तर परमेश्वरलाई मद्धार भएर मेरो बाबालाई क्षमा दिन लगाउनको लागि म इच्छुक थिए । यहाँनिर मैले चालेको केही विश्वासका कदमहरु छन :

**विश्वासको कदम** : "प्रभु, म प्रति गलत व्यवहार गर्ने र चोट पुऱ्याउने बाबालाई म क्षमा दिन सक्दिन । तपाई नै मेरो क्षमा हुनाको निम्ति र मद्धार मेरो बाबालाई क्षमा दिनको लागि बिन्ति गर्दछु । मलाई अक्षमाशीलबाट क्षमाशीलतामा बदल्नको लागि म तपाईमा भरोसा गर्दछु ।

१८ महिना सम्म परमेश्वरलाई मद्धार भएर मेरो बाबालाई क्षमा दिन लगाउने आशयका साथ विश्वासको कदम चाल्दै परमेश्वरको खोजी गरे । परमेश्वरले मेरो विचारलाई बदली दिनुभयो । १८ महिनाको अन्त्यमा परमेश्वरले अलौकिक रुपमा मेरो इच्छालाई बद्ली दिनुभयो र त्यो बेलामा परमेश्वरले मलाई सोध्नुभयो "के तिमी आफ्नो बाबालाई क्षमा दिन चाहन्छौं ?" मैले भने "म चाहन्छु" । जसै मैले मेरो बाबालाई निरन्तर रुपमा (यो चाहिँ एकै पटकमा भएको घटना होइन) क्षमा दिने इच्छा गरे परमेश्वरले ममा मेरो बाबा प्रति भएको रीस र तीतोपनको ठाउँमा प्रेमले भरिदिनुभयो । मैले मेरो बाबालाई क्षमा मात्र दिएन तर पवित्र आत्माले मेरो हृदय बद्लनु भएको कारणले अब म उहाँलाई प्रेम गर्न सक्छु वा प्रेम गर्छु । यो परमेश्वरले मेरो जीवनमा गर्नुभएको एउटा ठूलो अलौकिक काम हो किनकी मैले कहिल्यै पनि मेरो बाबालाई क्षमा दिन सक्ला जस्तो लागेको थिएन कि जुन प्रकारले अहिले मैले क्षमा दिए । तपाईले पनि जति सुकै गहिरो चोट सहिरहनु भएको भए तापनि परमेश्वरले तपाईको जीवनमा त्यस्तै काम गर्नुहुनेछ ।

**मुख्य सत्य :**

**परमेश्वरले तपाईलाई क्षमा दिन नचाहने अवस्थाबाट क्षमा दिने चाहने अवस्थामा बद्लनुहुन्छ ।**

**नोट** : यहाँ क्षमापनको सम्बन्धमा तपाईले याद गर्नु पर्ने केही कुराहरु छन् । नता मैले नता परमेश्वरले नै मेरो बाबाको दुरुपयोगलाई क्षमा गरिरहेको थिए । यो एक वास्तविक र एकदम चोटपूर्ण थियो । तापनि परमेश्वर भन्नुहुन्छ उहाँले सबै थोकबाट भलाई उत्पन्न गर्नुहुन्छ (रोमी ८ : २८) । ईश्वरीय भलाईको कुरा यो थियो कि उहाँले मेरो इच्छालाई क्षमा दिन चाहने अवस्थामा बद्ल्नु भयो । अझै पनि त्यो चोटको केही प्रभाव वा असरहरु छन् तर धेरै मात्रामा परमेश्वरले मलाई त्यो चोटको पछाडि भएको झुठो विश्वासहरुबाट छुटकारा दिनुभएको छ ।

**परमेश्वरसँग वातचीत** : तपाईले एउटा व्यक्तिको बारेमा सोच्नुहोस् जसलाई तपाई कहिल्यै क्षमा दिन सक्दैन जस्तो लाग्छ । के परमेश्वरलाई तपाईद्धार भएर त्यो व्यक्तिलाई क्षमा दिन अनुमति दिनुहुन्छ ? त्यसो भए, मैले झै विश्वासको कदम चाल्नुहोस् र तपाईद्धार भएर त्यो व्यक्तिलाई क्षमा गर्नुहोस् भनी परमेश्वरसँग बिन्ति गर्नुहोस् । साथै परमेश्वरलाई तपाईको मन बद्ली गरिदिनुहोस् भनी बिन्ति गर्नुहोस् ताकि तपाईमा क्षमा दिने इच्छा होस् ।

**अन्तिम विचार :**

**क्षमा नदिने कुराले तपाईमा खीष्टको जीवनको प्रवाहलाई रोकिदिन्छ वा काटिदिन्छ ।**

## विश्वासको हिँडाई र चोटहरुबाट चंगाई प्राप्त गर्ने सम्बन्धमा मुख्य सत्यहरु

१. याद गर्नुहोस् कि तपाईको चोटको मुख्य समस्या चाहिँ त्यो चोट वा चोट पुऱ्याउने घटना होइन । ती घटनाको परिणामको सम्बन्धमा भएको झुठो विश्वास चाहिँ मुख्य समस्या हो ।

२. लामो समय देखिको चोटहरु तुरुन्तै समाधान हुँदैन । तपाईले वर्षौ देखि सहिरहनु भएको चोटहरु निको हुनको लागि समय लाग्न सक्छ ।

३. त्यो निको हुने प्रक्रियामा चाहिँ तपाईले खीष्टलाई तपाईको धैर्यता र लगनशीलताको रुपमा लिनु पर्छ ।

४. यदि तपाईले त्यो चोट लामो समयदेखि सहदै आउनुभएको छ भने, परमेश्वरले अक्षमाशील बाट क्षमाशीलमा परिवर्तन गर्नको लागि समय लाग्न सक्छ ।

५. तापनि जसै परमेश्वरले तपाईको मनलाई नयाँ पार्नुहुन्छ, तपाईले उहाँको चंगाईलाई अनुभव गर्न थाल्नुहुनेछ ।

## तपाईको विश्वासको हिँडाईको शुरुवातमा तपाई इच्छुक हुनुपर्छ ।

**जसै तपाईले विश्वसको हिँडाई शुरु गर्नुहुन्छ, तपाई विश्वासको कदम चाल्नको लागि इच्छुक हुनुपर्छ ।**

यसको लागि मत्ती ७ : ८ लाई हेरौं :

**“जसले खोज्छ, उसले भटाउनेछ......”**

“खोज्छ” भन्ने शब्दको अर्थ चाहिँ निरन्तर रुपमा खोज्नु भन्ने हुन्छ । अर्को अर्थमा यस पदमा येशूले के भन्दै हुनुहुन्छ भने, खोज्ने काम चाहिँ उदेश्यपूर्ण र निरन्तर अगाडि बढ्ने हुनुपर्छ । मेरो विश्वासको हिँडाईको शुरुमा म विश्वासको कदम उठाउन इच्छुक थिए ।

यसलाई व्याख्या गर्नको लागि मेरो व्यक्तिगत उदाहरण दिन चाहन्छु । जब मैले तपाईलाई बाँड्दै गरेको सत्य कुरा सिके, मैले ममा भएको आलोचना गर्ने र न्याय गर्ने शारीरिक व्यवहारलाई परमेश्वरले परिवर्तन गर्नुभएको होस् भन्ने मैले चाहेको थिए । यसैकारणले मैले इच्छुक भएर वा अभिप्राय राखेर नै मेरा त्यो आलोचना गर्ने विचार परिवर्तन गर्नुहोस् भनी धेरै पटक प्रभुसँग बिन्ति गरे ।

यससँग मिल्दो जुल्दो कुरा के हुन सक्छ भने, तपाईले पहिला शुरुमा गाडी चलाउन सिक्ने बेलामा तपाई गाडीको दिशा निर्धारण गर्ने सामाग्री (स्टीयरिङ) रोक्ने अथवा ब्रेक लगाउने र घुम्तीमा घुमाउने कुरामा केन्द्रित र ध्यान दिनुपर्छ । यी काम गर्ने मेशिन वा सामाग्रीहरुको बारेमा तपाईले निरन्तर रुपमा सोच्नुपर्छ । जब तपाईले निरन्तर रुपमा यसो गर्दै जानुहुन्छ तब त्यो आफसेअफ बानी नै बन्छ । यसैकारणले तपाईको विश्वासको हिँडाईको शुरुवातमा परमेश्वरले तपाई इच्छुक भएको चाहनुहुन्छ । तपाईले जीवनलाई बदल्नको लागि तपाईमा उहाँले "पवित्र बानी" विकास गर्न चाहनुहुन्छ । त्यसैकारण, चाहे खीष्टलाई तपाईको जीवनको रुपमा खोज्ने कुरामा होस् वा तपाईको मनलाई नयाँ पार्ने कुरामा होस् वा छुटकारा वा विजय वा चंगाई खोज्ने कुरा होस्, उहाँलाई निरन्तर रुपमा खोज्ने र उहाँमा भर पर्ने "पवित्र बानी" को विकास गर्न इच्छुक हुनुपर्छ ।

## विश्वासको हिँडाईको सम्बन्धमा अन्तिम सत्य :

- विश्वासको हिँडाईद्धार नै तपाईले कसरी विश्वासद्धार जिउने भन्ने कुरा सिक्नुहुन्छ ।
- विश्वासको हिँडाईद्धार नै महशुस र अनुभवद्धार जिउनु भन्दा विश्वासद्धार जिउने कुरा अझ वास्तविक हुन आउँछ ।
- जति धेरै तपाई विश्वासमा हिँड्नुहुन्छ, त्यति नै धेरै तपाईले हरेक परिस्थितिलाई परमेश्वरको नजरबाट हेर्न थाल्नुहुन्छ र त्यसको परिणाम स्वरुप तपाईले उहाँको उदेश्यहरु राम्रोसँग बुझ्नुहुनेछ ।
- जति धेरै तपाई विश्वासमा हिँड्नुहुन्छ, त्यति नै धेरै जीवनमा पछि के आइपर्ने हो भन्ने कुरा थाहा नपाउँदा पनि तपाईमा विश्राम हुनेछ किनकी तपाईमा परमेश्वरको सर्वधिकार र नियन्त्रण प्रति ठूलो विश्वास वा भरोसा हुन्छ ।
- यदि तपाईले विश्वसको हिँडाईलाई कायम राख्नुभयो भने, तपाईले परमेश्वरको यस्तो अलौकिक कामलाई थाहा गर्नुहुनेछ जसले तपाईको सोचाई, विश्वास, छनौट र व्यवहारलाई बद्ली दिनुहुनेछ ।
- जसै तपाई निरन्तर रुपमा विश्वासमा हिँड्नुहुन्छ, यसले परमेश्वरको तपाईको सम्बन्धलाई गहिरो वा बलियो बनाउँछ र जसको कारणले तपाईले उहाँको उपस्थितिको आनन्द मनाउनुहुनेछ र तपाईको लागि उहाँले बनाउनुभएको योजना, उदेश्य र उहाँका इच्छा अनुसार तपाई जिउनु हुनेछ ।

## सारांश

१. परमेश्वरले तपाईलाई तुरुन्तै विजय, छुटकारा, चंगाई इत्यादि दिनसक्नुहुन्छ वा लामो समय पनि लाग्न सक्छ (धेरै पटक यस्तो हुन्छ) ।

२. जसै तपाई विश्वाससाथ हिँड्नुहुन्छ, तपाईले महशुस गरोस् वा नगरोस् परमेश्वरले तपाईलाई छुटकारा दिन, विजय दिन, निको पार्न वा तपाईको जीवनलाई परिवर्तन गर्नको लागि तपाईमा काम गरिरहनु भएको छ भन्ने कुरा विश्वसद्धार थाहा पाउनुहोस् ।

३. कहिले कही परमेश्वरको समयलाई पर्खिने कुरामा तपाई अधैर्य बन्न सक्छ । त्यो बेलामा परमेश्वर नै तपाईको धैर्य र लगनशीलता हुनुहोस् भनी पुकार गर्नुहोस् ।

४. हरेक दिन परमेश्वरले तपाईको जीवनमा काम गरिरहनु भएको छ भन्ने कुरामा आत्मिक रुपमा सचेत हुनुहोस् । शायद यो एउटा सानो परिवर्तन हुनसक्छ वा सानो परिवर्तनको श्रृङ्खला हुनसक्छ तर उहाँले गरिरहनुको काम प्रति सचेत गराउनुहोस् भनी उहाँसँग पुकार गर्नुहोस् ।

## झुठा विश्वासहरु

### परमेश्वरको बारेमा झुठा विश्वासहरु :

**परमेश्वर यस्तो हुनुहुन्छ भनी म विश्वास गर्छु :**

**वा विगतमा मेरो निराशजनक अवस्थामा मैले परमेश्वर यस्तो हुनुहुन्थ्यो भनी महशुस गरे :**

| | | |
|---|---|---|
| रिसाउने | न्याय गर्ने | प्रेम नगर्ने |
| टाढा रहने | दोष लगाउने | असक्षम |
| तटस्थ वा काम नगर्ने | सजाय दिने | अइच्छुक |
| सबै कुरा नियन्त्रण नगर्ने | वास्ता नगर्ने | दया नदेखाउने |

### अरुहरुको बारेमा झुठा विश्वासहरु

मसँग अरुहरुलाई क्षमा नदिने अधिकार छ । अरुहरुले नै मेरो समस्या समाधान गर्नुपर्छ । अरुहरुले शर्तरहित रुपमा मलाई प्रेम गर्नुपर्छ ।

मलाई अरुले स्वीकार्नको लागि मैले स्वीकार कमाउनु पर्छ । मेरो महत्व अरुको विचारद्धार निर्धारण हुन्छ । अरुहरु मेरो नजरमा स्वीकार्य हुनको लागि मेरो मापदण्ड पूरा गर्नुपर्छ ।

**<u>ख्रीष्टियान जीवन जिउने सम्बन्धमा झुठा विश्वासहरु :</u>**

१. मैले ...... पाउनको लागि परमेश्वरको लागि काम गर्नैपर्छ :

क. उहाँको प्रेम पाउनको लागि ।

ख. परमेश्वर म सँग खुशी हुनको लागि ।

ग. उहाँबाट स्वीकारिनको लागि ।

घ. उहाँको दोष वा सजायबाट उम्किनको लागि ।

ङ. आफ्नो बारेमा राम्रो महशुस गर्नको लागि ।

च. अरुहरुलाई खुशी पार्नको लागि ।

२. तलका कामहरु गर्ने कुरा (परमेश्वरको सहायताको साथमा) मेरो आफ्नै बुद्धि र क्षमतामा भर पर्छ ।

क. उहाँको आज्ञाहरु पालना गर्न ।

ख. उहाँको प्रतिज्ञाहरु मेरो जीवनमा पूरा गर्नको लागि ।

ग. म आफैलाई परिवर्तन गर्नको लागि ।

घ. खुशी हुनको लागि ।

ङ. सफल हुनको लागि ।

**<u>शारीरिक व्यवहारहरु</u>**

| **<u>आफैमा केन्द्रित हुनु</u>** | **<u>स्व-अनुशासित हुनु (आफैमा भरपर्नु)</u>** |
|---|---|
| आफ्नै बारेमा मात्र ध्यान दिनु आफैले आफैलाई विचारा ठान्नु, निराशित हुनु, | आफ्नो र अरुको पनि काम गराईद्धार योग्य ठहर्ने, पूर्णतावादी हुनु, असफल नहोस् भनेर कडा परिश्रम गर्नु, गल्ती गरिएला भनी डर मान्नु, |

| | |
|---|---|
| आफैलाई सस्ती दिनु, पीडित/शाहिदको भूमिका खेल्नु, अरुको ध्यान आकर्षण गर्न र सहानुभूति प्राप्त गर्न आफ्नो कष्टमा केन्द्रित हुनु, अरुको सफलता र खुशीमा डाही हुनु । | नियममा रहने, जस्तै नियम अनुसार जिउनु बध्याताको महशुस गर्नु, गर्नैपर्छ, आफैप्रति र अरुप्रति पनि कडा बन्ने, आफू र अरुको लागि अव्यवहारिक स्तर बनाउनु । |
| <u>**निकाल्नु (आफैलाईं एक्लो पार्नु)**</u><br><br>चुप लागेर बस्नु<br>अरुदेखि टाढा बस्नु<br>एक्लै बस्नु<br>कडा बन्नु<br>कुरा गर्न इन्कार गर्नु । | <u>**यी कुराहरुद्धार पूर्ण रुपले प्रभावित वा कब्ज गरेको हुन्छ**</u> **।**<br><br>उपलब्धि, सम्मान, पद, भौतिक कुरा, मेरो बारेमा अरुले के सोच्छन्, म शारीरिक रुपमा कस्तो देखिन्छ (विगतका असफलता र चोटहरु) नियमहरु, ढाँचाहरु प्रति समर्पित । |
| <u>**उम्कनु (यी कुराहरुको प्रयोगबाटको पीडा /दबाब) बाट उम्किनु :**</u><br><br>छाडापन, रक्सी सेवन, लागुपदार्थ, व्यस्तपन, स्कूलको खेल/सोख, कम्प्युटर, टेलिभिजन, फिल्म, अश्लील तस्बीर, सुताई, खन्चुवापन, धर्म, काम ( पेशा यौन सम्बन्ध) । | <u>**प्रमुख बन्नु**</u><br><br>शासक हुने (हाकिम)<br>आज्ञा दिने, नियन्त्रण गर्ने,<br>अरुलाई धम्काउने,<br>अधिनतामा रहन नचाहने । |
| <u>**चिन्तित हुनु (फिक्री र गनगन)**</u><br><br>डराउनु, शान्ति र विश्रामको अभाव, पक्षाघाती हुनु, अति शंकालु हुनु, सकारात्मक रुपमा हेर्न इन्कार गर्नु खराबको अनुमान गर्नु । | <u>**सबैलाई नियन्त्रण गर्ने**</u><br><br>कालोबजार गरेर ( धम्की दिएर)<br>हेरफेर गरेर ( दोष, दया, मौनाता, चापलुसी इत्यादि गरेर)<br>जबरजस्ती (शारीरिक धाक धम्की दिएर)<br>अपवित्र (कसम खाएर)<br>निस्क्रिय बनेर (कमजोरी भएको नाटक गर्दै) नखाएर । |
| <u>**यी कुराहरुबाट मार्गदर्शन खोज्नु**</u><br><br>ज्योतिषी / राशीफल, भाग्य हेराउनेहरुबाट/तन्त्रमन्त्रबाट | <u>**दया र नम्रताको अभाव हुनु**</u><br><br>समझशक्ति, दया, प्रेम र रक्षात्क बनेर । |
| <u>**स्व-धर्मी बन्नु (आफू-ठीक छ भनी साबित गर्नु)**</u> | <u>**निराशावादी हुनु (नकारात्मक)**</u> |

| | |
|---|---|
| बाहना बनाउनु (युक्तिसंगत) गल्तीहरु ढाकछोप गर्नु आफ्नै कुरा हुनुपर्ने आफू कहिल्यै समस्याको जड होइन भन्नु अरुलाई नै समस्याका कारण हो भनी दोष लगाउने<br>समस्या वा असफलताको जिम्मेवारी आफू नलिने क्षमा नमाग्ने, गल्ती स्वीकार नगर्ने, सहायता नमाग्ने, धन्यवादी नहुने, म ठूलो हुँ भन्ने विचार राख्ने<br>उत्तम के हो मलाई थाहा छ भने, मेरो तरिका नै उत्तम हो भने । | आशा र विश्वासको कमी हुनु अरुहरु, मण्डली, परमेश्वर वा सरकारलाई भरोसा गर्नु, खराबीको आपेक्षा गर्ने कहिल्यै आफूप्रति र अरुप्रति खुशी नहुने, कहिल्यै सन्तुष्टि नहुने |
| **आलोचक बन्ने (न्याय गर्ने)**<br><br>अरुको गल्ती देख्ने, पक्षपाती गर्ने (सहनसक्ने) म र मेरो कुराहरु मात्र ठीक भन्ने, धेरै गुनासो गर्ने (कुनै पनि काम राम्रो भयो भनेर नभन्ने) | **शत्रुता बन्नु**<br><br>विरोधी बन्नु ब्यङ्ग्यात्मक बन्नु (बिगार्ने) हाँसो उडाउने हुनु घृणास्पद बन्नु (तुच्छा आत्मा) निर्दयी हुनु (हानि गर्ने इच्छा हुनु) छिटो रिसाउनु शारीरिक रुपमा चोट पुऱ्याउनु बोली वचनद्धार चोट पुऱ्याउनु तोडफोड गर्नु । |
| **आफैमा निर्धक्क हुने (आफैमा विश्वस्त हुने)**<br><br>परमेश्वर र अरुमा भर पर्नुको सट्टा आफैमा भर पर्ने, घमण्डी हुनु, (जिद्धी हुनु) अंहकारी हुनु (अहंकार पूर्ण व्यवहार गर्नु) आफ्नै प्रशंसा गर्नु, शेखी हुनु (आत्मासन्तुष्टि) । | **रीस राख्नु (ईख राख्नु)**<br><br>उदास हुनु तीतोपन राख्नु क्षमा नदिनु मनमा चोटलाई राखिदिनु बदला लिन खोज्नु अरुहरु असफल होस् भन्ने चाहनु वा अरुलाई चोट पुगोस् भन्ने चाहनु आफैलाई वा अरुलाई सजाय दिनु । |
| **असंवेदनाशील हुनु** | **अनुचित प्रकारले लड्नु** |

| | |
|---|---|
| वास्ता नगर्ने, सहनुभूति नदेखाउने ख्याल नगर्ने वा भावशून्य हुनु | निन्दनीय बन्नु अवस्थालाई गलत प्रकारले प्रस्तुत गर्नु कुरा काट्नु (अरुको पछाडि कुरा काट्नु) । |
| <u>सुस्त हुनु (चुनौति नलिने)</u><br><br>"ठीकै छ, वा केही छैन जस्ता कुराहरु भन्नु ।" | <u>देखावटी हुनु</u><br><br>वास्तविकतालाई लुकाउनु आफ्नो वास्तविक कुरालाई लुकाउनु बाहना गर्नु अरुलाई प्रभावित तुल्याउन खोज्नु वा त्यतिकै मैले जानेको छ भन्ने प्रकारले काम गर्ने जबकि जुन कुरा आफूले त्यो जानेको हुँदैन, कपटी बन्नु<br>देखावटी बन्नु (कसैलाई घनिष्ट हुन नदिनु) । |
| <u>निस्क्रिय - आक्रमक व्यवहारहरुमा</u><br><br>संलग्नु हुनु : साँचो कुरालाई लुकाउन ठट्टा गर्नु, कुनै पनि कुरालाई बिर्सनु, कुरा गर्न इन्कार गर्नु, ढिलाई गर्नु, विलम्ब गर्नु इत्यादि । | <u>निस्क्रिय बन्नु (आफैले पहल नगर्नु)</u><br><br>छिटै कामलाई छोडिदिनु (छोड्नु) मौका अनुसार काम नगर्नु कसैले आएर कसरी सोच्ने र कसरी गर्ने भनेर भनिदिओस् भनी पर्खने, आलटाल गरेर बस्ने, दोमनको हुनु, असफल होला भनी डर मान्नु, विलम्ब गर्नु, गैह्र जिम्मेवारी बन्नु (भर पर्दो नहुनु) अल्छी हुनु (उदासीन सुस्त) । |
| <u>आफैलाई हानि गर्ने वा दोष लगाउने बन्नु</u><br><br>सधै म आफै नै समस्या हुँ भनी ठान्नु धेरै माफीको कुरा मात्रै गर्ने, आफैलाई सास्ती दिने, सफलताको कुरामा गाह्रो महशुस गर्ने, प्रेम, क्षमा प्राप्त गर्न गाह्रो मान्नु, आफैलाई क्षमा दिन नसक्नु । | <u>तनाव ग्रस्त हुनु</u><br><br>विश्राम नपाउनु बेचयनको हुनु अधैर्य हुनु छिटै झन्झट मान्ने । |
| <u>अरुलाई चुनौति दिनु</u><br><br>अधिकारीको विरोध गर्नु सहकार्य नगर्ने (अलचकदार बन्नु ) अरुको कुरा नलिने (साँघुरो धारणा) झगडा पैदा गर्ने (झगडा) रीस उठाउने (अरुलाई रीस उठाउने) वादविवाद | <u>भावनात्मक रुपमा पृथक हुनु</u><br><br>घनिष्ट नहुनु भावना र विचारहरु अभिव्यक्त गर्न गाह्रो हुनु भावनाहरु दबाएर राख्नु कुण्ठित भएर बस्नु । |

| | |
|---|---|
| गर्ने<br>हट्ठी बन्नु<br>अव्यवहारिक बन्नु । | |
| <u>**वास्तविकलाई इन्कार गर्नु**</u><br>समस्या वा आशालाई वेवास्ता गर्नु<br>कुनै समस्या वा खराब कुरालाई इन्कार गर्नु<br>आत्मापरक हुनु<br>आफैलाई र अरुलाई धोखा दिनु<br>आफैलाई र अरुलाई झुठ बोल्नु<br>बढाईचढाई गर्नु<br>वास्तविक कुरालाई लुकाउन नाटक गर्नु<br>आलोचना प्रति बढी संवेदनशील हुनु<br>बढी संवेदनशील बन्नु<br>भावुक हुनु (झट्टै रिसाउनु)<br>डर, रीस, शंका र असुरक्षाद्धार नियन्त्रित ।<br><u>खुशी पार्ने व्यक्ति हुनु (असल हुनु)</u><br>सबैलाई खुशी राख्ने प्रयास गर्नु द्धन्द्धलाई टाढै राख्नु/शान्ति कायम गर्नु अरुले जे चाहन्छ त्यही भन्नु<br>ज्यादै अधीनतामा रहनु,<br>हुन्न भन्नालाई गाह्रो हुनु, आफ्नै लागि खडा हुन नसक्नु अरु निराशित हुन्छ कि भनेर डराउनु सजिलै प्रकारले अरुको कुरा सुन्नु । | <u>**महशुस वा भावनाद्धार जिउनु**</u><br><br>महशुस गर्दैछ, त्यही नै सत्य भनी विश्वास गर्नु । |
| <u>**ख्याल गर्ने व्यक्ति हुनु (उद्धारक)**</u><br><br>धेरै सुरक्षा गर्ने व्यक्ति बन्नु<br>धेरै जिम्मेवारी बन्नु<br>अरुको समस्याप्रति धेरै चिन्तित हुनु<br>मरिहत्ते गर्नु (धेरै लगानी गर्ने)<br>धेरै बोल्ने र सुन्नमा कमजोरी हुनु<br>अरुको लागि निर्णय गर्नु । | <u>**धेरै गम्भीर हुनु (तीव्र)**</u><br>अति विश्लेषणात्म हुनु<br>रमाइलो वा आनन्द मनाउन नसक्ने<br>आनन्द वा जीवनको अभाव हुनु |

# *पाठ पाँच*

## विश्वासको लडाई

### पहिलो दिन

**पाठ पाँचको सर्वेक्षण**

- विश्वासको लडाई भनेको के हो ?
- विश्वासको लडाईको बारेमा सत्यताहरु
- लडाईमा शत्रुहरु
- शरीर, पापको शक्ति र शैतान /भुतहरुसँगको लडाईमा विजय
- विश्वासको लडाई र तपाईको विचारको जीवन

**परिचय**

जब तपाई आफ्नो विश्वासको मात्रामा सचेत रहनुहुन्छ, तब यसले तपाईलाई प्रतिरोधसँग सामना गर्ने कुरातिर डोऱ्याउँछ । यदि तपाईले अघिबाटै विश्वासको कदम चालिरहनुभएको छ भने, सम्भवत मैले भन्न खोजेको कुरा तपाईले थाहा पाउनुभएको छ । जब तपाईको विश्वासको यात्रालाई नाश पार्न खोज्ने कुनै पनि आन्तरिक र बाह्य शत्रुहरुको विरुद्धमा खडा हुन्छ, तब यो प्रतिरोध सृजना हुन्छ । हामी यस पाठमा हामीले लडाईमा सामना गर्ने शत्रु र विश्वासको लडाई जित्नको लागि कसरी परमेश्वरमा रहेर शत्रुसँग लड्ने भन्ने बारेमा छलफल गर्नेछौं ।

**विश्वासको लडाई भनेको के हो ?**

**"विश्वासको उत्तम लडाई लड्..."**

**१ तिमोथी ६ : १२**

विश्वासको लडाईलाई म यस प्रकारले परिभाषित गर्छु :

| |
|---|
| **विश्वासको लडाई :** |
| **विश्वासको लडाई चाहिँ तपाई विश्वासद्धार हिँड्दा तपाईको शत्रबाट आएको प्रतिरोधको परिणाम हो ।** |



सत्य यो हो कि तपाईले विश्वासको पहिलो कदम चाल्द खेरी नै तपाईले प्रतिरोध भेट्नुहुनेछ । यति खेरा म तपाईलाई दुईवटा प्रश्नहरु सोध्न चाहन्छु :

- के तपाई लडाई छ भनी सचेत हुनुभएको छ ?
- के तपाई लडाईमा सामेल हुनुहुन्छ ?

धेरै खीष्टियानहरुलाई उनीहरुको विरुद्धमा ठूलो लडाई तैनाथ वा खडा भएको छ भन्ने कुरा पनि थाहा छैनन् । पत्रुसले १ पत्रुस २ : ११ मा यस लडाईको बारेमा बताएको छ ।

“प्रिया हो म तिमीहरुलाई आग्रह पूर्वक बिन्ति गर्दछु कि विदेशी र प्रवासीहरु हौं भनी जानेर तिमीहरुका आत्माको विरुद्धमा लडाई गर्ने शारीरिक अभिलाषाहरुबाट अलग रहो ।”

पहिलो कुरा चाहिँ लडाई छ भन्ने कुरामा हामी सचेत हुनुपर्छ । यदि लडाई छ भन्ने कुरा थाहा छैन भने, लडाई नै भइरहेको छैन भन्ने प्रकारले हामी जिउँछौं । अझ थप कुरा यदि लडाई छ भन्ने कुरा थाहा छ तापनि १ तिमोथी ६ : १२ अनुसार विश्वासको लडाई लड्दैनौं भन्ने, यसले तीनवटा कुराहरु निम्त्याउँछ ।

**पहिलो, हामीले परमेश्वरलाई र विश्वासको हिँडाईलाई त्याग्छौं ।**
**दोस्रो, हामीले जीवन जिउनको लागि आफैलाई स्रोत बनाउँछौं ।**
**तेस्रो, कहिल्यै परिवर्तन आउँदैन ।**

त्यसैकारणले, हामीले विश्वासको लडाईमा हामीले सामना गर्नुपर्ने शत्रु र त्यो लडाईलाई कसरी जित्ने भन्ने बारेमा पूर्ण रुपमा जान्नु अति महत्वपूर्ण छ । पहिला शुरुमा विश्वासको लडाईको बारेमा जान्नुपर्ने केही मुख्य सत्यहरु हेरौं ।

**विश्वासको लडाईको बारेमा सत्यहरु :**

**१. तपाईले यो लडाई लड्न सक्नुहुन्न ।**



"किनभने परमप्रभु तिमीहरुका परमेश्वर नै तिमीहरुका शत्रुका विरुद्धमा तिमीहरुका निम्ति लडेर तिमीहरुलाई विजयी तुल्याएर साथ-साथै जानुहुन्छ।" व्यवस्था २० : ४

विश्वासको लडाईको सम्बन्धमा सत्य कुरा यो हो कि परमेश्वरबाट अलग भएर तपाईले त्यो लडाई लड्न सक्नुहुन्न । किन ? किनकी तपाईले सामना गर्नुपर्ने शत्रुको शक्तिसँग लड्न तपाईको आफ्नै बल र इच्छा शक्ति पर्याप्त छैन । जब-जब तपाई परमेश्वरको शक्तिबाट अलग भएर विश्वासको लडाई लड्नुहुन्छ, तपाई पराजित हुनेछ । शुभ खबर यो हो कि परमेश्वरले तपाईले सामना गर्नुपर्ने शत्रुसँग तपाईको निम्ति लडेर विजय दिने प्रतिज्ञा गर्नुहुन्छ ।

परमेश्वरले कहिल्यै पनि उहाँबाट अलग रहेर तपाईले लड्न नसक्ने लडाई लडोस् भन्ने इच्छा वा चाहना गर्नुभएन ।

## २. विश्वासको लडाईमा तपाईको भूमिका

"परमप्रभु नै तिमीहरुको निम्ति लड्नुहुनेछ । तिमीहरु केवल स्थिर बस" प्रस्थान १४ : १४ ।

अन्तमा यो लडाई परमेश्वरले नै लड्नु पर्ने भए तापनि तपाईको भूमिका पनि अति महत्वपूर्ण छ : "स्थिर बस" । शुरुमा त योअति नै निस्क्रिय रहने जस्तो लाग्न सक्छ, तर सत्य यो हो कि "स्थिर बस" भन्ने शब्द अति नै सक्रिय वाक्य हो । जसमा तपाईले परमप्रभुमा भरोसा गर्दै निरन्तर विश्वास साथ लडाई लड्नु पर्ने हुन्छ ।

"स्थिर हुनु" को अर्थ चाहिँ तपाईको विश्वासको हिँडाईमा खडा हुने शत्रु माथि विजय प्राप्त गर्नको लागि परमेश्वरको शक्ति र क्षमतामा भर परेर उहाँमा विश्राम लिनु भन्नु हो ।

**हामी यही सत्य भजनसंग्रह ४७ : १० मा देख्छौं :**

"शान्त होओ र म परमप्रभु हुँ भनी जान ..." यदि मेरो शत्रु माथि परमेश्वरको शक्तिले विजय प्राप्त गर्नेछ भनी म विश्वस्त भए देखि उहाँले नै मेरो निम्ति लड्नुहुनेछ भनी मैले विश्राम को अनुभव गर्न सक्छु ।

| |
|---|
| **तपाईको विश्वासले तपाईको विश्वासको हिँडाईमा खडा हुने शत्रुलाई नष्ट गर्न परमेश्वरको शक्तिलाई सक्रिय वा सुचारु गर्दछ ।** |

## ३. परमेश्वरको वचनलाई विश्वासको लडाईको भागको रुपमा प्रयोग गर्नुहोस् ।

"शोकले गर्दा मेरो प्राण रुन्छ, तपाईको वचन अनुसार मलाई बलियो तुल्याउनुहोस् ।" भजनसंग्रह ११९ : २८

"तिमीहरुले सत्य जान्नेछौ र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ ।" यूहन्ना ८ : ३२

विश्वासको लडाइको महत्वपूर्ण भाग/कुरा चाहिँ सत्यलाई जान्नु र सत्यको साथ परमेश्वरसँग सहकार्य गर्नु हो । यूहन्ना ८:३२ मा भएको जान्नु भन्ने शब्दको अर्थ चाँहि बौद्धिक रुपमा जान्नु वा थाहा गर्नु मात्र होइन । यसको अर्थ "विश्वास गर्नु" हो । यूहन्ना १४ : ६ अनुसार हामी जान्दछौ कि खीष्ट स्वंयम सत्य हुनुहुन्छ । त्यसैकारण जब हामीले परमेश्वरको सत्यता माथि विश्वास गर्छौं र विश्वासद्धार परमेश्वरसँग सहकार्य गर्छौं, उहाँले तपाईको विश्वासको हिँडाईमा खडा भएको शत्रुलाई नष्ट गर्न र तपाईलाई स्वतन्त्र तुल्याउन उहाँले आफ्नो सत्य प्रयोग गर्नुहुनेछ । यस पाठको अर्को भागमा यसले व्यवहारिक रुपमा कसरी काम गर्छ भन्ने बारेमा हेर्नेछौ ।

## विश्वासको हिँडाईको दृश्य उदाहरण

तलको रेखा चित्रमा देब्रे पट्टितिर हामी खीष्टियान हिँडाईको शुरुवातलाई देख्छौं । शुरुवातमा त हामी प्राय : शारीरिक र समस्याहरु समाधान नभएको र हामीलाई पराजित गराउने पापमय जीवन ढाँचाहरुको बन्धनमा नै हुन्छौं । दाहिने पट्टि चाहिँ हामीले अनुभव गर्न चाहेको परमेश्वरको परिवर्तनको प्रतिज्ञाहरु पाउँछौं । दुई पट्टि बीचको पुल चाहिँ विश्वास हो । यस पाठ भरीमा हामी यो रेखा चित्रलाई प्रयोग गर्नेछौं ।




## यस लडाईमा शत्रुहरु चाहिँ को-को वा के-के हुन् ?

जसै हामी विश्वासको हिँडाईलाई शुरुवात गर्छौं, तब हामीले आन्तरिक वा बाह्य रुपबाट शत्रुहरु र बाधाहरुसँग सामना गर्नेछौं । हाम्रो विश्वासको लडाईमा खडा हुने मुख्य तीनवटा शत्रुहरु चाहिँ शरीर, पापको शक्ति र शैतान र उसका भुतहरु हुन् । म यी शत्रुहरुलाई ‘‘अपवित्र’’ त्रिएक भनेर भन्छु ।



“अपवित्र” त्रिएकको साथ-साथै हामीले सामना गर्नु पर्ने अर्को सम्भावित शत्रु चाहिँ हाम्रो आफ्नै सोचाई हो । जब हामी विश्वासद्धार हिँड्न शुरु गर्छौं, हामीले यी चारवटा शत्रुहरुलाई सामना गर्नेछौं । यसको उदाहरण तल हेरौं :




हामी ती शत्रुहरुलाई एक-एक गरी हेरौं र कसरी परमेश्वरमा भएर विश्वासको लडाई लड्ने र लडाईमा विजय प्राप्त गर्ने भन्ने विषयमा हेरौं ।

**मुख्य सत्य**

**तपाईको बल क्षमता र इच्छा शक्ति चाहिँ तपाईको शत्रुको भन्दा कमजोर छ । परमेश्वरबाट अलग भएर त्यसलाई पराजित गर्न खोज्ने प्रयासले सधै पराजय मात्र निम्त्याउँछ ।**

# *दोस्रो दिन*

## शत्रु १. - शरीर

अघिल्लो पाठबाट तपाईले शरीर र शारीरिक व्यवहारको परिणामको बारेमा राम्रोसँग बुझेको हुनुपर्छ । यस पाठमा चाहिँ शरीरले कसरी तपाईको विश्वासको हिँडाईमा बाधा दिन्छ भन्ने बारेमा हेर्नेछौं ।

## तपाईको शरीरले सधै तपाईको विश्वासको हिँडाईमा बाधा पुऱ्याउँछ ।

तपाईको शरीरले सधै तपाईको विश्वासको हिँडाईमा बाधा पुऱ्याइरहेको हुन्छ । यो कुरा हामी गलाती ५ : १७ मा पाउँछौं ।



"किनकी शरीरका इच्छा पवित्र आत्माको विरुद्धमा र आत्माको इच्छा शरीरको विरुद्धमा हुन्छ, तिमीले चाहेको काम गर्न नपाओस् भनेर यी दुई एउटा अर्काको विरुद्धमा हुन्छ ।" गलाती ५ : १७

हामीले हाम्रो बाँकी जीवन भरी नै शरीर र यसको इच्छासँग संघर्ष गर्नुपर्छ । अशुभ खबर चाहिँ यो हो कि हामी फेरि शारीरिक स्वतन्त्र जीवन जियाईमा फर्कनु चाहिँ हामी सबैको लागि "कर्तव्यबाट चुकेको" अवस्थामा पुग्नु हो । अर्को अर्थमा भन्नुपर्दा फेरि हामी शरीरमा नै फर्कनु चाहिँ सजिलो छ, किनकी हामी यही प्रकारले जीवन जिउँदै आएका छौं । तापनि अब हामी ख्रीष्टियान हौं र हामीसँग अर्को विकल्प पनि छ । हामीमा परमेश्वरको पूर्ण शक्ति भएको हुनाले (सधै शरीरलाई नियन्त्रण गर्ने) परमेश्वरको शक्तिमा भर परेर हिँड्ने कुरालाई रोज्न सक्छौं ।

**हरेक ख्रीष्टियान "चुक्ने" ठाउँ वा क्षेत्र चाहिँ शरीर हो ।**

शरीरले निम्न प्रकारले तपाईको विश्वासको हिँडाईमा बाधा पुऱ्याउँछ । शरीरले तपाईले यी कामहरु गरेको चाहन्छ ।

१. आफूलाई परिवर्तन गर्नको लागि आफ्नै क्षमताहरुलाई प्रयोग गरेको चाहन्छ ।

२. परमेश्वर तपाईलाई परिवर्तन गर्ने परमेश्वरको शक्ति माथि शंका गरेको र भर पर्न छोडेको चाहन्छ ।

३. फेरि तपाईको "सुंगुरको खोर" को व्यवहारमा फर्केको चाहन्छ ।

४. पापको शक्ति र शैतान/भुतहरुद्धारको परिक्षामा सहभागी भएको चाहन्छ ।

<u>**प्रश्न**</u> : रोमी ७ : १५ को आधारमा, तपाई के कस्ता कामहरु  गर्न चाहनुहुन्छ तर तपाईले ठीक त्यसको उल्टो कामहरु गरिरहनु भएको छ ? के तपाईले आफ्नो इच्छा शक्तिलाई प्रयोग गरेर यी कामहरु नगर्ने प्रयास गर्नुभएको छ ? <u>के यसले काम गरिरहेछ ?</u>

---

---

---

## <u>विश्वासको लडाई र शरीर</u>

**परमेश्वरले विश्वासको लडाई र शरीरको सम्बन्धमा तीनवटा कुराहरु पूरा गर्न चाहनुहुन्छ :**

### <u>१. जब तपाईको शरीरले तपाईको विश्वासको हिँडाईमा बाधा दिन्छ, त्यसलाई प्रकट गर्न चाहनुहुन्छ ।</u>

हाम्रो चुक्ने वा गिर्ने स्थान वा क्षेत्र भनेको शरीर हो, परमेश्वरले हाम्रो जीवनमा काम गरिरहनु भएको बेलामा शरीरले बाधा दिइरहेको कुरा हामीले देख्न नसकौला । त्यसैकारणले, परमेश्वरले शरीरबाटको त्यो विरोधलाई प्रकट गर्न चाहनुहुन्छ ।

तलको पदमा कसरी दाऊदले परमेश्वरलाई आफ्नो शरीरको व्यवहार वा कामलाई देखाइदिनुहोस् भनी बिन्ति गरेको छ भन्ने कुरा देख्छौं ।

"हे परमेश्वर मलाई <u>जाँच्नुहोस्</u> र मेरो हृदयलाई जान्नुहोस्, मलाई <u>जाँच्नुहोस्</u> र मेरा विचारहरुलाई जान्नुहोस् । <u>हेर्नुहोस</u> ममा कुनै दुष्ट चाल छ कि र मलाई अनन्तको मार्गमा डोऱ्याउनुहोस् । भजनसंग्रह १३९ : २३, २४

त्यसैकारण परमेश्वरले हाम्रो शरीरको बाधालाई प्रकट गर्नको लागि हामीले कस्तो विश्वासको कदम चाल्नुपर्ला हेरौं :

<u>**विश्वासको कदम**</u> : "प्रभु, तपाईले मेरो जीवनमा गरिरहनु भएको काम प्रति मेरो शरीरले कुन प्रकारले बाधा दिइरहेको छ, सो देखाउनुहोस् भनी बिन्ति गर्दछु ।

### २. <u>परमेश्वरले  तपाईको शरीरको मृत्युलाई देखाउन चाहनुहुन्छ ।</u>

“म के गर्दछु, त्यो बुझ्दिनँ, किनकी म  जे चाहन्छु त्यो मैले गरिरहेको छैन, तर त्यही काम गरिरहेको छु, जो म घृणा गर्दछु ।” रोमी ७ : १५

शरीरको दुईवटा समस्या छन् । पहिलो चाहिँ हामी हाम्रो शारीरिकपनबाट फर्कन चाहँदैनौं । दोस्रो चाहिँ हामी आफैमा आफैलाई पापको पञ्जाबाट छुटकारा दिने शक्ति छैन । यसैकारण हामीलाई छुटकारा दिनको लागि परमेश्वरलाई अनुमति दिन हामी इच्छुक हुनु भन्दा अगाडि परमेश्वरले हाम्रो शरीरको “मृत्यु” भएको कुरा देखाउनुपर्‍यो । परमेश्वरले हाम्रो जीवनमा परिवर्तनको काम गर्ने बेलामा शरीरले विरोध गर्दा खेरी शरीरको मृत्यु (प्राणको दु : ख हो) भएको छ भनी याद गर्नुहोस् ।

**तपाईलाई तपाईको शरीरको मृत्यु देखाउनु चाहिँ आत्माले तपाई भित्र शरीरले उत्पन्न गराईरहेको बाधाको दु:खलाई देखाउनु हो ।**



धेरै ख्रीष्टियानहरुको समस्या चाहिँ तपाईभित्र लामो समय  देखि शरीरले उत्पन्न गराई रहेको दु : खलाई त्यो दु:ख हो भनी चिन्न नसक्नु हो । त्यसैकारण त्यो दु:ख देखाइदिनुहोस् भनी हामी परमेश्वरको खोजी गर्छौं नत्रता हामी पनि २ पत्रुस २ : २२ मा उल्लेख गरे झै निरन्तर रुपमा कुकुर झै आफ्नो बान्तामा फर्कने, फेरि त्यो चाट्ने र फेरि बान्ता गर्ने प्रक्रियामा लागिरहनेछौं । (मैले यो उदाहरण प्रयोग गरेकोमा क्षमा चाहन्छु तर यसलाई स्पष्ट पार्नको लागि प्रभुले यही नै दृश्य प्रयोग गर्न चाहनुहुन्छ  भनी म आशा गर्दछु) ।

उदाहरणको लागि, मानौं परमेश्वरले तपाईलाई रिसाउने बानीबाट छुटकारा दिन चाहने कुरा प्रति तपाईको शरीरले विरोध वा बाधा दिइरहेको छ । परमेश्वरले तपाईको रिसको “मृत्यु” भएको र यसले कसरी निरन्तर रुपमा तपाईको श्रीमान श्रीमतीबीच सहकर्मीहरु बीच र साथीहरु बीच द्धन्द्ध सिर्जना गर्दछ भन्ने कु प्रकट गराउनुहुन्छ । उहाँले तपाईको रिसाउने नाकलाई “बान्ता” मा दल्नुहुनेछ ताकि तपाईले आफैलाई रीसबाट फर्किरहेको पाउनुहुनेछ ।

**<u>३. तपाईलाई आफू शरीरको लेखि मृत्यु भएको छु भनी हिँड्ने इच्छा दिन ।</u>**

जब हामीले हाम्रो शरीरले उत्पन्न गराउने मृत्युलाई (बान्ता सुँघ्छौं) देख्छौं, हामी यसबाट फर्कने छौं र परमेश्वरमा भर परेर जिउने कुरातिर फर्कने छौं । २ कोरिन्थी ४ : ११




"किनकी हामी जीवित छँदा पनि येशूको खातिर सधैं मृत्युको मुखैमा परि बस्छौं यस हेतुले कि येशूको जीवन हाम्रा मरणशील शरीरमा प्रकटित् होस् ।" २ कोरिन्थी ४ : ११

यस पदमा पावलले परमेश्वरले निरन्तर रुपमा हाम्रो शरीरको मृत्यु भएको कुरा प्रकट गराईरहनु भएको कुरा बताउँछ ताकि हामी हाम्रो शरीरको लेखि मरेर जिउँछौं । हाम्रो शरीरको लेखि मरेर हिँड्नु वा जिउनु भनेको चाहिँ हामीमा हाम्रो शारीरिक बाधाबाट उत्पन्न दुःखको महशुस गर्नु र परमेश्वरले हाम्रो जीवनमा गरिरहनुभएको परिवर्तनको कामलाई निरन्तरता दिनको लागि परमेश्वरमा फर्कनु हो । जब हामी शरीरको लेखि मरेर हिँड्छौं त्यो भनेको चाहिँ हामीले हाम्रो शरीरलाई (स्व-जीवन) क्रुसमा टाँग्नु जस्तै हो ।

**तपाई शरीरको लेखि मरेर हिँड्नु भनेको चाहिँ तपाई आफ्नो शरीर माथि विजय प्राप्त गरी हिँड्नु भन्नु हो ।**

**परमेश्वरसँग वातचीत** : तपाईको जीवनको कुन क्षेत्रमा उहाँले गरिरहनु भएको कामलाई तपाईको शरीरले बाधा दिइरहेको छ, त्यो प्रकट गराईदिनुहोस् भनी बिन्ति गर्नुहोस् । त्यसले सिर्जना गरिरहेको मृत्यु र दु : खलाई देखाईदिनुहोस् भनी पुकार गर्नुहोस् ।

# तेस्रो दिन

## तपाईको शरीरमाथि विजयको अनुभव गर्नको लागि कसरी परमेश्वरको शक्तिलाई प्राप्त गर्ने भन्ने बारेमा उदाहरणहरु

**शरीरमाथि विजयका अनुभव गर्नको लागि :**

१. जब तपाईले शरीरबाटको बाधाको अनुभव गर्नुहुन्छ, त्यसलाई निरन्तर रुपमा प्रकट गराईदिनुहोस् भनी परमेश्वरसँग भन्नुहोस् ।

२. तपाईको शरीरले उत्पन्न गराई रहेको "मृत्यु" (दु:ख) लाई र यसले तपाईको वरिपरि भएका मानिसहरुलाई पारिराखेको प्रभावलाई प्रकट गराई दिनुहोस् भनी परमेश्वरसँग पुकार गर्नुहोस् ।

३. परमेश्वरले आफ्नो शक्ति:मा तपाईलाई तपाईको शारीरिक व्यवहारहरुबाट अलग भएर त्यसको लेखि "मर्ने" इच्छा दिनुहोस् भनी उहाँसँग माग्नुहोस् ।

हाम्रा शारीरिक व्यवहारहरु माथि विजयको अनुभव गर्नका लागि कसरी परमेश्वरको शक्तिलाई विश्वासद्धार लिने वा फुकाउने भन्ने सम्बन्धमा दुईवटा उदाहरणहरु हेरौं :

**उदाहरण १** : मानौ तपाईले विगतमा तपाईलाई चोट पुऱ्याउने व्यक्तिप्रति क्षमाको अनुभव गर्न वा क्षमा दिनको लागि परमेश्वरसँग बिन्ति गरिरहनु भएको छ । तपाईले धेरै विश्वासको कदमहरु चाले पछि त्यो व्यक्ति तपाईको जीवनमा देखा पर्छ । शरीरले चाहिँ तपाईलाई फेरि शारीरिक रीसको तीतोपनको वा क्षमा नदिने सुंगुरको खोरमा लाने प्रयास गरी तपाईको विश्वासको हिँडाईमा बाधा दिने प्रयास गर्छ । त्यो अवस्थामा शरीरमाथि विजय प्राप्त गर्न वा शरीरलाई नियन्त्रण गर्न कसरी हामी परमेश्वरसँग सहकार्य गर्छौं ?

**विश्वासको कदम** : "प्रभु मलाई यो व्यक्तिप्रति रीस उठिरहेको छ । तपाईले आफ्नो शक्तिमा मेरो रीसको मृत्यु भएको देखाउनुहोस् र यसबाट फर्कने इच्छा दिनुहोस् भनी म तपाईसँग बिन्ति गर्दछु ।"

**उदाहरण २** : मानौ तपाईले आफ्नो पति वा पत्नीलाई इन्कार वा त्यागी रहनुभएको छ । अब तपाईले शर्तरहित भएर उसलाई वा तिनलाई स्वीकार्नको लागि तपाईको मन नयाँ पार्नको लागि परमेश्वरको खोजी गरिरहनु भएको छ । जसै तपाईले विश्वासको कदम चाल्नुहुन्छ, ऊ वा तिनले यस्तो कुरा भन्छ, जुन कुराले तपाई भित्रको त्यो इन्कार वा त्याग्ने विचारलाई अझ उक्साउने वा बलियो पार्दछ । त्यो बेलामा तपाईको विश्वासको लडाई शुरु हुन्छ । अब विश्वासको लडाई लड्नको लागिकसरी परमेश्वरसँग सहकार्य गर्ने ?

**विश्वासको लडाई** : "प्रभु मलाई मेरो पति वा पत्नीलाई त्याग्ने इच्छा भइरहेको छ। ममा उत्पन्न भएको इन्कार वा त्याग्ने विचारको मृत्यु भएको कुरा मलाई प्रकट गराईदिनुहोस् भनी म तपाईसँग बिन्ति गर्दछु। तपाईले आफ्नो शक्तिमा मेरो यो शारीरिक विचार माथि नियन्त्रण गर्नुहोस् र मलाई यो त्याग्ने चाहनाबाट अलग गराउनुहोस् भनी बिन्ति गर्दछु।"

**तपाईको शरीरलाई नियन्त्रण गर्न वा शरीरमाथि विजय प्राप्त गर्नको परमेश्वरसँग सहकार्य गर्ने वा सामेल हुने सम्बन्धमा अन्तिम विचार**

१. यदि तपाईले हृदयदेखि चाहेर नै शारीरिक बाधा वा विरोधलाई नियन्त्रण गर्न वा विजय प्राप्त गर्नको लागि परमेश्वरको खोजी गरिरहनु भएको होइन भने, हरसमय तपाई पराजित हुनुहुनेछ।

२. तपाईले विजय, छुटकारा वा कुनै पनि निश्चित क्षेत्रमा चंगाईको खोजी गरिरहेको प्रारम्भिक अवस्थामा तपाईको शरीरबाटको बाधा अति बलियो हुनेछ।

३. तपाईले जति नै धेरै शरीरलाई पराजित गर्न परमेश्वरको शक्तिको खोजी गर्नुहुन्छ, त्यति नै मात्रामा शारीरिक बाधा वा विरोध कम हुँदै गएको तपाईले पाउनुहुनेछ।

**मुख्य सत्य :**

**तपाईको विश्वासको हिँडाईको अवधिमा धेरै पटक तपाईले फेरि शरीरमा नै फर्केर जाने कुरालाई रोज्नुहुनेछ। तापनि त्यो समयमा परमेश्वरले तपाईलाई तपाईको शरीरको मृत्युलाई देखाउन चाहनुहुन्छ ताकि तपाई त्यसको लेखि मऱ्यो भन ठानीकन हिँड्नुहुनेछ।**

**परमेश्वरसँग वातचीत** : यदि तपाई विजय पाउन वा कुनै पनि क्षेत्रमा चंगाई प्राप्त गर्न परमेश्वरको खोजी गरिरहनु भएको छ र तपाईको विश्वसको हिँडाईमा शारीरिक विरोध वा बाधाको अनुभव गरिरहनु भएको छ भने, तपाईको त्यो शारीरिक बाधा वा विरोधलाई पराजित गर्नको लागि परमेश्वरसँग बिन्ति गर्नुहोस्।

**शत्रु २ -पापको शक्ति**

"तर यदि मैले जुन काम गर्न चाहँदिन, त्यही नै गरिरहेको छु भने, त्यो गर्ने म होइन तर मभित्र वास गर्ने पाप (को शक्ति) हो।" रोमी ७ : २० (कोष्ठको थप)

पापको शक्ति भनेको के हो ?

**पापको शक्ति भनेको :**

**तपाईको जीवनमा भएको यो आन्तरिक र निरन्तर अगाडि बढिरहने शक्ति हो जसले तपाईलाई परमेश्वरदेखि अलग भएर स्वतन्त्र प्रकारले जिउनलाई खिच्न वा परीक्षा गर्न खोज्छ।**

तपाईमा भएको पापको शक्तिले जहिले पनि परमेश्वरको जीवन र शक्तिद्धार जीवन जिउनुको सट्टा तपाईलाई आफ्नै क्षमता र बुद्धिद्धार जीवन जिउनको लागि परिक्षा गरिरहेको हुन्छ । यो यस्तो शक्ति हो जुन शक्तिमाथि तपाई आफैले विजय प्राप्त गर्न सक्नुहुन्न किनकी यो पापको शक्तिसँग तपाईको इच्छा शक्तिको मेल खाँदैन । यसैकारण यदि तपाईले विश्वासद्धार परमेश्वरको शक्तिलाई प्रयोग गर्नुहुन्न भन्ने, जहिले पनि तपाई पापकै शक्तिमुनि रहनुहुनेछ ।



अर्को मुख्य कुरा यो हो कि पापको शक्ति तपाईको शरीर र शारीरिक व्यवहारहरुसँग "साझेदारी" हुन्छ । यिनीहरुले कसरी साझेदारी भएर काम गर्छ भन्ने कुरा प्रतिबिम्ब देखाउनको लागि तपाईले आफूलाई मन पर्ने रेस्टुरेन्टमा खाना खाइरहेको कल्पना गर्नुहोस् । त्यहाँको सेवकले तपाईलाई मन पर्ने मिठाईहरुको भएको मिठाईको थाली वा भाँडो ल्याउँछ । तपाईले यसलाई नकार्न सक्नुहुन्न, त्यसैले तपाईले एक वा बढ्ता मिठाईहरु लिनुहुन्छ ।

पापको शक्ति चाहिँ यस उदाहरणमा भएको सेवक हो र ती मिठाईहरु चाहिँ तपाईको शारीरिक व्यवहारहरु हुन् । यदि तपाई परमेश्वरको शक्तिसँग सहकार्य गरिरहनुभएको छैन भने, तपाईले हर समय आफैलाई पापको शक्ति मुनि सुम्पिनुहुनेछ र शारीरिक व्यवहारहरुलाई प्रकट गर्ने कुरा रोज्नुहुनेछ । कसरी पापको शक्तिले काम गर्छ र पापको शक्तिमाथि विजय प्राप्त गर्न कसरी परमेश्वरको शक्तिलाई लिने भन्ने सम्बन्धमा केही उदाहरणहर हेर्नेछौं ।

## पापको शक्तिमथि विजयको अनुभव गर्नको लागि कसरी परमेश्वरको शक्तिमा सहाभागी हुने भन्ने सम्बन्धमा उदहरणहरु

**उदाहरण १** : आज तपाई अफिसमा जानु हुँदा, जुन पदको लागि तपाईले कडा परिश्रम गर्नु भएको थियो त्यो पदमा अरु नै कोही पदोन्नति भएको तपाईले थाहा पाउनुभयो । त्यो घडीमा पापको शक्तिले तपाईलाई रीस वा बदलाको शारीरिक व्यवहार देखाउनको लागि सेवा दिने काम गर्छ । त्यो घडीमा अब तपाईले छनौट गर्नुपर्ने हुन्छ । तपाईले कि त पापको शक्तिमुनि आफैलाई सुम्पन सक्नुहुन्छ (जसले रीस र बदलापूर्ण व्यवहारतिर डोऱ्याउँछ) कि त पापको शक्ति माथि विजय हुन् परमेश्वरको शक्तिमा सहभागी बन्न सक्नुहुन्छ । यदि तपाईले परमेश्वरलाई लडाईमा निम्त्याउने निर्णय गर्नुहुन्छ भने विश्वासको लडाई यस्तो देखिन्छ वा हुन्छ ।

**विश्वासको कदम** : "प्रभु, मलाई थाहा छ कि म त्यो पदोन्नतिको योग्य छु र मलाई रीस, तिरस्कार र बदलाको महशुस भइरहेको छ । तापनि ती भावनाहरुलाई म तपाईमा सुम्पन्छु र तपाईले

आफ्नो शक्तिमा ममा भएको पापको शक्तिलाई पराजित गराउनुहोस् र मलाई ती शारीरिक व्यवहारहरु देखाउने चाहनाबाट अलग गराउनुहोस् भनी बिन्ति गर्दछु ।"

**उदाहरण २** : तपाईले एक जना साथीले पछाडि तपाईको कुरा काटिरहेको भेटाउनुभयो । त्यो घडीमा इन्कार गर्ने शारीरिक व्यवहार देखाउनेको लागि काम गर्न पापको शक्ति त्यहाँ हुन्छ । यदि तपाईले आफैलाई पापको शक्ति मुनि सुम्पनु हुन्छ भने, तपाईले त्यो व्यक्तिलाई इन्कार गर्न शारीरिक बाटो वा तरिका पाउनुहुनेछ । अनि तपाईले यसरी परमेश्वरको शक्तिद्धार त्यस पापको शक्ति माथि विजय प्राप्त गर्न सकिन्छ ।

**विश्वासको लडाई** : "प्रभु म भित्र भएको पापको शक्तिलाई दबाउनुहोस् ताकि ममा मेरो साथी प्रति बदला लिने वा इन्कार गर्ने मन नहोस् ।"

**अभ्यास** : तपाईले संघर्ष गरिरहनु भएका केही शारीरिक व्यवहारहरुलाई लेख्नुहोस् । जब ती शारीरिक व्यवहारहरु उत्पन्न हुन्छ, त्यो बेलामा ती व्यवहारहरु पापको शक्तिले उत्पन्न गराइरहेको हो भन्ने कुरा सोच्नुहोस् ।

**परमेश्वरसँग वातचित** : पापको शक्तिलाई दबाउन र शारीरिक व्यवहारहरु देखाउनबाट अलग हुनको लागि परमेश्वरको खोजी गर्नुहोस् ।

**पापको शक्तिमाथि विजय प्राप्त गर्ने सम्बन्धमा अन्तिम विचारहरु**

१. तपाईको विश्वासको हिँडाईको शुरुवातमा तपाईमाथि पापको शक्तिको हात प्रबल हुन्छ । तपाईको विश्वासको लडाईमा पापको शक्तिले तपाईलाई पराजित गराईरहेको पाउनुहुनेछ ।

२. यी कुराहरुले तपाईलाई निराशित तुल्याउन अनुमति नदिनुहोस् । जब तपाई पापमा गिर्नु हुन्छ, पाप स्वीकार गर्नुहोस् र पश्चात्ताप गर्नुहोस् र विश्वासद्धार हिँडिरहनुहोस् ।

३. खुशीको कुरा चाहिँ यो हो कि जसै पापको शक्तिलाई पराजित गराउनको लागि तपाई परमेश्वरको शक्तिमा निरन्तर लिप्त भइरहनुहुन्छ, तब तपाई माथि पापको शक्तिको पभाव कम-कम हुँदै जान्छ र तपाईले आफैलाई पापको शक्तिको अधीनमा नरहेको कुरा थाहा पाउनुहुनेछ ।

**पापको शक्ति चाहिँ**

**सधै तपाईलाई शारीरिक व्यवहारमा फसाउनको लागि परिक्षा गर्ने एक बाधक वा अवरोध हो ।**

## शत्रु ३-शैतान / भुतहरुको शक्ति

“किनकी हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन तर प्रधानताहरुको विरुद्ध, शक्तिहरुका विरुद्ध वर्तमान अन्धकारका संसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टयाँइका आत्मिक सेनाहरुका विरुद्ध हो ।” एफिसी ६ : १२

तपाईलाई इमान्दारसाथ भन्नुपर्दा मेरो खीष्टियान जीवनको प्रारम्भिक चरणमा हाम्रो चर्चमा हामीले शैतानको बारेमा धेरै कुरा गरेनौं । हामीले बिरालै मात्रामा भूतहरुको बारेमा कुरा गर्थ्यौं । तापनि पछि केही वर्षहरुमा, शैतान र भूतहरु वास्तविक रहेछन् र रणनिति लिएर अगाडि बढ्दो रहेछ भन्ने कुरा पत्ता लगाए । शैतानको रणनीति चाहिँ :

**चोर्नु, मार्नु र तपाईको विश्वासको हिँडाईलाई नाश गर्नु हो ।**

हामी यो कुरा यूहन्ना १० : १० को पहिलो भागमा पाउँदछौं :

“चोर त चोर्न, मार्न र नाश पार्न मात्रै आउँछ....।” यूहन्ना १० : १०क

हामी शैतान र भूतको बारेमा सम्पूर्ण रुपमा कुरा गर्न गइरहेका छैनौं तर मलाई लाग्छ हामीले कम्तिमा पनि यो शत्रुले हाम्रो विश्वसको हिँडाईमा कसरी अवरोध सृजना गर्छ भन्ने कुरा जान्नु महत्वपूर्ण छ । खीष्टियानहरुप्रति शैतानको तीनवटा उदेश्यहरु हेरौं उसले चाहन्छ कि :

१. खीष्टलाई तपाईको जीवनको रुपमा जान्नबाट अलग गराउनु ।

२. खीष्टले आफ्नो जीवन तपाईमा जिउनुको अर्थ के हो भन्ने कुरा बुझ्नबाट अलग गराउनु ।

३. तपाईको जीवन परिवर्तनको लागि परमेश्वरलाई स्रोतको रुपमा विश्वास गर्नबाट अलग गराउनु ।

हेर्नुहोस् त, शैतानलाई परमेश्वरको वचन थाहा छ, यसबाट खीष्टियानहरु परिवर्तन भए देखि यसको नतिजा के हुन्छ भन्ने कुरा पनि उसलाई थाहा छ । यसैकारण उसले र उसका दूतहरु (भूतहरु) ले तपाईलाई परमेश्वरको सत्य जान्नबाट, विश्वास गर्नबाट र विश्वास गरेर स्वतन्त्र हुनबाट अलग गर्नको लागि आफ्नो शक्तिले भ्याएसम्मको सबै गर्नेछन् ।

**शैतानको लागि सबै भन्दा ठूलो धम्की खतरा चाहिँ परमेश्वरको सत्य हो !तपाईको सम्बन्धमा शैतानको लागि सबै भन्दा ठूलो धम्की वा खतरा चाहिँ तपाईले परमेश्वरको सत्यमा हिँड्नु र विश्वस गर्नु हो ।**

यसैकारणले शैतान र भूतहरुको उदेश्य नै हामीलाई विश्वास साथ परमेश्वरको शक्तिमा हिँड्नुदेखि रोक्नु हो ताकि हामी चाहिँ निरन्तर रुपमा झुठा विश्वास, शारीरिक व्यवहारहरु र पापको शक्तिको बन्धनमा रहोस् । शैतानलाई यो कुरा थहा छ कि यदि उसले हामीलाई यी झुठाहरु विश्वास गराई रहन सके देखि हामीले कहिल्यै पनि परिवर्तनको र परमेश्वरले प्रतिज्ञा गर्नुभएको प्रशस्त जीवनको अनुभव गर्नेछैनौं भन्ने कुरा थाहा छ । उसले यो काम गर्नेको लागि प्रयोग गर्ने मुख्य रणनिति चाहिँ हाम्रा विचारहरुलाई प्रयोग गरेर हो ।

**शैतान / भूतहरुको ख्रीष्टियानहरु विरुद्धको मुख्य रणनिति चाहिँ उनीहरुको मनमा, झुठहरु, छलहरु, परिक्षा, दोष र शारीरिक**

मत्ती १६ : २१-२३ सम्मको घटनालाई हेर्दा शैतान र भूतहरुसँग  यो काम गर्ने क्षमता छ भन्ने कुरा हामी थाहा गर्छौं । पत्रुसले येशूलाई तपाई कहिल्यै क्रुसमा जानुहुने छैन भनी भनिरहेको थियो । येशूको जवाफ थियो “ए शैतान मेरो सामुनेबाट हटिजा ।” येशूले सिधैं शैतानसँग बोलिरहनु भएको थियो किनकी त्यो झुठो विचार शैतानले पत्रुसको मनमा हालिदिएको हो भन्ने कुरा येशूलाई थाहा थियो । हामीले हाम्रो विश्वासको हिँडाईलाई त्यागोस् भनेर कसरी शत्रुले ती विचारहरु हालिदिन्छ भन्ने बारेमा हामी हेरौं ।

# *चौथो दिन*

## शैतान/भूतमाथि विजयको अनुभव गर्नको लागि परमेश्वरको शक्तिलाई प्राप्त गर्ने उदाहरण



**उदाहरण १** : मानौ तपाईलाई आर्थिक रुपमा समस्या भइरहेको छ । तपाईको आत्मिक इच्छा चाहिँ परमेश्वरले आवश्यक आर्थिक कुरा जुटाओस् भन्ने हो, तर विश्वासको धेरै कदमहरु चालिसके पछि पनि तपाईको आर्थिक अवस्था परिवर्तन भएको छैन । शैतान र भूतहरुले तपाईको दिमागमा यस्तो विचार ल्यादिन्छ, “मैले परमेश्वरलाई त्यो समस्यालाई समाधान गर्नको लागि एक हप्ता दिएको थिए तर उहाँले केही पनि गर्नुभएको छैन । शायद परमेश्वरलाई मेरो समस्याको बारेमा कुनै वास्ता छैन होला । त्यसैले म आफैले ( परमेश्वरबाट अलग भएर) यो समस्यालाई समाधान गर्नु असल होला ।”

**याद गर्नुहोस् : जब शैतान/भूतको शक्तिले तपाईको मनमा यी विचारहरु हालिदिन्छ ती विचारहरु (म, मेरो, म आफै इत्यादि) प्रथम व्यक्तिको रुपमा आउँछ र तपाईकै आवाज झै गुन्जिन्छ ।**

यदि तपाईले ती विचारहरुलाई लिनुभयो भने, शत्रुको रणनितिले काम गरेको हुन्छ र उसले सफलता पूर्वक तपाईलाई शरीरमा फर्काइ दिएको हुन्छ जसको कारणले तपाईले आफैलाई स्रोतको रुपमा लिनुहुन्छ । तापनि तपाईले परमेश्वरसँग सहकार्य गरी विश्वासको लडाई लड्न सक्नुहुन्छ र शैतान र भूतहरुलाई पराजित गर्न सक्नुहुन्छ । यो कसरी गर्ने भन्ने बारेमा एउटा उदाहरणलाई हेरौं :

**विश्वासको कदम :** “प्रभु म जान्दछु कि शत्रुले मलाई तपाई माथि र मेरो आर्थिक समस्यालाई समाधान गर्ने तपाईको क्षमता माथि भरोसा गर्न छोड्नको लागि परिक्षा गरिरहेको छ । यो परिक्षा माथि विजय प्राप्त गर्नको लागि तपाईको शक्तिमा म भरोसा गर्दछु । तपाईमा यो समस्याको समाधान छ र तपाईले सबै कुरा माथि नियन्त्रण गर्नुहुन्छ भन्ने कुरा मलाई निरन्तर रुपमा याद दिलाउनुहोस् ।

**उदाहरण २** : तपाईलाई निरन्तर रुपमा रीस उठ्छ । जब तपाईलाई रीस उठ्छ, त्यो बेलामा शैतान/भूतहरुले तपाईको दिमागमा यस्तो विचार हालिदिन्छ “मैले आफूलाई ख्रीष्टियान त भन्छु तर हेर

न मलाई कति साह्रो रीस उठ्छ । रीस उठकोमा म आफैलाई दोषी ठान्छु । यस माथि कहिल्यै विजय प्राप्त गर्न सक्दिन होला ।”

हामीले परमेश्वरको सत्यलाई जान्नु महत्वपूर्ण छ किनकी रोमी ८ : १ ले भन्छ, “किनकी ख्रीष्ट येशूमा भएकाहरुलाई दोषको आज्ञा छैन ।” त्यसैकारण अब उप्रान्त परमेश्वरले त तपाईलाई दोष लगाउनुहुन्न भने अब उप्रान्त तपाईले पनि शैतान/भूतले हालिदिएको विचार स्वीकारेर आफैलाई दोष लगाईरहनु हुँदैन ।

**विश्वासको लडाई** : “प्रभु रोमी ८ : १ अनुसार सत्य यो हो कि अब उप्रान्त मैले आफैलाई दोष लगाउनु हुँदैन । यसैकारण तपाईले यी दोष लगाउने विचारहरु विजय दिनुहोस् भनी तपाईको शक्तिमा भरोसा गर्दछु र अब उप्रान्त मैले ती दोष लगाउने विचारहरु लिइराख्नु पर्दैन भनी विश्वास दिलाउनुहोस् ।

**प्रश्न** : के तपाईमा क्रमिक रुपमा नकारात्मक, झुठ वा दोष लगाउने विचारहरु आइरहेको छ ? के शैतान/भूतका शक्तिले तपाईको मनमा यी विचारहरु ल्याउन सम्भव छ ?

**परमेश्वरसँग वातचीत** : परमेश्वरसँग ती विचारहरुको स्रोत प्रकट गरिदिनुहोस् भनी प्रार्थना गर्नुहोस् । उहाँको शक्तिमा ती विचारहरुलाई कैद गर्न र ती विचारहरुमा मन नलगाउनको लागि उहाँको खोजी गर्नुहोस् ।

## विश्वासको हिँडाईमा शैतान/भूतहरुसँग व्यवहार गर्दा खेरी याद गर्नुपर्ने सत्यहरु :

१. शैतानको सबै भन्दा ठूलो काम चाहिँ धोखा दिनु हो । उसले तपाईको मनमा विभिन्न विचारहरु हालिदिएर र ती विचारहरु तपाईकै हो भनी सोच्न लगाएर तपाईलाई धोखा दिन चाहन्छ ।

२. तपाईको विश्वासको हिँडाईको प्रारम्भिक अवस्थाहरुमा शैतान र भूतहरुले तपाईमा हालिदिएको विचारलाई तपाईले राखिराख्नु नै हुन्छ किनकी तपाईको छुट्याउने शक्ति बलियो भएको हुँदैन ।

३. तापनि जसै तपाई निरन्तर रुपमा विश्वासमा हिँडिरहनु हुन्छ, तपाईको छुट्याउने शक्ति बढ्नेछ र ती विचारहरु कहाँबाट आइरहेको हो भन्ने कुरामा तपाई संवेदनशील बन्नुहुन्नेछ ।

## शत्रु ४ : तपाईको विचारको जीवन

“किनकी शरीरतिर लागेको मन चाहिँ परमेश्वरप्रति शत्रुता हो, त्यो परमेश्वरको व्यवस्थाको अधीनमा हुँदैन नता त्यसले त्यसो गर्न नै सक्छ ।” रोमी ८ : ७

तपाईको विश्वासको हिँडाईको बाधा वा अवरोधहरु मध्ये एउटा ठूलो अवरोध वा बाधा चाहिँ तपाईको विचारको वा मनको जीवन हो । जसै तपाईले माथिको धेरै उदाहरणहरुमा देखि सक्नुभएको छ, कि

तपाईको मनलाई शैतानले  धोखा दिन सक्छ । साथ-साथै तपाईको मनले झुठ, अविश्वास दोषका विचारहरु पनि उत्पन्न गर्न सक्छ । यी विचारहरुले तपाईको मनलाई भर्न सक्छ र तपाईलाई यसको बन्धनमा राख्न सक्छ । तपाईलाई विश्वासको हिँडाईदेखि अलग गराउन सक्ने चार प्रकारका विचारहरुलाई हेरौं ।

## डरपूर्ण विचारहरु



"किनकी परमेश्वरले हामीलाई डरको आत्मा होइन तर शक्ति, प्रेम र स्वास्थ्य मन दिनुभएको छ । २ तिमोथी १ : ७

मलाई लाग्छ कि हाम्रो विश्वासको हिँडाईमा खडा हुने एउटा मुख्य अवरोध भनेको डर हो किन ? किनकी यसले सजिलैसँग हामीलाई विश्वासमा हिँड्नबाट पक्षघाती वा कुँजो बनाउन सक्छ । यसैकारणले विश्वासको हिँडाईको सम्बन्धमा हामीले सामना गर्नुपर्ने डरहरुको बारेमा र परमेश्वरमा सहभागी भएर कसरी ती विचारहरुसँग लडाई गर्ने भन्ने बारेमा हेरौं ।

## १. थाहा छैन भन्ने वा अज्ञातको डर

मैले प्राय  सुन्ने गरेको प्रश्न चाहिँ यो हो कि "मैले विश्वासको कदम चाल्दा के पो हुने हो ? यो चाहिँ मान्य हुने डर हो किनकी विश्वासको कदम चाल्द यही नै हुन्छ भन्ने कुरा हामीलाई थाहा हुँदैन । यो अज्ञातको डरले हामीलाई विश्वासको कदम चाल्नबाट अलग गराउँदछ । यो डरको समस्या चाहिँ विश्वासको कदम चाल्दा के हुने हो भन्ने कुराबाट  आएको होइन ।

**सत्य** : सत्य यो हो कि विश्वसको कदम चाल्द के हुन्छ भन्ने कुरा परमेश्वरले जान्नुहुन्छ । जसै परमेश्वरको चरित्र र प्रतिज्ञाहरु माथि हाम्रो भरोसा बढ्छ तब विश्वासको कदम चाल्द के हुने हो भन्ने डर चाहिँ कम हुँदै जान्छ । मुख्य कुरा चाहिँ यो हो कि हामीले विश्वासको कदम नचाले सम्म परमेश्वरको चरित्र र क्षमता माथि हाम्रो भरोसा बढ्दै बढ्दैन ।

**विश्वासको लडाई** : "प्रभु मलाई विश्वासको कदम चाल्न डर लागिरहेको छ किनकी के हुन्छ भन्ने कुरा मलाई थाहा छैन । तपाईले मेरो चासो गर्नुहुन्छ र तपाईले सबै कुरा माथि नियन्त्रण गर्नुहुन्छ, यसैले डराउनु पर्ने कुनै कारण छैन भनी मलाई प्रकट गराई दिनुहोस् । म बाट यो डर हटाईदिनुहोस् र मलाई विश्वासद्धार हिँड्ने इच्छा दिनुहोस् ।"

## २. असफलताको डर

मैले प्राय : सुन्ने गरेको अर्को प्रश्न चाहिँ "यदि मैले विश्वास कदम चाल्द केही पनि भएन भने वा परमेश्वरले त्यहाँ काम गर्नुभएन भने के गर्ने त । विश्वासको हिँडाईमा (जीवनमा) सबैमा हुने समस्या असफलताको डर हो । हामीले परमेश्वरलाई असफल तुल्याउला वा परमेश्वरले हामीलाई असफल तुल्याउने होला भन्ने डरले हामीले विश्वासको कदम नै चाल्दैनौं ।



<u>**सत्य**</u> : सत्य यो हो कि परमेश्वरले तपाईलाई असफल तुल्याउनु हुन्न र जब सम्म तपाईले विश्वासको कदम चालिरहनु हुन्छ, तब सम्म तपाई असफल बन्नु हुने छैन । हो, कतिपटक तपाई शरीरमा नै फर्कनु होला तर तपाईले त्यसलाई असफलताको रुपमा हेर्नु हुँदैन । शरीर तिर फर्कनु चाहिँ परिवर्तनको प्रक्रिया नै हो भनी महशुस गर्नुहोस् । त्यसले तपाईलाई असफल बनाउँदैन । तपाईले चाहनु भएको परिवर्तन उत्पन्न गर्ने तपाई होइन, यसैकारणले जब सम्म तपाई विश्वासमा हिँडिरहनु हुन्छ, तब सम्म तपाई असफल बन्न सक्नुहुन्न ।

<u>**विश्वासको लडाई**</u> : "प्रभु विश्वासको कदम चाल्द मलाई असफल होला भन्ने डर छ । प्रभु म मेरो डरलाई तपाईमा सुम्पन्छु र म विश्वासमा हिँडिरहुञ्जेल सम्म म असफल हुने छैन भनी विश्वास दिलाउनुहोस् भनी तपाईसँग बिन्ति गर्दछु ।"

<u>**विश्वासको लडाई**</u> : "प्रभु म फेरि शरीरमा फर्केर गएको कुरा स्वीकार गर्छु । यसलाई नता तपाईले असफलताको रुपमा हेर्नुहुन्छ वा नता मैले नै असफलताको रुपमा हेर्नुपर्छ भन्ने कुरा मलाई याद गराउनुहोस् । तपाईले आफ्नो शक्तिमा मलाई निरन्तर अगाडि बढ्ने इच्छा दिनुहोस् ।"

## <u>३. दु : ख वा पीडाको डर</u>

विश्वासको हिँडाईको सम्बन्धमा धेरै पटक यसो भनेको मैले सुनेको छु कि "म विश्वासद्धार हिँड्न चाहन्न किनकी मैले परमेश्वरबाट दु : ख र कष्टको अनुभव गर्नुपर्ने हुन सक्छ ।"

<u>**सत्य**</u> : सत्य यो हो कि हामी पतित् संसारमा जिउँछौं जहाँ पूरै पीडा र कष्ट छ ।

शायद अहिले तपाईले कष्ट भोगिरहनु भएको छैन होला तर निकट भविष्यमा तपाईले विश्वासको कदम नचाले पनि पीडा वा कष्ट भोग्नु हुनेछ । सत्य यो हो कि कष्ट र पीडा चाहिँ विश्वासको कदम चालेको कारणले आउने होइन किनकी पडिा र कष्टको मुल परमेश्वर हुनुहुन्न । तपाईले विश्वासको कदम चाल्नु भयो भने परमेश्वरले त तपाईलाई कष्टबाट छुटकारा दिने प्रतिज्ञा पो गर्नुभएको छ ।

<u>**विश्वासको लडाई**</u> :

"प्रभु, विश्वासको कदम चाले देखि पीडा वा कष्ट आउँला भन्ने डर ममा छ । पीडा र कष्ट चाहिँ यस पतित् संसारको एउटा अंश वा भाग नै हो भन्ने कुरा विश्वास दिलाउनुहोस् । जब कष्ट आउँछ त्यो बेलामा त्यो कष्टबाट मलाई छुटकारा दिनुहोस् र त्यो कष्टको बीचमा मेरो जीवनलाई परिवर्तन गर्नुहोस् भनी म तपाईमा भरोसा गर्दछु । साथ-साथै ती कष्टको घडीमा हरेक क्षण मलाई तपाईको खाँचो पर्छ भन्ने कुरा विश्वस्त गराउनुहोस् ।"

## परमेश्वरसँग वातचीत :

विश्वासको हिँडाईको सम्बन्धमा तपाईले के कस्ता डरहरु सामना गरिरहनु भएको छ ? विश्वासको कदमहरु चाल्न शुरु गर्नुहोस् र उहाँको शान्ति र निर्धक्कताले डरहरु माथि नियन्त्रण गर्नुहोस् भनी परमेश्वरसँग पुकार गर्नुहोस् ।

**जब तपाईले आफ्ना डरहरुलाई आफ्नै स्वामित्वमा राख्नु हुन्छ, यसले तपाईको विश्वासका् हिँडाईलाई लुट्छ ।**

## आफैलाई दोष्याउने विचारहरु



शैतान र भूतहरुले हाम्रा मनमा दोष्याउने विचारहरु हालिदिन्छन् भन्ने कुरा हाम्रो छलफलद्धार हामीले जानेका छौं । तापनि शैतानको सहायता विना पनि हामी आफैले दोषी विचारहरु पैदा गर्न पनि सक्छौं । धेरै वर्ष सम्म चेलापनको काम गरे पछि मैले यो कुरा पत्ता लगाए कि धेरै खीष्टियानहरुले पाप गरेको बेलामा भन्दा पाप गरिसके पछि आफैलाई दोष्याउने कार्यमा धेरै समय बिताउँदो रहेछ । मेरो जीवनमा पनि यस्तै भएको थियो ।

सत्य : आफैलाई दोषी ठहऱ्याउने कुरा चाहिँ खीष्टले क्रुसमा हाम्रो सबै दोषहरु आफैले बोक्नु भयो भन्ने कुरा नजानेको र विश्वास नगरेको कारणले आउँछ । येशूले गर्नुभएको कामको परिणाम स्वरुप, अब हामी दोषी छैनौं रोमी ८ : १ पद याद छ ?

"यसैकारण खीष्ट येशूमा भएकाहरुलाई अब दोष छैन ।"

## खीष्टद्धार तपाईलाई हरेक किसिमका दोषहरुबाट छुटकारा दिनुभएको कारणले अब तपाईले आफैले आफैलई दोष लगाइरहनु

तापनि भन्नलाई सजिलो छ तर गर्नलाई गाह्रो छ । यसैकारण आफैलाई दोषी महशुस गराउने भावनाहरुसँग लड्न खीष्टको शक्तिलाई कसरी निम्त्याउने भन्ने बारेमा हेरौं ।

**उदाहरण** : मानौ तपाईलाई हर समय आफैलाई दोष्याउने भावनाहरुले सताइरहेको छ । यी विचारहरुलाई हटाउनको लागि तपाईले परमेश्वरसँगको सहकार्य गर्ने निर्णय गर्नुहुन्छ ।

**विश्वासको लडाई** : “प्रभु मैले यी दोष्याउने विचारहरुलाई आफैले स्वामित्व लिइरहेको छ । म यी दोष्याउने विचारहरुलाई तपाईमा सुम्पदै छु र यी विचारहरुलाई कैद गरेर मलाई यी दोषहरुबाट छुटकारा दिनुहोस् भनी बिन्ति गर्छु । अब उप्रान्त म दोषी छैन भन्ने सत्यद्धार मेरो मनलाई नयाँ बनाउनुहोस् भनी बिन्ति गर्दछु ।”

**परमेश्वरसँग वातचीत** : के तपाईको जीवनमा यस्तो क्षेत्रहरु छ, जहाँ तपाई चुकिरहनु भएको जस्तो लाग्छ र यसले तपाईलाई दोष लगाइरहेको छ ? यी विचारहरुलाई कैद गरी तपाईको मनलाई रोमी ८ : १ अनुसार नयाँ पार्नुहोस् भनी परमेश्वरको खोजी गर्नुहोस् ।

## *पाँचौं दिन*

### अविश्वासका विचारहरु

“झटै केटाको बाबुले कराएर भने, “म विश्वास गर्छु, मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस् ।” मर्कूस ९ : २४



“यसैले हामी देख्दछौं, अविश्वासको कारणले नै तिनीहरु पस्न सकेनन् ।” हिब्रु ३ : १९

हिब्रु ३ : १९ मा यहूदीहरुलाई “प्रतिज्ञाको देश” को प्रतिज्ञा गरिएको थियो । तापनि उनीहरुको अविश्वासको कारणले त्यहाँ पस्न सकेनन् । त्यो देश परमेश्वरको प्रशस्तता प्रबन्ध र सुरक्षा भएको देश थियो तर उनीहरुले भने, “होइन वा हुँदैन ।” उनीहरुको समस्या के थियो त ? उनीहरुले त्यो देशमा परमेश्वरको प्रतिज्ञा भन्दा ठूला राक्षसहरु देखे । हामीलाई विश्वस गर्न र परिवर्तनको अनुभव गर्नबाट अलग गराउने एउटा मुख्य “राक्षस” चाहिँ अविश्वास हो, किन ?

**अविश्वासले हामीलाई झुठा विश्वास भित्र थुनिराख्छ र हामीलाई शारीरिक विचार र व्यवहारको बन्धनमा राख्छ ।**

मैले पहिला भनेको थिए कि हामी सबै “अविश्वासी विश्वासीहरु हौं ।” मेरो मतलब चाहिँ हामीले मुक्ति पाउनको लागि ख्रीष्टमा विश्वास गरेका छौं तर परमेश्वर र उहाँको सत्यताको सम्बन्धमायति धेरै कुराहरु छन् जसमा हामी विश्वास गर्दैनौं । याद होस् कि “जान्नु” (बौद्धिक ज्ञान प्राप्त गर्नु) र सत्य “माथि विश्वास गर्नु” (व्यक्तिगत प्रकाश जसले परिवर्तन ल्याउँछ) फरक कुरा हो । जब हामीले विश्वासको हिँडाईलाई शुरु गर्छौं, धेरै विषयहरुमा ठूला अविश्वासहरु खडा हुन्छ तर म ती अविश्वासहरुलाई सामान्यतय दुई भागमा बाँड्न चाहन्छु ।

- ❖ **१. परमेश्वर जो/को हुनुहुन्छ, भन्ने सम्बन्धमा अविश्वास**
- ❖ **२. हाम्रो जीवनमा के गर्न सक्नुहुन्छ (के गर्न चाहनुहुन्छ) भन्ने सम्बन्धमा अविश्वास**

यसैकारण जब हाम्रो मनमा अविश्वासका विचारहरु आउँछ, तब ती विचारहरुसँग लड्न हामीले परमेश्वरलाई निम्त्याउनु पर्छ ।

**उदाहरण :** मानौ परमेश्वरले तपाईको जीवनमा कार्य गर्न चाहनुहुन्छ भन्ने कुरा विश्वास गर्न तपाईलाई गाह्रो भइरहेको छ ।

**विश्वासको लडाई** : “प्रभु तपाईले साँच्चै मलाई परिवर्तन गर्नुहुन्छ भन्ने कुरामा मलाई अविश्वास भइरहेको छ, अब तपाईले ती विचारहरुलाई कैद गरेर तपाईले मलाई परिवर्तन भन्दा अझ बढ्दा गर्न चाहनुहुन्छ भन्ने सत्य कुराद्धार मेरो मनलाई नयाँ पार्नुहोस् भनी बिन्ति गर्दछु ।”

**विश्वासको लडाई :** “प्रभु तपाईले साँच्चै मलाई छुटकारा दिन सक्नुहुन्न भन्ने यो अविश्वासको किल्लाको बन्धनमा लामो समय देखि रहँदै आएको छ । म ती अविश्वासका विचारहरुलाई तपाईमा सुम्पन्छु र म विश्वासमा हिँडिरहे तपाईले साँच्चिकै मलाई छुटकारा दिनुहुनेछ भन्ने कुरा विश्वास दिलाउनुहोस् भनी बिन्ति गर्दछु ।”

**परमेश्वरसँग वातचीत** : तपाईले एउटा क्षेत्रमा भएको अविश्वासलाई छान्नुहोस् र त्यो क्षेत्रको अविश्वासबाट तपाईलाई विश्वासमा परिणत गराउनुहोस् भनी परमेश्वरसँग बिन्ति गर्नुहोस् ।

**कुनै पनि विषयम भएको अविश्वासले तपाईलाई यस्तो स्थान वा अवस्थामा पुऱ्याउँछ जहाँ तपईले विश्वसको हिँडाईलाई**

## शंकालु विचारहरु

“परमप्रभु परमेश्वरले बनाउनु भएका वन्य पशुहरु मध्ये सर्प सबभन्दा धूर्त थियो । त्यसले स्त्रीलाई भन्यो, “के परमेश्वरले तिमीहरुलाई बगैंचाको कुनै पनि रुखको फल बखानु भनी भन्नुभएको छ ?” उत्पत्ति ३ : १

“तर त्यसले कति पनि शंका नगरी विश्वाससाथ मागोस् , शंका गर्ने चाहिँ बतासले उचाल्दै पछार्दै गर्ने समुद्रको छाल समान हुनेछ ।” याकूब १ : ६


मलाई लाग्छ कि शंका चाहिँ विश्वासको एक नम्बरको हत्यारा हो । शंका चाहिँ शैतानको पहिलो रणनिति हो जो शैतानले हव्वासँग अदनको बगैचा प्रयोग गरे । यदि उसले हव्वालाई परमेश्वरप्रति शंकालु बनाउन सक्यो भने हव्वालाई परमेश्वरको विरुद्धमा स्वतन्त्र भएर पाप गर्न परिक्षा गर्न सक्छ भन्ने कुरा उसलाई थाहा थियो । मैले अरु मानिसहरुलाई सल्लाह दिँदा-दिँदा मैले यो कुरामा थाहा गरेको छु कि शंकाले हामीलाई तुरुन्तै विश्वासद्धार हिँड्नबाट अलग गराउँदो रहेछ ।

मैले घडी-घडी परमेश्वरको प्रेम, उहाँको शक्ति र उहाँले हामीलाई स्वतन्त्र पार्न चाहनुहुन्छ भन्ने सम्बन्धमा मानिसहरुले शंका गरेको मैले सुनेको छु । जब सम्म खीष्टियान जीवनमा शंका हुन्छ तब सम्म तिनीहरु विश्वासमा हिँड्दैनन् । यी शंकाहरु एउटा विचारको रुपमा उत्पन्न हुन्छ । यसैकारणले ती विचारहरुलाई कैद गर्न वा बन्दी बनाउन कसरी परमेश्वरको खोजी गर्ने त ?

**उदाहरण** : मानौ तपाई कुनै क्षेत्रमा विश्वासमा हिँड्दै आउनुभएको छ तर पनि परमेश्वरलाई अनुभव गर्न बाँकी नै छ । तपाईको मनमा शंकालु विचारहरु आउन थाल्छ ।

**विश्वासको लडाई** : "प्रभु मैले अहिले सम्म कुनै परिवर्तनको अनुभव नगरेको कारणले साँच्चै तपाईले मेरो जीवनमा काम गरिरहनु भएको छ कि छैन भन्ने बारेमा शंकाहरु उब्जिन थालेको छ । तपाईले ती विचारहरुलाई कैद गरेर तपाई नै मेरो धैर्यता र सहनशीलता भईकन अर्को विश्वासको कदम चाल्न सहायता गर्नुहुनेछ भनी तपाईमा भरोसा गर्दछु ।"

**परमेश्वरसँग वातचीत** : तपाईको जीवनको कुन क्षेत्रमा तपाईलाई परमेश्वरको इच्छा र क्षमताप्रति शंका लगिरहेको छ ? उक्त शंकालाई हटाई निर्धक्कताले भरिदिनुहोस् भनी उहाँसँग बिन्ति गर्नुहोस् । ती शंकाहरुको बीचमा उहाँ तपाईको लगनशीलता हुनुहोस् भनी पुकार गर्नुहोस् ।

**शंकामा जिउँदा विश्वासको लागि कुनै कोठा हुँदैन ।**

## विश्वासको लडाईको बारेमा अन्तिम सत्यहरु

जसै हामी यस पाठको अन्त्यमा छौं, म विश्वासको लडाईको बारेमा केही अन्तिम सत्यहरु भनेर अन्तिम गर्न चाहन्छु ।

### १. कुनै लडाईमा चाहिँ तपाईले केही समय सम्म निरन्तर रुपमा लड्नुपर्ने हुन्छ ।

विश्वासको लडाईको अवधि जहिले पनि फरक हुन्छ । तपाईले सामना गरिरहनु भएको केही बाधाहरु चाहिँ तपाईले परमेश्वरलाई लडाईमा निम्त्याए पछि तुरुन्तै नष्ट हुन्छन् । तापनि धेरै अवस्थाहरुमा चाहिँ विश्वासको लामो लडाईको आवश्यकता पर्छ । यसलाई बुझाउनको लागि म तपाईलाई एउटा उदाहरण दिन चाहन्छु ।

मानौ तपाईलाई रक्सी पिउने र अश्लील सामाग्रीहरु प्रयोग गर्ने इत्यादिको लत परेको छ । जब तपाईले यो लतबाट छुटकारा पाउन चाहनुहुन्छ, त्यति खेरा तपाईले विरोध वा प्रतिरोधसँग सामना गर्नुहुनेछ । तपाईको शरीरको अभिलाषाले तपाईलाई त्यो लततिर खिच्दछ । शैतान र भूतका शक्तिहरुले निरन्तर रुपमा तपाईलाई परिक्षामा पार्नेछन् । जब तपाईले यो लडाई लड्नको लागि र स्वतन्त्र हुनको लागि परमेश्वरलाई निम्त्याउने निर्णय गर्नुहुन्छ, यो लडाई गाह्रो र लामो हुन सक्छ । यसैकारण तपाईले निरन्तर रुपमा यी अवरोधहरुसँग लडाई गर्नको लागि र लडाई नछोडन्को लागि परमेश्वरलाई निम्त्याउनु पर्दछ ।

### २. लडाईलाई छोडौं कि भन्ने परिक्षा पनि तपाईमा आउँदछ ।

कहिलेसम्म, हे परमप्रभु ? के तपाई सधै भरी मलाई बिसर्नुहुन्छ ? तपाईले आफ्नो मुहार मसँग कहिले सम्म लुकाउनुहुन्छ ? मेरो आत्मामा कहिले सम्म मैले चिन्ता बोक्ने, अनि दिनहँ मेरो हृदयमा शोक राख्ने ? कहिले सम्म मेरो शत्रु ममाथि प्रबल भइरहनेछ ? भजनसंग्रह १३ : १,२



के तपाईले पनि कहिल्यै दाऊदले भजनसंग्रह १३ अनुभव गरे झै अनुभव गर्नुभएको छ ? के तपाईले यी पदहरुमा संघर्ष वा गाह्रोपन देख्नुहुन्छ ? सत्य यो हो कि विरोध गरी गाह्रो परिस्थिति आएको बेलामा तपाईले विश्वासको हिँडाईलाई छोड्न चाहनुहुन्छ । तापनि त्यही बेलामा नै तपाईले परमेश्वरलाई तपाईको लागि लडाई लड्नको लागि निम्त्याउनु पर्छ ।

“अघि-अघि लेखिएका कुराहरु हाम्रो शिक्षाको निम्ति लेखिएका थिए यस उदेश्यले कि पवित्र शास्त्रबाट आउने स्थिरता र उत्साहद्धार हामी आशा प्राप्त गर्न सकौं । **अब स्थिरता र उत्साहका परमेश्वरले....**” रोमी १५ : ४, ५ क

तपाईले थाहा गर्नुपर्ने कुरा चाहिँ यो कि त्यो स्थिरता तपाईले पैदा गर्न सक्नुहुन्न । केवल परमेश्वरले मात्र सक्नुहुन्छ । यसैकारण लडाईमा रहिरहनको लागि उहाँ तपाईको स्थिरता वा लगनशीलता हुनुहोस् भनी प्रार्थना गर्नुहोस् ।

“तर यदि हामी आफूले नदेखेको कुराको **आशा** गर्छौं भने, **धैर्यसाथ** त्यसको प्रतिक्षा गर्छौं ।” रोमी ८ : २५

रोमी ८ : २५ ले भन्दछ कि यदि हामीसँग परमेश्वरले गर्नुभएको प्रतिज्ञाको सम्बन्धमा आशा छ भने ( निश्चय आपेक्षा) हामी हाम्रो विश्वासको हिँडाई वा लडाईमा स्थिर वा लगनशील हुन्छौं । जसै हामीले छुटकारा, विजय, चंगाई इत्यादि अनुभव गर्छौं, यसले विश्वासमा हिँडिरहन र विश्वासको लडाई गरिरहनको लागि खीष्ट प्रतिको निर्धक्कतालाई बढाउँछ ।

**मुख्य बुँदा**

**जसै तपाई विश्वासको लडाई लड्नमा स्थिर वा लगनशील बन्नुहुन्छ र अन्त्यमा परमेश्वरबाट अलौकिक परिवर्तनको अनुभव गर्नुहुन्छ तब खीष्ट प्रतिको तपाईको निर्धक्कता बढ्नेछ र यसले तपाईलाई विश्वासको अर्को कदम चाल्ने इच्छा प्रदान गर्दछ ।**

**३. तपाईले विश्वासको कदम चाल्न छोडेमा तपाई कहाँ पुग्नु हुन्छ वा अन्त्य के होला भन्ने कुरामा विचार ग**



“यी सत्य उखान अनुसार नै तिनीहरुलाई यसो भएको छ, “कुकुर आफ्नै बान्तामा फर्कि आउनेछ र नुहाई दिएको सुंगुर हिलैमा लडीबडी खेल्छ ।” २ पत्रुस २ :२२

सत्य यो हो यदि हामीले विश्वासको लडाई त्याग्छौं वा छोड्छौं भने, त्यस पछिको उपाय चाहिँ हामीले फेरि आफैलाई स्रोतको रुपमा लिनु हो । हामी फेरि हाम्रा समस्याहरु समाधान गर्ने, खाँचोहरु पूरा गर्न र हाम्रो जीवन परिवर्तनको लागि स्वनिर्भरता र आफ्नै क्षमतामा लडीबडी गर्ने “उडान्ते सुंगुरको खोरमा” फर्कन्छौं । यदि हामी त्यो विकल्पमा फर्कन्छौं भने देखि, याद गर्नुहोस् कि हामी पहिला जस्तै अवस्था वा झनै खराब अवस्थामा पुग्छौं ।

**मुख्य सत्य :**

**यदि तपाईले विश्वासको लडाई लड्नलाई परमेश्वरलाई निम्त्याउनुहुन्न भने, तपाई अघिबाटै हार्नु भएको छ । तापनि यदि तपाई परमेश्वरलाई लड्न दिनुहुन्छ र तपाई लडाईमा रहिरहनु हुन्छ भने, अन्तमा तपाईले तपाईको विश्वासको हिँडाईमा भएको सबै बाधा अवरोधहरु माथि विजयको अनुभव**

## सरांश

तपाईले विश्वासको हिँडाईको अर्थ र तपाईको विश्वासको हिँडाईलाई नष्ट गर्न तपाईको विरुद्धमा निरन्तर काम गर्ने शत्रुको बारेमा राम्रोसँग बुझ्नुभएको छ भनी म आशा गर्दछु । शुभ खबर यो हो कि लडाई जित्न सकिन्छ र त्यसको नतिजा चाहिँ विजय, छुटकारा, र परिवर्तन हुनेछ । त्यसैकारण तपाईको लागि मेरो उत्साह यो छ कि विश्वासको लडाई लडिरहनुहोस् ताकि तपाईले पनि पावलसँगै यो भन्न सक्नु भएको होस् :

**"मैले उत्तम लडाई लडेको छ, मैले दौड सिध्याएको छु, मैले विश्वासलाई बचाईराखेको छु ।" २ तिमोथी ४ : ७**



# *पाठ छ*

# विश्वासको हिँडाईको सम्बन्धमा आपेक्षाहरु

# विश्वासको हिँडाईको सम्बन्धमा अन्तिम सत्यहरु

## पहिलो दिन

### पाठ छ को सर्वेक्षण

हाम्रो यो अन्तिम पाठमा, हाम्रो विश्वासको हिँडाईको सम्बन्धमा हामीले सामना गर्ने आपेक्षाहरुको बारेमा हेर्नु महत्वपूर्ण ठान्छु । तल दिएका आपेक्षाहरुको विषयमा हामी यस पाठमा छलफल गर्नेछौं ।

### हाम्रो विश्वासको हिँडाईको सम्बन्धमा आपेक्षाहरु

- निरन्तर रुपमा विश्वासमा हिँड्नु
- असफलताको अनुभव
- विश्वासको विरुद्ध भावना
- परमेश्वरको समय
- दु : ख र कष्ट
- परमेश्वरले के गर्दै हुनुहुन्छ भन्ने कुरा थाहा गर्नु
- गाह्रो वा संघर्ष विहिनको बिन्दुमा पुग्नु

### परिचय

तपाई विश्वासको हिँडाईमा अगाडि बढ्दा तपाईले केही कुराहरुको आपेक्षा गर्नुहुन्छ हामीमा वास्तविक र अवास्तविक आपेक्षाहरु हुन्छन् । यस पाठमा हामी सातवटा अवास्तविक आपेक्षाहरुको बारेमा हेर्न गइरहेका छौं जुन ममा थिए वा मैले सामना गरे । अवास्तविक आपेक्षा र सत्य बीच म फरक देखाउने छु । त्यसपछि अन्तिममा विश्वासको हिँडाईको सम्बन्धमा केही अन्तिम सत्यहरु भनेर अन्तिम गर्नेछु ।

**आपेक्षा १- तपाईले निरन्तर रुपमा परमेश्वरमा विश्वास राखेर हिड्ने छनौट गर्नुहुनेछ ।**

**अवास्तविक आपेक्षाहरु : तपाईले निरन्तर रुपमा परमेश्वरमा विश्वास राखेर हिँड्ने कुरालाई छनौट गर्नुहुनेछ ।**

**सत्य (वास्तविक आपेक्षा)** : तपाईको विश्वासको हिँडाईको प्रारम्भिक चरणमा तपाईले धेरै पटक आफैलाई स्रोतको रुपमा लिएर तपाईका समस्याहरु समाधान गर्ने र जीवनलाई सफल बनाउने कुरा रोज्नुहुनेछ । तापनि जसै विश्वासको हिँडाईमा अगाडि बढ्नु हुनेछ, तब तपाईले आफैलाई कम मात्रामा शरीरमा लागेको वा फर्केको पाउनुहुनेछ ।



यो चाहिँ हामीले हटाउनु पर्ने अति महत्वपूर्ण अवास्तविक आपेक्षा हो । तपाईको विश्वासको प्रारम्भिक अवस्थाहरुमा तपाई आफ्ना समस्याहरु समाधान गर्नको लागि आफैलाई स्रोतको रुपमा लिएर आफैमा भर पर्नुहुनेछ । किन ? सर्वप्रथम याद गर्नुहोस् कि तपाईको शरीर चाहिँ त्यो स्थान वा क्षेत्र हो जहाँ तपाई गिर्नु वा चुक्नुहुन्छ । शरीरद्धार जिउनु अर्थ चाहिँ तपाई आफ्नै क्षमता र समझ शक्तिद्धार जिउनु हो । परमेश्वरमा निर्भर नभईकन स्वतन्त्र भएर जीवन जिउनको लागि आफ्नो बुद्धि, क्षमता र इच्छा शक्तिलाई प्रयोग गर्न चाहनु चाहिँ स्वभाविक प्रवृति हो ।

जसै तपाई विश्वासद्धार हिँड्न थाल्नुहुन्छ, तपाईमा "कमजोर" विश्वास हुन्छ, जसलाई येशू "थोरै वा अल्प" विश्वास भन्नुहुन्छ । तपाईको विश्वास कमजोर हुनुको कारण चाहिँ परमेश्वर को हुनुहुन्छ र परमेश्वरले के गर्न सक्नुहुन्छ भन्ने कुरामा भएको तपाईको अविश्वासको कारणले हो । त्यो प्रारम्भिक अवस्थामा तपाईको विश्वास कमजोर हुन्छ र शरीर "बलियो" हुन्छ । तपाईको शरीरले आफ्नो पकडमा राख्छ । तर जसै तपाईले विश्वासको अभ्यास गर्नुहुन्छ, तब यो तपाईको शरीरको शक्ति भन्दा बलियो हुनेछ ।

साथ-साथै जब तपाईले परमेश्वरमा विश्वासद्धार जिउन सिक्नुहुन्छ, तब तपाईले परमेश्वरको जीवन र शक्तिले तपाईको जीवनलाई परिवर्तन गराई रहेको र तपाई आफैमा वास्तविक समाधान, शक्ति र जीवनका समस्याहरु समाधान गर्ने क्षमता छैन भन्ने सत्य कुरा अनुभव गर्न थाल्नुहुनेछ । जब पवित्र आत्माले तपाई शरीर अनुसार जिइरहनु भएको छ भन्ने कुरा देखाउनुहुन्छ, तब ती कुरा स्वीकार गर्दै त्यही घडी परमेश्वरमा फर्कनुहोस् । जसै तपाईले विश्वासको अभ्यास गर्नुहुन्छ, तपाईले आफैलाई शरीरतिर कम मात्रामा फर्केको र शरीर अनुसार जिउने कुरा कम-कम हुँदै गएको कुरा भेटाउनुहुनेछ ।

**याद गर्नुहोस् :**

**सत्य यो हो कि धेरै पटक तपाईले आफैलाई (शरीरलाई) स्रोतको रुपमा ठान्नु वा लिनु हुनेछ तर याद गर्नुहोस् कि तपाईले पश्चाताप गरेर परमेश्वरलाई स्रोतको रुपमा लिन सक्नुहुनेछ ।**

परमेश्वरसंग वातचीत : यदि तपाईको जीवनको कुनै पनि क्षेत्रको परिवर्तनको लागि परमेश्वरको खोजी गरिरहनु भएको छ भने, त्यो अवस्थामा तपाईले कति सजिलैसँग परमेश्वरबाट अलग भएर शरीर तिर फर्कन सक्दो रहेछ भन्ने कुरा पत्ता लगाउनु भएको छ ? यदि उसो हो भने, निरन्तर विश्वासद्धार हिँड्ने इच्छा दिनुहोस् भनी परमेश्वरसँग माग्नुहोस् ।

**आपेक्षा २ - असफलता कुनै विकल्प होइन ।**

**अवास्तविक आपेक्षा : मेरो विश्वासको हिँडाईमा म असफल हुन सक्दिन । यदि म असफल भए भने, मैले आफैलाई दोष्याउनु पर्छ र म असफल व्यक्ति हुँ भनी मैले विश्वास गर्नुपर्छ ।**

**सत्य (वास्तविक आपेक्षा) : तपाईको विश्वासको हिँडाईमा तपाई धेरै पटक असफल वा लड्नु हुनेछ । तापनि यसले तपाईलाई असफल बनाउँदैन नता यसले तपाईलाई दोष्याउने अनुमति पत्र नै दिन्छ ।**

**सत्य :**

**तपाई लोट्नु वा असफल बन्नु हुनेछ भनी परमेश्वरमा आपेक्षा गर्नुहुन्छ ।**

बाइबलमा यति धेरै महान सन्तहरु छन् जो धेरै पटक लोटे वा असफल भए तर परमेश्वरले उनीहरुलाई महान प्रकारले चलाउनुभयो । हामीले दाऊदलाई नै हेरेर थाहा गर्न सक्छौं कि हामी अगाडि बढ्ने क्रममा धेरै पटक लोट्ने वा असफल बन्न सक्छौं र बन्नेछौं । तापनि परमेश्वरले दाऊदको बारेमा के भन्नुभयो ? ऊ परमेश्वरको हृदय अनुसारको मान्छे थिए । यसैकारण कति पटक लोटिन्छ वा असफल भईन्छ भनेर आपेक्षा गर्नुहोस् (म साधारणतय आफैलाई/शरीरलाई फेरि स्रोतको रुपमा लिनु वा ठान्नुलाई लोट्नु वा असफल हुनु भनी परिभाषित गर्छु) । हेर्नुहोस् त परमेश्वरले तपाई लोट्नु वा असफल बन्नु हुनेछ भनी आपेक्षा गर्नुहुन्छ किनभने उहाँलाई तपाईको अविश्वास तपाईको शरीरको बल, पापको शक्ति र शैतानको शक्तिलाई थाहा छ ।



तपाई धेरै पटक लोट्नु भए वा असफल हुनु भएपनि यसले तपाईलाई असफल बनाउँदैन र सफल बनाउँदैन र यसमा आफैलाई दोष्याउनु पर्ने कारण छैन । किन ? रोमी ८ : ३७ अनुसार परमेश्वरको नजरमा तपाई असफल व्यक्ति होइन तर खीष्टमा ‘‘विजेताहरु भन्दा पनि महान’’ हुनुहुन्छ । जब तपाई चुक्नुहुन्छ, त्यति खेरा त्यसलाई परमेश्वरमा स्वीकार गर्नुहोस् र फेरि उहाँमा भर पर्नका लागि पश्चात्ताप (फर्कनु) गर्नुहोस् ।

अर्को याद गर्नुपर्ने कुरा, परमेश्वरले त्यो असफलतालाई असफलताको रुपमा हेर्नुहुन्न । उहाँले तपाई फेरि शरीरमा फर्केर जाने कार्यलाई, तपाईको शरीरको मृत्यु भएको र तपाई उहाँमा फर्केर आउनुपर्छ भन्ने कुरालाई देखाउने एउटा ‘‘अवसर वा मौका’’ को रुपमा हेर्नुहुन्छ । म आशा गर्दछु, जब तपाई चुक्नु वा लोट्नु हुन्छ, तपाईले प्रभुको यो आवाजलाई सुन्नु हुन्छ होला ।

‘‘हे सबै थाकेका र बोझले दबिका हो, म कहाँ आओ, म तिमीहरुलाई विश्राम दिनेछु ।’’ मत्ती ११ : २८

सम्झनु पर्ने मुख्य कुरा यो हो कि :

**मुख्य सत्य :**

**तपाई जति पटक लोटे वा असफल भए पनि केही छैन । यो हुन्छ नै । तापनि परमेश्वरले यसलाई तपाईको शरीरको मृत्यु भएको र हरक्षण तपाई उहाँमा भर पर्नु पर्छ भन्ने कुरालाई देखाउने**

**मनन गर्नुहोस्** : तपाई फेरि शरीरतिर फर्केर जाने कार्यलाई परमेश्वरले यसलाई असफलताको रुपमा हेर्नुहुन्न भन्ने सत्यतालाई मनन गर्नुहोस् ।

**परमेश्वरसँग वातचीत** : यदि तपाईको विश्वासको हिँडाईमा तपाईले असफलता महशुस गरिरहनु भएको छ भने, यो असफलता होइन भनी विश्वास दिलाउनुहोस भनी परमेश्वरसँग पुकार गर्नुहोस् । जबकि यो तपाईको शरीरको मृत्यु भएको कुरा र परमेश्वरमा फर्कनु पर्छ भन्ने कुरालाई देख्ने एउटा मौका भएको होस् ।

## आपेक्षा ३- तपाईले परिवर्तनको महशुस वा अनुभव गर्नुहुनेछ ।

“किनकी हामी विश्वासद्धार हिँड्छौं, देखिने कुराको आधारमा होइन ।” २ कोरिन्थी ५ : ७

**अवास्तविक आपेक्षा** : तपाई विश्वासमा हिँड्दा वा विश्वासको कदम चाल्द, तपाईले परमेश्वरले तपाईको जीवनमा काम गरिरहनु भएको कुरा महशुस वा अनुभव गर्नुहुनेछ ।

**सत्य (वास्तविक) आपेक्षा** : तपाईको विश्वासको हिँडाईको धेरै समयहरुमा परमेश्वरले काम गरिरहनु भएको प्रक्रियाको नतिजाहरु (छुटकारा, विजय, चंगाई) अनुभव नगर्नु भए सम्म तपाईको जीवनमा परमेश्वरले गरिरहनु भएको परिवर्तनको कामको प्रक्रियालाई तपाईले महशुस वा अनुभव भन्दा पनि बढी विश्वास गरिरहनुभएको हुन्छ ।

हामीले यो विषयमा पहिला पनि कुरा गरिसकेको भए पनि विश्वासको हिँडाईमा यो आपेक्षा चाहिँ एउटा ठूलो गाह्रो विषय भएको कारणले म अझै यस विषयमा बढी छलफल गर्न चाहन्छु । यो हाम्रो लागि एउठा बाधक हो किनकी हामी ज्ञानेन्द्रियहरुद्धार जीवनका कुराहरु हरक्षण महशुस वा अनुभव गर्छौं । तापनि, विश्वासद्धार जिउने सम्बन्धमा, परमेश्वरले हाम्रो जीवनमा काम गरिरहनु भएको कुरा महशुस वा अनुभव नगर्न पनि सक्छ ।



हाम्रो जीवनमा परमेश्वरले गर्नुहुने कामलाई म औषधीलाई सुईबाट हाम्रा नसाहरु पठाउने कार्यसँग तुलना गर्छु । मानौ तपाई अस्पतालमा हुनुहुन्छ र तपाईलाई सुईद्धार तपाईको नसा मार्फत् तपाईको शरीरमा जीवाणु मार्ने (एन्टिवायोटिक) औषधी दिइएको छ । तपाई बसेर यो सलाइनको बोतलबाट रबरको पाइप मार्फत औषधीको थोपाहरु खसेको हेर्नुहुन्छ, तपाईले तुरुन्तै त्यो औषधीले काम गरेको महशुस गर्न सक्नुहुन्न । तापनि यसले काम गरिरहेको छ भनी तपाईले विश्वास गर्नुहुन्छ किनकी यो औषधीले तपाईलाई निको पार्नेछ भनी प्रतिज्ञा गर्नुभएको डाक्टर माथि तपाईको विश्वास छ । अन्तमा तपाई निको हुनेछ र त्यो चंगाईको प्रभाव शरीरमा महशुस गर्नुहुन्छ ।

त्यस्तै गरी, जब तपाई विश्वासद्धार हिँड्न थाल्नुहुन्छ, तपाईको जीवनमा परमेश्वरको काम पनि सलाइन पानी चढाउनुजस्तै हुन्छ, जो तपाईले तत्काल नै महशुस गर्न सक्नुहुन्न तर उहाँले जे प्रतिज्ञा गर्नुहुन्छ त्यही गर्नुहुन्छ भनी विश्वासद्धार तपाईले जान्नुहुन्छ । यदि तपाई पर्याप्त मात्रामा हिँडिसक्नु भएको छ भने तपाईले परमेश्वरको कामको प्रभाव जस्तै, छुटकारा, चंगाई, विजय, परिवर्तन र घनिष्टता इत्यादि महशुस गर्न थाल्नुहुनेछ । परमेश्वरको प्रतिज्ञाहरुलाई अनुभव गर्नको लागि चाहिँने मुख्य कुरा चाहिँ तपाईले ‘‘आत्मिक सलाइन पानी चढाउने कार्यलाई‘‘ पर्याप्त मात्रामा राख्नु पर्‍यो ।

**हामी मानव भएको नाताले हामी जीवनका सबै कुराहरु महशुस र अनुभव गर्छौं । तापनि विश्वासको सम्बन्धमा त हामीले परमेश्वरको परिवर्तनीय कार्यलाई महशुस वा अनुभव**

**परमेश्वरसँग वातचीत** : जब तपाईको विश्वासको हिँडाईमा तपाईलाई निराश वा शंका लाग्छ, यो एउटा प्रक्रिया हो भनी याद दिलाउनुहोस् भनेर परमेश्वरसँग पुकार गर्नुहोस् । यद्यपि तपाईले उहाँको कामलाई महशुस वा अनुभव नगर्नु भए तापनि उहाँको काम गरिरहनु भएको छ भनी विश्वास गर्नको लागि सहायता गर्नुहोस् भनी पुकार गर्नुहोस् ।

# *दोस्रो दिन*

## आपेक्षा ४ : परमेश्वरको समय तालिका विरुद्ध तपाईको समय तालिका

**<u>अवास्तविक आपेक्षा</u> : जब म विश्वासको हिँडाईलाई शुरु गर्छु, मैले अनुभव गर्न चाहेको परिवर्तन मैले चाहेकै समयमा परमेश्वरले दिनुहुन्छ ।**

**<u>सत्य (वास्तविक) आपेक्षा</u> : तपाईको जीवनमा उहाँको इच्छा पूरा गर्नलाई उहाँको सिद्ध समय तालिका छ (र उहाँले तपाईलाई उहाँको समय तालिका बताउनुहुन्न) ।**

तपाईको सम्बन्धमा के छ ? दुर्भाग्यवश, धेरै जसो कुराहरुमा परमेश्वरले यो प्रकारले काम गर्नुहुन्न । तपाई विश्वासको मार्गमा हिँडिरहँदा परमेश्वरले तपाईलाई चाँडै छुटकारा, विजय र तपाईको चोटहरुमा चंगाई दिइयोस् भन्ने तपाईको इच्छा हुन्छ तर तपाईले चाँडै नै परमेश्वरको समय तालिका र तपाईको समय तालिका मिल्दैन भन्ने कुरा थाहा पाउनुहुनेछ ।



मानौं, तपाईले केही समय देखि तपाईको जीवनको कुनै पनि क्षेत्रमा परिवर्तन होस् भनेर निरन्तर रुपमा परमेश्वरको खोजी गरिरहनु भएको छ तर कुनै परिवर्तन आएको छैन । तपाईलाई चाहिँ म पर्याप्त समय विश्वासमा रहे अब त केही परिवर्तनको अनुभव गर्नु पर्ने हो भन्ने लाग्छ । परमेश्वरले तपाईले चाहेको समयमा काम नगर्दा खेरी तपाई निराशित हुन पनि सक्नुहुन्छ वा विश्वासको हिँडाईलाई त्यागौं कि भन्ने पनि लाग्न सक्छ । यी दुई वटै विकल्पले तपाईले चाहनुभएको परिवर्तनलाई छिटो गराउँदैन । मुख्य कुरा चाहिँ यो हो कि, तपाईले चाहनुभएको परमेश्वरको अनुभव गर्नको लागि तपाईले पर्याप्त मात्रामा विश्वासको कदम चाल्नुपर्छ । परमेश्वरको समय तालिकासँग नहुने बेलामा सम्झनुपर्ने मुख्य कुरा यो हो :

**यद्यपि तपाईको लागि परमेश्वरले काम छिटो नगरिरहनु भए तापनि, उहाँले काम चाहिँ गरिरहनु भएकै हुन्छ ।**

“सबै कुराको लागि समय छ र आकाशमूनि सबै कार्यको बेला छ ।” उपदेशक ३ : १

हामीले परमेश्वरलाई सोध्ने प्रश्नहरु मध्ये एउटा यो हो “किन छिटो परिवर्तन नभएको वा नआएको ?” हामीले यो कुरा बुझ्नुपर्छ कि हाम्रो जीवनको कुनै क्षेत्रमा छिटो परिवर्तन हुन्छ भने कुनै क्षेत्रमा ढिलो परिवर्तन हुन्छ, किन ? हाम्रो जीवनको कुनै क्षेत्रमा चाहिँ अरु क्षेत्रहरुमा भन्दा ढिलो परिवर्तन आउनुको केही कारणहरु तल दिएको छ ।

- तपाईले लामो समय देखि झुठो विश्वास गर्दै आउनुभएको कारणले तपाईको झुठो विश्वास अति प्रबल वा गहिरो भएको हुनाले ।
- लामो समय देखि त्यो किल्ला वा लतले तपाईलाई बन्धनमा राख्दै आएको कारणले तपाई माथि यसको बलियो पकड भएको हुनाले ।
- तपाईको चोट अति गहिरो भएको हुनाले र लामो समयसम्म तपाई त्यो चोटमा रहनु भएको कारणले चंगाई कार्य ढिलो हुन सक्छ ।
- तपाईको शरीरको कुनै क्षेत्र चाहिँ अरु क्षेत्रहरु भन्दा परमेश्वरको कामको लागि बढी अवरोध वा विरोध गर्ने भएको हुनाले ।
- तपाईको अविश्वास, शंका र डरहरुले तपाईको जीवनमा परमेश्वरले गर्न चाहनु भएको कामलाई बाधा दिन्छ र ढिलो गराईदिन्छ ।

म विश्वास गर्छु कि विश्वासको सम्बन्धमा मुख्य प्रश्न चाहिँ यो हो :

**“तपाईको जीवनमा परिवर्तनको अनुभव नगरे तापनि कतिञ्जेल सम्म तपाई निरन्तर रुपमा परमेश्वरमा भरोसा गर्नुहुन्छ ?”**

**प्रश्न** : यदि परमेश्वरले तपाईको समय अनुसार गर्नु भएन भने तपाई के कस्ता कामहरु गर्न लालयित वा परिक्षित बन्नुहुन्छ ?

**परमेश्वरसँग वातचीत** : यदि तपाई कुनै निश्चित कुराको लागि केही समय देखि विश्वासद्धार हिँड्दै आउनुभएको छ र कुनै पनि परिवर्तनको अनुभव गर्नुभएको छैन भने, तपाईले परिवर्तनको अनुभव नगरुन्जेलसम्म उहाँ तपाईको धैर्यता र सहनशीलता हुनुभएको होस् भनी भनेर पुकार गर्नुहोस् ।

**याद गर्नुहोस् :**

**विश्वास भनेको परमेश्वरले हाम्रो जीवनमा काम गरिरहनु भएको कुराको कुनै प्रमाण वा दृश्य नदेखे तापनि उहाँले काम गरिरहनु भएको छ भनी विश्वास गरिरहनु हो । विश्वास त्यो चाबी हो जसद्धार परमेश्वरले हामीलाई उहाँमा पर्खन सिकाइरहेको हुन्छ ।**

**आपेक्षा ५- कष्ट वा पीडा नै हुदैन ।**

“किनकी जसरी हामी खीष्टका कष्टमा प्रशस्त गरी सहाभागी हुन्छौं, त्यसरी नै खीष्टद्धार सान्त्वनामा पनि प्रशस्त मात्रामा हामी सहभागी हुन्छौं ।” २ कोरिन्थी १ : ५

“प्रिय मित्रहरु, तिमीहरुले भोगिरहेको कष्टमय परिक्षा आउँदा केही अनौठो कुरा भए जस्तै तिमीहरु छक्क नपर । तर खीष्टको कष्ट भोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुँदा तिमीहरु पनि आनन्दित र हर्षित हुन सक ।” १ पत्रुस ४ : १२, १३

**अवास्तविक आपेक्षा : यदि मैले विश्वासमा हिँड्दै मेरो भाग वा भूमिका निर्वाह गरे भने, परमेश्वरले मेरो जीवनमा कष्ट, पीडा र समस्याहरु आउन दिनुहुन्न ।**

**सत्य (वास्तविक) आपेक्षा : पीडा, कष्ट र समस्याहरु आउँछन् तर परमेश्वरले ती समस्याहरु खडा भएको बेलामा तपाईको खाँचोहरु पूरा गर्नुहुनेछ र ती समस्याहरुको बीचबाट उहाँको समयमा “ईश्वरीय भलाई“ प्रकट गर्नुहुन्छ ।**



मलाई पीडा, कष्ट वा समस्या मन पर्दैन (कहिल्यै मन पराउने पनि छैन) । मलाई लाग्छ तपाईलाई पनि मन पर्दैन । तापनि परमेश्वरले तपाईको विश्वासको हिँडाईमा कहिल्यै पनि पीडा वा कष्ट आउने छैन भनी प्रतिज्ञा गर्नुभएको छैन । किन ? किनकी हामी पतित संसारमा छौं र यो पतित संसारमा केही न केही मात्रामा कष्ट हुन्छ ।

तीन प्रकारका मानिसहरु छन् : कष्ट भोगेको, कष्ट भोगिरहेका र कष्ट भोग्नेवाला । ढिलो वा चाँडो हामी यी तीनवटा समुह मध्ये एउटामा पर्छौं । तापनि, कष्टको बेलामा विश्वासद्धार जिइरहेको खीष्टियानहरुका लागि परमेश्वरले उनीहरुका खाँचोहरु पूरा गर्ने (फिलिप्पी ४ : १९) र यसबाट ईश्वरीय भलाई उत्पन्न गर्ने (रोमी ८ : २८) र तपाईलाई उहाँमा अझ गहिरो रुपमा भर पर्नलाई खिच्नको लागि प्रयोग गर्ने (यूहन्ना १५ : ५) प्रतिज्ञा गर्नुभएको छ ।

हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरु र उहाँको अभिप्राय अनुसार बोलाइएकाहरुका निम्ति हरेक कुराहरुबाट परमेश्वरले भलाई नै गर्नुहुन्छ ।" रोमी ८ : २८

मैले मेरो व्यक्तिगत जीवनमा भेटाएको सत्य चाहिँ यो हो कि :

**म कष्ट र पीडामा भएकै बेलामा मेरो जीवनमा महान परिवर्तन आयो ।**

यसको अर्थ मैले नै पीडा र कष्टलाई निम्तो दिएको हुँ भन्ने कुरा होइन । तापनि जब म मेरो जीवनमा परमेश्वरले गर्नुभएको कामलाई फर्केर हेर्छु, कष्ट र पीडाको परिणाम स्वारुप "ईश्वरीय भलाई" ले मेरो जीवनलाई परिवर्तन गरेको छ । यसलाई व्याख्या गर्नको लागि म मेरो व्यक्तिगत गवाहीलाई बताउन चाहन्छु ।

ममा लामो समयदेखि स्वास्थ्यको समस्या थियो जुन कहिल्यै हटिगएको थिएन । शुरु-शुरुमा मैले परमेश्वरसँग यो "काँडा" हटाइदिनुहोस् भनी बिन्ति गरे । पछि साँच्चै विश्वासद्धार हिँड्न थाले

पछि परमेश्वरले यो काँडा हटाईदिनुहुन्छ भनेर विचार गरे । तापनि यो किताब लेखेको बेला सम्ममा अझै यो समस्या छ । फरकपन यो हो कि मेरो यो काँडाबाट परमेश्वरले ईश्वरीय भलाई सिर्जना गरिरहनु भएको छ भनी मैले महशुस गरेको छु । परमेश्वरले यो कष्टलाई निर्भरता, टिठालुपन, सहनशीलता इत्यादि कुराहरु सिकाउनको लागि प्रयोग गरिरहनु भएको छ । अब उप्रान्त मैले परमेश्वरलाई यो काँडा हटाईदिनुहोस् भनेर भनेको छैन । बरु अब म यो काँडालाई अँगाल्छु किनकी यसद्धार पावलले भने जस्तै गरी "हामीले मागेको वा सोचको भन्दा बढ्ता प्रचुर मात्रामा" परमेश्वर माथिको निर्भरता र परिवर्तनका अनुभव गर्दैछु । कष्टको बीचमा हुँदा हामी यसबाट भाग्न खोज्नु वा यसलाई इन्कार गर्ने प्रयास गर्छौं । सत्य यो हो कि परमेश्वर बाहेक अन्त जाने वा भाग्ने ठाउँ नै छैन । उहाँ मात्रै तपाईको कष्टको बीचमा सान्त्वना, सहनशीलता र आशा हुनुहुन्छ । तपाईको विश्वासको हिँडाईमा कुनै पनि प्रकारको पीडा हुनेछैन भनी प्रतिज्ञा गर्न पाए हुन्थ्यो तर म त्यो प्रतिज्ञा गर्न सक्दिन । तापनि खीष्टमा निर्धक्क साथ म यो भन्न सक्छु कि विश्वासमा हिँड्दा आउने कष्टमा जहिले पनि ईश्वरीय भलाईको उदेश्य रहेको हुन्छ ।

**"ईश्वरीय भलाई"**

**परमेश्वरले तपाईको हरेक पीडा र कष्टलाई तपाईलाई उहाँमा अझ भरोसा गर्नको लागि खिच्न र तपाईको जीवनलाई परिवर्तन गर्न र त्यो कष्ट र पीडाको समयमा उहाँको कृपा र अनुग्रह देखाउनको लागि प्रयो गर्नुहुन्छ ।**

**महत्वपूर्ण नोट** : यदि तपाई शरीर अनुसार जिउनुहुन्छ भने, परमेश्वरले त्यो कष्टलाई अनुशासन र उहाँप्रतिको भरोसामा ल्याउनको लागि प्रयोग गर्नुहुन्छ ।

**परमेश्वरसँग वातचीत** : तपाईको जीवनको कुन क्षेत्रमा तपाईले कष्ट र पीडाको अनुभव गर्दैहुनुहुन्छ । जुन चाहिँ कहिले पनि अन्त्य नहुने जस्तो देखिरहनु भएको छ ? यो कष्टको सम्बन्धमा उहाँमा अझ गहिरो रुपमा भरोसा गर्नको लागि खिच्नुहोस् भनी पुकार गर्नुहोस् त्यसबाट के वा कस्तो "ईश्वरीय भलाई" उत्पन्न भएको छ सो देखाईदिनुहोस भनी बिन्ति गर्नुहोस् । यदि त्यो कष्ट हटिगएको छैन भने, त्यो कष्टलाई हेर्ने दृष्टिकोण परिवर्तन गराइदिनुहोस् भनी पुकार गर्नुहोस् ।

# तेस्रो दिन

## आपेक्षा ६ - परिवर्तनको प्रक्रियामा परमेश्वरले के गर्दैहुनुहुन्छ सो तपाईले थाहा पाउनुहुनेछ ।

**“किनकी मेरा तिमीहरुका विचारहरु मेरो विचार होइनन् र तिमीहरुका चालहरु मेरा चाल होइनन्” परमप्रभु भन्नुहुन्छ । जसरी आकाश पृथ्वी भन्दा अग्लो छ, त्यसरी नै मेरा विचारहरु तिमीहरुका विचारहरु भन्दा अग्ला छन् ।” यशैया ५५ : ८,९**

“उहाँले हरेक कुरालाई आफ्नो समयमा सुन्दर बनाउनुभएको छ । उहाँले तिनीहरुका हृदयमा अनन्तता पनि राखिदिनु भएको छ, तापनि तिनीहरुले परमेश्वरले आदि देखि अन्तसम्म के गर्नुहुन्छ, सो बुझ्नै सक्दैनन् ।” उपदेशक ३ : ११



**ावास्तविक आपेक्षा : परमेश्वरले मेरो जीवनमा के ादैंहुनुहुन्छ र किन गर्दैहुनुहुन्छ भन्ने कुरा मैले ाहा पाउनेछ ।**

**सत्य -वास्तविक आपेक्षा) : धेरै पटक परमेश्वरले ापाईको जीवनमा के र किन गर्दैहुनुहुन्छ भन्ने कुरा ापाईले थाहा पाउनुहुने छैन । अन्तमा परमेश्वरले ापाईलाई ख्रीष्टको रुपमा परिवर्तन गरेर तपाईको ाात्मिक गन्तव्य पूरा गर्नुहुनेछ । परमेश्वरले ापाईको जविन के गर्दै हुनुहुन्छ र किन गर्दै ानुहुन्छ भन्ने कुरा तपाईलाई बताउने वा नबताउने ान्ने कुरा परमेश्वरले निर्धारण गर्नुहुन्छ । उहाँले के गर्दैहुनुहुन्छ भन्ने तपाईलाई बताउनु वा नबताउनु पछाडि परमेश्वरको उदेश्य छ ।**

**पावलले २ कोरिन्थी ४ : ८ मा भन्छ :**

“हामी सबैतिर बाट कष्टित छौं तर किचिएका छैनौं, अन्योलमा परेका छौं तर हताश भएका छैनौं ।”

मलाई विश्वास छ कि हामी सबैले पावललाई चिन्छौं । परमेश्वरले कति कामहरु किन गर्नुहुन्छ र कति कामहरु किन गर्नुहुन्न भन्ने कुरामा म अन्योलमा पर्छु । सत्य यो हो कि, हामी सबै हाम्रो यात्रामा कति पटक परमेश्वरले हाम्रो जीवनमा गरिरहनु भएको काम देखेर अन्योलमा पर्छौं ।

अन्योलमा पर्नु पनि परमेश्वरकै योजनाको एक अंश हो किनकी जब हामी अन्योलमा पर्छौं यसले परमेश्वरमा निर्भर बनाउँदछ । मेरो अन्योलताबाट परमेश्वरले मलाई उहाँले के गर्दैहुनुहुन्छ भन्ने कुरा थाहा पाउनु पर्दैन भन्ने सिकाइरहनु भएको हुन्छ । उहाँले जान्नुहुन्छ । उहाँले शुरुवातमा नै अन्त्य पनि जानुहुन्छ र उहाँले के गर्दैहुनुहुन्छ र किन गर्दैहुनुहुन्छ भन्ने कुरा थाहा पाउने प्रयास नगरीकन केवल उहाँमा भरोसा गरेको चाहनुहुन्छ । हामीले सबै कुरा नियन्त्रण गर्न चाहेर पो उहाँले के गर्दैहुनुहुन्छ र किन गर्दैहुनुहुन्छ भनेर जान्न खोजेका हो कि ?

**तपाई अन्योलमा पर्दा उहाँमा विश्राम गर्नुहोस् किनकी उहाँले किन र के गर्दैहुनुहुन्छ भन्ने कुरा ठीक प्रकारले जान्नुहुन्छ र उहाँले सबै**

छैन ? तपाईले किन यसो गर्न रोक्नुहुन्न र किन यो गर्नुहुन्न र ? हामी सबैसँग “किन” भन्ने प्रश्न छ र ती प्रश्नहरुको जवाफ पाउन चाहन्छौं । तापनि हाम्रो “किन” भन्ने धेरै प्रश्नहरुको जवाफ हामीले पाउँदैनौं, किनकी हामीले ती समस्याहरुमा परमेश्वर, परमेश्वर नै हुनुहुन्छ र उहाँले इच्छा गर्नुभयो भने, के र किन गर्दैहुनुहुन्छ भन्ने प्रकट गर्नुहुन्छ भन्ने बिर्सन्छौं । परमेश्वरले हाम्रो जीवनमा के र किन गर्दैहुनुहुन्छ भन्ने कुरा बताउने अधिकार केवल उहाँमा मात्रै छ । हामीलाई जवाफ दिनु र नदिनुमा पनि परमेश्वरको ईश्वरीय उदेश्य छ ।



यदि तपाई दिमागको सल्यक्रिया (सर्जरी) गर्नको लागि दिमागको सल्यक्रिया राम्रोसँग गर्न जानेको डाक्टर माथि भरोसा गर्नुहुन्छ भने, के हामीलाई के खाँचो छ र किन खाँचो छ भनी ठीक प्रकारले जान्नुहुने हाम्रो “स्वर्गीय सल्यक्रिया गर्ने डाक्टर” माथि के हामी भरोसा गर्न सक्दैनौं ? जब हामीले उहाँमा भरोसा गर्न सक्छौं तब उहाँले जे गर्दैहुनुहुन्छ सो ठीक प्रकारले जानुहुन्छ र त्यो हाम्रै अनन्तहितको लागि गर्दैहुनुहुन्छ भन्ने तथ्य माथि हामी ढुक्क हुन सक्छौं ।

मलाई थाहा छ कि यो जवाफ तपाईको लागि सन्तुष्टजनक नहुन सक्छ तर म अति नै महत्वपूर्ण निष्कर्षमा आएको छ :

**यदि तपाईले के र किन गर्दैहुनुहुन्छ भन्ने कुरा जान्नु आवश्यक देखेमा परमेश्वरले सो तपाईलाई सो बताउनुहुनेछ । तपाईको काम वा भाग चाहिँ परमेश्वरले के र किन गर्दैहुनुहुन्छ भन्ने कुरा जान्नुहुन्छ भनी उहाँमा भरोसा गर्नु र त्यसमा विश्राम लिनु मात्रै हो ।**

**विश्वास = विश्राम ।**

**परमेश्वरसँग वातचीत** : तपाईको जीवनको कुन क्षेत्रमा त्यस्ता कामहरु भइरहेको छ जो तपाई के वा किन भइरहेको छ भनी बुझ्नुहुन्न ? परमेश्वरले नै बताउन आवश्यक नठान्नु भएमा तपाईले थाहा पाउनु आवश्यक छैन भनी विश्वास दिलाउनुहोस् भनेर परमेश्वरसँग पुकार गर्नुहोस् । ती विषयहरुको सम्बन्धमा उहाँसँग शान्ति र विश्राम माग्नुहोस् ।

**आपेक्षा ७ - हामी त्यस्तो स्थानमा आइपुग्ने छौं जहाँ आन्तरिक समस्या वा संघर्षको अन्त्य हुन्छ ।**

**अवास्तविक आपेक्षा : म विश्वासको हिँडाईको त्यो बिन्दुमा पुग्ने छु जहाँ अब उप्रान्त आन्तरिक संघर्ष वा समस्या हुनेछैन ।**

**सत्य (वास्तविक) आपेक्षा : तपाईले येशूलाई आमुने सामुने नभेटुन्जेलसम्म निरन्तर रुपमा आन्तरिक संघर्ष भइरहनेछ । तापनि तपाई भित्र हुनुभएको खीष्टले तपाईले सामना गर्नु पर्ने आन्तरिक र बाह्य संघर्षहरु माथि विजय प्राप्त गर्नुभएको छ । जसै तपाई विश्वासमा हिँड्नुहुन्छ तपाईले आफ्ना आन्तरिक र बाह्य संघर्षहरुबाट अझ विजय, छुट**



धेरै खीष्टियानहरुमा यस्तो प्रकारको गलत अवधारण छ कि उनीहरु पर्याप्त मात्रामा विश्वासद्धार हिँडेमा त्यस्तो स्थानमा वा बिन्दुमा पुग्नेछौं जहाँ अब उप्रान्त संघर्ष/समस्या हुनेछैन । तपाईलाई यो सत्य बताउन चाहन्छु कि दुर्भाग्यवश यो त स्वर्गमा नपुगुन्जेलसम्म हुँदैन । पापको शक्ति र हाम्रो शारीरिक व्यवहारको कारणले हामीमा आउने आन्तरिक समस्या हाम्रो जीवन पर्याप्त भरी ।

तापनि तपाई निराशित नहुनुहोस् । म तपाईलाई निश्चित गराउन चाहन्छु कि तपाईलाई निरन्तर रुपमा पराजित गराउने पापमय जीवन ढाँचाहरुबाट तपाईले छुटकारा पाउन सक्नुहुन्छ र तपाईको शरीर माथि तपाईले अचम्मको विजयको अनुभव गर्न सक्नुहुन्छ तपाईको चोटहरुमा तपाईले महान चंगाईको अनुभव गर्न सक्नुहुन्छ । जसै तपाई विश्वासमा निरन्तर रुपमा अगाडि बढ्नुहुन्छ, परमेश्वरले तपाईको शारीरिक व्यवहारहरुलाई खीष्टको जस्तै

व्यवहारमा परिवर्तन गर्नुभएको कुरा तपाईले अनुभव गर्नुहुनेछ । वास्तवमा तपाई पनि पावलले एफिसी ३ : २० मा भने जस्तै भन्न सक्ने अवस्थामा पुग्नुहुनेछ :

**"उहाँ जसले हामीभित्र काम गर्ने शक्ति अनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्नसक्नु हुन्छ ।"**

शुभ खबर यो हो कि यदि तपाईले विश्वासको हिँडाई कायम राख्नुभयो भने :

**परमेश्वरले तपाईलाई अगाडि बढ्ने क्रममा यस्ता धेरै स्थानहरुमा लानुहुन्छ, जहाँ तपाईले व्यक्त गर्न नसक्ने आनन्द (१ पत्रुस १ : ८) र सबै समझ दिने शान्तिलाई अनुभव गर्नुहुनेछ (**

**परमेश्वरसँग वातचीत** : साँच्चै तपाईले उहाँको छुटकाराको, विजयको, चंगाईको र परिवर्तनको प्रतिज्ञाहरुको अनुभव गर्ने कुरामा निर्धक्क हुन सकौ भनी परमेश्वरसँग पुकार गर्नुहोस् ।

## सरांश

मेरा मित्रहरु, मैले माथि उल्लेख गरेका र अझ बढ्ता आपेक्षाहरु अनुभव गरिसकेको छु । धेरै पटक म शरीरमा नै फर्के । तापनि जुन-जुन बेलामा म "उडान्त सुंगुरको खोर" मा गए, त्यति खेरा मैले कुनै सुधारमा प्रगतिको अनुभव गरेन (बरु झन खराब हालत भयो) । मेरो एक मात्रा विकल्प भनेको चाहिँ प्रभुमा फर्केर फेरि विश्वासको कदम चाल्नु हो भन्ने कुरा महशुस गरे । अझ समय-समयमा म "हिलोमा लडीबडी" गर्छु तर मैले तुरुन्तै मेरो शरीरको मृत्युलाई देख्छु र फेरि विश्वासको कदम चाल्नलाई फर्कन्छु ।

# *चौथो दिन*

## तपाईको विश्वासको हिँडाईको सम्बन्धमा अन्तिम सत्यहरु :

**सत्य १ - विश्वासको हिँडाई चाहिँ स्वभाविक बन्नेछ ।**

हाम्रो विश्वासको हिँडाईको प्रारम्भिक चरण हामी विश्वाससाथ हिँड्नको लागि इच्छुक हिँड्नुपर्छ भन्ने तथ्य बारेमा हामीले छलफल गरेका छौं । कसरी विश्वासद्धार जिउने भन्ने बारेमा तपाईले सिकिरहनु भएको छ र मैले भने जस्तै यो चाहिँ कुनै नयाँ ठाउँमा गएर नयाँ भाषा र सँस्कृति सिक्नु जस्तै हो । यस कुराबाट यो विश्वासको हिँडाई चाहिँ तपाईको पहिला कहिल्यै पनि अनुभव नगरेको यात्रा जस्तै हो भनी तपाईले थाहा पाउनु भएको छ भनी आशा गर्दछु । यो गाह्रो छ । यसमा बाधा अवरोधहरु आउँछ तर यसबाट प्रँप्त परिवर्तनसँग तुलाना गर्दा ती बाधा अवरोधहरु सामना गर्नु योग्यको छ । शुभ खबर यो हो कि जसै तपाई निरन्तर रुपमा विश्वासमा हिँडिरहनु हुन्छ, तब विश्वासको हिँडाई सजिलो हुँदै जान्छ ।

यस सम्बन्धमा मैले पहिला शुरुमा कार चलाउँदा खेरीको उदाहरण दिन मन पराउँछु जब मैले सडकमा त्यो कार चलाउन थाले, त्यो बेलामा मैले कसरी कल्च र ग्याँसको पाउदानले काम गर्छ भन्ने कुरा मलाई थाहा थियो तर मैले त्यो भन्दा अगाडि प्रयोग गरेको थिएन । शुरुमा मैले दश फीटको दुरी सम्म गुडाएपछि इन्जिन वा स्र्टाट बन्द भयो । अर्को पटक लगभग बीस फीटको दुरी सम्म गुडाएपछि बन्द भयो । जति धेरै चलाउँदै गयो त्यति धेरै कल्च र गियर फेर्न सजिलो हुँदै गयो । खीष्टियान हिँडाईमा पनि त्यस्तै नै हो । शुरुमा विश्वासको कदम उठाउन तपाई इच्छुक हुनुपर्छ । धेरै पटक शरीरतिर फर्केर तपाईले, तपाईको “आत्मिक” इन्जिनलाई मार्नु वा बन्द गर्नुहुनेछ । तापनि, कति कुराहरुमा विश्वासद्धार हिँड्नु भनेको चाहिँ सास फेर्नु जस्तै हुनेछ । यो चाहिँ स्वभाविक बन्नेछ । तपाईले आफैलाई यी कुराहरु गरिरहेको पाउनुहुनेछ :

- शरीरतिर कम मात्रामा फर्केको ।
- शरीरमा फर्कदा कम समय मात्रा “उडान्त सुंगुरको खोर” मा बिताएको पाउनुहुनेछ ।
- तुरुन्तै शरीरको मृत्यु भएको कुरा महशुस गर्नुहुनेछ र परमेश्वरमा फर्कनु हुनेछ ।
- अझ विश्वासद्धार हिँड्न ईच्छुक हुनेछ ।

**परमेश्वरसँग वातचीत** : जब तपाईले आफैलाई विश्वासद्धार हिँड्दा निराशित भएको पाउनुहुन्छ, प्रभुसँग धैर्यता र लगनशीलता माग्नुहोस् र तपाईले आफ्नो विश्वासको हिँडाई अझ “आत्मिक” रुपमा स्वभाविक भएको पाउनुहुनेछ ।

## सत्य २ - तपाईको परिवर्तन चाहिँ जीवन पर्याप्तको सल्यक्रिया गर्ने प्रक्रिया हो ।




"किनकी हामी जीवित छँदा पनि येशूको खातिर सधैं मृत्युको मुखैमा परी बस्छौं, यस हेतुले कि येशूको जीवन हाम्रा मरणशील शरीरमा प्रकटित होस् ।" २ कोरिन्थी ४ : ११

जति खेरा तपाईले खीष्टमा भरोसा वा विश्वास गर्नुभयो, त्यही समय देखि नै खीष्टले तपाईको जीवन परिवर्तन गर्ने जीवन पर्याप्त सल्यक्रियाको प्रक्रिया शुरु गर्नुभएको छ । उहाँ तपाईलाई शारीरिक जीवन जियाई, झुठो विश्वास शारीरिक व्यवहारहरुबाट अलग गर्ने वा सार्ने प्रक्रियामा हुनुहुन्छ ।

तापनि यो सल्यक्रिया गर्दा खेरी पीडाको कारण तपाई बेहोस त हुनेछैन । कतिपय समयहरुमा तपाई सल्यक्रियाको टेबल फालेर फेरि शरीरतिर जान चाहनुहुन्छ (र जानुहुनेछ) । तापनि परमेश्वरले तपाईलाई यति धेरै प्रेम गर्नुहुन्छ, जसको कारणले उहाँले तपाईलाई सल्यक्रियाको लागि उहाँतिर निरन्तररुपमा खिच्नुहुन्छ ।

पवित्र आत्माले सल्यक्रिया गर्ने तरिका ठीक प्रकारले जान्नुहुन्छ । ईश्वरीय सल्यक्रिया गर्ने डाक्टर हुनुभएको हुनाले तपाईको परिवर्तनको प्रक्रियामा के कुरा हुना आवश्यक छ भन्ने कुरा उहाँले जान्नुहुन्छ । जसै तपाईले विश्वासको हिँडाईलाई निरन्तरता दिनुहुन्छ, तपाईले आफैलाई अझ धेरै टेबलमा बसिरहनु भएको पाउनुहुन्छ किनकी तपाईले उहाँले प्रतिज्ञा गर्नुभएका छुटकारा, विजय र चंगाईको अनुभव गरिरहनु भएको हुन्छ । साथ-साथै परमेश्वरले गरिरहनु भएको छ ती सबै तपाईलाई प्रेम गरेर नै गरिरहनु भएको छ भन्ने कुराद्धार तपाई विश्वस्त हुनुहुनेछ ।

**प्राय : परमेश्वरले बेहोस नबनाइकन नै सल्यक्रिया गर्नुहुन्छ । तापनि सल्यक्रियाको टेबलमा रहनुपर्छ र परमेश्वरलाई काम गर्न दिनपर्छ ।**

**परमेश्वरसँग वातचीत** : तपाई कुन प्रकारको आत्मिक सल्यक्रिया भएर जाँदै हुनुहुन्छ, जसले तपाईलाई सल्यक्रियाको टेबलबाट भाग्न वा उफ्रिन लगाईरहेको छ ? परमेश्वरसँग त्यो सल्यक्रियाको

टेबलमा रहने इच्छा दिनुहोस् भनी पुकार गर्नुहोस् ताकि यो क्षेत्रमा उहाँले सल्यक्रिया पूरा गर्न सक्नु भएको होस् ।

## सत्य ३ - तपाईको प्रगतिलाई नाप्ने प्रवृति वा अभिप्राय हुन्छ, होइन र ?

मलाई डर लाग्छ कि हामीमा कस्तो प्रकारको "प्रदर्शन" गर्ने अवधारणाले जडा गाडिएको छ । मैले भन्न खोजेको कुरा चाहिँ हामीले हाम्रो जीवनको धेरै क्षेत्रहरुलाई अरु कुनै व्यक्ति वा स्तरसँग तुलना गर्छौं तपाईको विश्वासको यात्रामा पनि तपाईको प्रगतिलाई र तपाईको आत्मिक हिँडाईलाई अरु व्यक्तिहरुको प्रगति र आत्मिक हिँडाईसँग तुलना  गर्न परिक्षित हुन्छौं । कृपया त्यसो नगर्नुहोस् । त्यसो गर्न नहुनुको दुईवटा कारणहरु छन् :

१. तपाईले साँच्चिकै तपाईको आत्मिक प्रगतिलाई नाप्न सक्नुहुन्न । केवल परमेश्वरले मात्र सक्नुहुन्छ ।

२. हरेक व्यक्तिको यात्रा आफै-आफैमा अद्धितीय छ । त्यसैकारणले तपाईको यात्रालाई अरुको यात्रासँग तुलना गर्नको लागि कुनै आधार नै छैन ।

दुर्भाग्यवश शुरु-शुरुमा तपाईको विश्वासको हिँडाईलाई नाप्न र तुलना गर्नको लागि धेरै परीक्षा आउँछ । यसको नतिजा चाहिँ यदि तपाईले आफ्नो समय तालिका अनुसार प्रगति नगरिरहेको पाएमा आफैलाई दोष्याउने छ, कि अरुले भन्दा छिटो प्रगति गरिरहेको भेटाएमा घमण्डी बन्नेछ । तपाईले चाँडै नाप्ने र तुलना गर्ने कुराले केवल तपाईलाई शारीरिक घमण्ड वा दोषको सुंगुरको खोरमा लाने छ भन्ने कुरा थाहा पाउनुहुनेछ । यसैकारण तपाईको आत्मिक नाप्ने डोरीलाई तल राखेर यात्राको मज्जा वा आनन्द लिनुहोस् ।



यद्यपि तपाईको प्रगतिलाई नाप्न नसके तापनि आफ्नो आत्मिक यात्रालाई समुद्री जहाज जस्तै हो भनी सोच्नुहोस् । यदि तपाई समुद्री जहाजमा हुनुहुन्छ र जुन जहाज बन्दरगाहाबाट अघि बढिरहेको छ र तपाई त्यो जहाजको अगाडिको भागमा हुनुहुन्छ भने, तपाईले कति दुरी पार गर्नुभयो भन्ने कुरा बताउन सक्नुहुन्न । तापनि यदि तपाई उक्त जहाजको पछाडिको भागमा बस्नुभएको  छ भने, तपाई बन्दरगाहाबाट कति टाढा आईसक्यो भन्ने कुरा स्पष्टसँग देख्न सक्नुहुन्छ ।

त्यसैकारण जसै तपाई विश्वासद्धार जिउनुहुन्छ, तपाईको शुरुवातको बिन्दुलाई हेर्नुहोस् र तपाईले परिवर्तनको बाटोमा कति लामो यात्रा गरिसक्नु भएको छ भन्ने कुरा देख्न थाल्नुहुनेछ । परमेश्वरले कति चाँडै उक्त बन्दरगाहाबाट टाढा पुऱ्याई सक्नु भएको रहेछ भनी छक्क पर्नुहुनेछ ।

**नोट** : कति बिन्दुहरुमा तपाईले पछाडि फर्केर हेर्न सक्नुहुन्छ र परमेश्वरले कहाँ देखि कहाँसम्म ल्याउनुभएको छ भन्ने कुरा देख्न सक्नुहुनेछ ।

**परमेश्वरसँग वातचीत** : के तपाई आफ्नो आत्मिक प्रगति नाप्नलाई परिक्षित हुनुभएको छ ? यदि उसो हो भने, तपाईले कहिल्यै पनि नाप्न सक्नुहुन्न भन्ने कुरा विश्वास दिलाउनुहोस् भनेर परमेश्वरसँग पुकार गर्नुहोस् । जसै तपाई विश्वासद्धार हिँड्नुहुन्छ, तपाईको जहाजको वा डुङ्गको पछाडिको भागमा जानुहोस् र तपाईले तपाईको परिवर्तनको यात्रामा कति लामो यात्रा गरिसक्नु भएको छ भन्ने कुरा देख्न थाल्नुहुनेछ ।

**सत्य ४ - जसै तपाई विश्वासद्धार हिँड्नुहुन्छ, परमेश्वरले के गर्दै हुनुहुन्छ भन्ने कुरालाई हेर्नको लागि तपाईमा आत्मिक आँखा हुनेछ ।**

**“हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन् तर अदृश्य कुरा चाहिँ अनन्त सम्म रहन्छन् ।” २ कोरिन्थी ४ : १८**



अन्धो मान्छेले भने, "एक समय म अन्धो थिए तर अब म देख्न सक्छु ।" (यूहन्ना ९ : २५) जब हामी विश्वासको यात्रा शुरु गर्छौं, त्यतिखेरा हामी अन्धो मान्छे जस्तै हुन्छौं । त्यति खेरा चाहिँ हाम्रो पाँचवटा ज्ञानेन्द्रिय अंगहरुले बताएको कुरा मात्रा हामीले देख्न सकेका हुन्छौं । जसरी चश्माले राम्रो देख्न मदत गर्छ, त्यसरी नै विश्वास साथ हिँड्दा परमेश्वरले हामीलाई हाम्रो जीवनका कुराहरु देख्नलाई "आत्मिक" चश्मा प्रदान गर्दछ । यो आत्मिक चश्माद्धार हामीले के-के कुराहरु देख्न थाल्छौं ?

कष्ट र पीडाको बीचमा पनि हामीले "ईश्वरीय भलाई" देख्न थाल्छौं । हामीले परमेश्वरको उदेश्यहरु र कसरी उहाँले हामीलाई परिवर्तन गरेर हाम्रो आत्मिक गन्तव्यलाई पूरा गर्दै हुनुहुन्छ भन्ने कुरा हामीले अझ स्पष्टसँग देख्छौं । जसै हामी परमेश्वरको शक्तिमा हिँड्छौं, हामीले हाम्रा शत्रुहरु कमजोरी भएको देख्छौं । हाम्रो परिस्थितिहरु जे जस्तो भए पनि हामीले ती अवस्था र परिस्थितिहरुमा पनि परमेश्वरको प्रेमलाई देख्न सक्छौं, अर्को चाहिँ परमेश्वरको दृष्टिकोणबाट ३०००० फीट माथिबाट आफ्नो जीवनलाई हेर्ने दृश्य वा उदाहरणलाई म प्रयोग गर्छु । तपाईको विश्वासको हिँडाईको शुरुवातमा त तपाई भुँइ तहमा नै भए जस्तो हुन्छ । तापनि जसै तपाई विश्वासमा बढ्नुहुन्छ, तपाईले उचाई प्राप्त गर्नुहुनेछ र परमेश्वरले के र किन गर्दैहुनुहुन्छ भन्ने कुरा अझ देख्दै जानुहुनेछ । तपाईको जीवनमा के भइरहेको छ भन्ने कुरा ३०००० फीटबाट हेर्दा पनि स्पष्टसँग देख्न सकिन्छ ।

**एउटा स्वभाविक मानिस कसरी अन्धो भएको छ भन्ने कुरा देखनलाई परमेश्वरले तपाईलाई आत्मिक आँखाहरु दिनुहुनेछ ।**

**अभ्यास** : तपाईले के कस्तो समस्याहरु सामना गरिरहनु भएको छ जुन तपाईले ३०००० फीटबाट हेर्नु खाँचो छ ? तपाईका समस्याहरुको सम्बन्धमा परमेश्वरका सत्यहरु वा प्रतिज्ञाहरु पूरा गर्नुभएको होस् भनी परमेश्वरसँग पुकार गर्नुहोस् ।

**सत्य ५ -तपाईको विश्वासको हिँडाईलाई भोलि अनुभव गर्ने परिवर्तनसँग जोड्न वा सम्बन्धित छ भन्न सक्नुहुन्न ।**

हामीले बुझ्नुपर्ने अर्को मुख्य सत्य यो हो कि हामीले हाम्रो विश्वासको हिँडाईलाई भोलिको परिवर्तनसँग जोड्न सक्दैनौं । समस्याको कुरा यो हो कि हामी “आत्मिक” बिन्दुहरुलाई जोड्न चाहन्छौं र हाम्रो जीवनमा भइरहेको सबैकुरा एक अर्कोसँग सम्बन्धित छ भनी सोच्छौं । सत्य यो हो कि परमेश्वर जान्नुहुन्छ र हाम्रो काम चाहिँ उहाँमा भरोसा राख्नु र तथ्य माथि विश्राम लिनु हो । विश्वासको यात्राको एउटा भाग चाहिँ कसरी ती बिन्दुहरु जोडिएका छन् र हामीले जान्नु आवश्यक छैन भन्ने तथ्य माथि विश्राम गर्न सिक्नु हो ।

# *पाँचौ दिन*

**सत्य ६ - जसै खीष्टप्रतिको तपाईको विश्वस्तता वा निर्धक्कपन बढ्छ, तपाईको विश्वासको हिँडाईको गति पनि बढ्नेछ ।**

"खीष्टद्धार परमेश्वरप्रति हाम्रो यस्तो भरोसा छ...." २ कोरिन्थी ३ : ४

मैले पहिला पनि भनिसकेको छ कि मैले धेरै खीष्टियानहरु खीष्टप्रतिको निर्धक्कता वा भरोसाको अभावमा जिइरहेको देखेको छु । मैले पहिला पनि उल्लेख गरे झै केवल थोरै व्यक्तिले मात्र उनीहरुलाई स्वतन्त्र तुल्याउने सत्यद्धार आफ्नो मनलाई नयाँ पारेर पर्याप्त मात्रामा विश्वासद्धार हिँडेर परमेश्वरको अलौकिक कामको अनुभव गरेका छन् ।

तापनि जसै तपाई विश्वासद्धार निरन्तर रुपमा हिँड्नुहुन्छ, तपाईको आत्मिक हिँडाई चाहिँ पहाडबाट हिँउको डल्लो वा बल खसे झै हुनेछ । खीष्टप्रतिको निर्धक्कता बढेपछि तपाईको आत्मिक गति बढ्नेछ किनकी परमेश्वरबाटको परिवर्तनको अनुभव गर्नको लागि तपाईको इच्छा अझ बढ्दै-बढ्दै जान्छ ।

**चुनौती :**

**परमेश्वरले तपाईको जीवन परिवर्तन गर्न चाहनुहुन्छ र सक्नुहुन्छ भनी खीष्टप्रतिको भरोसा निर्माण गर्दै अलौकिक परिवर्तनको अनुभव गर्नको लागि पर्याप्त विश्वासको कदमहरु चाल्नु चाहिँ**

**सत्य ७ - परिवर्तन बढ्दै-बढ्दै आउनेछ वा जानेछ ।**

परिवर्तनको प्रक्रिया चाहिँ साधारणतय बढ्दै-बढ्दै जाने हुनाले, परिवर्तन भइरहेको छ भन्ने कुरा मैले कसरी थाहा पाउने त ? रोमी १५ : ८ मा परमेश्वरले आफ्ना प्रतिज्ञाहरु पक्का गर्नुहुनेछ भनी पावलले भनेको छ :

"म तिमीहरुलाई भन्दछु, हाम्रा पुर्खाहरुलाई दिइएका प्रतिज्ञाहरु पुष्टि गर्नका निम्ति परमेश्वरको सत्यतालाई प्रकट गर्न खीष्ट खतना भएकाहरुको दास बन्नुभयो ।"

परमेश्वरले हाम्रो जीवनमा काम गरिरहनु भएको छ भन्ने कुरा हामीले विश्वासद्धार नै थाहा पाउँदछौं । तापनि परमेश्वरले तपाईको सोचाईमा, छनौटमा र व्यवहारहरुमा र भावनाहरुमा भइरहेको परिवर्तनलाई पुष्टि गर्न चाहनुहुन्छ । यसैकारण, परमेश्वरले तपाईको जीवनमा काम गरिरहनु भएको कुरालाई पुष्टि गर्नको लागि परमेश्वरले प्रयोग गर्न सक्ने केही तरिकाहरुको मैले सुची बनाएको छु :

१. झुठा कुराहरुमा विश्वास गर्नुको सट्टा तपाईको मनले परमेश्वरको सत्यको बारेमा सोच्न र विश्वास गर्न थाल्नेछ ।

२. तपाईका विचारहरु र भावनाहरुलाई परमेश्वरको वचनमा / सत्यतामा आधारित बनाउँदै तपाईले छनौट गर्नुहुनेछ । यसले तपाईलाई अझ उहाँको सत्यद्धार तपाईको मनलाई नयाँ पार्नको लागि परमेश्वरमा आउने महान इच्छा पैदा गर्नेछ ।

३. तपाईले आफ्ना विचारहरु र व्यवहारहरुमा अलौकिक परिवर्तनको अनुभव गर्न थाल्नुहुनेछ ।

४. तपाईले आफ्ना चोटहरुमा चंगाईको अनुभव गर्नुहुनेछ ।

५. पहिला हार र बन्धनको अनुभव गरिरहेको क्षेत्रमा तपाईले विजय र स्वतन्त्रताको अनुभव गर्न थाल्नुहुनेछ ।

६. आफै अर्थात् शरीरतिर फर्कने इच्छा  घट्नेछ र परमेश्वरमा विश्वासद्धार हिँड्ने इच्छा बढ्नेछ ।

७. परमेश्वरप्रति तपाईको प्रेम र इच्छा बढेको तपाईले थाहा पाउनुहुनेछ ।

८. तपाईले आफैलाई परमेश्वर को हुनुहुन्छ र उहाँले तपाईको जीवनमा के-के गर्नुभएको छ भन्ने कुरा प्रति छक्क परेको र सोचिरहेको पाउनुहुनेछ ।

जब तपाईको जीवनमा यी कुराहरु हुनथाल्छ, परमेश्वर प्रतिको तपाईको भरोसा बढ्नेछ, जसले तपाईको विश्वासको हिँडाईको गतिलाई बढाउनेछ ।

**सत्य ८ - तपाईको आत्मिक यात्रालाई क्षण-क्षणको छनौटले निर्धारण गर्नेछ ।**

तपाईको सारा जीवन भरि तपाईले क्षण-क्षणमा कि परमेश्वरमा विश्वास राख्ने वा कि त आफैमा विश्वास राख्न छनौट गर्नुहुनेछ ।

आफैलाई स्रोतको रुपमा ठान्ने/विश्वास गर्ने =
जीवनविहिन, शक्तिविहिन, अपरिवर्तित जीवन

परमेश्वरलाईलाई स्रोतको रुपमा ठान्ने वा
विश्वास गर्ने =
जीवन, शक्ति, परिवर्तन




**तपाईले कस्तो वा कुन छनौट गर्नुहुन्छ ?**

**आफैमा विश्वास राख्दा खेरीको परिणाम :**

- हार
- बन्धन वा स्वतन्त्र नहुनु
- चंगाई नहुनु / बिरामी
- अपरिवर्तन
- बेचैन
- घनिष्ट सम्बन्ध नहुनु

**परमेश्वरमा विश्वास राख्दा खेरीको परिणाम :**

- विजय
- छुटकारा
- चंगाई

- परिवर्तन
- आनन्द
- घनिष्टता

**याद गर्नुहोस् कि तपाईको यात्रामा यस्तो समय पनि आउनेछ जहाँ निर तपाईले :**

- **तपाईलाई परिवर्तन गर्न चाहने परमेश्वरको इच्छा र क्षमता माथि शंका गर्नुहुनेछ ।**
- **निराशित र परमेश्वरप्रति रिसाउनुहुनेछ ।**
- **आफैलाई दोष्याउने छ ।**
- **त्याग्न पनि चाहनेछ ।**

दु : खको कुरा, मैले धेरै मानिसहरुले विश्वासको हिँडाईलाई त्यागेको पनि देखेको छु । यसले मलाई अति दु : खित तुल्याउँछ किनकी उनीहरु आफैलाई परिवर्तन गर्न सक्ने एक मात्र व्यक्तिबाट फर्किरहेका हुन्छन् । यसरी परमेश्वरबाट फर्कदा उनीहरुको लागि जीवनलाई "सामना" गर्नु बाहेक अरु कुनै विकल्प हुँदैन । सामना गर्नुको अर्थ चाहिँ जब मानिसको समस्या समाधानको प्रयाससहरु विफल हुन्छ, उनीहरुले इन्कार गर्न खोज्नु, ढाक्नु वा पीडालाई दबाई राख्नु हो । यसैकारण, जब तपाईलाई विश्वासको हिँडाईलाईै त्याग्ने परीक्षा आउँछ :

## विश्वासको अर्को कदम चाल्नुहोस् ।

जब तपाई भित्र भएका सबै थोकहरुले "फर्क भन्छ" त्यो बेलामा विश्वासको अर्को कदम चाल्नुहोस् । परमेश्वरबाट उत्तर माग्दै बेलामा उत्तर नआउँदा अर्को थप विश्वासको कदम चाल्नुहोस् । जब तपाईलाई सहन नसक्ने सम्मको पीडा हुन्छ, अर्को थप विश्वासको कदम चाल्नुहोस् । जब तपाई अलमल्लामा, निराशमा वा हैरान अवस्थामा पुग्नु हुन्छ, अर्को थप विश्वासको कदम चाल्नुहोस् । यदि तपाईले यसा गर्नुभयो भने, तपाईले परमेश्वरको प्रतिज्ञाहरु र अझ बढ्ता अनुभव गर्नुहुनेछ । "धेरैको" अर्थात् प्रशस्तताको बारेमा हामी रोमी ५ : १७ मा पाउँछौं :

"...झन बढी प्रशस्त अनुग्रह र धार्मिकताको सितैको वरदान पाउनेहरुले एउटै मानिस येशू ख्रीष्टद्धार जीवनमा राज्य गर्नेछन् ।"

जीवनमा राज्य गर्नु भनेको चाहिँ ख्रीष्टको जीवनद्धार जिउनु, ख्रीष्टको जीवनबाट
**प्राप्त गर्नु र परिवर्तित हुनु हो ।**

## तपाई यूहन्ना ६ : ६६ को खीष्टियान बन्ने कि यूहन्ना ६ : ६८ को खीष्टियान बन्ने ?

म यो अध्ययनलाई यूहन्ना ६ : ६६ को खीष्टियान र यूहन्ना ६ : ६८को खीष्टियानको तुलना गर्दै अन्त्य गर्न चाहन्छु ।

"यस पछि उहाँका चेलाहरु मध्ये धेरै जना पछि हटे र उहाँलाई (येशूलाई) पछ्याउन छोडे । येशूले बाह्रैलाई भन्नुभयो, के तिमीहरु पनि मलाई त्यागेर जान चाहन्छौं ? सिमाने पत्रुसले जवाफ दिए, हे प्रभु हामी कसकहाँ जाऔं ? तपाई सित अनन्त जीवनका वचनहरु छन् ।" यूहन्ना ६ : ६६-६८ (कोष्ठो थप)

## यूहन्ना ६ : ६६-६८ को खीष्टियान को वा कस्ता खीष्टियानहरु हुन् ?

**"त्यस समयदेखि उहाँका चेलाहरु मध्ये धेरै जना पछि हटे र उहाँलाई (येशूलाई) पछ्याउन छोडे ।**

दुर्भाग्यवंश, धेरै खीष्टियानहरु खीष्टबाट फर्केर आफैलाई स्रोतको रुपमा लिएर आफ्नो यात्रालाई अन्त्य गर्छन् । यिनीहरुलाई म यूहन्ना ६ : ६६ को खीष्टियान भन्छु । के कुराले यूहन्ना ६ : ६६ को खीष्टियान बनाउँदछ ?

- उनीहरुले खीष्टले आफ्नो जीवन उनीहरुमा जिइरहेको सत्य कुरालाई पाउँदैनन् र त्यसैले उनीले खीष्टको जीवनद्धार जिउनुको सट्टा आफ्नै शरीरद्धार जिउँछन् ।
- तिनीहरुले साँचो रुपमा कसरी विश्वासद्धार हिँड्ने भन्ने कुरा जानेका हुँदैनन्, त्यसैले उनीहरुले परमेश्वरको सहायता लिएर आफ्नै क्षमताद्धार विश्वासको जीवन जिइरहेका हुन्छन् ।
- उनीहरु खीष्टमा विश्वासद्धार जिएका हुन्छन् तर परिवर्तनको अनुभव नगरुन्जेलसम्म पर्याप्त मात्रामा विश्वासमा हिँड्दैनन् र निराशित हुन्छन् र फेरि आफैलाई स्रोतको रुपमा लिन्छन् ।

**यूहन्ना ६ : ६६ को खीष्टियान भनेको त्यस्तो खीष्टियान हो जसले विश्वासको हिँडाईले काम गर्दैन भनेर निष्कर्ष निकाल्छ र विश्वासद्धार हिँड्न छोड्छ र आफैलाई स्रोतको रुपमा लिने**

## यूहन्ना ६ : ६८ को खीष्टियान कस्तो खीष्टियान हुन् ?

“सिमोन पत्रुसले जवाफ दिए, प्रभु हामै कसकहाँ जाऔं ? तपाईसँग अनन्त जीवनका वचनहरु छन् ।”

**खीष्टियान जीवन जिउने एउटै मात्र बाटो येशू हुनुहुन्छ “बाटो म नै हुँ...” यहन्ना १४ : ६ ।**

येशू माथि भर पर्नु बाहेक अरु कुनै उपाय छैन भन्ने कुरा चेलाहरले महशुस गरे । उनीहरुले खीष्टमा पर्याप्त मात्रामा विश्वासको कदम चालेको हुनाले, जीवन जिउनको लागि खीष्ट मात्रै एउटै मात्र स्रोत हुनुहुन्छ भन्ने कुरा उनीहरुे विश्वास गरे । यसैकारणले यूहन्ना ६ : ६८ को खीष्टियानहरु यस्तो खीष्टियानहरु हुन् :

- **खीष्टियान जीवन भनेको चाहिँ खीष्टले आफ्नो जीवन हामीमा जिउनु भन्ने सत्य कुरा जानेको हुन्छ ।**
- **खीष्टमा विश्वासद्धार हिँडिरहेको हुन्छ ।**
- **निरन्तर रुपमा आत्मिक परिवर्तनलाई अनुभव गरिरहेको हुन्छ ।**
- **खीष्टमा जिउनु बाहेक अरु कुनै विकल्प छैन भन्ने कुरा महशुस गरेको हुन्छ ।**

**यूहन्ना ६ : ६८ को खीष्टियान यस्तो खीष्टियान हो जसले पर्याप्त मात्रामा परिवर्तनको अनुभव गरेको हुन्छ, जसको कारण खीष्ट नै उनीहरुको चाहना बनेको हुन्छ । उहाँ नै उनीहरुको [illegible]**

अन्तिम बुँदा चाहिँ महत्वपूर्ण छ किनकी तपाईको यात्रामा यस्तो समय पनि आउनेछ जहाँ तपाईले खीष्टियान जीवन जिउने एउटै मात्र उपाय खीष्ट नै हुनुहुन्छ भन्ने कुरा महशुस गर्नुहुनेछ । त्यो घढी हो जुन घडीमा पावल फिलिप्पी ३ : ८ मा यसरी भन्छ :

**“साँच्चै भन्ने हो खीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु , अनि ती सबैलाई फोहोर मैला तुल्य म गन्दछु ।”**

अब, तपाईले यूहन्ना ६ : ६६ र यूहन्ना ६ : ६८ को खीष्टियान बीचको भिन्नता स्पष्टसँग थाहा पाउनुभएको छ भनी म भरोस गर्दछु । पावल  र पत्रुस जस्तै खीष्ट बाहेक अरु बाटो छैन भनी विश्वस्त हुन सकोस् र त्यो निष्कर्षमा आओस् भनी म परमेश्वरमा प्रार्थना गर्दछु ।

## अन्तिम उत्साहको वचन

तपाईहरुले यस पुस्तकलाई अध्ययन गर्नुभएको लागि धन्यवाद दिन चाहन्छु । पवित्र आत्माले यी सत्यहरुद्धार तपाईलाई नयाँ प्रकाश दिइरहनु भएको छ र परिवर्तन गरिरहनु भएको छ भनी म भरोसा गर्दछु । पावलले फिलिप्पी ३ : १४ मा पावलले प्रयोग गरेको दुईवटा शब्द अनुसार तपाई अगाडि बढ्नु भएको होस् भनी मेरो तीव्र इच्छा र प्रार्थना छ ।

## "जोडसँग अघि बढ्नु"

तपाई जोडसँग अघि बढ्नु भएको होस् र अर्को थप विश्वासको कदम चाल्नुहोस् भनी मेरो प्रार्थना छ । जोडसित अघि बढ्नुहोस् र नछोड्नुहोस् र शरीरमा नफर्कनु होस् जोडसित अघि बढ्नुहोस् र तपाई भित्र वास गर्नुहुने प्रेमिलो र अचम्मको परमेश्वरको अलौकिक कामहरु अनुभव गर्नुहोस् । त्यो स्थान सम्म अघि बढ्नुहोस् जहाँ तपाईले पावलले फिलिप्पी १ : २१ म भने झै भन्न सक्नुहुन्छ ।